**शोधनिर्देशक**
रोमनाथ आचार्य
पद : शिक्षण सहायक

# लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
नेपाली विभाग अन्तर्गत स्नातकोत्तर
तह द्वितीय वर्षको दशौं
पत्रको प्रयोजनका
लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
दीपक निरौला
कक्षा रोल नं.२०/२०६७
परीक्षा रोल नं. १०००४/२०६९
रजिष्ट्रेशन नं. २२५१७ -८८
शैक्षिक वर्ष ०६७/६९ (ई.सं.२०१०/२०१२)
नेपाली विभाग
महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
२०७३

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्रत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली विषयको दशौं पत्रको प्रयोजनको लागि दीपक निरौलाद्वारा तयार पारिएको प्रस्तुत "लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको शोधपत्रलाई नेपाली विषयमा स्नातकोत्तर उपाधिको प्रयोजनका लागि स्वीकृति गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | नाम | हस्ताक्षर |
|---|---|---|
| विभागीय प्रमुख | रामप्रसाद गुरागाई<br>उप- प्राध्यापक<br>म.र.ब. क्याम्पस, इलाम | |
| बाह्य परीक्षक | चुडामणि वशिष्ठ<br>सह-प्राध्यापक<br>मेची बहुमुखी क्याम्पस<br>भद्रपुर, झापा | |
| शोध निर्देशक | रोमनाथ आचार्य<br>शिक्षण सहायक<br>म.र.ब. क्याम्पस, इलाम | |

मिति :

वि.सं. : २०७३।०२।०९

इ.सं. : २२ मे २०१६

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा समाजिकशास्त्र सङ्काय**
**नेपाली विभाग**
**महेन्द्र रत्न बहुमुखी क्याम्पस**
**इलाम**

# सिफारीस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तरतह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि शोधार्थी दीपक निरौलाले **"लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"** शोध शीर्षक लिनु भएको हो । वहाँले मेरो निर्देशनमा लगनशील भई यो शोधपत्र तयार पार्नु भएको छ । निरन्तर प्रयत्न गरी परिश्रम पूर्वक शोधखोज गरी तयार पारिएको यो शोधपत्रप्रति म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभाग समक्ष सिफारीस गर्दछु ।

मिति २०७२/१२/२१ (ई.सं. ३/४/२०१६)

.....................................
(शोधनिर्देशक)
रोमनाथ आचार्य
शिक्षण सहायक
महेन्द्ररत्न बहुमुखी क्याम्पस
नेपाली विभाग
इलाम

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत नेपाली विभागको महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको दशौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु रोमनाथ आचार्यज्यूको निर्देशनमा तयार गरेको हो । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित सुझाव दिएर मार्ग निर्देशन समेत दिनु भएर यस शोधकार्यको लेखनमा अभिप्रेरित गर्नुहुने शोध निर्देशक श्रद्धेय गुरुज्यूप्रति म हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्दा आवश्यक सल्लाह सुझाव एवम् सहयोग गर्ने काका सागर खतिवडा लगायत म.र.ब. क्याम्पसको नेपाली विभागका सम्पूर्ण श्रद्धेय गुरुज्यूहरूप्रति कृतज्ञ छु । शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सूचना उपलब्ध गराई आफ्नो जीवनका विविध पक्षको लिखित तथा मौखिक जानकारी दिएर यस कार्यमा सहयोग गर्नु हुने मेरा शोधनायक लक्ष्मीप्रसाद पाठकज्यू र उहाँका परिवारका सम्पूर्ण सदस्यहरूप्रति कृतज्ञ छु ।

शोधपत्र तयार गर्नका लागि उचित वातावण लगायत सम्पूर्ण आवश्यक सामग्रीहरू उपलब्ध गराइ प्रेरित गर्नुहुने आदणीय बाबा खडानन्द निरौला, आमा कोमलकुमारी निरौलाप्रति कृतज्ञ छु । समय उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने श्रीमती मुनादेवी निरौला, छोरा रिकेश निरौला, छोरी अञ्जु निरौला, बहिनी हरिकला निरौला र भतिज नेत्र निरौलालाई धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयारीका क्रममा उपयुक्त, छिटो, छरितो र सहज रूपमा टङ्कन गरी सहयोग गर्ने न्यू भिजन कम्प्युटर सेन्टर इलामका माधव भट्टराईप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्र समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम समक्ष पेश गर्दछु ।

मिति : २०७२/१२/२१ (ई.सं. ०३/०४/२०१६)

दीपक निरौला
नेपाली विभाग
एम.ए. दोस्रो वर्ष
रोल नं. १०००४
कक्षा रोल नं. २०
म.र.ब. क्याम्पस, इलाम
समूह ०६७/०६९ (ई.सं.२०१०/२०१२)

# सोधसार

नेपाली साहित्यमा अनवरत रूपमा साहित्य क्षेत्रमा सेवारत साहित्यकार हुन् लक्ष्मीप्रसाद पाठक । वि.सं. २०५४ सालबाट साहित्य लेखनमा लागेका पाठकले वर्तमान समयसम्म आइपुग्दा कविता विधाका क्षेत्रमामात्र निकै उन्नति गरेका छन् । सरकारी जागिरे जीवन व्यतित गरिरहेका पाठकको निरन्तर साहित्यिक यात्रा अगाडि बढिरहेको छ ।

प्रस्तुत शोधपत्र साहित्यकार "लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र कृतितवको अध्ययन" विषयमा यथासक्य अध्ययन र उनका प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ । यस क्रममा प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदको मूल शीर्षक शोधपरिचय राखिएको छ । यस अन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्व र उपयोगिता अध्ययनको सीमा सामग्री सङ्कलन विधि, शोधविधि, शोधप्रस्तावको रूपरेखा उपशीर्षकमा चर्चा गरिएको छ ।

दोस्रो परिच्छेदमा "लक्ष्मीप्रसाद पाठकको जीवनी" मूल शीर्षक अन्तर्गत पृष्ठभूमि, पारिवारिक पृष्ठभूमि, जन्म र जन्म स्थान, बाल्यकाल, शिक्षादीक्षा, विद्यार्थी जीवनका प्रमुख गतिविधिहरू, सँस्कारकर्महरूमा, छैटी, नामकरण अन्नप्रसान व्रतवन्ध, विवाह, कर्मक्षेत्रमा प्रवेश तथा सेवा, दाम्पत्य जीवन र पारिवारिक स्थिति, आथिर्क स्थिति कवि लक्ष्मीप्रसाद पाठकका अविस्मरणीय घटनाहरू रुची एवं स्वभाव, साहित्यिक लेखन प्रेरणा र प्रभाव, प्रकाशित पुस्तकाकार कृतिहरू, पुरस्कार तथा सम्मान, जीववन र साहित्य सम्बन्धी धारणा र निष्कर्ष उपशीर्षकका रूपमा रहेका छन् ।

तेस्रो परिच्छेदमा लक्ष्मीप्रसाद पाठकको व्यक्तित्वका विविध पक्षहरू मूल शीर्षकको रूपमा छ भने बाह्य व्यक्तित्व आन्तरिक व्यक्तित्व, साहित्यकार व्यक्तित्व, कवि व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, धार्मिम तथा साँस्कृतिक व्यक्तित्व, साहित्यिक यात्रा उपशीर्षकको रूपमा आएका छन् ।

चौथो परिच्छेदमा नेपाली कविता साहित्य सिद्धान्त र विकासक्रम मूल शीर्षकको रूपमा आएको छ । यसमा कवितालाई सामान्य रूपमा चिनाउने प्रयास गरिएको छ । यसमा कविताको परिभाषा नेपाली कविताको विकासक्रम, त्यस विकासक्रमका आधारमा आउने विभिन्न काल तथा धाराहरूको चिनारी अनि त्यसधारा र कालमा उल्लेख्य योगदान पुऱ्याउने मुख्य स्रष्टा र उनका मुख्य कृतिहरूको चिनारी एवं उक्त काल र धारा तथा प्रवृत्ति कविताका तत्वहरूलाई देखाइएको छ ।

पाँचौ परिच्छेदमा लक्ष्मीप्रसाद पाठकका साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण मूल शीर्षकका रूपमा आएको छ । साहित्यिक यात्रा अन्तर्गत उनको समर्पण कविता सङ्ग्रह ( २०६२) का कविताहरूको अध्ययन र विश्लेषण, श्रद्धा कविता सङ्ग्रह (२०६४) भित्रका

कविता, 'तर्क' कविता सङ्ग्रह (२०७२) भित्रका कविताहरूको अध्ययन र विश्लेषण कविता सङ्ग्रहहरूमा प्रयोग भएका विषयवस्तु, भावविधान, लयविधान, बिम्ब, प्रतीक, दृष्टिविन्दु र भाषाशैली उपशीर्षकको रूपमा आएका छन् ।

यस शोधपत्रको अन्तिम तथा छैटौं परिच्छेदमा मूल शीर्षक उपसंहार र निष्कर्ष राखिएको छ । यस अन्तरगत उठान, कविता कृतिका आधारमा उपशीर्षक राखेर उनको मूल्याङ्कन गर्ने प्रयास गरिएको छ भने अन्त्यमा निष्कर्ष उपशीर्षकमा उनको साहित्यिक यात्राको निष्कर्ष शोध गर्न सकिने सम्भावित शीर्षकहरूको चर्चा गरिएको छ । समग्रमा कवि पाठकका कवितामा माधव घिमिरेको जस्तो मिठासपूर्ण भाषा प्रयोग, देवकोटाको जस्तो प्रकृतिको सुन्दर वर्णन, लेखनाथको जस्तो छन्द प्रयोग, वालकृष्ण समको जस्तो पारिष्कार प्रयोग भएको पाइन्छ । उनलाई भाषिक सरलताका कविका रुपमा पनि चिन्ह सकिन्छ । शोधपत्रको समापन खण्डमा सन्दर्भ ग्रन्थसूची, परिशिष्ट राखेर शोधपत्रको अन्त्य गरिएको छ ।

शोधार्थी
दीपक निरौला
एम.ए.दोस्रो वर्ष
परीक्षा रोल नं. १००१९।०७०
कक्षा रोल नं. २०
प्रस्तुत मिति २०७२।१२।२१
ई.सं. २०१६।४।३

# शोधनायक



## चिन्ह प्रयोग र संक्षेपीकरण

| **चिन्ह** | **अर्थ** |
|---|---|
| / | र, वा |
| - | ड्यास |
| : | विसर्ग |
| । | पूर्णविराम |

| **संक्षिप्त रुप** | **पूर्ण रुप** |
|---|---|
| वि.सं. | विक्रम संवत् |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| ने.रा.प्र.प्र. | नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| चौ.सं. | चौथो संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| सह प्रा. | सह-प्रध्यापक |
| सम्पा | सम्पादक |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |

# विषय सूची

पेज नं.

## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१. | शोधशीर्षक | १ |
| १.२. | शोध प्रयोजन | १ |
| १.३. | शोध परिचय | १ |
| १.४. | समस्या कथन | १ |
| १.५. | शोधकार्यको उद्देश्य | १ |
| १.६. | पूर्वकार्यको समीक्षा | २ |
| १.७. | शोधको औचित्य, महत्व र उपयोगीता | २ |
| १.८. | अध्ययनको सीमा | २ |
| १.९. | सामग्री सङ्कलन विधि | २ |
| १.१०. | शोधविधि | ३ |
| १.११. | शोधप्रस्तावको रूपरेखा | ३ |


### दोस्रो परिच्छेद
### लक्ष्मीप्रसाद पाठकको जीवनी


| | | |
|---|---|---|
| २.१. | पृष्ठभूमि | ४ |
| २.२. | वंश परम्परा | ४ |
| २.३. | पारिवारिक पृष्ठभूमि | ४ |
| २.४. | जन्म र जन्मस्थान | ५ |
| २.५. | बाल्यकाल | ५ |
| २.६. | शिक्षा दीक्षा | ५ |
| २.७. | विद्यार्थी जीवनका प्रमुख गतिविधिहरू | ५ |
| २.८. | संस्कार कर्महरू | ५ |
| २.८.१. | छैटी | ६ |
| २.८.२. | नामकरण | ६ |
| २.८.३. | अन्नप्रासन | ६ |
| २.८.४. | ब्रतबन्ध | ६ |
| २.८.५. | विवाह | ६ |
| २.९. | कर्मक्षेत्रमा प्रवेश तथा सेवा | ६ |
| २.१०. | दाम्पत्य जीवन र पारिवारिक स्थिति | ७ |
| २.११. | आर्थिक स्थिति | ८ |
| २.१२. | कवि लक्ष्मीप्रसाद पाठकका अविस्मरणीय घटनाहरू | ८ |
| २.१३. | रुची एवम् स्वभाव | ९ |
| २.१४. | साहित्यिक लेखन, प्रेरणा र प्रभाव | ९ |
| .१५. | प्रथम रचना र प्रकाशित पुस्तककार कृतिहरु | ९ |
| २.१६. | प्रकाशित कृतिहरुको संक्षिप्त सूची | १० |
| २.१७. | प्रकाशोन्मुख कृति | १० |
| २.१८. | पुरस्कार तथा सम्मान | १० |
| २.१९. | जीवन र साहित्य सम्बन्धी धारणा | १० |

**तेस्रो परिच्छेद**

**लक्ष्मीप्रसाद पाठकको व्यक्तित्वका विविध पक्षहरु**


| | | |
|---|---|---|
| ३.१. | पृष्ठभूमि | १२ |
| ३.२. | वाह्य व्यक्तित्व | १२ |
| ३.३. | आन्तरिक व्यक्तित्व | १२ |
| ३.३.१. | साहित्यकार व्यक्तित्व | १३ |
| ३.३.१.१. | कवि व्यक्तित्व | १३ |
| ३.३.१.२. | राजनैतिक व्यक्तित्व | १३ |
| ३.३.१.३. | सामाजिक व्यक्तित्व | १४ |
| ३.३.१.४. | धार्मिक तथा सांस्कृतिक व्यक्तित्व | १४ |
| ३.४. | साहित्यिक यात्रा | १४ |
| ३.४.१. | पूर्वाद्ध चरण (२०५४-२०६२ श्रावणसम्म) | १४ |
| ३.४.२. | उत्तरार्द्ध चरण (२०६२-२०७२) | १५ |


**चौथो परिच्छेद**

**नेपाली कविता साहित्य सिद्धान्त र विकासक्रम**


| | | |
|---|---|---|
| ४.१. | नेपाली कविताको सिद्धान्त र विकास क्रम | १६ |
| ४.२. | कविताको परिभाषा | १६ |
| ४.३. | कविताका तत्वहरु | १६ |
| ४.३.१. | शीर्षक | १७ |
| ४.३.२. | संरचना/परिवेश | १७ |
| ४.३.३. | लय विधान | १७ |
| ४.३.४. | भाषा शैली | १७ |
| ४.३.५. | उद्देश्य | १७ |
| ४.३.६. | कवितामा दृष्टिविन्दुको प्रयोग | १७ |
| ४.४. | नेपाली कविताको विकासक्रम | १८ |
| ४.५. | नेपाली कविताका क्षेत्रमा धारागत रुपमा महत्वपूर्ण योगदान पुऱ्याउने स्रष्टाहरु | १९ |
| ४.५.१. | प्राथमिक काल (वि.सं. १८२५/२६-१९४०) | १९ |
| ४.५.१.१. | पूर्वाद्ध चरण (वीर धारा वि.सं. १८२६-१८७२) | १९ |
| ४.५.१.२. | उत्तरार्द्ध चरण (भक्तिधारा वि.सं. १८७२-१९४० सम्म) | १९ |
| ४.५.१.२.१. | कृष्णभक्ति धारा | २० |
| ४.५.१.२.२. | रामभक्ति धारा | २० |
| ४.५.१.२.३. | निर्गुण भक्तिधारा | २० |
| ४.५.२. | माध्यमिक काल (वि.सं. १९४९ | २० |
| ४.४.३. | आधुनिक काल (१९७५ देखि हालसम्म) | २१ |
| ४.४.३.१. | परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०) | २१ |
| ४.४.३.२. | स्वच्छन्दतावादी / प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६) | २२ |
| ४.४.३.३. | प्रयोगवादी धारा (वि.सं. २०१७-२०३५) | २२ |
| ४.४.३.४. | समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म) | २२ |

## पाँचौं परिच्छेद
## साहित्यकार लक्ष्मीप्रसाद पाठकका साहित्यिक कृतिहरुको अध्ययन र विश्लेषण


५.१. कविताको विकासक्रमको सन्दर्भमा लक्ष्मीप्रसाद पाठकको उपस्थिति २४

५.२. कविका रुपमा लक्ष्मीप्रसाद पाठक २४

५.३. समर्पण कपिता सङ्ग्रह (२०६२) मा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण २४

५.४. श्रद्धा कविता सङ्ग्रह (२०६४) मा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण ५६

५.५. तर्क कविता सङ्ग्रह (२०७२) मा सङ्ग्रहित पकविताको अध्ययन र विश्लेषण ८४

५.६. लक्ष्मीप्रसाद पाठकका समर्पण कविता सङग्रह (२०६२), श्रद्धा कविता सङ्ग्रह (२०६४) र तर्क कविता सङ्ग्रह (२०७२) मा प्रयोग भएका विषयवस्तु, भावविधान, लयविधान, विम्व प्रतिक, दृटिविन्दु र भाषाशैली १०१

५.६.१. विषय वस्तु १०१

५.६.२. भाव विधान १०१

५.६.३. लय विधान १०१

५.६.४. विम्व प्रतिक १०१

५.६.५. दृष्टिविन्दु १०१

५.६.६. भाषा शैली १०१


## छैटौं परिच्छेद
## उपसंहार एवं निष्कर्ष


६.१. उठान १०३

६.१.१. कविता कृतिका आधारमा १०३

६.२. निष्कर्ष १०३

६.३. शोध गर्न सकिने सम्भावित शीर्षकहहरु १०४

सन्दर्भग्रन्थसूची

परिशिष्टहरु

क. वंश वृक्षरेखा

ख. कविता सङ्ग्रहमा संङ्कलित कविताहरु

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"लक्ष्मीप्रसाद पाठकको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन"** रहेको छ ।

## १.२. शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न वहुमुखी क्याम्पस इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३. शोध परिचय

लक्ष्मीप्रसाद पाठक साहित्य क्षेत्रका एक प्रतिभा हुन् । सृजना अन्तर्गत तीनवटा मात्र कविता सङ्ग्रहको रूपमा प्रकाशित छन् । कविताको क्षेत्रमा योगदान पुऱ्याउदै आएका पाठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## १.४. समस्याकथन

निम्न समस्याहरुमा केन्द्रित रही यो शोधकार्य गरिएको छ :

क) लक्ष्मीप्रसाद पाठकको जीवनी के कस्तो रहेको छ ?

ख) उनको व्यक्तित्व के कस्तो छ ?

ग) उनका कृतिहरू के कस्ता रहेका छन् ?

घ) कविताका क्षेत्रमा उनले के कस्तो योगदान पुऱ्याएका छन् ?

उपयुक्त उल्लेखित समस्यामा केन्द्रित रहेर यस शोधपत्रमा कवि लक्ष्मीप्रसाद पाठकको जीवनी व्यक्तित्व र कृतित्वको अध्यायनका लागि प्रस्तुत शोध शीर्षक छनौट गरिएको हो ।

## १.५. शोधकार्यको उद्देश्य

वि.सं. २०५४ सालदेखि हालसम्म निरन्तर रूपमा साहित्य लेखनमा लागेका कवि लक्ष्मीप्रसाद पाठकका तीन कविता सङ्ग्रह प्रकाशित भई सकेका छन् । उनका कृतिहरूलाई जीवन्त राख्न यस शोधकार्यले सहयोग पुऱ्याउने छ । अतः उनको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूको साथै उनका रचनाहरूको अध्ययन गर्नु शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यमा उल्लेखित समस्या कथनमा देखिएका प्रश्नहरूको उत्तर के कसरी गर्ने भन्ने कुरामा केन्द्रित भई अध्ययन गरिने भएकाले यस शोधकार्यको उद्देश्य निम्नानुसार राखिएका छन् :

क) लक्ष्मीप्रसाद पाठकको जीवनीको खोजी गर्नु,

ख) उनको लेखकीय अध्ययन र पहिचान गर्नु,

ग) उनका कृतिहरूको अध्ययन र मूल्याङ्कन गरी निष्कर्ष निकाल्नु,

घ) उनको कवितायात्राको चरण विभाजनको निरूपण गर्नु,

ङ) कविता क्षेत्रमा पुऱ्याएको योगदानलाई मूल्याङ्कन गर्दै कविको स्थान निर्धारण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

लक्ष्मीप्रसाद पाठकको बारेमा जीवनी व्यक्तित्व र कृतित्वको चर्चा गर्ने काम आजसम्म पनि नभएकाले यो शोधकार्य नै पहिलो सामग्री हुनेछ । उनका कृतिमा शुभकामना दिने तथा भूमिका लेख्ने समालोचकहरूले गरेका टिप्पणीहरूलाई नै यस कार्यको पूर्वकार्यको समीक्षाका रुपमा लिन सकिन्छ । लक्ष्मीप्रसाद पाठकको बारेमा उठाएका समीक्षात्मक विवरण प्राथमिक रूपमा प्राप्त नभएकाले केवल कृतिका तिनै प्रकाशकीय र शुभकामना मन्तब्यमा भनिएका कुराहरूलाई यहाँ चर्चा गरिन्छ ।

- वृद्धिप्रसाद घिमिरे नेपाली विभाग म.र.व. क्याम्पस इलाम "सर्मपण कविता सङ्ग्रह (२०६२)" कवि पाठकका कवितामा समसामयिक सन्दर्भ, राष्ट्रियता, प्रकृतिप्रेम, सामाजिक र राजनैतिक चर्चा गर्दै नैतिक बलका पक्षमा आफ्ना अभिव्यक्तिहरू दिदै कविलाई विश्लेषण गर्दै शुभकामना दिएका छन् ।
- चेतनाथ निरौला, सुम्बेक इलाम "समर्पण कविता सङ्ग्रह (२०६२)" मा "आर्थिक बल र शारीरिक बलभन्दा नैतिक बल र आत्माबल नै शक्तिशाली हुन्छ । मानव भएर मात्र पुग्दैन मानवता पनि चाहिन्छ भन्ने सन्देश कविताले दिन खोजेको देखिन्छ ।" यस प्रकार विश्लेषण गर्दै शुभकामना दिएका छन् । (चेतनाथ निरौला, सुम्बेक इलाम (सेवा निवृत्त शिक्षक)
- कृष्ण धरावासी, शनिश्चरे-८, सी.के.चोक विर्तामोड "श्रद्धा कविता सङ्ग्रह" (२०६३) कवि लक्ष्मीप्रसाद पाठक दृष्टिविहीन भएर पनि समाजमा रहेकाहरूको चर्चा गर्दै जीवन भोगिहरेको वर्तमान परिवेशको चिन्तन गर्दै भविष्य बारे कल्पना गरिएको देखिन्छ ।" "वहाँको यो काव्य चेत उन्नत देखिन्छ ।" भनी शुभकामना दिएका छन् ।

## १.७. शोधको औचित्य, महत्व र उपयोगिता

प्रस्तुत शोधकार्यमा लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सविस्तार चर्चा गरिने भएकाले कवि पाठकको बारेमा जिज्ञासा राख्ने व्यक्तिहरूलाई सहयोग पुग्नेछ । लामो समय साहित्यमा खर्चिएका लक्ष्मीप्रसाद पाठकको नेपाली साहित्यको क्षेत्रमा के कति योगदान थपे भन्ने बारेमा जानकारी हुन सक्ने भएकाले यो शोधपत्र औचित्यपूर्ण रहने छ साथै आउने दिनमा अध्ययन गर्ने अध्ययन कर्ताका लागि यो शोधपत्रले सहयोग पुऱ्याउँदै नव प्रतिभाहरूका लागि यो शोधपत्र विशेष उपयोगी रहने छ । तसर्थ यो शोधकार्य औचित्यपूर्ण एवम् उपयोगी बन्नेछ ।

## १.८. अध्ययनको सीमा

यस शोधकार्यमा लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र पुस्तकाकारका रूपमा प्रकाशित समर्पण, श्रद्धा, तर्क तीनवटा कविता सङ्ग्रह भित्र रहेका कविताहरूको परिचयात्मक अध्ययन र मूल्याङ्कन गरिएको छ ।

## १.९. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रलाई सम्पन्न गर्नका लागि प्राथमिक स्रोत र द्वितीय स्रोतका साथै पुस्तकालयीय अन्तरवार्ता र शोध नायक तथा परिवारका व्यक्तिहरूसँग मौखिक तथा लिखित जानकारीबाट सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूको विवेचना गर्ने क्रममा लक्ष्मीप्रसाद पाठकको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाइएको छ ।

## १.१०. शोधविधि

शोधपत्र तयार पार्न विभिन्न विधिहरूको प्रयोग गरिने हुँदा प्रस्तुत शोधपत्र तयार पार्न वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

## १.११. शोधप्रस्तावको रूपरेखा

पहिलो परिच्छेद :- शोध परिचय

दोस्रो परिच्छेद :- लक्ष्मीप्रसाद पाठकको जीवनी

तेस्रो परिच्छेद :- लक्ष्मीप्रसाद पाठकको व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययन

चौथो परिच्छेद :- नेपाली कविता, साहित्य सिद्धान्त र विकासक्रम

पाँचौ परिच्छेद :- साहित्यकार लक्ष्मीप्रसाद पाठकको साहित्यिक कृतिहरूको परिचयात्मक अध्ययन र मूल्याङ्कन एवम् स्थान निर्धारण

छैटौ परिच्छेद :- उपसंहार निष्कर्ष
- भावी सम्भावित शोध शीर्षकहरु
- सन्दर्भ सामग्रीसूची
- परिशिष्ट

# दोस्रो परिच्छेद
# लक्ष्मीप्रसाद पाठकको जीवनी

## २.१. पृष्ठभूमि

मानिस जन्मेदेखि नमरुन्जेल र त्यस भित्र घट्ने घटना चक्रलाई नै सामान्य अर्थमा जीवनी भनिन्छ भने जीवनका घटनाहरूको समष्टिलाई जीवन भन्ने गरिन्छ । जीवनीले शुद्ध साहित्यिक अर्थ प्राप्त गर्छ । (भिक्टर प्रधान, जीवनी र आत्माकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, काठमाडौं ने.रा.प्र.प्र (२०४४) पृ.२८) जीवनीमा सामान्य तथा खास व्यक्तिको जीवन वृतान्त हुन्छ यसर्थ जीवनमा गरेका काम कुरोको क्रमबद्ध लेख वा कथन जीवनी हो (वालकृष्ण पोखेल (सम्पा) नेपाली वृहत शब्दकोष (काठमाडौं ने.रा.प्र.प्र. २०४०) पृ. ४९७) । यसर्थ जीवनी साहित्यलाई इतिहास कै एक अंश मान्न सकिन्छ (हिमांशु थापा, साहित्य परिचय चौ.सं. (काठमाडौं : साझा प्रकाशन २०४९) । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट सामाजिक, साँस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ । (दयाराम श्रेष्ठ, सम्भव र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, चौ.सं., काठमाण्डौ, साझा प्रकाशन २०४९) "वास्तवमा जीवनले जीवनीका यथेष्ट प्रमुख भागको चर्चालाई आत्मसात गरेको हुन्छ" (कृष्णचन्द्र सिंह प्रधान, सम्पा) नेपाली साहित्यको संक्षिप्त इतिहास (काठमाडौं ने.रा.प्र.प्र. २०५५) पृ. २०९९) । जीवनी लेख्दा नायकको जन्मदेखि जीवन भरका कामहरू, विभिन्न क्रियाकलापहरू सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक, साँस्कृतिक आदि विविध पक्षहरूको अध्ययन गरिन्छ । प्रस्तुत शीर्षकमा लक्ष्मीप्रसाद पाठकको जीवनका विभिन्न पक्षको अध्ययन गरिएको छ ।

## २.३. पारिवारिक पृष्ठभूमि

पाठकहरूको सामान्य वाहुल्यता भएको सुलुबुङ्ग वडा नं. ५ को पूर्व उत्तरी क्षेत्र एकै परिवार वसोबास गरेको क्षेत्र मानिन्छ । पाठक परिवार धेरै शिक्षित परिवारका रूपमा भने देखिदैनन् । त्यसमा पनि अन्य थरको तुलनामा केही वाहेक प्राय सबै परिवार शिक्षाको हिसावले पछाडि नै परेको पाइन्छ । जयनारायणका छोरा ओमनाथ पाठकको शान्तकुमारीसँग वैवाहिक जीवनमा बाँधिएर सुख दुःख बाँड्दै गए । उनी घर व्यवहारमा पोख्त थिए । उनका सात भाई छोरा र एक बहिनी छोरी थिइन । ओमनाथ पाठक धामीका निम्ति निकै प्रख्यात थिए । झार वुटो ओखती मुलो र फुकफाक मन्त्र विद्यामा समेत निकै नामुद व्यक्तिका रूपमा रहेका थिए । (२०७२।०३।०७ गते शोधनायकबाट प्राप्त जानकारी) पूर्वीय वाङ्मयका विभिन्न विद्यामा यिनको निकै रुची थियो । औपचारिक शिक्षा नपाए पनि उनी रामायण, महाभारत, रुद्री, चण्डी, गीता जस्ता पुस्तकको धेरै गहिरो ज्ञान यिनमा प्रशस्त रूपमा रहेको थियो । बाबु ओमनाथ पाठकमा भएको यही ज्ञानराशीका प्रभावको कारण छोरा लक्ष्मीप्रसाद पाठकलाई साहित्यकार बनाउनमा ठूलो भूमिका खेलेको देखिन्छ ।

## २.४. जन्म र जन्मस्थान

पूर्वाञ्चल विकास क्षेत्र मेची अञ्चलको इलाम जिल्लाको सुलुबुङ्ग गा.वि.स. वार्ड नं. ५ मा वि.सं. २०२९।०३।०४ गतेका दिन बुबा स्व. ओमनाथकी पत्नी शान्तकुमारी पाठकको कोखबाट लक्ष्मीप्रसाद पाठकको जन्म भएको हो ।

## २.५. वाल्यकाल

जयनारायण पाठकको तेस्रो नातिका रूपमा इलाम जिल्ला निवासी ओमनाथ र शान्तकुमारी पाठकको तेस्रो सन्तान लक्ष्मीप्रसाद इलामकै भीर पाखामा हाँस खेल गर्न शुरु मात्र गर्दा गर्दै अढाई वर्षकै उमेरमा आफ्नो आँखाको ज्योति गुमाउन पुगे । विभिन्न अस्पताल पुऱ्याए पनि उनका आँखामा सुधार हुन सकेन । उनी दृष्टिविहिन भएपछि वाल्यकाल दुःखदायी, पीडामय भएर वित्यो । एक पछि अर्को सन्तान भएका कारण दुःख पीडा झेल्दै नै उनको वाल्यकाल सहज नभई वितेको देखिन्छ (पारिवारिक श्रोतबाट मिति २०७२।०३।०८ मा प्राप्त जानकारी) ।

## २.६. शिक्षादीक्षा

हजुर बा जयनारायण पाठक शिक्षित नभए पनि बाबु ओमनाथ पाठक भने समय अनुसार निकै चलाख थिए । औपचारिक शिक्षा हाँसिल गर्ने अवसर नपाए पनि धार्मिक ग्रन्थहरूको राम्रो अध्ययन गरेका थिए (२०७२ असार ९ शोधनायक सँगको प्रत्यक्ष भेटमा प्राप्त जानकारी) । आफूले पढ्न नपाएपछि छोरा छोरीलाई पढाउनु पर्छ भन्ने चेतना दुवै आमा बाबुमा भएको देखिन्छ । छोरा लक्ष्मीप्रसाद पाठक लगायत उनका दाजु भाईहरू दृष्टिविहीन भएका कारण शिक्षाको उज्यालो ज्योति दिने ती बाबु आमालाई महान् मान्नु पर्छ (शोधनायकबाट प्राप्त जानकारी) । १० वर्षबाट औपचारिक शिक्षा शुरु गरेका लक्ष्मीप्रसाद पाठक प्रा.वि.बाट कक्षा १०/एस.एल.सी. सम्मको शिक्षा पूरा गरेर इलाम जिल्लाको सदरमुकाममा रहेको म.र.ब. क्याम्पस इलामबाट आइ.ए.सम्मको शिक्षा लिएको पाइन्छ ।

आफ्नो पढाइ राम्रो भएको तर दृष्टिविहीन भएको कारण त्यस भन्दा माथिको शिक्षा हासिल गर्ने अवसरबाट भने विविध कठिनाइका कारण वञ्चित भएको देखिन्छ । सानै छदाँ आँखा गुमाउनु परेको र शिक्षा लिन साहारा लिनु पर्ने भएकाले वातावरण अनुकुल नभएको हुँदा माथिल्लो तहसम्मको शिक्षा लिन सकेनन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.७. विद्यार्थी जीवनका प्रमुख गतिविधिहरू

आफूले सोचे जति शिक्षा लिने अवसर नमिलेतापनि आइ.ए. सम्म भए पनि पढ्ने मौका पाए । एकपल्ट सुनेको कुरा फेरि दोहोऱ्याउन नपर्ने भएका कारण विद्यालय शिक्षा सहज रूपमा पूरा गर्न सफल भएको बताउँछन् । विद्यालय समयमा आउने समयसम्म बस्ने र विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापमा भाग लिएको देखिन्छ ।

## २.८. संस्कार कर्महरू

हाम्रो हिन्दु धर्म परम्परा अनुसार मानिसको जन्मेदेखिको विभिन्न संस्कार हुन्छन् । त्यस्तै ब्राह्मण परिवारमा जन्म लिएका हुँदा ब्राह्मणले गर्ने संस्कारहरू गरेको पाइन्छ । खास गरी छैटी, नामकरण, अन्नप्रासन, व्रतवन्ध, विवाह प्रमुख संस्कार कर्महरूको अध्ययन गरिन्छ ।

### २.८.१. छैटी

जन्मेको छैठौ दिनका दिन शिशुको सफल भविष्यको कामनका साथै खुशीयालीका लागि गरिने पूजाआजा तथा भोजनको कामलाई छैटी भनिन्छ । लक्ष्मीप्रसाद पाठक जन्मेको ६ दिनको दिन बुबा दाईहरू भेला हुनुका साथै गाउँघर छिमेकी आफन्तहरू भेला भई यो संस्कार धुमधाम मनाएको पाइन्छ । (शोधनायक कै परिवारिक श्रोतबाट प्राप्त जानकारी)

### २.८.२ . नामकरण

जन्मेको एघारौ दिनमा शिशुको नाम राख्ने कामलाई नामकरण भनिन्छ । उनी जन्मिएको एघार दिनमा नामकरण गरेको पाइन्छ । उनको न्वारनको नाम लक्ष्मीप्रसाद पाठक राखिएको थियो । (शोनायकबाट प्राप्त जानकारी २०७२।०३।११ फोनबाट)

### २.८.३ .अन्नप्रासन

जन्मेको ५/६ महिनातिर शिशुलाई अन्न भोजन गराउने कामलाई अन्नप्रासन भनिन्छ । उनको ६ महिना पुगे पछि यो संस्कार गरिएको पाइन्छ । घर गाउँ छरछिमेकी र आफन्तजन भेला भई अन्न/भात खुवाएर यो कार्य सम्पन्न गरेको पाइन्छ (शोनायकबाट प्राप्त जानकारी २०७२।०३।११ फोनबाट) ।

### २.८.४. व्रतवन्ध

२०४५ साल चैत्र १६ गतेका दिन पिता ओमनाथ पाठक र माता शान्तकुमारी पाठकका छ भाई छोराहरू र काका वडिवाबुहरूका तीन भाई गरी नौ जना वटुकहरू भेला गरी धुमधामसँग व्रतवन्धको कार्य सम्पन्न भएको थियो । ठूलो संख्यामा आफ्नो घरको आँगनमा सबै छोराहरूको व्रतवन्ध भएको, मन्त्र सुनाएको सबै भाइलाई देशान्तर सुनाएर कार्य सम्पन्न गरेको र इष्टमित्रले रमाइलो गरेकोमा पिता ओमनाथ र माता शान्तकुमारी पाठक एक दमै प्रफुल्ल भई छोराहरूको ठूलो कर्म सकिएकोमा हर्षित भएको पाइन्छ ( पारिवारिक श्रोतबाट प्राप्त जानकारी) ।

### २.८.५. विवाह

इलाम जिल्ला लक्ष्मीपुर गा.वि.स. वाड नं. ४ निवासी बाबु डिल्लीराम आचार्य र आमा धनमाया आचार्यको दोस्रो सन्तान/माहिली छोरी देवीमायासँग २०६४ साल फाल्गुण १९ गतेका दिन शुभविवाह सम्पन्न भएको हो । आफ्नै निजी निवास सुलुबुङ्ग ५ बाटै भएको थियो । धेरै बरियात वा जन्ती भेला भई रमाइलो गरी दुलहीका घरमा पुगेका थिए । सबै वैवाहिक कार्य सकेपछि पाले पुण्य मारे पाप भन्ने आशीर्वाद दिदै बेहुली अन्माइदिएक ( शोधनायकबाट प्राप्त जानकारी) ।

## २.९. कर्मक्षेत्रमा प्रवेश तथा सेवा

पूर्वाञ्चलका १६ जिल्लाहरू मध्ये सुन्दर जिल्लाको रूपमा चिनिने इलाम जिल्लाको उत्तरी गा.वि.स. सुलुबुङ्ग वार्ड नं. ६ मा जन्म लिएर यसैलाई कर्मभूमि बनाएका छन् । इलाम सुलुबुङ्ग कै भीर पाखाहरूमा लुकामारी गर्दै तिनैमा आफूलाई भुलाउँदै रमाउँदै विभिन्न कर्म पेशामा संलग्न हुँदै अगाडि बढेको देखिन्छ । आफ्नो आई. ए. सम्मको औपचारिक अध्ययन समाप्त भएपछि लक्ष्मीप्रसाद पाठकले जागिरे जीवनतिर प्रवेश गरे । सर्वप्रथम पाठकले आफ्नो घरबाट लगभग १५।२० मिनेट टाढा रहेको सरस्वती उच्च

मा.वि.मा मिति २०५५।१०।१७ सालमा अस्थायी रूपमा शिक्षण पेशालाई अंगालेको पाइन्छ । यसै पेशामा शिक्षा सेवा आयोगले लिइएको ५०% आन्तरिक कोटामा मिति २०६३।६।४ सालमा स्थायी नियुक्ति लिई हालसम्म पनि यसै विद्यालयमा कार्यरत छन् । बालबालिका एउटा गिलो माटो जस्तै हुन्छ, त्यसैले ती कलिला बालबालिकाहरूको मष्तिस्कमा सत्‌बुद्धि सद्‌विचार भरिदिने शिक्षण पेशालाई अंगालेको पाइन्छ । साथै समाजमा रहेका संघ संस्थामा पनि आवद्ध भएको पाइन्छ ।

आफ्नो शिक्षण पेशाको अलवा समाज सेवाप्रति पनि केही झुकाव रहेको पाइन्छ । पारिवारिक समस्याका वावजुद पनि संघर्ष गर्दै धेरै साहित्यिक र अन्य संघसंस्थामा संलग्नता रहेको देखिन्छ ।

पछिल्लो समयमा आएर शिक्षण पेशालाई नै आफ्नो पवित्र क्षेत्र ठान्ने पाठक अध्यापन र बाँकी समय कविता लेखनमा नै बिताएको पाइन्छ ।

## २.१०. दाम्पत्य जीवन र पारिवारिक स्थिति

पैंतिस वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएका लक्ष्मीप्रसाद पाठकको दाम्पत्य जीवन खुसीका साथ देवीमाया पाठकसँग वितिरहेको छ । उनका एक छोरा र एक छोरी रहेका छन् । पहिलो सन्तानको रूपमा उनले छोरीलाई जन्मदिएका छन् । छोरी सूचनाको जन्म इलाम जिल्लाको सुलुबुङ्ग गा.वि.स. वडा नं. ५ मा भएको थियो । उनी हँसिलो मिजासिलो स्वभाव भएको चञ्चले बालपात्र हुन । अहिले उनी कक्षा तीनमा अध्ययन गर्छिन् । पढ्नमा निकै तेजिलो स्वभाव भएकी छिन् । दोस्रो सन्तानका रूपमा छोरा मोतिरामको जन्म भएको हो । उनी २०६८।४।१७ गतेका दिन जन्मेका हुन् । उनी पनि मेधावी वालपत्रका रूपमा देखापर्दछन् । सानै उमेरमा मिलनसार र हक्की स्वभाव भएका देखिन्छन् । बाबु लक्ष्मी प्रसाद पाटक सानैमा नेत्रहिन भए पनि उनका सन्तानमा हालसम्म यस्तो कुनै समस्या नरहेको पाइन्छ । (श्रीमति देवीमाया पाठकवाटा प्राप्त जानकारी)

वैवाहिक जीवनमा बाँधिएपछि ३।४ वर्षसम्म सबैसँगै बसे पछि धेरै जना दाजुभाई भएको कारण एकै ठाउँमा नवसी आ-आफ्नो गरिखानु पर्ने वाध्यताको कारण छुटिएर वसी आ-आफ्नो कार्य क्षेत्रमा लागेको देखिन्छ । मध्यम वर्गको परिवार भए पनि आफू जागिरे भएको कारण अन्य भाईहरूको तुलनामा आफु मजबुद्ध देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

छोरा छोरी विद्यालयमा भर्ना भएपछि देवीमाया घरायसी काम धन्दा भ्याएर एक माउ गाई र एक माउ भैसी साथै केही बाख्राहरू पालेर परिवारमा थप आर्थिक सुधार भएको पाइन्छ । जसले गर्दा परिवारको स्तर केही माथि उठेको देखिन्छ । उनकी श्रीमति देवीमाया मिजासिलो र गम्भिर प्रकृतिको स्वभाव भएकी थिइन् । पुरुषले गरेको काममा सहयोग गर्नुपर्छ भन्ने असल विचार भएकी पत्नीको साथ र सहयोग, हौसला र प्रेरणाका कारण नै लक्ष्मीप्रसाद पाठक आजका यी दिनमा आईपुग्न सफल भएको देखिन्छ । घरको सम्पूर्ण जिम्मेवारी वहन गरी समय निकाली श्रीमानलाई कविता लेख्न सहयोग गर्नु लक्ष्मीप्रसाद पाठकका लागि एउटा हौसला, प्रेरणा हो भन्दा अतियुक्ति नहोला (देवीमायाबाट प्राप्त जानकारी) । यसरी जे जस्ता रमाइला अनि दुःख सुखका क्षण भए पनि पति पत्नी मिलेर

त्यसको सामना गर्दै अगाडि बढेको देखिन्छ । एक आपसमा हातमा हात काँधमा काँध गरी अगाडि बढेको यो परिवारको पारिवारिक स्थिति राम्रो मान्न सकिन्छ ।

## २.११. आर्थिक स्थिति

ग्रामीण क्षेत्रमा जन्म लिएका लक्ष्मीप्रसाद पाठकको सुरुमा एकदमै कमजोर आर्थिक स्थिति भएको पाइन्छ । संख्यागत आधारमा ठूलो परिवार हुनु, खेतीपातिबाट जम्मा दुई/तीन महिना मात्र खान पुग्नु, वनिबुतो गरेर जीविको पार्जन गर्नु पर्ने वाध्यता थियो । त्यसमा पनि परिवारका पाँच भाइ छोराहरू नेत्रहिन हुनु पनि परिवारको संकटपूर्ण अवस्थाको रूपमा लिन सकिन्छ । पछि जीविकोपार्जनका सुलभ उपायको खोजी गर्ने क्रममा साहुबाट बाँकी ल्याई व्यापार व्यवसाय सञ्चालन गरेको केही नाफाबाट परिवारको हातमुख जोर्ने समस्या टारी साहुको बाँकी बुझाई व्यवहार सञ्चालन हुँदै आएको पाइन्छ । छोराहरूले २०४९ सालमा तीन भाइ दाजुभाइले एस.एल.सी. पास गरेपछि बाबु आमाको आशाको दियो अलि गाढा भएको पाइन्छ । साहिला छोरा लक्ष्मीप्रसाद पाठकले २०५५।१०।१७ गते देखि सरकारी नोकरीमा प्रवेश गरेपछि भने परिवारको आर्थिक स्थितिमा सुधार आएको पाइन्छ । त्यसपछि २०६७ सालमा ठूलो परिवार भएका कारण पाठक दाजुभाइ सबै एकै पटक अंशवण्डा गरी छुट्पुट् भएपछि भने लक्ष्मीप्रसाद पाठकका आर्थिक स्थितिमा धेरै राम्रो सुधार आएको देखिन्छ । श्रीमती देवीमाया पाठक घरायसी व्यवहारमा धेरै कुशल भएको हुँदा गाई, भैंसी र बाख्रा पालन गरेर आर्थिक पक्षमा पशुधनबाट पनि सहयोग भएको देखिन्छ । आफ्ना नानीहरू सरकारी स्कूलमा हाल्नु, घरायसी आयश्रोतबाट व्यवहारमा धेरै सुधार हुनु लक्ष्मीप्रसाद पाठकले नोकरीबाट ल्याएको रकम छोराछोरी र व्यवहारमा कम खर्च गर्नुले परिवारको आर्थिक स्थितिमा धेरै सुधार भएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१२. कवि लक्ष्मीप्रसाद पाठकका अविस्मरणीय घटनाहरू

लक्ष्मीप्रसाद पाठकको साहित्यिक यात्राका क्रममा विभिन्न ठाउँमा गएर कविता वाचन गरेको पाइन्छ । छन्दमा मिठो लयमा कविता वाचन गरेर अरूको मन लोभ्याउने गरेका पाठकका जीवनमा विभिन्न अविस्मरणीय घटनाहरू रहेका छन् । “पञ्चदेव वन्दन” भन्ने कविताबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका पाठकका हालसम्म तीन प्रकाशित र एक अप्रकाशित कृति रहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी) । आफू बाल्यकाल छँदादेखि नै अविस्मरणीय लागेका घटनाहरूमा सानै हुँदा पुलिस, फौजी सुन्दा साह्रै डर लागेको क्षण, आफु नेत्रहिन भएका कारण स्कुल जाँदा साथीहरूले जिस्काएको क्षण विद्यालयमा पठन पाठनका क्रममा बोर्डमा हिसाब गर्दा हिसाब नदेखेर नआएको क्षण कक्षा ६ मा प्रथम हुँदाको क्षण, ९।१० वर्षको उमेरमा आँखा अपरेसन गर्दा लट्याउन लागेको क्षण, अपाङ्ग भएपछि यिनीहरूले के गरी खालान, बाबुआमाका सेखपछि भनी केही मानिसहरूले भनेको सुनेको क्षण, एस.एल.सी. पास गर्दाको क्षण, २०५२ सालमा घरसम्म आउने बाटो खनेको खुशी र बाटोको उद्घाटनको खुशीको क्षण, जागिर खाँदाको पहिलो दिनको क्षण, खगेन्द्र राष्ट्रिय अपाङ्ग सेवा पुरस्कार (ताम्रपत्र र नगद) पाउँदाको क्षण, आफ्ना कृतिहरू प्रकाशन/विमोचन हुँदाको क्षण उनका जीवनका सुख, दु:खका अविस्मरणीय घटनाहरू हुन् । २०६४ फाल्गुण १९ मा विवाह हुँदाको क्षण एक अविस्मरणीय घटनाका रूपमा रहेपनि पुन: दृष्टिविहिन समाजको भवन उद्घाटन गर्दा आर्मीहरूले फेरि वेहुला वेहुली बनाई उपहार

दिएको क्षणलाई अर्को अविस्मरणीय घटनाको रूपमा लिएका छन् । यसरी जीवनका आरोह अवरोहहरूमा उनका अविस्मरणीय घटनाक्रमहरू देखा परेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१३. रुची एवं स्वभाव

मान्छे पिच्छे स्वभाव फरक फरक हुन्छ । मानिस कोही ईर्ष्यालु, कोही रिसाहा, कोही झगडालु, कोही चोरी गर्ने, कोही फटाहा, कोही मिलनसार हुन्छन् । आ-आफ्नो बानी लिएर अगाडि बढेका हुन्छन् । मानिस जन्मदेखि बाँचुञ्चेलसम्मको उसको परिवार, समाज संगतले प्रत्यक्ष वा अप्रत्यक्ष असर पारिरहेको हुन्छ । मिजासिलो स्वभाव भएका लक्ष्मीप्रसाद पाठक अर्काको दुःख पनि आफ्नै दुःख ठान्ने गर्छन् । अरूलाई दुःख पर्दा सहानुभूति दिनु उनको स्वभाव हो । रमाइलोमा अति रमाइलो गर्नु उनको रुचि हो (श्रीमतीबाट प्राप्त जानकारी) । बाबुले धार्मिक पुस्तकहरूका श्लोक भाका हालेर पढेको सुन्न रुचाउने उनको बानी थियो । एक पटक भनेको नविर्सिने एदम राम्रो बानी रहेको थियो । पूराण सुन्न रुचाउने लक्ष्मीप्रसाद पाठकलाई त्यसकै प्रभाव परेको जस्तो देखिन्छ । उनी मिठो स्वरका धनी हुन् । कविता छन्दमा लयहालेर वाचन गर्नु उनको स्वभाव नै हो । आफ्नो शिक्षण पेशामा व्यस्त भएर पनि विहान वेलुका आफ्ना रचनालाई सृजना गरी प्रकाशन गर्नु एउटा संघर्ष नै मान्नु पर्छ । आफ्ना कृतिलाई राम्रो बनाउन हरबखत समय निकाल्दै पाण्डुलिपी तयार गरी प्रकाशनमा ल्याई पाठकहरूको मन जित्न सक्नु उनको रुची रहेको पाइन्छ । उनले गाउँघर, इष्टमित्रसँग असल सम्बन्ध राखी अगाडि बढेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१४. साहित्यिक लेखन, प्रेरणा र प्रभाव

लक्ष्मीप्रसाद पाठकको साहित्य लेखन बाबुको प्रेरणाबाट उत्पन्न भएको पाइन्छ । उनी विभिन्न मोड अनुसार आफ्ना कविता तयार गरेको बताउँछन् । एक पटक सुनेपछि नविर्सीने बानी भएको हुँदा लेखन कार्यमा सुनेका कुरा रचनामा व्यक्त गर्न सजिलो भएको देखिन्छ । लेखन कार्य प्रकाशन कार्यभन्दा अलिकेही मात्रामा सहज देखिन्छ । आफ्नो मनमा उठेका विभिन्न भाव, पिर, व्यथा वेदनाहरूलाई व्यक्त गर्ने माध्यम कविता बनेको देखिन्छ । उनका सुरुमा धार्मिक चिन्तनबाट कविता लेख्न सुरु गरेको कलम र काजग मात्र भएपनि पछि गएर तिनै कृतिहरूको रूपमा प्रकाशित हुन पुगेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । प्रेरणा र प्रभाव भन्नुपर्दा आफ्नै बाबु ओमनाथ पाठकले भनेका श्लोकहरू नै आफ्नो कविता लेखनको मुख्य गुणरत्नमाला, गीताका श्लोकलाई हेरेर सुनेर म पनि यस्तै कविता लेख्न सक्छु भन्ने प्रभाव उनमा परेको पाइन्छ । आफुले लेखेका कवितालाई छन्दमा काँटछाँट गरेर सहयोग र प्रेरणा प्रदान गर्ने काम चेतनाथ निरौलाले दिनु भएको पाइन्छ ( शोधनायक) । राष्ट्रमा देखिएको हत्या, हिंसा, आतंकले प्रभाव पारेको देखिन्छ । नेपाली कविताको क्षेत्रमा पूर्वी नेपालको इलाम जिल्लामा क्रियाशील साहित्यकारको रूपमा रहेका छन् ।

## २.१५. प्रकाशित पुस्तकाकार कृतिहरू

आफ्नो लेखनकार्य २०५४ बाट श्री गणेश गरेका लक्ष्मीप्रसाद पाठकको साहित्यिक दौरान हाल सम्म पनि कायम नै रहेको पाइन्छ । उनको प्रथम रचना “समपर्ण” कविता सङ्ग्रह (२०६२) रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१६. प्रकाशित कृतिहरूको संक्षिप्त सूचि

| क्र.सं. | कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| क | समर्पण | कविता संङ्ग्रह | २०६२ |
| ख | श्रद्धा | कविता सङ्ग्रह | २०६४ |
| ग | तर्क | कविता सङ्ग्रह | २०७२ |
| घ | खिचडी | कविता सङ्ग्रह | प्रकाशोन्मुख |

## २.१७. पुरस्कार तथा सम्मान

लक्ष्मीप्रसाद पाठक साहित्यिक क्षेत्रबाट धेरै पुस्तक तथा सम्मान हात पार्न सकेका छैनन् । उनका लेख रचनाहरू विभिन्न पत्रपत्रिका मार्फत पाठक सामु पुगी नसकेको देखिन्छ । उनले एक/दुई कविता मात्र इलाम एफ.एम.तथा वाणी एफ.एम. मार्फत छन्दमा लयबद्ध तरिकाले वाचन गरेका छन् । जति लेखे ती सबै सङ्कलन मात्र गरेर राखेको पाइन्छ (शोधनायक) । कुनै ग्रामीण स्तरका कार्यक्रममा भाग लिंदा स्थानीयहरूको हौसला, प्रेरणा र आर्शीवाद पुरस्कारका रूपमा प्राप्त भएका छन् । “समपर्ण कविता सङ्ग्रह” भित्रको “माईपोखरी जाँदा” शीर्षक कविता १९५ औं भानु जयन्तीका दिन इलाममा भएको कविता प्रतियोगीतामा प्रथम स्थान हासिल गरी विभिन्न पुस्तकहरू प्राप्त गरेको पाइन्छ । खगेन्द्र राष्ट्रिय अपाङ्ग सेवा पुरस्कार २०५८।६।२ गते प्राप्त गरेका छन् । जसमा ताम्रपत्र र नगद रु. २५,०००।- महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय सिंहदरबार काठमाडौंबाट प्राप्त गरेको पाइन्छ ।

## २.१८. जीवन र साहित्य सम्बन्धी धारणा

लक्ष्मीप्रसाद पाठकको जीवन संघर्षमय रहेको छ । जीवनमा आइपरेका दुःख सुख अगाल्दै अगाडि बड्नु पर्ने विचार व्यक्त गर्छिन् (शोधनायकबाट प्राप्त जानकारी) । साहित्य भन्नाले समाज व्यक्ति र राष्ट्रबीचको सम्बन्ध कायम गर्ने खालको हुनुपर्दछ । यसले समाज राष्ट्र र व्यक्तिका भावनालाई उजागर गर्न सक्नुपर्छ । समाज र राष्ट्रमा मौलाएको विकृति विंसगति हटाउन सहयोग गर्दै व्यक्तिलाई राष्ट्र र समाजप्रति झुकाव गर्न सक्ने सन्देश दिनु पर्दछ भन्ने भावना रहेको पाइन्छ । कविता लयबद्ध भाका हाली गाउनु पर्ने उनको साहित्यिक धारणा रहेको छ (शोधनायक) ।

### निष्कर्ष

इलाम जिल्लाको सुलुबुङ्ग गा.वि.स. मध्यम परिवारमा जन्म भएका लक्ष्मीप्रसाद पाठकले साहित्य क्षेत्रमा प्रवेश गरी साहित्यमा हदसम्म सहयोग पुऱ्याएका छन् । इलाम जिल्लामा जन्म लिई यसैलाई आफ्नो कर्म क्षेत्र बनाई लेखनतर्फ उन्मुख भएको देखिन्छ । विकट ठाउँमा जन्म लिई यसैलाई आफ्नो कर्म क्षेत्र बनाइ लेखनतर्फ उन्मुख भएको देखिन्छ । विकट ठाउँमा जन्म र कर्म क्षेत्र भएपनि केही समय साहित्यमा खर्चिएका छन् । आफू दृष्टिविहीन भएर पनि साहित्यमा उदाई अरूलाई पनि प्रेरणाको स्रोत बनेको देखिन्छ । ग्रामीण वस्तीमा रहेर विभिन्न समस्या झेल्दै आफ्नो कलम अगाडि बढाउँदै जानु एउटा चुनौतीपूर्ण कार्य हो । उनको लय र छन्दमा कविता रचना गर्नु आफ्नै विशेषता रहेको छ ।

सुमधुर स्वरका धनी लक्ष्मीप्रसाद पाठकले वाचन गरेको कविता, मानिसको मन र ढुकढुकमीा बास पाएका छन् । लट्ठ र मुग्ध बनाउँदै हजारौं पाठकहरूको मन छुन सफल भएका छन् । आउँदा दिनहरूमा पनि पाठकले साहित्य क्षेत्रलाई अगाडि बढाउँदै लान सफल रहने धेरै सम्भावनाहरू रहेको देखिन्छ ।

लक्ष्मीप्रसाद पाठकको साहित्यिक जीवन सुख, दुःख दुवै वातावरण झेल्दै अगाडी बढेको पाइन्छ । पच्चीस वर्ष देखि आफ्नो लेखन कार्यलाई निरन्तरता दिएका पाठकले साहित्यिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका छन् । साहित्यको फाँटमा एउटा इँटा थपी साहित्यको क्षेत्रलाई फराकिलो बनाउन मद्दत गरेका छन् । साङ्गहरूका लागि प्रेरणाको श्रोत भएका छन् । अपाङ्गहरूले पनि केही गर्न सक्छन् भन्ने कुरा पाठकको सृजनालाई हेरे अनुमान गर्न सकिन्छ । उनको साहित्यिक यात्रा अझ पनि कायमै छ । भविष्यमा उनका अझ गहकिला कृतिहरूको अध्ययन गर्न पाउने धेरै सम्भावनाहरू रहेका छन् ।

# तेस्रो परिच्छेद
# लक्ष्मीप्रसाद पाठकको व्यक्तित्वका विविध पक्षहरू

## ३.१. पृष्ठभूमि

कुनै व्यक्तिको व्यक्तिगत विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो । यसमा व्यक्ति विशेषको निजीपनका साथै व्यक्ति अरूलाई प्रभावित पार्ने र व्यक्तित्व विशेषमा निहित विशेषता समेत पाइन्छ । व्यक्तित्व निर्माणमा व्यक्ति जीवनका विभिन्न पक्षको भूमिका हुन्छ । जीवन हेर्ने क्रममा आएका सुख दुःख र विविध आरोह अवरोह तथा सम्बन्धित व्यक्तिको समाज परिवार, शिक्षा दीक्षा, वातावरण, परिपेश आदि नै व्यक्तित्व निर्माणका प्रमुख तत्वहरू हुन् । परिस्थिति अनुकूल चल्न सक्ने व्यक्ति भित्रको निहित प्रतिभा नै व्यक्तित्व हो । अर्को शब्दमा व्यक्तित्वको अर्थ आन्तरिक स्वरूपलाई दृढ गराउनु हो । यसकारण व्यक्तिको अनुभव ज्ञान आस्था, झुकाव, शिक्षा दीक्षा मूल प्रवृत्ति आदिको समूहलाई व्यक्तित्व भनिन्छ । एउटा साहित्य र समाजप्रति समर्पित व्यक्तिको स्वभाविक गुणले उसको निजी व्यक्तित्व निर्माण हुन्छ भने सामाजिक कार्यहरूले उसको सार्वजनिक व्यक्तित्व निर्माण हुन्छ । लक्ष्मीप्रसाद पाठक यस्तै एक सिर्जनशील व्यक्तित्व हुन् । जीवनका अधिकांश समय साहित्य, सामाजसेवा, धार्मिक तथा सांस्कृतिक कार्यक्रमका साथै केही हदसम्म राजनीतितिर पनि समय दिएको पाइन्छ । यीनै विभिन्न क्षेत्रमा संलग्न रही आफ्नो व्यक्तित्व निर्माण गरेको देखिन्छ । यसरी हेर्दा लक्ष्मीप्रसाद पाठक बहु-आयामिक प्रतिभा भएका व्यक्तित्वका रूपमा चिनिन्छन् ।

## ३.२. वाह्य व्यक्तित्व

व्यक्ति निजी जीवनसँग सरोकार राख्ने कुराहरूले नै व्यक्तित्वको प्रतिनिधित्व गर्दछ । वाह्य व्यक्तित्व भन्नाले हाम्रो आँखाले प्रत्यक्ष देख्न सक्ने कुराहरूलाई नै भनिन्छ । जस्तै उचाइ, मोटाइ, आकार, रूप, प्रवृत्ति, रुचि आदि । शारीरिक संरचनाका दृष्टिले लक्ष्मीप्रसाद पाठकको उचाई ५ फिट ६ इन्च अग्लो, दुब्लो पातलो ठीक्कको शरीर भएको, गहुँगोरो वर्ण, लाम्चो मुखमण्डल भएको कालो छोटो केश भएकाले सामान्य व्यक्तित्वको सूचना गर्दछ । पोशाकका दृष्टिले हेर्दा उनी दौरा सुरुवाल, इस्टकोट, ढाका टोपी र मफ्लरमा देखिन्छन् भने विद्यालय जाँदा भने निलो धर्के सट र कालो धर्के पेन्ट सोही कलरको कोट लगाउने गर्छन् । उनी अधवैंसे , हँसिलो, रमाइलो, फूर्तिलो शरीर भएका पुरुष हुन् । साथीभाइ घरपरिवार र इष्टमित्र प्रति हत्ते हुने गर्छन् । नयाँ नयाँ साहित्यिक व्यक्तिहरूलाई बढी चासो दिएर उसको रचना खोजी गरी पढ्न लगाएर सुन्नु उनको विशेषता रहेको पाइन्छ । श्रीमती श्रीमानमा सुमधुर सम्बन्ध कायम गरी आफ्नो परिवारलाई अगाडि बढाउँदै लगेका छन् । उनले राष्ट्रियता, मानवता, अपाङ्गता र समाजप्रति आफ्नो कलम चलाएका छन् ।

## ३.३. आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वका विविध रूपमा कुनै पनि व्यक्तिलाई हेर्ने गरिन्छ । जीवनयापन गर्दै जाँदा उसमा अनेकौं व्यक्तित्वको विकास गर्दै जान्छ । जीवन यात्राका क्रममा एउटा व्यक्तिले आफ्ना व्यक्तित्व प्रस्तुत गर्दछ । व्यक्तिका आन्तरिक कुराहरू आँखाले प्रत्यक्ष देख्न

त सकिदैंन तर उसले आफ्ना भावना विचारहरूलाई आफ्ना कुनै माध्यमबाट बाहिर प्रकाशित गर्छ । त्यसपछि थाहा हुन्छ कि कुनै व्यक्ति कस्तो रहेछ, उसमा के कस्ता क्षमता हुन्छन् भन्ने कुरा थाहा पाउन सकिन्छ । मानिसको जीवन भोगाइमा आरोह, अवरोह, घात, प्रतिघात र उसका क्रियाप्रतिक्रियाले व्यक्तिको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याउँछ । लक्ष्मीप्रसाद पाठकको जीवन भित्र निम्न आन्तरिक व्यक्तित्वहरू देखा पर्दछन् । साहित्यकार, राजनैतिक, धार्मिक, सांस्कृतिक, सामाजिक व्यक्तित्वहरू रहेका छन् ।

### ३.३.१. साहित्यकार व्यक्तित्व

साहित्य भन्ने वित्तिकै साहित्यक क्षेत्रको सम्बन्ध भन्ने बुझिन्छ । आफू भित्र गुम्सिएर रहेका प्रतिभाहरूलाई समाज र राष्ट्रप्रति उनले (२०५४) बाट आफ्नो कलम साहित्य क्षेत्रमा चलाएको पाइन्छ । उनका प्रकाशित अप्रकाशित धेरै साहित्यिक रचनाहरू रहेका छन् । साहित्य लेखनको कार्य धेरै अगाडि सुरु गरे तापनि विभिन्न कठिनाइका कारण (२०६२) साल भदौ (मोती जयन्ती) का दिन “समर्पण” कविता सङ्ग्रह प्रकाशित भयो । यहीबाट उनले औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । कविता क्षेत्रमा मात्र हेर्दा लक्ष्मीप्रसाद पाठकको साहित्यिक व्यक्तित्वको निम्न लिखित शीर्षक अन्तर्गत अध्ययन गरिन्छ ।

### ३.३.१.१. कवि व्यक्तित्व

लक्ष्मीप्रसाद पाठकको सबैभन्दा पहिला आफ्नो कलम चलाएको र प्रकाशित भएको विधा कविता हो । घाँस, दाउरा, घर, धन्दाका क्रममा आफ्ना मनमा उब्जीएका कुराहरूको टिपोट गर्दै समय मिलाएर एउटा समर्पण कविता सङ्ग्रह प्रकाशित गरी आफू भित्र रहेको क्षमतालाई प्रस्तुत गरेका छन् । समसामयिकता कविताको प्रमुख विशेषता हो । हत्या, हिंसा, आतङ्क, अपराध, अधिकार, लुटपाटबाट विरक्त भएको परिस्थिति, धार्मिक र पौराणिक विषयवस्तुहरूलाई लिएर कविता लेख्ने गर्छन् । समाजमा भएका विकृति, विसंगतिको चर्चा गर्नु उनको कवि व्यक्तित्व रहेको छ । उनका कवितामा स्वतन्त्रताको चाहाना, प्रेमप्रणय, विरह, निराशा कुण्ठाहरू, सामाजिक बिद्रोहहरू पनि प्रशस्त छन् । कवितामा वर्ण विन्यासगत त्रुटिहरू र छन्दका नियम भङ्ग भएका ठाउँहरु छन् । जो लेखन शैक्षिक स्तरीय नै छन् ।

### ३.३.१.२. राजनैतिक व्यक्तित्व

लक्ष्मीप्रसाद पाठकका विन्नि व्यक्तित्व मध्ये राजनीतिक व्यक्तित्वले पनि केही हदसम्म प्रभाव पारेको देखिन्छ । उनले आफ्ना परिवारले अँगालेकै सिद्धान्त अँगालेको पाइन्छ । उनका बाबु राजनीतिक नेता थिए । नेपाली काङ्ग्रेस पार्टीकै सिद्धान्त अपनाएको देखिन्छ । पञ्चायती व्यवस्था भएको कारण स्वतन्त्र रूपमा राजनीति गर्ने अवसर नभएको, आफ्ना बाबुलाई धेरै पल्ट राजनीतिक दबाबका कारण लुकाउन प्रयास गरेको अनुभव उनमा रहेको छ । आवरणमा बाबु कै राजनीतिक सिद्धान्त अँगालेको जस्तो देखिए पनि लेखन साहित्यलाई हेर्दा पाठक प्रगतिशिल लेखकको रूपमा देखिन्छ । हाल आएर राजनीति क्षेत्रलाई विर्सदै गएको जस्तो देखिन्छ ।

### ३.३.१.३. सामाजिक व्यक्तित्व

मानिस समाजमा नै जन्मन्छ, हुर्कन्छ, बढ्छ अनि पढ्छ । यी विविध क्रियाकलाप गर्ने एउटै थलो समाज रहेको छ । एउटा समाजमा सुमधुर सम्बन्ध कायम गर्नु व्यक्तिका लागि अपरिहार्य कुरा हो । लक्ष्मीप्रसाद पाठकले पनि राम्रो छाप पारेको देखिन्छ । अरूको दुःखमा दुखित हुने, अरूको रमाइलोमा रमाउने यो उनको राम्रो बानी हो । आफ्नो दुःख अर्काको दुःख एकै हो भन्ने भावना राखी आफ्ना विभिन्न कार्यलाई पछि पारी साहनुभूति प्रकट गर्न पुग्ने गरेका कुरा बताउँछन् । यो उनको एउटा सामाजिक व्यक्तित्व रहेको छ । बाबुको प्रिय पात्र भएको र उनका बाबुमा पनि समाजसेवी भावना रहेको कारण आफ्ना जीवनभर यो व्यक्तित्वलाई सँगै लाने उनले प्रण गरेका छन् ।

### ३.३.१.४. धार्मिक तथा साँस्कृतिक व्यक्तित्व

धर्ममा सारै धेरै आस्था र विश्वास भने रहेको देखिदैन । धर्ममा आस्था देखिन्छ तर धर्मका नाममा रुढिवाद, अन्धविश्वासप्रति भने खरोबिरोध भएको पाइन्छ । विभिन्न बारहरूको ब्रत बस्ने, विहान उठेर नुहाउने कुरामा उनको आपत्ति देखिन्छ । धर्मका नाममा ब्रत बसेर फल प्राप्त नहुने तर्क उनको रहेको पाइन्छ । पुजा पाठ नित्यकर्म भएको देखिन्छ । पूराण सुन्न र त्यसले दिने सन्देश के हो ? त्यता तर्फ उनले बढी चासो राख्ने गरेको पाइन्छ । गाउँ घरमा हुने विभिन्न साँस्कृतिक कार्यक्रमका साथै इलाम, झापादेखि अन्यत्र पनि सहभागी भएर आफ्ना कविता लयबद्ध हालेर गाउने गर्छन् ।

## ३.४. साहित्यिक यात्रा

विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा सक्रिय हुने लक्ष्मीप्रसाद पाठक २०५४ सालबाट आफ्नो लेखन कार्य सुरु गरेका थिए । व्यक्तिगत कठिनाई, पारिवारिक समस्याका कारण प्रकाशन गर्न, ढिलाई भई “समर्पण” कविता सङ्ग्रह (२०६२) भदौ, (मोती जयन्ती) मा प्रकाशन गरी औपचारिक रूपमा साहित्य लेखनलाई अगाडि बढाउन थाले । आजसम्म पनि उनको साहित्यिक कलम रोकिएको छैन । बरु प्रेरणा र हौसलाका साथ अरू विभिन्न कविताहरू लिएर देखा परे । कविताबाट आफ्नो लेखन यात्रा थालेका पाठकले कविता कै क्षेत्रमा अगाडि लम्की रहेका छन् । उनले पूर्वाद्ध र उत्तरार्द्ध दुई चरणमा आफ्ना रचना प्रकाशनमा ल्याएका छन् ।

### ३.४.१. पूर्वाद्ध चरण (२०५४-२०६२) श्रावणसम्म

यो चरण विभिन्न रचनाहरूको शिशु अवस्थाको चरण हो । रचना सृजना गर्ने राख्ने काम मात्र गरेका छन् । यी रचनाहरूको तयारीको समय हो । यस समयमा प्रकाशोन्मुख तीनवटा कृतिहरूको रचना गरेका थिए । समर्पण : कविता सङ्ग्रह, श्रद्धा : कविता सङ्ग्रह र तर्क : कविता सङ्ग्ह यी कविता सङ्ग्रह मध्ये आई. ए. को परीक्षा लेख्न पिपलबोटे इलाममा कोठा बस्ने क्रममा तर्क कविता सङ्ग्रह चोरी भएको र यसका केही कविता थाहा भएको र बाँकी लेखन कार्यले कृति प्रकाशन गर्न ढिलो भएको र यस चरणमा अप्रकाशित कृतिहरूको मात्र सृजना गरेको देखिन्छ ।

### ३.४.२. **उत्तरार्द्ध चरण** (२०६२-२०७२)

यस चरण उनको रचना प्रकाशनको चरणका रूपमा देखापर्छ । यो समयमा निक्कै उत्कृष्ट रचनाहरूको सृजना गरेका छन् । आफ्ना सृजनाहरूलाई पुस्तकाकारका रूपमा पाठकहरूका साम‍ु ल्याएका छन् । यो चरण उपलब्धिमूलक मान्न सकिन्छ । यो चरणमा प्रकाशनमा आएका कृतिहरू “समर्पण” कविता सङ्ग्रह (२०६२), “श्रद्धा” कविता सङ्ग्रह (२०६४) र “तर्क” कविता सङ्ग्रह (२०७२) रहेका छन् । यसरी धेरै कृतिहरू प्रकाशनमा ल्याउन सफल भएका छन् । बाँकी कृतिहरू पनि प्रकाशनको तयारी अवस्थामा रहेको पाइन्छ ।

# चौथो परिच्छेद

# नेपाली कविता साहित्य सिद्धान्त र विकासक्रम

## ४.१. नेपाली कविताको सिद्धान्त र विकासक्रम

कविता साहित्यको एक विधा हो । कविता प्राचीन विधा हो । कविता आफ्ना मनका संवेदना, भवना, अनुभूतिलाई छन्द वा लयमा प्रकट गर्न सकिने विधा हो । शाब्दिक अर्थमा हेर्दा 'कवि' शब्दमा 'यत्' प्रत्यय लागेर 'काव्य' शब्द बनेको हो । 'कवि+य' मिलेर बनेको काव्य शब्दले कविद्वारा गरिएको कार्य वा सिर्जना बुझाउँछ । कवि शब्दले वर्णन कलामा निपुर्ण व्यक्ति वा सर्जज्ञ व्यक्ति भन्ने बुझाउँछ । संस्कृत परम्पराबाट काव्य भन्न थालिएको हो । कविताको रूपमा पछि आएर यही काव्य देखा पर्‍यो । कविता विभिन्न विधालाई समेटेको वाङ्मय शास्त्र हो । नेपाली काव्यशास्त्र मात्र नभएर विभिन्न विधाका रूपमा कविता एउटा वाङ्मय हो । कविता विधा साहित्य विधामा रागात्मक विधा भनेर चिनिन्छ । कविता सौन्दर्य परक र भावना प्रधानता हुन्छ । कवि हुनका लागि वा कविता सृजन ागर्नका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यास हुनु पर्दछ । कविता पद्य विधा हो । यसमा लयात्मक र भावनात्मकता हुन्छ ।

## ४.२ कविताको परिभाषा

पूर्वीय र पाश्चात्य विद्वान्हरूले कविताको परिभाषा यसरी गरेको पाइन्छ । "शब्द र अर्थले युक्त पदावली काव्य हो ।" (अग्निपूराण) "दोषमुक्त गुण तथा अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो ।" (मम्मट) "रसात्मक वाक्य नै काव्य हो ।" (वाग्भट) "कविता कल्पनाका सहायताबाट आनन्दाई सत्यसँग सभन्वित गर्ने कला हो ।" (जोन्सन)

यसरी पूर्वीय र पाश्चात्य साहित्यमा कवितालाई परिभाषा गरिएको छ । कवितालाई चिनाउन विद्वान्हरूले आ-आफ्नो परिभाषा दिएका छन् । परिभाषा एउटै हुन नसके पनि कविता गेयात्मक भाव वहन गर्ने गद्यात्मक विधा नभएर पद्यात्मक रचना हो भन्न सकिन्छ । यसमा लय भाव रागात्मक पक्षलाई जोड दिएको पाइन्छ । समग्रमा भन्दा कविता "जीवन, संयोग र वियोगको सन्धी हो" भन्न सकिन्छ (आधुनिक नेपाली नाटक र फुटकर कविता सिद्धान्त र विवेचना ) ।

यसरी माथिका विविध परिभाषाले कविताको स्वरूप प्रष्ट वारेका छन् । उक्त परिभाषाहरूको मन्थनद्वारा कविताका विशेषतालाई यसरी प्रष्ट्याउन सकिन्छ । छन्द, लयात्मक बनोट, सुक्ष्म/कसिलो गठन, अप्रत्यक्ष प्रस्तुति भाव/विचार वस्तु, वर्णनात्मक/विवरणात्मक/सूत्रात्मक शैली, प्रथम/र्ततीय पुरुष दृष्टिविन्दु, वक्त/कवि विशेषता रहेको कवितालाई यसरी परिभाषा गर्न सकिन्छ । अनुभूतिको लयात्मक भाषिक संरचना नै कविता हो ।

## ४.३. कविताका तत्वहरू

कविता बन्नका लागि आवश्यक चिज नै तत्व हो । तत्वलाई घटक, अवयव, अङ्गउपकरण आदि पनि भनिन्छ । विभिन्न घटकहरू मिलेर कविताको निर्माण हुन्छ । ती तत्वका बीचमा पारस्पारिक अन्तरसम्बन्ध हुन्छ । कविताका विधागत भेद मध्ये मुक्तक र फुटकर कविता देखि खण्डकाव्य महाकाव्य सम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका

घटकरु निम्नलिखित तत्व देखापर्दछन् । (प्रा.डा. वासुदेव त्रिवाठी, सह-प्रा. दैवज्ञराज न्यौपाने, सह-प्रा. केशव सुवेदी (नेपाली कविता भाग ४) साझा प्रकाशन छापाखाना पुल्चोक ललितपुर पृ. १७)

### ४.३.१. शीर्षक

शीर्षक कविता कृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक/संकेत अनिवार्य तत्व हो । शीर्षक विना कविताको कल्पना पनि गर्न सकिन्न । शीर्षकबाट नै कविता को भाव झल्कने हुनाले यो पहिलो र अनिवार्य तत्वका रूपमा लिन सकिन्छ ।

### ४.३.२. संरचना/परिवेश

कविताको दोस्रो तत्वको रूपमा आउँछ । यो आन्तरिक र वाह्य गरी दुइ प्रकारको हुन्छ । परिवेश भन्नाले स्थान वातावरण र समयलाई बुझाउने एकल शब्द परिवेश हो । सहभागीहरूले कार्य गर्ने र घटना घटित हुने स्थान परिवेश हो । यसले घटना कहिले, कहाँ कसरी घटित भयो सोको जानकारी दिन्छ ।

### ४.३.३. लयविधान

यो कविताको तेस्रो तत्वको रूपमा आउँछ । कविता विधाको मुख्य विधागत परिचायक स्वरूप, तत्व, लय, विधान नै हो । लय कविताको लागि अनिवार्य हुन्छ । यसले कविता वाचन गर्ने सुन्नेका लागि आनन्द प्रदान गर्दछ ।

### ४.३.४. भाषाशैली

कविताको लागि भाषाशैली बढी ललित रागात्मक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो । परिष्कृत भाषाशैलीको प्रयोग गरिनु पर्दछ ।

### ४.३.५.उद्देश्य

प्रयोजन नै उद्देश्य हो । पूर्व र पश्चिम दुवैतर्फ कविताको उद्देश्यका बारेमा विविध धारणा पाइन्छन् । पूर्वमा चतुरवर्गफल प्राप्ति (धर्म, अर्थ, काम, मोक्ष) देखि लिएर आनन्दसम्म कविताको उद्देश्य स्वाकारिएको छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थ प्रकटीकरण उद्देश्य रहेको छ । यसरी कविताका विभिन्न तत्वको परिधी भित्र रहेर नै लक्ष्मीप्रसाद पाठकले पनि आफ्ना कविताहरू रचना गरेको पाइन्छ ।


### ४.३.६. कवितामा दृष्टिबिन्दुको प्रयोग

लेखकका भाव वा विचारलाई कवि मार्फत पाठक समक्ष उपस्थापन गर्ने पद्धति अथवा प्रक्रिया नै दृष्टिविन्दु हो । यो प्रस्तुतिकरणसँग सम्बन्धित हुन्छ । यसले सहभागी, परिवेश, उद्देश्य आदि पनि पाठक समक्ष उपस्थित गराउँछ । प्रथम वा तृतीय पुरुष सहभागितामा कवितामा दृष्टिविन्दु निहित हुन्छ । यो कृति भित्र रहेको लेखकको विचारधारालाई बुझ्ने विधि पनि हो (प्रा.डा. वासुदेव त्रिपाठी, सह-प्रा. दैवज्ञराज न्यौपाने, सह-प्रा. केशव सुवेदी ) ।

## ४.४. नेपाली कविताको विकासक्रम

नेपाली कविताको विकास धेरै अगाडिबाट हुँदै आएको पाइन्छ । लिखित रूपमा प्रयोग भने अठारौं शताब्दीदेखि मात्र प्रारम्भ भएको हो । नेपालको एकिकरण अभियासँगै प्रारम्भ भएको नेपाली कविता लेखन प्रथम रचना वि.सं. (१८३१) सुवानन्द दासको "पृथ्वीनारायण शाह" कविता नै प्रथम लेखय नेपाली कविता हो । यो कविताको लेखनका बारेमा भने विभिन्न धारणाहरू आएको पायन्छ । कसैले वि.सं. (१८२६) समेत भन्ने गरेका छन् । वीर भावले ओतप्रोत वा पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानको महिमा गाइएको उक्त कविताबाट नेपाली कविता यात्राको जन्म भएको हो । उनको उक्त रचना नै नेपाली कविता साहित्यको प्रथम प्रकाशित रचना हो । नेपाली कविताको विकासक्रमलाई तालिकामा तालिकाबद्ध गरेर देखाउन सकिन्छ ।

नेपाली कविताको काल विभाजन




नेपाली कविताको काल विभाजनका बारेमा विभिन्न विद्वान्हरूका बीचमा मतैक्यता छैन । अरू काल भन्दा पनि माध्यमिक काल र आधुनिक कालका बारेमा समालोचक तथा विद्वान्हरूका बीचमा ठूलो विभेद देखिन्छ । नेपाली कविताको आधुनिक काल सूक्तिसिन्धु ( १९७४) कविता सङ्ग्रहको प्रकाशन पछि तथा ऋतुविचार खण्डकाव्यको प्रकाशनबाट प्रारम्भ भएको हो । वि.सं.(१९७५) सालबाट कविताको आधुनिक काल प्रारम्भ भएको हो र आधुनिक कालको प्रथम धारा परिष्कारवादी धारा हो । नेपाली कविताको आधुनिक काल (१९९१) सालबाट मात्र प्राप्त भएको (१९७४-१९९१) सम्मको समयावधिलाई माध्यमिक कालको

उत्तरार्द्ध चरणको शास्त्रीयतावादी धारा हो । यसरी विद्वान्हरूका बीचमा मत भिन्नता देखिएको हो ।

### ४.५. नेपाली कविताका क्षेत्रमा धारागत रूपमा महत्वपूर्ण योगदान पुऱ्याउने स्रष्टाहरू

नेपाली कविताको क्षेत्रमा वि.सं. १८०० बाट हाल सम्म देखिएका विभिन्न काल, धारा चरणहरूमा उल्लेखनीय योगदान पुऱ्याउने मुख्य स्रष्टाहरूलाई काल र धारागत रूपमा यसरी देखाउन सकिन्छ ।

### ४.५.१. प्राथमिक काल वि.सं. (१८२५/२६-१९४०)

नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०) शिष्ट लेख्य नेपाली कविता परम्पराको थालनीका नाताले लेखोटकालका रूपमा चिनिन्छ । यस कलाका नेपाली कविताका मुख्य प्रेरक परिवेशका रूपमा श्री ५ वडामहाराज पृथ्वीनारयण शाहको नेतृत्वमा गोरखाबाट थालिएको नव नेपाली राष्ट्रको निर्माणक्रम र इतिहास प्रसिद्ध नेपाल अंग्रेजयुद्ध एवं सुगौली सन्धि (वि.सं. १८७२) कोतपर्व एवम् जङ्गवहादुर राणाको अभ्युत्थान वि.सं. (१९०३) तथा जाहानियाँ राणा शासनको पहिलो पुस्ता जस्ता घटनाक्रमबाट निर्मित भएको धारा हो । नेपाली राष्ट्रियता, वीरता र त्यसमा देखापरेका अवरोध र शिथिलताका युग सन्दर्भहरूको प्राथमिककाल अर्न्तगत विभिन्न धाराको निर्माणमा भूमिका खेलेको देखिन्छ ।

नेपाली कविताको प्राथमिक काललाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ । (प्रा. भोजराज ढुंगेल र दुर्गाप्रसाद दाहाल नेपाली कविता काव्य पृष्ट १२ ।)

### ४.५.१.१. पूर्वाद्ध चरण (वीर धारा वि.सं. १८२६-१८७२ सम्म)

यो पूर्वाद्ध वा पूर्व प्राथमिक काल मुख्यत वीर धाराको रूपमा चिनिन्छ । यो धारा अठारौ शताब्दीबाट शुरु भएको हो । नेपाली कविताको प्राथमिक कालका पूर्वाद्ध चरणमा रहेर कलम चलाउने मुख्य कविहरू निम्न अनुसार रहेका छन् ।

- सुवानन्द दास - पृथ्वीनारायण शाह
- शक्तिवल्लभ अर्ज्याल - तनहूँ भकुण्डो
- उदयानन्द अर्ज्याल - वेताल पचीसी

यस धाराका प्रवृत्तिहरूलाई वा विशेषताहरूलाई समेत निम्न अनुसार देखाउन सकिन्छ ।

- देशप्रेमी र राष्ट्रियता नैतिकचेत व्यङ्ग्यचेतना आदि ।
- मैलिक कविताको सिर्जना ।
- तत्कालीन शासकको स्तुति ।
- लोकलय र शास्त्रीय छन्दको प्रयोग ।

### ४.५.१.२. उत्तरार्द्ध चरण (भक्ति धारा वि.सं. १८७२-१९४० सम्म)

सुगौली सन्धि पश्चात नेपाली कविताको क्षेत्रमा मोतीराम भट्टको आगमन पूर्वको समय अवधिलाई भक्तिधारा भनिन्छ । यस धारालाई पनि निम्न अनुसार उप-चरणमा विभाजन गरिएको छ (प्रो. भोजराज ढुङ्ेल र दुर्गाप्रसाद दाहाल नेपाली कविता र काव्य पृष्ठ १३) ।

### ४.५.१.२.१. कृष्ण भक्तिधारा

श्री कृष्णको जीवन गाथालाई विषयवस्तु बनाई उनका जव्निका विविध पक्षलाई उल्लेख गरिएको छ । यस धाराका कविहरूले श्री कृष्णलाई आराध्यदेव मानेर उनकै भक्तिभाव पूर्ण कविताहरू लेख्ने काम गरेका छन् । यस धारामा निम्न कविहरूले कलम चलाएका देखिन्छ ।

- इन्दिरस - गोपीका स्तुति ।
- विद्यारण्य केशरी - द्रौपति स्तुति ।
- वीरशाली पन्त - कृष्ण चरित्र आदि ।

### ४.५.१.२.२. रामभक्ति धारा

रामभक्ति ।धारामा श्रीरामको गुणगान गाई उनकै जीवनका विविध पक्षलाई यसको विषय वस्तु वनाइएको छ । श्रीराम भगवानलाई आरध्यदेव मानेर उनकै भक्ति भावपूर्ण कविताहर यस धारामा प्राप्त गर्न सकिन्छ ।

यस धारामा कलम चलाउने सर्जकहरू यसप्रकार रहेका छन् ।

- भानुभक्त आचार्य - भक्तमाला, प्रश्नोत्तरीमाला, रामायण, वधुशिक्षा, रामगीता ।
- रघुनाथ पोखरेल - सुन्दरकण्ड

### ४.५.१.२.३. निर्गुण भक्ति धारा

नेपाली कविताको इतिहासमा निर्गुण भक्ति धारा सन्त धाराको आरम्भ जोसमुनी सन्तका रचनाबाट भएको हो । ईश्वरको साकार र निराकार रूपको स्तुतिगान गर्ने परिपाटी अनुसार दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । यस धारामा कलम चलाउने कविहरूमा ज्ञानदिल दास - उदयलहरी, भजन स्रग्रह आदि । सन्तकविहरूमुख्य र उल्लेख्य मानिन्छ । उत्तरार्द्ध चरणका कविताका विशेषता वा भक्ति धाराका विशेषताहरूलाई निम्न अनुसार देखाउन सकिन्छ । (प्रा. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल नेपाली कविता र काव्य पृ.१३ ।)

- मिश्रित भाषाको प्रयोग ।
- ईश्वरको साकार र निराकार रूपमा कविताको सिर्जना ।
- भक्ति भावको कवितामा जोड ।

यसरी नेपाली कविताको विकासक्रम अगाडि बढेको देखिन्छ । प्राथमिक कालमा विभिन्न धारामा कविता लेखेको पाइन्छ । धारै पिच्छे फरक-फरक भाव धराामा भएका कविहरू/सर्जकहरूले आफ्ना रचना प्रकाशनमा ल्याएका छन् ।

### ४.५.२. माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली कविताको विकास यात्रामा माध्यमिक काल भन्नाले मोटामोटीमा (वि.सं. १९४१-१९७४) का बीचको लगभग साढे तीन दशकको समयावधि बुझिन्छ । यस समयमा कविताको मुद्रण र सृङ्गारिकतालाई मुख्य रूपमा जोड दिएको पाइन्छ । लेखोट युग पार गरी छापाखाना युगमा नेपाली कविताको प्रवेश माध्यमिकताको प्रर्वत क्रमसँग सम्बन्धित एक मुख्य घटना हो । नेपाली कविताको प्राथमिक काल मोतीराम भट्टद्वारा वनारसबाट प्रकाशन भएपछि शुरु भएको पाइन्छ । (वि.सं. १९४१-१९७४) सम्मको समयावधिलाई

माध्यमिक काल श्रृङ्गारिक धारा भनिन्छ । यो धारा माध्यमिक कालको एउटा मात्र धारा हो । यस धारालाई अगाडि बढाउने क्रममा विभिन्न पत्रिकाहरू 'गोरना पत्र' (१९५८) र 'सुन्दरी' (१९९३) हुन् । यी पत्रिकाहरूले सहयोग गरेको देखिन्छ ।

यस धारालाई अगाडि बढाउने कविहरू

- मोतीराम भट्ट - पिकदूत, पञ्चक, प्रपञ्च, उषा चरित्र, गजेन्द्र मोक्ष ।
- लेखनाथ पौडेल - फुटकर कविता ।
- केदारनाथ खतिवडा - शृङ्गार दर्पण, शुभविवह आदि ।

यस कालका विशेषताहरू

- श्रृङ्गाकिता ।
- अनुवाद र रूपान्तरण परम्परामा निरन्तरता ।
- आगन्तुक शब्दहरूको प्रयोग ।
- वर्णनात्मकता ।

### ४.५.३. आधुनिक काल (१९७५ देखि हालसम्म)

आधुनिक नेपाली कविताको प्रवर्तन परिष्कार वादी धाराबाट भएको मानिन्छ । नेपाली कविताको आधुनिककाल कसबाट भउको हो भन्ने विषयमा विद्वानहरूमा मत भिन्नता पाइन्छ । लेखनाथ पौडेलमा केन्द्रित छ । यस सन्दर्भमा लेखनाथलाई आधुनिक कालका प्रवर्तक मान्ने विद्वानहरू हुन् रामकृष्ण शर्मा, माधव भण्डारी, वासुदेव त्रिपाठी आदि रहेका छन् भने लेखनाथलाई आधुनिक नमानी माध्यमिक कालका कवि मान्ने विद्वानहरू हुन् रत्ननाथ शर्मा, खगेन्द्र प्रसाद लुइटेल आदि रहेका छन् । यसरी मत भिन्नता देखिए पनि नेपाली कविताको आधुनिक काल सूक्तिसिन्धु कविता सङ्ग्रह भएपछि लेखनाथ पौडेलको ऋतुविचार खण्डकाव्यको प्रथम माग प्रकाशनबाट नेपाली कविता साहित्यमा आधुनिक कालको शुरुवात भएको मानिन्छ । यसमा विभिन्न धाराहरू रहेका छन् (प्रा. भोजराज ढुङ्ेल र दुर्गाप्रसाद दाहाल नेपालि कविता र काव्य पृ.१९) ।

### ४.५.३.१. परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०)

नेपाली कवितामा परिष्कारवादी धाराको सुरुवात आधुनिककालको सुरुवात भएको हो (वि.सं. १९७४)मा प्रकाशित सूक्तिसिन्धु कविता सङ्ग्रह प्रतिबन्धित भएपछि सुरु भएको यो धारा देवकोटो आगमन पूर्व प्रमुख धाराको रूपमा र त्यसपछि गौण धाराका रूपमा निकै पछिसम्म प्रभावित भएको देखिन्छ यस धाराले स्पष्ट स्वरूप प्राप्त गर्दा नगर्दै स्वच्न्दतावादी धाराले नेतृत्व लिएकाले योध ारा गौण बन्न पुगेको देखिन्छ । यस धाराका प्रर्वतक लेखनाथ पौडेल हुन् । वि.सं. (१९७६) मा कवि शिरोमणि लेखनाथ पौडेलले 'सत्यकली संवाद' मा सामाजिक व्यङ्ग्य र पुर्नजागरण चेतना अभिव्यक्त गरेबाट आधुनिक नेपाली कविताले जन्मने मौका पाएको हो भनेर डा. पारसमणि भण्डारीले आफ्नो पुस्तक नेपाली कविता काव्यमा उल्लेख गरेका छन् ।

यस धाराका कविहरू

- लेखनाथ पौड्याल - ऋतुविचार, तरुण तपसी, सत्यकलि संवाद
- महानन्द सापकोटा - मनलहरी

- बालकृष्ण सम - स्वर्ग र देवता

यस धाराका प्रवृत्ति र विशेषताहरू यस प्रकार छन् ।

- श्रृङ्गारिकताको अन्त्य र बौद्धिक, धार्मिक र आध्यात्मिक चेतनाको थालनी ।
- आत्मपरक अभिव्यक्तिभन्दा वस्तुपरकतामा जोड ।
- भावनालाई बौद्धिकताले नियन्त्रण गर्नु ।

### ४.५.३.२. स्वच्छन्दतावादी/प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६)

नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराको सुरुवात (१९९१) मा शारदा पत्रिकाको प्रकाशनसँगै लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताबाट भएको हो । स्वच्छन्दतावादी धारा पाश्चात्य साहित्यमा प्रारम्भ भई अंग्रेजी, हिन्दी साहित्यका माध्यमबाट नेपाली साहित्यमा प्रवेश भएको देखिन्छ । वि.सं. १९९१ सालमा स्वच्छन्दतावादी धाराले प्रवेश गर्नु अगाडिको समय यसको पृष्ठभूमि काल हो (प्रा. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल नेपाली कविता र काव्य पृ. २१) ।

लक्ष्मीप्रसाद देवकोटा - भिखारी (२०१०), गाइने गीत (२०२४), आकाश बोल्छ (२०२५), कुरा (२०२६), सिद्धिचरण श्रेष्ठ - प्रतिविम्व (२०२१), कुहिरो घाम (२०४५), सिद्धिचरण प्रतिनिधि कविता (२०४५), तिरमिर तारा (२०४६), माधव घिमिरे र गोपालप्रसाद रिमाल लगायत अन्य कविहरूले यस धारामा रहेर कलम चलाएको पाइन्छ । पाश्चात्य प्रभावबाट देवकोटाको केन्द्रियतामा सुरु भई निकै पछिसम्म प्रवाहित धारा, स्वच्छन्द प्रवृत्ति, प्रकृतिको चित्रण, शास्त्रीयता बन्धनबाट स्वतन्त्रताको आग्रह, सहज अभिव्यक्ति आदि विशेषताहरू रहेका छन् ।

### ४.५.३.३. प्रयोगवादी धारा (वि.सं. २०१७-२०३५)

परम्पराभन्दा भिन्न प्रवृत्तिलाई अङ्गालेर विशिष्ट पाराले लेखिने रचनालाई प्रयोगवादी रचना भनिन्छ । वि.सं. २०१७ सालमा 'रूपरेखा' पत्रिकामा घाइते युग कविताको प्रकाशन भएपछि प्रयोगवादी धाराको प्रारम्भ भएको हो । देवकोटाको मृत्यु पछि २०१७ सालबाट यो धाराको आगमन भएको हो । यस धाराका सुरुवातकर्ता मोहन कोइराला हुन् । यस धारामा नै वि.सं. २०१९।२० साल तिर दार्जेलिङ्गमा 'तेस्रो आयम' नामको नितान्त नौलो साहित्यिक गतिविधि फस्टाएको देखिन्छ । प्रयोगवादी धारा अन्तर्गत रहेर कविता लेख्ने कविहरूमा मोहन कोइराला - मोहन कोइरालाका कविता (२०३०), लेक (२०३३), उपेन्द्र श्रेष्ठ - निम्तो (२०१७), द्वारिका श्रेष्ठ - चर्केको पर्खाल (२०१९), मदन रेग्मी, जगदीश शमशेर राणा आदि कविहरूले यस धारा अन्तर्गत रही कलम चलाएको पाइन्छ । क्लिष्टता, बौद्धिकता, अमूर्तता र प्रतीकात्मकता, अतियथार्थवादी, अस्तित्ववादी, विसंगतिवादी, चिन्तनको प्रस्तुती, दुर्वोध्य, अपरम्परित विम्व प्रतीक र मिथकको अधिक प्रयोग यस धाराको विशेषता रहेको छ ।

### ४.५.३.४. समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म)

समसामयिक शब्दले सामान्य तथा वर्तमानलाई बुझाउँछ । वर्तमान आज भूतमा परिणत हुने हुँदा यस शब्दले चिरस्थायी अर्थ ग्रहण गर्न सक्दैन । यो धारा सडक कविता क्रान्ति (२०३६) बाट प्रारम्भ भएको मान्छि । यस धारामा रहेर वर्तमान समयसम्म पनि

निरन्तर रूपमा विविध साहित्यकारहरू दिनेश अधिकारी, विष्णु विभु घिमिरे, अशेष मल्ल, आदिले साहित्य रचना गरिरहेको पाइन्छ । कविताका क्षेत्रमा विविध प्रकारका नवीन विशेषता र प्रवृत्ति लिएर कविहरू देखा परेका छन् । युगको चाहाना अनुसार अमूर्त लेखनबाट मूर्त लेखनतर्फ उन्मूख भएको र कतिपय कविता सृजनाबाटै पलायन भएको पाइन्छ । यस अवधिका कविहरूले कल्पना, अतिशय भावुकता र अमूर्ततालाई त्यागेर वर्तमान मान्छेले भोगीरहेका जीवनलाई वस्तुपरक यथार्थ चित्रण गरेका छन् । समाजमा भएका विकृति विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । दुर्वोध्य, कठिन भाषाशैलीलाई पन्छाएर सरल सहज भाषाशैली ल्याएको पाइन्छ । विभिन्न विम्व प्रतीकहरू प्रयोगमा ल्याएर कवितामा सुवोधता ल्याएको  पाइन्छ । लक्ष्मीप्रसाद पाठकले पनि माथि उल्लेखित समसामयिक धारालाई नै अनुसरण गरी कविताहरू रचना गरेको पाइन्छ ।

# पाँचौ परिच्छेद

# लक्ष्मीप्रसाद पाठकको साहित्यिक कृतिको अध्ययन र विश्लेषण

## ५.१ कविताको विकास क्रमको सन्दर्भमा लक्ष्मीप्रसाद पाठक

खासगरी नेपाली साहित्यको कविता लेखन परम्परा वीर धाराबाट उठान भई प्राथमिक कालमै रामभक्ति धारामा कविताहरू लेखिए । यसपछि कृष्णभक्ति धारा र निर्गुण सन्तपरम्परा जस्ता चरणहरू पार गर्दै माध्यमिक कालमा श्रृङ्गारिक कविता लेखनमा अभ्यस्त बनेको देखिन्छ । यस कालमा बढी श्रृङ्गार पक्ष मोजमस्ती, रमाइलोको लागि मात्र कविता सृजना गर्ने गरियो । त्यस्तै पाश्चात्य साहित्यमा स्वच्छन्दतावाद, परिष्कारवाद, प्रगतिवाद, प्रयोगवाद, समसामयिक यी विभिन्न वादहरू तिर नेपाली स्रष्टाहरूको मन आकृष्ट हुन थालेपछि नेपाली साहित्यमा लेखनाथ पौड्यालले परिष्कारवादी भावधारालाई प्रवेश गराई आधुनिक कालको शुरुवात गरे । यसरी हेर्दा कवि लक्ष्मीप्रसाद पाठक आधुनिक कालमा देखापरेका एक परिष्कारवादी प्रगतिवादी फाँटका कविका रूपमा रहेका छन् । कवि पाठकका कवितामा एकातिर शास्त्रीय नियमको पालना गरेको पाइन्छ भने अर्कातिर वर्गीय विभेदको स्पष्ट प्रस्तुति रहेको पाइन्छ । आधुनिक नेपाली कविताको इतिहासमा परिष्कारवाद र प्रगतिवादी आ-आफ्नै पहिचान लिएर स्थापित भैसकेका र यी सिद्धान्तहरूमा आवद्ध भएर कलम चलाउने प्रतिभाहरू पनि प्रसस्तै रहेका छन् । तथापि आफूले देखेको, भोगेको र अनुभव गरेका समसामयिक विषयवस्तुलाई परिष्कारवादी, यथार्थवादी, प्रगतिवादी र समसामयिक मान्यताका आधारमा एक साथ प्रस्तुत गर्ने कविका रूपमा आधुनिक नेपाली कविताको इतिहासमा लक्ष्मीप्रसाद पाठकको उपस्थिति रहेको पाइन्छ ।

## ५.२ कविका रूपमा लक्ष्मीप्रसाद पाठक

लक्ष्मीप्रसाद पाठकका हालसम्म प्रकाशित तीनवटा कविता सङ्ग्रहहरू रहेका छन् । यसमा पहिलो कविता सङ्ग्रहका रूपमा “समर्पण” कविता सङ्ग्रह (२०६२) हो । दोस्रो “श्रद्धा” कविता सङ्ग्रह (२०६३) हो भने तेस्रो “तर्क” कविता सङ्ग्रह (२०७२) हो । पहिलो कविता सङ्ग्रह “समर्पण” मा ३९ वटा कविताहरू रहेका छन् । कविता पद्य शैलीमा रचना भएका छन् । उनका सबै कविताहरू विविध विषय वस्तुहरूलाई समेटेर तयार भएका छन् । देशको द्वन्द्व पक्ष कविताको प्रमुख विषयका रूपमा आएको छ । हत्यहींसा, अपराध, लुटपाट, विविध विषय वस्तु कविता भित्र चित्रण गर्दै यसमा सुधार आओस र देशमा शान्ति फैलियोस, समाजमा भएका विकृति विसंगतिमा सुधार र परिवर्तन आओस् भन्ने चाहना व्यक्त गरेको पाइन्छ । उनका कविता छन्दलाई नै रोजेर विभिन्न छन्दहरूमा आफ्ना भावहरू अभिव्यक्त गर्ने प्रयत्न गरेको पाइन्छ । वर्ण विन्यासगत त्रुटि र छन्दका नियमहरू कहीँ कतै भङ्ग भएका ठाउँहरू रहेका छन् । सामान्य मात्रै अध्ययन भएका स्रष्टाका लागि यतिका कृति प्रकाशन गर्नु एउटा हिम्मत, साहास र सघर्ष नै हो भन्न सकिन्छ ।

## ५.३. ‘समर्पण’ कविता सङ्ग्रह (२०६२) मा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण

३९ वटा कविताको सङ्गालोको रूपमा आएको ‘समर्पण’ कविता सङ्ग्रह भित्रका कविताहरूको क्रमश निम्नानुसार गरिएको छ ।

### ५.३.१. पञ्चदेव वन्दना

सोह्र अक्षर भएको छैटौं अक्षरमा विश्राम हुने शिखरिणी छन्दमा विरचित कविता हो । यस कवितामा पञ्चदेवको स्तुति गरिएको छ । ती पाँचवटा देवताहरूमा गणेश, विष्णु, शिव, सूर्यसिद्धि प्रदान गर्ने देवताको रूपमा रहेका छन् । विष्णु जगत् संसारलाई रक्षा गर्ने जीव जीवात्मा सबैको रक्षा गर्ने देवताका रूपमा रहेका छन् । सूर्य प्रत्येक दिन तीन देवताहरूका (ब्रम्हा, बिष्णु, महेश्वर)रूपमा प्रकट हुने देवता रहेका छन् । दुर्गामाता जगत जननी शक्तिको रूपमा रहेकी छन् ।

यसरी पञ्चदेवताको स्तुति गर्दै सम्पूर्ण सृष्टि प्रक्रिया, स्थिति र प्रलय सबै भगवानबाट नै हुने हो । तसर्थ भगवानको स्तुति नगरि कुनै पनि कुरा पूरा नहुने भएकाले भगवानको स्तुति गरिएको छ । कविले भगवानप्रति स्तुति गर्दै समर्पण भाव कवितामा व्यक्त गरेका छन् । भने अर्का तर्फ यो कविता सङ्ग्रह पूरा गर्नका लागि गणेश देवलाई सिद्धि माग्दै पञ्चदेवको स्तुति गरिएको संकेतिक भाव कवितामा प्रस्तुत गरिएको छ ।

यस कवितामा ६ श्लोकहरू रहेका छन् । ५ वटा श्लोकमा पञ्चदेवताको स्तुति गरिएको छ भने अन्तिम श्लोकमा कवि देवताहरूको शरणमा परेको देखिन्छ । कवितामा अवता कता, घरी जसरी, गरने हरने जस्ता अन्त्यानुप्रासहरूको सहज प्रयोग गरिएको छ । सरल सहज लयात्मक भाषाशैलीको प्रयोगले कवितालाई सुरुचिपूर्ण बनाएको छ ।

### ५.३.२. समर्पण

यो कविता पञ्चचामर छन्दमा रचना भएको छ । कवितामा छ श्लोक र चौविस वटा पाउ रहेका छन् । यस कवितामा संसारमा भएका जे जति सुख, दुःख राम्रो नराम्रो सबै वस्तुहरू ईश्वर कै इच्छा अनुसार भएका छन् । यसैले यी सबै कुराहरू ईश्वरलाई नै समर्पण गरिएको छ । मानिसमा ईश्वरको दया नभईकन कुनै पनि कार्य सिद्धि हुँदैन । मानिसले घमण्ड गरे कुनै कुरा पूरा गर्न सक्दैन । महाभारतमा कृष्णले अर्जुनलाई दिएको ज्ञानका आधारमा घमण्ड नगर्नु नै उत्तम रहेको भाव व्यक्त गरिएको छ । कुनै मानिसलाई माथि पुऱ्याउने, खसाउने हसाउने र कष्ट दिने तथा सुख, दुःख सबै कुरा ईश्वरमा समर्पण हुँदा त्यसलाई संरक्षण गर्ने काम हामी मानिसबाट नभई ईश्वरले नै गर्ने भएकाले ईश्वरप्रति नै समर्पण भाव प्रदान गरिएको छ । यही भाव देखाउने ऋममा महाभारतका दौपदी, गजेन्द्र, इन्द्र, कंश, वली, प्रल्हाद जस्ता पात्रको प्रयोग गरिएको छ ।

यस कविताका ६ वटा श्लोकहरू मध्ये अन्तिम श्लोकमा कविले ईश्वरप्रति दयाको याचना गर्दै समर्पण भाव व्यक्त गरेका छन् । कवितामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । भाषाशैली सरल सहज रहेको छ ।

### ५.३.३. पागल

प्रस्तुत कविता तोटक छन्दमा रचना गरिएको छ । यस छन्दमा बाह्र अक्षरको एक पाउ हुन्छ । छैटौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा तेह्र श्लोक वाउन्न पाउ रहेका छन् ।

यस कवितामा अपाङ्गगता भएका व्यक्तिहरूको मनोविश्लेषण गरिएको छ । कवि आफू अपाङ्ग (दृष्टिविहीन) भएकाले गर्दा यस कवितामा कविले आत्मालायीय शैलीमा अपाङ्गताको मनोविश्लेषण गरेका छन् । अपाङ्गता भएका समाजका व्यक्तिहरू आफैंमा

पीडादायी अवस्थामा रहेका हुन्छन् । त्यसमाथि अरूले अझै पीडा दिएको भाव व्यक्त गरिएको छ । अरू सबैसँग भएको समाजमा आफू एक्लो अपाङ्ग भएको पीडा भाव व्यक्त गर्दै नियति, रुढिवादी समस्याप्रति नै कविको आक्रोश भएको भाव व्यक्त गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई रुढिवादी समाज र नियतिले नै पागल बनाएको देखिन्छ तर वास्तविक रूपमा यो पागलपन नभएको ठहर कविले यस कवितामा गरेका छन् ।

यस कवितामा रुढिवादी समाजमा अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिमा समाजमा परिवर्तन आएको हेर्न चाहाना राखेको भाव व्यक्त भएको छ । आफू यो संसारमा जीवितै रहँदासम्म अपाङ्गगता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिमा सुधार आओस जो अपाङ्गता माथि घृणा भाव राखेर हेर्ने गर्छ तिनै पागल छन् भन्ने भाव कवितामा व्यक्त भएको छ । कवितामा सरल सहज र बोधगाम्य भाषाको प्रयोग भएको छ । यस कवितामा समाज सुधार गर्ने गम्भीर भाव व्यक्त गर्दै आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । यस कवितामा झै, मनमा तनमा, कसले वशले, छु रछु, हुँ, हुँ, विधिले गिदिले जस्ता अन्त्यानुप्रास युक्त भाषाको प्रयोग गरिएको छ । कविता लयवद्ध छ ।

**५.३.४. प्रश्न**

यो कविता तोटक छन्दमा रचना गरिएको छ । यसमा प्रत्येक पाउमा १२ अक्षरहरू रहेका हुन्छन् । यो पाँच श्लोकमा रचना भएको कविता हो ।

यस कवितामा पाप धर्मका विषयहरूलाई लिएर कविले आफैसँग प्रश्न गरेको सन्दर्भ कवितामा अघि सारिएको छ । कवितामा पथर भित्र अग्नि रहेको हुन्छ तर त्यो देख्न सकिदैन । मनले जे चितायो त्यही ठाउँमा मन तुरुन्त पुग्न सक्छ । जहाँ खाली ठाउँ सबै आकाशले ढाकेको छ । त्यो सबै ठाउँमा आकाश वसे झै ईश्वर सबै जीवको आत्मामा वसेको हुन्छ । मृत्यु अजेय छ । यसलाई जीत्न सकिदैन भन्ने बुझि बुझि कपिन मानिसले रिसलाई रोक्न नसकेर पाप गर्दछ । आखिर सबै मानिसको स्वरूप एकै भएर पनि कुनै किन निच हुन्छन् । ईश्वर एउटा भए पनि धर्ममा अनेकता किन भयो । आखिर जुन सुकै धर्म भए पनि ईश्वर एउटै छ र जन्म मृत्यु पनि सबैको समान  हुन्छ । संसारमा मृत्यु अनिवार्य छ तर त्यति हुँदा हुँदै कसरी नमरी रहन सकिन्छ ? भनि कविले आफैलाई प्रश्न गरेको पाइन्छ । जसलाई तलको पङ्क्तिमा प्रस्तुत गरिएको छ ।

नमरी कसरी रहने जगमा
थप प्रश्न छ, एक अझै मनमा ।
किन पापतिरै छ मनुष्य सदा
किन धर्म र ज्ञान दिँदै छ  विदा ।

यसरी कवितामा सबै कुरा बुझेर पनि मानिस विभिन्न अधर्ममा लगेको देखेर कविले प्रश्नप्रति प्रश्न गरेको भाव सन्दर्भ कवितामा प्रस्तुत भएको छ । कवितामा आखिर जन्म भएपछि मानिसको मृत्यु अनिवार्य छ । जुन धर्ममा लागे पनि आखिर प्राप्त गर्ने ईश्वर समान रहेको कुरा कवितामा व्यक्त गर्दै धर्मप्रति विवाद रहेकोमा प्रश्न गरिएको छ ।

कवितामा गति यति र लय मिलेको पाइन्छ । भाषा सरल, सहज रहेको छ । बीचमा रिसमा, किन लिन, जगमा मनमा, सदा विदा जस्ता अन्त्यानुप्रास युक्त शब्दको प्रयो भएको पाइन्छ ।

### ५.३.५. खरानीका अक्षर

यो कविता शिखरीणी छन्दमा रचना भएको छ । यस कवितामा पाँच श्लोक रहेका छन् । यस कवितामा राजनैतिक व्यङ्ग्य प्रस्तुत गरिएको छ । राजनैतिक नबुझेका व्यक्तिहरू गाउँ घरमा झगडा गर्ने, छरछिमेकमा पानीवारावार गर्नेहरूलाई संकेत गर्दै प्रस्तुत कविता रचना गरिएको छ । नेताले आफ्नो स्वार्थ पूरा गर्न गरेका विषय वस्तुलाई यस कवितामा खरानीका अक्षरको रूपमा व्यक्त गरिएको छ ।

गाउँमा छलछाम र ढाँट ढुट गरेर नेता आफ्नो स्वार्थ पूरा गरी गएपछि गाउँका मान्छे छक्क परेको भाव कवितामा रहेको छ । जुन आशा र विश्वास दिएर हिजो मत मागेका थिए त्यो आफ्नो स्वार्थ पूर्ति भएपछि सबै जनताका कुरा बिर्सेर नेताहरू आफ्नो दुनु सोझ्याउन लागेपछि जनताका इच्छा र चहाना समाप्त भएको भाव कवितामा व्यक्त भएको छ । जुन हरफहरू यसरी प्रस्तुत भएका छन् ।

विचाराको आशा अतिशय ठूलो दुःख छुटने<br>
नराखी क्यै गर्थे मनविच कुरा आँसु चुहुने<br>
भयो उल्टो ऐले उडिकन खरानी गइगयो<br>
खरानीको बोली भुलिकन विपतै सरी भयो ।

सबै घरघरमा गएर नेताहरूले बाँडेका आशाहरू आफ्नो स्वार्थ पूरा गरेपछि नेताले नहेरी दिनाले सबै चकनाचुर भएर गाउँ घरमा राजनीतिक विवादको कारणले सिधा जनताहरू अझै पिडित भएको प्रसंग प्रस्तुत भएको छ ।

नेता पहिले पनि नेता नै थिए । आज पनि नेता नै छन् तर गाउँघरमा हामी सबै मिलेर आफ्नो समस्या आफै हल गर्नुपर्छ । राजनैतिक विवाद गर्नु हुन्न भन्ने आशय कवितामा व्यक्त भएको छ । हामीले राजनैतिक विवाद गरे झगडा गर्नु हुदैन । नेताहरूको काम जनता उचालेर आफ्नो स्वार्थ पूरा गर्नु मात्र हो । त्यसैले हामीले जुनसुकै राजनीतिक विचार एक आपसमा समझदारी गरेर वस्नुपर्छ भन्ने मूल सन्देश कवितामा व्यक्त भएको छ । भाषा सहज सरल भएर पनि प्रतीकात्मक अर्थ प्रस्तुत भएको पाइन्छ ।

### ५.३.६. दियालो

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस कवितामा आफ्नो धर्म संस्कृतिको प्रतीकको रूपमा दियालो शीर्षक राखिएको छ । हाम्रो आफ्नो धर्म संस्कृति बिर्सेर धर्म परिवर्तन गर्नेहरूलाई संस्कृति नबिर्सी अगाडि बढ्न आह्वान गर्दै संस्कृति बिर्से बाबु बाजेको नै इतिहास मेटिने कुरालाई समेत कविताले विषय वस्तु बनाएको छ । सुरुमा आफ्नो संस्कृतिको संरक्षण गरेर हामी अगाडि नबढे पहिरो गएको भूमि जस्तै उजाड अवस्था सृजना हुने भएकोले आफ्नो संस्कृतिको संरक्षण गरेर अगाडि बढ्ने भाव कवितामा रहेको छ । आफ्नो संस्कृति आफैले मात्र संरक्षण गर्न सकिन्छ । विनास भएपछि पुनः त्यस अवस्थामा ल्याउन सकिँदैन त्यसैले नास नहुदै संरक्षण गर भन्ने भाव कवितामा व्यक्त भएको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा भाषा सरल प्रयोग गरिएको छ । शैलीको सुन्दरताले गर्दा ज्योति मोती, धेर फेर, दोषी खोशी, भारी पारी, पर्ने झर्ने जस्ता अन्त्यानुप्रास युक्त भाषाले कविता उच्च कोटिको रहेको छ ।

### ५.३.७. भूल

यो कविता स्रग्धरा छन्दमा रचना भएको छ । यसमा प्रत्येक पाउमा २१ अक्षरहरू रहन्छन् । प्रत्येक पाउमा सातौ, चौधौ र अन्त्यमा विश्राम हुन्छ ।

यस कवितामा हाम्रा  राजनीतिक नेताहरूलाई आफ्नो बोलिमा परिवर्तन भएको, पार्टी परिवर्तन भएको कुराप्रति व्यङ्ग्य गर्दै लेखिएको कविता हो । यस कवितामा नेताहरूको गैह्र जिम्वेवारी पूर्णकार्यले मुलुकमा भएको राजनीतिक अन्योलताप्रति व्यङ्ग्य गरिएको छ । हाम्रा राजनेताहरूले जनताको चाहाना, इच्छा भावना र मुलुकको वास्तविकतालाई विर्सेर आफ्नो दुनो सोभ्याउने र आफ्नै मात्र हितमा राजनीतिलाई प्रयोग गर्दै आफ्नै मात्र भूँडी भर्ने काम गरेको, जनतालाई वास्ता नगरेको नेताज्यूहरूको भूल भएकोप्रति ठाडो विरोध गरिएको भाव कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कवितामा अन्त्यानुप्रास मिलेको पाइन्छ । गरेका भरेका, अह्राए कराए, ठाउँ नाउँ, आफ्नु भाग्नु जस्ता अन्त्यानुप्रास युक्त शब्दले कवितामा सुन्दरता भरको पाइन्छ । भने कवितामा प्रयोग भएको भाषाशैली सरल सहज भएको पाइन्छ ।

### ५.३.८. चमत्कार

यो कविता भुजङ्गप्रयात छन्दमा लेखिएको छ । यस कवितामा सबै मान्छे धनका पछि लागेर हिडेको प्रसंग प्रस्तुत भएको छ । धनका लागि आफू दास भएर आजको मान्छे मरिहत्ते गरेर लागि परेको छ । मान्छेले दया, धर्म सेवा सबै कुरा धनका निम्ति छाडसिकेको पाइन्छ । मानिसले चोरी, हत्या, विभिन्न अपराधहरू धनका निम्ति यादै नमानी गरेको कसैमा पाप बढाएको देखिन्छ भने कसैमा धनमाथि धन थपिएको देखिन्छ । यही धनकै बसमा कसैले दुःख पाएको र कोही रोइरोइ हिँडेको भाव व्यक्त भएको पाइन्छ । यही धनलाई बचाएर राख्न कतिलाई समस्या छ भने कतिलाई अभावमा दुःख सृजना गरेको पाइन्छ । मानिसलाई चोर, ढाँट, पापी र मूर्ख बनाउने चमत्कार वास्तवमा धनले सृजना गरेको देखिन्छ । जसका निम्ति तलका कविताका हरफहरू काफी छन् :

चमत्कार यस्को सबैतर्फ राप<br>
बनि दुष्ट चोर्ने र ढाँट्ने बनायो<br>
यसैले कहि पापि मुर्खै जनायो<br>
गरी पापलाई बनाएर धर्म<br>
चमत्कार यस्को कतै छैन शर्म

कोही भोट जितेर माथि गए र नेता भए, जनताले जे सोचेर नेता बनाए तर सम्पत्ति जम्मा गरेर धनकै दासी बनिरहे । जनतालाई वेवास्ता गरेको भाव व्यक्त गर्दै सबै धनका निम्ति हिड्नेलाई व्यङ्ग्य गर्दै कविताका पंक्तिहरूमा यसरी व्यक्त गरिएको छ :

गए कोहि माथि बनिएर नेता<br>
नफर्कि बसे दास भै जोरि जेथा<br>
चमत्कार यो गर्दियो लौन कस्तो<br>
हराई सबै बोलि यौटै छ सस्तो ॥

यस कवितामा व्यङ्ग्यत्मक भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । कविता तृतीय पुरुष दृष्टिविन्तुमा रचना गरिएको पाइन्छ साथै कविता लयात्मक छ । कवितामा पाँच श्लोकहरू रहेका छन् । कवितामा प्रत्येक दुई दुई पाउमा अन्त्यनुप्रास मिलाइएको पाइन्छ ।

**५.३.९. खप्पर**

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस कवितामा वीस श्लोकहरू रहेका छन् । प्रत्येक श्लोकमा चार पाउका दरले असी पाउ भएको यस कविताको संरचनात्मक पक्ष हो ।

यस कवितामा मानव खप्परलाई नै विषय वस्तु बनाएर आफ्ना विचारहरू प्रस्तुत भएका छन् । समान खप्पर भएपनि दिमाग अनुसार उसले विभिन्न प्रकारका दुःख कष्टहरू भोग्नु पर्दछ । उसले गरेका नराम्रा विचारहरूका कारणले सबै दुःखहरू भोग्नु पर्छ र मूर्ख पनि हुनुपर्छ । कसैले यही खप्परमा भएको दिमागको कारणले ठूलो मानिस भई सम्मानित जीवन यापन गर्छन भने कसैले उस्तै खप्पर भएपनि खप्परमा दुलो परेझै विभिन्न दुःख कष्ट सहनुपर्ने हुन्छ । यही खप्परका कराण कसैले संसारलाई भुलाउन सक्छन् भने कसैलाई खप्परले चक्कर दिएर पागल बनाएको पाइन्छ । खप्पर सानो भए यो मानिसका लागि भारी हुन्छ । जसको परिणाम उसले दुःख सहनुपर्ने हुन्छ । प्रस्तुत कवितामा यसलाई कसरी प्रस्तुत गरिएको छ :

छ सानो भने खप्परै हुन्छ भारी
गरे काम जो लौ सबै तर्फ हारी
बुझी खप्परैको तमासा म ऐले
वयानै गरुँ के भुलेँछु पहिले ।

ठूलो खप्पर भए उन्नति हुने र सानो खप्पर भए प्रगति हुन नसक्ने, कसैले खप्परकै कारण समय नै नपुग्दै आत्माहत्या गर्ने, कति चाँहि खप्पर कै शासनमा नै वस्नु पर्ने, कति खप्परकै कारण ठूलो आसनमा वस्ने वा सम्मानित हुने, कुनै ज्ञानी हुने, कुनै मूर्ख हुने, मरेर पनि जीवित स्मवरण गराउने पनि खप्पर नै हो भने जीउदै हुँदा पनि मृत्यु तुल्य जीवन बिताउने पनि खप्पर नै हो । महलमा बस्ने, झुपडीमा बस्ने पनि उही खप्पर नै हो । कतै चौराशी व्यन्जन खाने र कतै सुख्खा पुरी पनि पाउन नसक्ने पनि खप्पर नै हो । यसमा समाजमा रहेको असमानताप्रति व्यङ्ग्य गरिएको छ । हुँदा खाने र हुने खानेका बीचको भेद वास्तवमा भाग्यले नै सिर्जना गर्ने भाव उक्त प्रसंगमा व्यक्त भएको छ । कोही मर्नु र बाँच्नुको अवस्थामा छन् त कोही मुर्ख छन् भने कोही सधै रोएर हिडेका छन् । यी सबै खप्पर कै विभेदताको कारण हो । कोहि म सबै भन्दा ठूलो हुँ भन्ने, मपाई बन्ने, घुमिहिड्ने, सबै थोक खाने रोगी जीवन व्यतित गर्ने, साधु सन्त हुने, सर्वभोगी हुने, राम्रो भएर हिड्ने, अनौठो चमत्कार देखाउने, मरेतुल्य हुने, धोखा दिने, सडाएर लाने, अर्ति उपदेश दिने, सबैसँग मिलनसार हुने, अधिकार गर्ने गतिछाडा, जुम्रे झुम्रे रिसाहा, दुष्ट विचार, विभिन्न प्रकारका चमत्कार गर्ने, सधै दुःखमा रहने, पागल बनाउने, केही गर्न नसक्ने, टुहुरो हुने, दुष्ट प्रवृत्ति भएको, मृत्युको पर्खाईमा रहने, साधु सन्त हुने, सधै माती रहेन, घमण्डी, गलत विचार भएको, कुरौटे, क्रोध, पापी समाजमा रहेका विभिन्न असमानताहरूप्रति व्यङ्ग्य गर्दै सबै मानिसमा भएका विविध प्रवृत्ति र स्वभाव सबै भाग्यबाटै निर्देशित हुन्छन् । मानिस

भाग्यमा जेलिएर आएको छ । नियतिवस उसले सबै कुरा भोग्दै जानुपर्छ । खप्पर सबैको समान भए पनि उसलाई भाग्यका आधारमा अगाडि धकेल्छ भन्ने मूल भाव कवितामा व्यक्त गरिएको छ ।

कविता तृतीय पुरुष दृष्टि विन्दुमा रचना गरिएको छ । यस कवितामा दुई दुई लहमा अन्त्यानुप्रास मिलेको छ । कवितामा भाषा सरल सहज रहेको छ ।

**५.३.१०. म**

म कविता स्वागता छन्दमा रचना गरिएको छ । यस छन्दमा एघार अक्षर रहेका हुन्छन् । सातौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा बाह्र श्लोक रहेका छन् ।

यस कवितामा रक्सीलाई म प्रतीकको रूपमा राखिएको छ । कविताको सुरुदेखि अन्तिमसम्म नै रक्सी आफू बोलेको देखिन्छ । मेरा कामहरू पनि धेरै छन् र नामहरू पनि धेरै छन् । नसामा फसी सकेपछि मानिसहरू दुःख गरेर पैसा तिरे मेरो वसमा रहेका छन् । मलाई सेवन गरेपछि तिमीलाई आँट र फूर्ती दिने छु तर सँगसँगै म तिम्रो आयु पनि गरिदिने छु । मलाई सेवन गरिसकेपछि कुनै पनि पापको डर रहदैन र धैर्यता र शान्ति पनि सधै समाप्त हुन्छ । मलाई सेवन गरे वापत म विभिन्न प्रकारका दुःखहरू दिनेछु । सबै कुरा छाडेर जसरी भए पनि मलाई सेवन गर र विचार गर म तिम्रो मलाई सधै जलाई दिन्छु । मलाई सेवन गर्न पाएनौ भने तिम्रो कसैसँग मित्रता र करुणा भाव समेत रहने छैन । पिउने मान्छेका मन भित्र सधै मेरो वास रहने छ र त्यस्ता व्यक्तिहरूलाई सुपात्र भनेर सोच्न पनि झुट्टा नै हुने छ । मैले नवोल्नेलाई पनि बोल्ने बनाएँ, कमजोरलाई पनि तेजिलो बनाए, त्यसैले मेरो अर्को नाम तेजवीर पनि रहन गएको छ । मलाई सेवन गरेपछि विभिन्न भाषाहरू पनि बोल्न सक्ने आँट  आउँछ । यो सबै क्षमताको विकास मानिसमा गराउने शक्ति म मा छ तर मेरो क्षमता नाशवान दिशा तर्फ केन्द्रित हुने हुनाले मेरो सक्कली नाम नासपानीको रूपमा रूपान्तरित भै सकेको छ । अब मलाई सेवन गर्नेहरू धेरै झगडा गर्ने, छिटै मेलमिलाप पनि गर्ने विशेषता भएको मानव तयार गर्न सक्ने क्षमता पन म मा रहेको छ । आफ्नो शरीर र परिवारको दशाको बारेमा पनि केही ख्यालै नगरी मेरो नशामा लागि सकेपछि मलाई नै सदा खोजि गर्ने, आफ्नो कुनै हैसियतलाई विचार नगरी ठूला ठूला कुरा गर्ने र परिवारमा पिएर झै-झगडा गर्ने र श्रीमानले श्रीमती कुटपिट गरेर आनन्द लिने क्षमता म मा रहेको हुन्छ । कुटाई खानेको मनमा परेको पीडा र वेदना आफैले सहन गर्नुपर्ने घरमा सुख शान्तिको वातावरण सृजना हुन सकेको छैन । यस्तो अवस्थामा भएपछि सुख, शान्ति र चैन कहिले आउला मेरो पूरानो नाम रक्सी हो । अब मलाई अरू कुनै नयाँ नाम चाहेको छ । मलाई सेवन गर्न नपाएमा मनमा घात हुने भएको हुँदा मलाई नयाँ नाम मातपानी भन्ने राखिदिए हुन्छ । म अनेक प्रकारका कामहरू गर्न तयार छु । मेरा नामहरू धेरै छन् । त्यसैले मलाई चिन्न गाह्रो हुन्छ । कोही पिएर ठूलो स्वरले कराएर वस्छन् । त्यो शक्ति मैले नै दिने हुँदा म शक्तिपानी पनि हुँ । म विद्युत मसरी शक्ति प्रदान गर्न सक्छु त्यसैले मेरो विजुलीपानी भनेर पनि नाम रहेको छ । मलाई सधै भित्र समान लियौ भने म तिमीलाई खारनी बनाउन सहयोग गर्ने छु । मेरो वस्ने ठाउँ वोतल हो । मलाई मुखमाथि राखेर सेवन गर । मलाई खोया विर्के पनि भनिन्छ । मलाई पिउने केही खुशी होलान तर बाँकी सबैको रुवाबासी हुनेछ ।

यस कवितामा रक्सी म को प्रतीकका रूपमा आएको छ । यो खराव वस्तु सेवन गरेर मनिसमा झै-झगडा, अनमेल, विद्रोह, विनास, विसंगति भित्र्याएको आजको वर्तमानमा यसै तर्फको आकर्षणले मानिस नस्ट भएको अवस्थामा मान्छेलाई सतमार्गमा हिड्दै भविष्यप्रतीको सजगता अप्नाएर सुन्दर जीवनयापन गर्नका लागि भन्ने सन्देश मूलक भाव कवितामा प्रस्तुत गरिएको पाइन्छ ।

यस कवितामा तृतीयपुरुष दृष्टिविन्दु प्रयोग भएको छ । कवितामा प्रयोग भएको भाषा सरल भएर पनि यसमा प्रतीकको प्रयोग गरिएको छ । लयवद्धता, सहजता र वोधगाम्यता यसका विशेषता रेका छन् ।

**५.३.११. रहस्य**

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षर रहेका छन् भने छैटौ अक्षरमा विश्राम हुन्छ ।

यस कवितामा द्वन्द्वकालिन अवस्थाको यथार्थ चित्रण गरिएको छ । यस कवितामा सेनाहरू माओवादी भेषमा र माओवादीहरू सेनाको भेषमा आएर जनतालाई ठूलो संकट सृजना भएको कुरा व्यक्त गरिएको छ । यी कुनै पक्षले भनेको नमाने दवै डरलाग्दो अवस्थाले काल कति खेर हो भन्ने भयमा जनता परेको अवस्था यस कवितामा प्रस्तुत भएको छ । आफ्नो जुँगाको मुल्य निर्धारण गर्नका निम्ति राज्य पक्ष र द्वन्द्वरत पक्षबीच भएको हिंसात्मक युद्धले नेपाली जनतामा परेको पीडादायक अवस्थाको चित्रण कवितामा प्रस्तुत भएको छ :

भनेको छ सानो उठाएर लाने
बने दूइ साँडे कता तर्फ जाने
चरेको वनैमा छ यौटा कराई
सधै बस्नु पर्ने मनैमा डराई

यसमा गरीब जनतालाई अगाडि सारेर द्वन्द्व सृजना भएपनि जनताको पीडाबोध माथिको पंक्तिले अभिव्यक्त गरेको छ । आफ्नो स्वार्थका लागि नेतृत्व वर्गले नेपाली जनता-जनताबीच द्वन्द्व सृजना गराएर आफ्नो स्वार्थसिद्ध गर्ने लक्ष्य देखिए पनि हामी जनता दाजुभाई हौ, हामी एक अर्कामा रिस र आवेगलाई छाडेर समझदारी गरौं साझा हैसियत राखेर आगडि बढौं बिनासको हाम्रो उन्नति असम्भव छ । त्यसैले हाम्रो देश बनाउन जनता एक जुट हुनैपर्छ । युद्ध होइन समझदारीमा राज्य बनोस फलोस फूलोस यही शुभकामना रहोस भन्ने भाव कविताले बोकेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसको भाषाशैली सरल सहज र बोधगाम्य रहेको छ । यस कवितामा उन्नाईस श्लोकहरूको रचनाद्वारा कवितालाई पूर्ण बनाइएको छ ।

**५.३.१२. माईपोखरी जाँदा**

यो कविता स्वागत छन्दमा रचना गरिएको छ । यसमा एक पाउमा एघार अक्षरहरू रहेका हुन्छन् । यस छन्दमा सातौं अक्षरमा विश्राम हुन्छ । यो दश श्लोकमा रचना भएको कविता हो ।

यस कवितामा इलाम जिल्लाको उत्तरी क्षेत्रमा रहेको धार्मिक तथा पर्याटकीय क्षेत्र माईपोखरीको वर्णन गरिएको छ । यस कवितामा कविले प्रकृतिको मनमोहक दृश्यको वर्णन गरेका छन् । यसमा पोखरीमा भएका नौ कुना, मृदु भाषामा गीत गाएका चराहरूको वर्णन, वरिपरि होचो र टाकुरामा पोखरी रहेको निलो आकाश जस्तो पानी रहेको पोखरीको वर्णन, अनेक जातिका फूलमा पुतलीको चुम्वन, स्वर्ग समान मनै लहराउने दुःख, पीर, पीडा, सर्वमोचन गर्ने सुन्दर प्रकृतिको वर्णन गरिएको छ । चरीको सुन्दर चिरिविरी दृश्यावलोकनका लागि सुन्दर र दुःख पीडालाई भुलाउन सक्ने प्राकृतिक रमणीय स्थलको सुन्दर वर्णन कविले मनै छुने गरी व्यक्त गरेका छन् । यस कवितामा नव दुर्गा भगवतीको प्रसिद्ध तीर्थ स्थलका रूपमा रहेको माईपोखरी श्रद्धालुहरूका लागि पनि आस्था र विश्वासको केन्द्रको रूपमा रहेको कुरा कवितामा व्यक्त भएको छ । कुनै व्यक्तिका मनोकाङ्क्षा पूरा गर्नका लागि पनि यो भरोसाको केन्द्र रहेको कुरा कविताका हरफहरूले बोलेका छन् ।

भागी क्वै त वरदान गएर<br>
फीरने छ खुशी भै मनहेर<br>
वृक्ष दृष्टि सव ढोग गरे भ्रै<br>
झुकने जलतिरै ति सरे भ्रै ।

यसरी एउटा आस्था र भरोसाको केन्द्रिय वस्तुका रूपमा माईपोखरी रहेको छ । यहाँको प्रकृतिक सन्दरता एकदमै मन लोभ्याउने खालको देखिन्छ । यही सुन्दरतालाई वर्णन गर्दै माईपाखरीको धार्मिक र पर्याटकीय महत्वलाई समेत कविताले प्रष्ट पारेको छ । यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा प्रयोग भएको भाषाशैली सरल र बोधगम्य रहेको छ ।

### ५.३.१३. चुरोटको अर्ति

यो कविता वसन्त तिलक छन्दमा लेखिएको छ । यसका प्रत्येक पाउमा चौध अक्षरहरू रहेका हुन्छन् । चौथो र आठौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा चुरोट आफै बोलेको छ । मलाई सेवन गरेर सम्मान गरे वापत मैले तिमीलाई क्यान्सर दिएको छु । तिमीमा वल क्षय हुने छ । श्वास प्रश्वास वन्द हुने छ । दरिद्रता थपिने छ । अन्त्यमा म तिम्रो प्राण सहज रूपमा लिने छु । यसरी कवि चुरोटका माध्यमबाट आफै प्रस्तुत भएका छन् ।

यस कवितामा चुरोट स्वास्थ्यका लागि हानिकारक छ । त्यसैले सुरुमा मानिसलाई सान, मान थपे पनि यसले प्रत्येक मानिसलाई हानिकार रोगहरू लाग्दछन् । जसले ज्यान पनि सजिलै लिन सक्छ । त्यसैले चुरोट सेवन बेलैदेखि बन्द गरी स्वास्थ्य जीवन ज्यूँन र सुख र भोग गर्नका लागि सन्देश दिएका छन् । यस कवितामा नौ श्लोकहरू रहेका छन् । कवितामा कवि चुरोटका माध्यमबाट प्रस्तुत भएकाले यो आन्तरिक दृष्टिविन्दु भएको कविता हो । यसमा अनुप्रास मिलेको पाइन्छ । भाषाशैली सरल सहज र बोधगाम्य रहेको पाइन्छ ।

### ५.३.१४. भिखारी

भिखारी कविता शिखरिणी छन्दमा रचना भएको कविता हो । यसमा सत्र अक्षर एक पाउ र छैटौ अक्षरमा विश्राम रहेको हुन्छ । यो कविता दश श्लोकमा संरचना भएको पाइन्छ ।

भिखारी शीर्षक दिएर लेखिएको प्रस्तुत कविता सबै किसिमका माग्नेहरूको प्रतीकको रूपमा प्रयोग भएको देखिन्छ । यस कवितामा माग्नेहरूको संख्या अति धेरै हुँदै गएको छ । पहिले पहिले धेरै दुःख परेकाहरू मात्र भिख माग्न हिड्ने गरेको पाइन्थ्यो । मानवमा दयाभाव पलाई केही दिएर पठाउ भन्ने सोच सबै मानिसमा भएको पाइन्थ्यो । तर अहिले भने सबै माग्ने मात्र भएका छन् । दाताले दिनै नसक्ने गरी आफू खुशी भिख माग्ने परिपाटीको विकास भएको पाइन्छ । यो भिख कतिलाई कति दिनु भन्ने कुराको सहज अनुमान नै गर्न नसकिने अवस्था सृजना भएको पाइन्छ । पहिलेका भिखारी यथावत छदैछन् भने नयाँ भिखारीहरू घरमा आएर सम्पत्ति आफू खुशी मागेका छन् । हामी सागै हिड्नु पर्छ भनि जन मागेका छन् । कुनै डराएका भिखारीहरूलाई डराएरै दाताले भिख दिनुपर्ने अवस्था सृर्जना भएको छ भने खुल्लारूपमा हिड्ने भिखारीहरूले खुलेरै भिख लिएका छन् । जनतालाई शोषण गरेर धेरै ठूलो झोली लिएर हिड्ने भिखारीहरूको पीडा दातालाई कष्टपूर्ण भएको छ भने यता परिवार धान्ने व्यथा पनि उसले सहन गर्नुपर्ने वाध्यता छदैछ । भिखारी कुनै सेनाको रूपधारण गरेर आए भने कुनै माओवादीको रूपमा धारण गरेर आए । यी सबै आफ्नो कमाउने उपयुक्त अवसर सृजना गराएर जनतालाई शोषण गर्न आएका भिखारी रूपधारी मात्र थिए । अब तिमी यो भिखारी मात्र नबनी गृहस्थी जीवन पनि विताउन सिक भन्ने सन्दर्भ प्रस्तुत भएको पाइन्छ । अब यसरी सबै भिखारी नै बन्ने छन् जसले गर्दा दाताहरूले नै विद्रोह गर्दा तिनीहरूको अवस्था कस्तो हुन्छ । साँचैका भिखारी अब हराइसके अब त्यो स्थान बलिया भिखारीहरूले लिई सकेको अवस्था रहेको पाइन्छ । कुनै रूप बदलेर भिखारी भए कुनै शक्ति लगाएर भिखारी भए तर वास्तविक भिखारी चाँहि भिख नपाएर सडकमा नै लडिरहे । दुःखी गरिवको पीडा कसैले पनि बुझ्न नसकेको अवस्था कवितामा प्रस्तुत भएको पाइन्छ । उक्त कविताका हरफहरू यसरी प्रस्तुत भएका छन् ।

दया राखी सच्चाजति पनि भिखारी गरी पता
बचाऊ निन्को त्यो मन बुझि सबै लौ भनुजता
बलीयो भिखारी बनिकन भिखारी छुटिगए
अवश्यै भोलि यो दुरगति हुने धेर छ रहे(सर्मपण कविता सङ्ग्रह २०६२,पृ.३१) ।

उक्त कवितामा दया भाव राखेर सबै दुःखीहरूको पीडामा सहयोग गर । यदि तिमीलाई मानवता छ भने तिनका दुःख पीडामा साथ देउ, शोषण नगर । यदि शक्ति कै आडमा तिमी भिखारी बन्छौ भने भोलि गएर ठूलो दूरदसा निम्त्याउँछ भन्ने मूल भाव माथिका हरफहरूमा प्रस्तुत भएको पाइन्छ ।

साँचै दुःखी भिखारीहरूलाई सबै माया, दया, गर्दैन तर यसै गरी सबैले मागेर हिड्ने हो भने भोली गएर देश नै भिखारी हुने स्थितिको सृजना हुने अवस्था रहँदैन भन्न सकिन्न । स्वार्थका लागि भिख माग्नु उचित होइन किनकि यो भीख माग्ने परिपाटीले हाम्रो मानवता नै हराउने अवस्थाको सृजना भई सकेको छ । राज्य र बिद्रोही पक्षको लडाइले गर्दा अझै भिखारीहरू थपीदै गएका छन् ।

प्रस्तुत कवितामा भिखारी शीर्षक दिएर प्रतीकात्मक रूपमा ततकालिन राज्य पक्ष र विद्रोही पक्षबीच भएको लडाइले सबै साधारण जनतालाई पारेको पीडा भाव कवितामा व्यक्त भएको छ । यही नै यसको मूलभाव हो । प्रस्तुत कविता तृतीय पुरुष दृष्टिविन्दुमा

रचना भएको पाइन्छ । यस कवितामा सरल, सहज र वोधगाम्य भाषाशैलीको प्रयोग पाइन्छ ।

**५.३.१५. नहराउ**

यो कविता इन्द्रवज्रा छन्दमा रचना भएको छ । यस छन्दमा एघार अक्षरको एक पाउ हुन्छ । यसमा पाँचौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा छपन्न पाउ तथा चौध श्लोकहरू रहेका छन् ।

प्रस्तुत कवितामा यदि तिमीले आफ्नो पहिचानलाई छोड्यौ भनेपछि गएर तिमी आफै हराउने छौ । तिमीले आफ्नो पहिचान भुलेमा पछि गएर पछुताउनु पर्नेछ । संस्कार परम्परा हाम्रा अमूल्य सम्पत्ति हुन्, त्यसैले यिनीहरूको संरक्षण हामी आफैंले गर्नुपर्छ । समयानुकुल सुधार गर्नु परेमा सुधार गर्दै जानुपर्छ तर यिनीहरूलाई विर्सेर हामी आगडि बढ्नु हुदैन । नेपाली रितिथिति, संस्कृतिहरू धेरै राम्रा छन् । यिनीहरूलाई छाडेमा हाम्रो पहिचान समाप्त हुनेछ । हाम्रो परम्परा र संस्कृतिलाई बचाउन सकेनौं भने नेपाली भन्ने हाम्रो पहिचान समाप्त हुनेछ । हाम्रो संस्कृतिमा यदि कुसंस्कारहरू छन् भने तिनीहरूलाई सुधार गर्दै अगाडि बढेमा हाम्रो पहिचान कायम हुन सक्छ । शीरमा टोपी, कम्मरमा खुकुरी र नेपाली पोशाक हाम्रा स्वाधिनताका वस्तु हुन् । त्यसैले यसको रक्षा गर्नु हाम्रो पहिचान हो । हिमाल हाम्रो धरोहर हो गोर्खाली हाम्रो पहिचान हो भने नेपाल हाम्रो प्राण हो । त्यसकारण हाम्रो प्रतिष्ठा कायम राख्न हामीले भुल्न हुदैन ।

नेपाली जाति वीर साहसी महान र देश भक्त हुन् भन्ने कुरा नेपाल अङ्ग्रेज युद्धमा पुष्टि भएको शत्रु पक्षले नै स्वीकार गरेका कुरा हुन् । हामी आपसमा झै-झगडा नगरौं, हामी फूटे हाम्रो शान इज्जत र प्रतिष्ठा हराउने छ । झगडा गरेर नाश हुने बाटो तर्फ अगाडि नबढ्ने सल्लाह कवितामा व्यक्त भएको छ । शत्रुलाई जितेर नाम कमाएकोमा आज आफै-आफै द्वन्द्व गरेर तिम्रो मान कसरी बढ्ला भन्ने सन्देश कविताम प्रस्तुत गर्दै भीमसेन, भक्ति थापा, वलभद्र कुवरले शत्रुसँग लड्दा परेको दुःखलाई तिमीले भुलेर आज किन आपसमा झगडा गर्दछौ, कि तिमीलाई मातृभूमिको माया नै छैन । किन मातृभूमिलाई रुवाउदै छौ । तिमी आफू स्वधिन बनी आफ्नो खुट्टामा आफै उभिन तर्फ लाग सबै स्वार्थी भावनाहरूलाई त्याग मूलक अभिव्यक्तिहरू कवितामा अभिव्यक्त भएका छन् । आफ्नो देश जस्तो अरू केही हुदैन । यदि पराधीन भएर बाच्नु पऱ्यो भने त्यस भन्दा दुःखत अवस्था अरू हुने छैन । देश नै रहेन भने रोएर केही हुनेवाला छैन । हाम्रो रितिथिति, सस्कृति, विरता, देशभक्ति हाम्रा आफ्ना चिनारी हुन् । यी हाम्रा प्राण हुन् । यिनको रक्षा गर्ने जिम्मा हामीलाई नै छ । यिनको रक्षा नभए हाम्रो पहिचान र परम्परा सबै समाप्त हुने अवस्था सृजना हुन सक्छ । जसले गर्दा हाम्रा सन्ततीहरू पनि विराना हुनेछन् भन्ने भाव कवितामा प्रस्तुत भएको छ । उक्त हरफहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

भोली गई सन्तति नै विराना
बन्ने हुनाले गर खूव मान
राखौं बाचई सवका यी शान
नेपालका सन्ततिले तमाम । (नहराउ कविताबाट पृ.३४)

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा तत्कालीन अवस्थामा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरेर आज हामीले नेपाली हौ भनी शीर ठाडो पार्न पाएका छौ । तर यस कुरालाई भुल्दै गएमा भोलि हाम्रो आँसु झर्ने अवस्था सृजना हुनेछ । हामी बीचको फूटले गर्दा यी जन्मभूमिलाई खुशी पारौ भन्ने मूल भाव कवितामा अभिव्यक्ति भएको छ ।

यस कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरि लेखिएको कविता हो । यस कविताको भाषाशैली सहज, सरल र बोधगाम्य रहेको छ ।

**५.३.१६. जुँगा**

जुँगा कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस कवितामा बाह्र श्लोकहरू रहेका छन् ।

यस कवितामा पुरुष र महिलाबीचको विभेदलाई प्रष्ट पार्न खोजिएको छ । पुरुषले महिलालाई कति पछि पारेका छन् त्यो भन्दा बढी महिलाले महिलालाई पछि पारेका छन् । कवितामा जुँगालाई पुरुषको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । जुँगाको कारणले गर्दा एउटा पुरुष आफू बलियो भएको ठान्छ । त्यसैले जुँगालाई  सजाउने र माया गर्ने गर्छ । यदि ऊ जुँगा नआएको भए ऊ आफू पनि हेपिने थियो । तर कतिपयले जुँगा आएकै कारणले उसले धेरै अधिकार प्राप्त गरेको छ भन्ने आरोप पनि कवितामा लागेको पाइन्छ । यदि जुँगा कै कारणले कसैले कसै माथि आरोप प्रत्यारोण गर्नु उचित नहुने र आफू भित्रका कमी कमजोरीलाई पनि केलाउनु पर्ने सन्दर्भ कवितामा व्यक्त भएको छ । यदि जुँगा कै कारणले कसैले थिचो मिचो र अन्याय गरेको छ भने हामी संयुक्त रूपमा नै उठ्नु पर्ने र ती जुँगाहरूलाई पनि उनीहरूको कर्तव्य र अधिकार भित्र राख्न पहल कदमी अगाडि बढाउने भाव सन्दर्भ कवितामा व्यक्त भएको छ । जुँगा कै कारणले केही तलमाथि भएमा समन्यय गरेर परिस्थिति अनुसार अगाडि बढ्दै उनीहरूको पनि सम्मान गर्दै सही कुराहरूलाई उठाएमा जुँगाले आफ्नो बानी बदल्न बाध्य हुनेछ । जुँगा मात्रले पनि संसार चल्न सक्दैन । जुँगा नै जुँगा भए संसार एक मात्र रहन्छ । त्यसकारण जुँगा अर्को कुरालाई पनि सम्झनु पर्दछ र सधैं साथ लिनु पर्दछ । दुबै एक अर्कामा परिपुरक भएर रहनु पर्दछ । आरोप प्रत्यारोप गर्नु हुदैन । जुँगा कै कारणले घमण्डी हुन्छ भने त्यो भूल हो । जुँगा नभएको कारणले पछि परेको हो र जुँगाले नै सबै अधिकार लिएका छन् । जुँगा नै शक्तिशाली छन् । यही विषयमा नै चित्त नबुझेको भए प्रमाण सहित उठेमा साथ दिन जुँगाहरू नै तयार छन् । यदि अधिकारीको वेवास्ता गरेमा जुँगा अघि कै रूपमा प्रस्तुत भई रहने छ । जुँगाको पहिलेदेखि परेको वानी समेट्नका लागि दुवै एक हुनु पर्दछ । यदि डराएरै बसी रहेमा वेमेलको स्थिति भएमा यसमा सुधार गर्न गाह्रो हुने र सुधारको लागि पहिले एक हुने भाव सन्दर्भ कवितामा व्यक्त भएको पाइन्छ । तिमी अगाडि बढ्नको लागि जुँगा बाधक रहेको छैन । केही गर्नु छ भने तिमी नै आफू अगाडि बढ् अरूमा दोष देखाउनु भन्दा आफ्नो कमी कम्जोरी पत्ता लगाई सुधार तर्फ अघि बढ्ने भाव सन्दर्भ कवितामा व्यक्त भएको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस कवितामा प्रयोग भएको भाषा सरल सहज र बोध गाम्य रहेको छ । कवितामा  दुई दुई पाउमा अन्त्यानुप्रास मिलेको पाइन्छ ।

### ५.३.१७. चिनारी

यो कविता शिखरिणी छन्दमा रचना भएको कविता हो । यस कवितामा चौविस पाउ अर्थात छ वटा श्लोकहरू रहेका छन् ।

यस कवितामा हाम्रो संस्कृति परम्पराको चिनारीको वर्णन गरिएको पाइन्छ । कवितामा हाम्रो दोस्रो ठूलो चाड तिहारको वर्णन गरिएको छ । तिहारमा देवतालाई पूजा गरे झैं आफ्ना दाजुभाइलाई फूलद्वारा पूजा गरिएको छ । फूलको झिलिमिलीले सम्झिएर अँध्यारो पनि उज्यालोको रूपमा प्रस्तुत भएको छ । दिपावलीले सबै उज्यालो भएको र देउसी भैलो खेल्दै खुशीयाली मनाउँदै सबै यत्रतत्र घुमफिर गरेको, पशुपंक्षीहरूको पूजा भएको देवीदेवताहरूको पूजा गर्ने काम समाप्त गरी दाजुभाइहरूलाई पनि देवताहरू कै रूपमा पूजा गरी रमाइलो साथ उत्सव गरेको वर्णन कवितामा गरिएको छ । साथै तिहारमा सेलरोटी र मिष्ठान्न भोजन गरी खुशीयालीका साथ आफू पनि खाने र अरूलाई पनि खुवाउने हाम्रो परम्परा कवितामा प्रस्तुत भएको पाइन्छ । मानिसको पहरेदारका रूपमा रहेको कुकुरलाई पनि देवताको रूपमा पूजा गर्ने साथै धर्मराजको दूतको रूपमा रहेको पंक्षी कागलाई पनि देवताको रूपमा पूजा गर्ने अनौठो परम्परालाई पनि कवितामा वर्णन गरिएको पाइन्छ । हाम्रो हिन्दु परम्परा अनुसार गाईलाई लक्ष्मीको रूपमा पूजा गर्ने र कृषिप्रदान देश भएकोले खेतीमा सघाउने गोरुलाई पनि देवताकै रूपमा पूजा गर्ने परम्पराको वर्णन कवितामा गरिएको छ । यस्ता परम्परालाई नछाड्नका लागि कविताको माध्यमबाट सबैलाई सचेत गराइएको छ । यी हाम्रा पहिचान हुन यिनीहरूलाई छाड्दै जाने हो भने पछि गएर हामी र हाम्रो सन्ततीहरू नै हराउने छन् । यसरी कवितामा हाम्रो परम्परा र संस्कृतिको संरक्षण गर्दै हामी अगाडि बढ्नु पर्छ भन्ने मार्ग दर्शन कवितामा गरिएको छ । यही नै यस कविताको मूल भाव पनि रहेको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । फूलले, भुलले, तही, उही, पो यो गरी भरी जस्ता अन्त्यानुप्रसा मिलेका शब्दहरू रहेका छन् भने भाषा सरल सहज रहेको पाइन्छ । कविता सन्देश मूलक रहेको छ ।

### ५.३.१८. अव ब्यूँझ

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्रवटा अक्षरहरू रहेका हुन्छन् । यसमा छैटौ अक्षरमा विश्राम हुन्छ । प्रस्तुत कवितामा बीस पाउ तथा पाँच श्लोकहरू रहेका छन् ।

यस कवितामा किसान वर्गलाई सम्वोधन गरिएको छ । इतिहासमा धेरै परिवर्तनहरू भई सके गरिव किसानलाई माथि उठाउँछौ भन्नेहरू आफू माथि गईसके तर गरीब किसानहरू चाँहि आफ्नो दुःख सहेर पहिले कै ठाउँमा जस्ताको तस्तै रूपमा रहेका छन् । अझै उनीहरू माथि नै शोषण र पीडा थपिएको छ । परिवर्तन भएको धेरै वर्ष भईसके तर गरीब किसानहरू माथि अझै दुःख थपियो अघि सुख दिन्छौ भन्ने वचनहरू सबै हराइसके सबैतिर परिवर्तन हुँदा हामीमा कुनै सुधार नभएकोमा आफ्नो भाग्य नै अन्योलमा भएको प्रसंग कवितामा व्यक्त भएको छ । किसानहरू पहिले कै जस्तो हातमा लौरो लिएर अघि कै रूपमा जोतिरहेका छन् । पहिले कै जस्ता दुःख कष्ट अहिले पनि भोगी रहेका छन् । यत्रो परिवर्तन भई सक्दा पनि दीन भएर अघिकै स्थितिमा रहेको अवस्थाको चित्रण गरिएको छ ।

सोझा र निमुखा भएकै कारणले परिवर्तनकारीहरूले तिमीहरूलाई छकाए, अघि मैन जस्ता नरम थिए भने अहिले बाघ जस्ता बनिसके तर तिमीहरू भने उहि स्थानमा छौ । यही स्थितिमा तिमीहरू कतिनजेल थिचिने र कतिनजेल मिचिने हो । यत्रो परिवर्तनले तिम्रो निन्द्रा किन खुलेन यसरी नै निदाइ रहने हो भने तिमीहरू सधै थिचिरहन्छौ किचिरहन्छौ त्यसैले अब ब्यूँझ, उठ, जाग र आफ्नो अधिकार खोज भन्दै कवितामा नेतृत्व वर्गले दुःखी गरीब र किसान वर्गमाथि गरिएको अन्यायपूर्ण व्यवहारको उजागर गरी शोषित वर्गहरूलाई आफू जागरुक भएर अगाडि बढ्न अधिकार खोज्नु पर्ने भाव व्यक्त गर्दै सन्देशमूलक अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

कवितामा नागरिकलाई अव आँखा खोली व्यूझेर अगाडि बड्ने सन्देश दिएको हुँदा कविताको शीर्षक पनि सार्थक रहेको देखिन्छ । प्रस्तुत कविता तृतीय पुरुष दृष्टि विन्दुमा रचना भएको पाइन्छ । यस कवितामा दुई दुई पाउमा अन्त्यानुप्रास मिलेको पाइन्छ । जस्तै भो गो, गए भए, लौ लौ जस्ता अन्त्यानुप्रासयुक्त शब्दले कवितामा मिठास सृजना भएको छ । कविता सरल, सहज र वोधगाम्य भाषाशैलीमा सृजना गरिएको पाइन्छ ।

### ५.३.१९. दया

यो कविता शिखरिणी छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा सत्र अक्षर रहेका हुन्छन् । छैटौ अक्षरमा विश्राम रहेको हुन्छ । संरचनात्मक दृष्टिले यस कवितामा आठ श्लोक रहेका छन् ।

यस कवितामा पंक्षीहरूको वर्णन गर्दै यिनको रक्षा गर्नुपर्छ भन्ने विषयमा कविताको विषयवस्तु केन्द्रित छ । चराहरूको चिरविर र विभिन्न प्रकारका बोलिहरूले जंगलको शोभा बढाई रहेको हुन्छ । त्यहाँ गएर हामीहरू बस्दा हाम्रो मन पनि आनन्दित हुन्छ । तिनीहरू आफ्नै स्वतन्त्रता र खुशीयालीमा रमिरहेका हुन्छन् । तिनीहरूलाई दुःख दिने, मार्ने काम पाप हो । तसर्थ तिनीहरूको संरक्षण गर्नुपर्छ । तिनीहरू जंगलमै आफ्नो घर बनाएर बसेका छन् । जंगलमै स्वतन्त्रता साथ वरपर उढेका छन् । तिनीहरूले जंगलको शोभा बढाएका रमाइलो पारेका छन् । तिनीहरूले रमाइलो साथ विहानै गाना गाएर सबैलाई आनन्द दिएका छन् । उनीहरू आफ्नै खुशीयालीमा मस्त साथ कुरा गर्दछन् । तिनीहरूलाई दुःख कष्ट दिएर प्राणहरण गरेर पाप बढाउनु बाहेक अरू केही हुँदैन । तिनीहरूका पनि हाम्रा जस्तै बालबच्चा छन् । तिनीहरूको पालन पोषणका लागि जङ्गल जङ्गल घुमेका छन् । त्यसरी घुमेका पंक्षीलाई दुःख दिएर प्राणहरण गरेर एउटालाई मारी दिदा तिनीहरूको वियोगको पीडा तिनका बच्चाको दुःख कष्ट एकदमै दयनीय हुन्छ । जसरी मानिसमा वियोग हुँदा कष्ट पीडा हुन्छ । मानव भएर तिमी आफ्नो अधिकार खोज्छौ तर ती पंक्षीका बच्चाहरूको भने दया नराखी प्राणहरण गर्दछौ । तिम्रो त्यो स्वार्थी भावनालाई हटाएर पंक्षीहरूप्रति पनि दयाको ज्योति जगाउ यदि तिम्रा बच्चालाई कसैले पीडा दिएमा तिमीलाई कस्तो हुन्छ । पंक्षीहरूका बच्चालाई पीडा दिई तिनको प्राण हर्दा उनीहरूलाई पनि त्यस्तै पीडा हुन्छ भन्ने सम्झेर पंक्षीहरूप्रति दया गर्न र तिनीहरूप्रति रहेको पीडा र हत्याको भावनालाई त्यागी देऊ नभए तिमीमा रहेको भावनाको कुनै अर्थ हुने छैन । तिनीहरू आफ्नै संसारमा रमी रहेका छन् । तिमीहरू माथि शोषण र अत्यचार गरेर तिमीलाई केही फइदा छैन । तिमीमा दया नभए पाप मात्र हुनेछ । दयालाई नै सबै धर्मले मानेको छ । त्यसलाई छुटाएमा तिमी

मूर्ख हुने छौ भन्दै कविताले मानव जातिले पंक्षी जगतको संरक्षण र हेरचाह गर्नु आवश्यक छ भन्ने भाव कवितमा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा लहरा छहरा, सवमा भदमा, हरदा भरदा, भई गई जस्ता अन्त्यानुप्रासयुक्त शब्दको प्रयोग गरिएको छ । यसमा सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ ।

### ५.३.२०. प्रहार

यो कविता स्वागता छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा एघार अक्षरहरू रहेका हुन्छन् । यसमा सातौ अक्षरमा विश्राम रहन्छ । यो कविता पाँच श्लोकमा रचना भएको छ ।

यस कवितामा एकतामा वल हुन्छ भन्ने कुरामा जोड दिएको छ । कुनै पनि काम गर्नका लागि हामी एक हुनुपर्छ । एक भएमा कुनै पनि शत्रुले आक्रमण गर्न सक्दैन । अनेकता रहेमा विभिन्न प्रकारका दुःख र समस्याहरू आउँछन् । एक हुन सकेमा सबैबाट सहयोग पाइन्छ र बलियो हुन सकिन्छ । फूट र अनेकता रहेमा शत्रुले सजिलैसँग आक्रमण गर्न विभिन्न प्रकारका छिद्रहरू पत्तालगाई कमजोर बनाउँछ । जसले गर्दा सजिलै परास्त गर्न सक्छ । भूलको कारणले गर्दा हामी आफै कमजोर भै रहेका छौ । जसले गर्दा हाम्रा पूर्खा र शहिदहरूको बीरता र पीडालाई विर्सेर आफ्नो जन्मभूमिलाई नै दुःखी बनाई रहेका छौ । जसले गर्दा हामीले कस्तो भविष्य देखि रहेका छौ र कहाँ पुग्ने उद्देश्य लिएका छौ आज हामी नेपाली दाजुभाई एक आपसमा लडाई र विद्रोह गर्दै आफ्नाप्रति नै बन्दुक र वम हान्न तयार भै रहेका छौ । जसले हाम्रो उन्नति हुन सक्दैन र विनासलाई मात्र निम्त्याउछ । तसर्थ हामी एक भएर मातृभूमिलाई हँसाउन सक्नुपर्छ फूटबाट होइन एकता र जुटद्वारा हामी अगाडि बड्दै हाम्रो बीरताको गाथालाई जोगाउनु पर्छ र राष्ट्रमाथि भएको प्रहारलाई एक जुट भएर रोक्नु पर्छ भन्ने भाव कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कवितामा पूर्ण चूर्ण, फुटलाई जुटलाई, छूट गूट, उचाली पछारी, सपार नपार, घाऊ गाऊ जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग भएर भाषाशैली सुन्दर बनेको पाइन्छ । भाषा सरल सहज रहेको पाइन्छ ।

### ५.३.२१. भिक्षा

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षरहरू रहेका हुन्छन् । छैटौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा पाँच श्लोक रहेका छन् ।

यो कविता दृष्टि विहिन व्यक्तिको पीडासँग सम्बन्धित रहेको छ । संसारका सबै व्यक्तिहरू विभिन्न प्रकारका रङ्गहरूमा मोहित भएर रङ्गीचङ्गी संसारमा रमाएका छन् । तर यो संसारमा त्यस्ता व्यक्तिहरू पपिन छन् उनीहरूका लागि संसारमा भएका रङ्गी विरङ्गी कुराहरू आफ्ना नयन भित्र नै हराएका छन् । जसको कारणले गर्दा उनीहरू संसारको रङ्ग विरङ्गबाट बञ्चित रहेका छन् । यसमा उनीहरूको सबै भित्री ज्ञान नै हराएको सम्झिने रङ्ग भै भुलेका व्यक्तिहरूले गर्ने बोलिचाली र व्यवहारले गर्दा उनीहरूमा अझ पीडा थपिएको छ । विभिन्न प्रकारका तुच्छ बाग बाणहरू हान्ने अन्धविश्वासी व्यक्तिहरूले गर्दा

त्यस्ता व्यक्तिहरूमा प्रगतिको लागि बाधक बनिरहेका छन् । उनीहरूले दृष्टि नहुँदैमा सबै प्रकारको ज्ञान समाप्त हुन्छ भन्ने सोच राखेर दृष्टि नभएका व्यक्तिहरूलाई भिख मागेर खाने दयाका पात्र भिखारी सोचिरहेका छन् । दृष्टि नभएको कारणले सबै ज्ञान समाप्त भएको सोच्ने त्यस्ता व्यक्तिहरूले दृष्टिविहिनहरूमा भएको फरक प्रकारको क्षमता र शक्तिलाई चिन्न सकेका छैनन् । जसको कारणले गर्दा दृष्टि नभएका व्यक्तिमा रहेको क्षमता समेत नष्ट भइरहेको छ । दृष्टिविहिन व्यक्तिहरूमा पनि दया, माया, उत्साह जाँगर र देशप्रति केही गर्ने आफ्नो र अरूको लागि समेत केही काम गरी जिउने इच्छा र चाहनाहरू रहेका हुन्छन् । उक्त भावना र चाहनालाई नबुझ्नेहरूको कारणले गर्दा उनीहरू कुन्ठित भई पछाडि पर्ने र विद्रोही स्वभावका हुने कुरा तर्फ त्यस्ता व्यक्तिहरूले कुनै सोच राखेका छैनन् । व्यक्ति, समाज र देशका लागि आफ्नो फरक क्षमताको प्रयोग गरेर सबैलाई खुशी राख्ने उनीहरूको इच्छा र चाहना पूरा गर्न अरूहरूप्रति रहेको गलत सोच र रुढिवादी परम्पराले सधैं बाधा पुऱ्याइ रहेको हुन्छ । जसको लागि उनीहरूलाई वातावरण र अवसरको खाँचो रहेको छ । रुढीवादी अन्धविश्वास, विभिन्न दुर्घटनाहरू, अज्ञानता र वेवास्ता जस्ता कुराहरूले उनीहरूको दृष्टिमा समस्या भएपनि अन्य ज्ञानका लागि उनीहरूमा कमी हुदैन । प्रकृतिको नियममा आई पर्ने सम्पूर्ण कुराहरूलाई शिक्षित, सचेत व्यक्तिहरूले स्वीकार गर्नुपर्छ । अशिक्षित र मूर्ख व्यक्तिहरूले दुःखका साथ स्वीकार्न बाध्य हुन्छन् । शिक्षित र अशिक्षित सबैले प्रकृतिका नियमहरूलाई राम्रो नराम्रो जे भए पनि स्विकार्नै पर्छ । तर त्यसलाई नै खिल्ली उढाउदै हास्यास्पद पात्र भने बनाउनु हुदैन । त्यसरी खिल्ली उडाउनेहरू हाम्रा रुढिवादी परम्पराका अन्धभक्त, मरुभूमिको बालुवा भन्दा फरक हुदैन । संसारका सबै व्यक्तिहरू विभिन्न प्रकारका रङ्गमा भुलेर आफ्नो कर्तव्यलाई बिर्सेका छन् । उता रङ्गको ज्ञान नभएका व्यक्तिहरू पनि हाम्रै परिवार समाज र संसारमा रहेका छन् । तर रङ्गमै मस्त भएका व्यक्तिहरूले त्यस्ता व्यक्तिहरूको पीडामा साथ दिएका छैनन् । विभिन्न कारणले गर्दा उनीहरूको दृष्टिमा सबै अन्धकारमा रहेका छन् । त्यसैमाथि रुढिवादी परम्पराका अन्धभक्त व्यक्तिहरूले विभिन्न प्रकारका वागवाणहरू प्रहार गरी घाइते बनाई रहेका छन् । जसले गर्दा उनीहरूले प्रगति र उन्नतिलाई पछि पारेको छ । उनीहरूलाई पनि आत्मा विश्वासको शिक्षा दिदै अवसर र वातावरणको तयार गरी दिएमा स्वावलम्वी भई समाज र देशको लागि केही कामहरू गर्न सक्दछन् । तसर्थ यस कवितामा आत्माविश्वासको शिक्षा, वातावरण र अवसरको भिक्षा दिनको लागि अनुरोध गरिएको भाव सन्दर्भ कवितामा प्रस्तुत भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्तिविन्दुको प्रयोग गरिएको छ । कविताको भाषा सरल छ । यसमा दुई दुई पाउमा अन्त्यानुप्रास मिलेको पाइन्छ । अनुप्रासले कवितालाई सौन्दर्यमय बन्न सहयोग गरेको पाइन्छ ।

### ५.३.२२. अपाङ्ग

यो कविता स्रग्धरा छन्दमा रचना भएको छ । यसमा एकाइस अक्षरको एक पाउ हुन्छ । आठौं र पन्ध्रौं अक्षरमा विश्राम हुन्छ । यस कवितामा बीस पाउ तथा पाँच श्लोकहरू रहेका छन् ।

यस कवितामा आफ्नो भावनाले गर्दा संसारमा दुई प्रकारका व्यक्तिहरू रहेका छन् । तर वास्तविक रूपमा हेर्ने हो भने संसारका सबै व्यक्तिहरू न साङ्ग न अपाङ्ग रहेका छन् । तर आफ्नो भावनाका कारण अर्कालाई अपाङ्ग देख्ने साङ्ग व्यक्ति, समाज र सबै संरचनाहरू आफू अपाङ्ग भएको कारणले नै अरूलाई अपाङ्ग भन्ने गरेको स्थिति कवितामा प्रस्तुत भएको छ । कुनै व्यक्तिहरू  आफ्ना केही अङ्ग छुटेको कारणले गर्दा संसारमा अपाङ्ग भएका छन् । त्यस्ता व्यक्तिहरूलाई घृणा गरेर हिड्ने अर्का थरी व्यक्तिहरू ज्ञानका कराण अपाङ्ग रहेका छन् । कोही व्यक्तिहरू अपाङ्गलाई दया गर्ने भावना लिएका पाइन्छन् । तर उनीहरू शक्ति, सत्ता र मानका पछि परी अपाङ्ग भएका छन् । ऐन कानून र नियममा जुन कुराहरू लेखिएका छन् तिनीहरू कार्यन्वयन पक्षमा नजादा अपाङ्ग भएका छन् । यसरी संसारमा रहेका सबै व्यक्ति र अन्य कुराहरू अपाङ्ग नै पाउदा खुशी भएको कुरा प्रस्तुत कवितामा व्यक्त भएको छ । कोही कोही व्यक्तिहरू शुरुमा अपाङ्गताको वकालत गर्दै हिडेका शक्ति र सत्तामा पुगेपछि उक्त कुराहरू भुल्न गई भुलका अपाङ्ग हुन पुगे । जे भन्यो त्यही गर्न खोज्ने सच्चा व्यक्तिहरू निर्धन रहेको कारणले गर्दा शक्ति र सत्तामा पछि पर्न गई अर्थका कारणले अपाङ्ग बन्न पुगेका छन् । के यो संसारमा साङ्ग व्यक्तिहरू नै जन्मेका छैनन् त ? यो कुरा बुझ्नलाई कठिनाई रहेको छ । यहाँ भएका कुनै पनि कुराहरू अङ्गले पूर्ण भएर साङ्ग देखिदैनन् । संसारमा कतिपय कुराहरू मिठो भाषा शैलीमा लेखिएका छन् । विभिन्न सुविधा र अधिकारका कुराहरू उल्लेख भएका छन् । तर ती कुराहरू जुनदिन लेखिए त्यसैदिन देखि कागजमा अपाङ्ग भएर रहे । ती लेखिएका कुराहरूलाई कार्यन्वयनमा ल्याउन हिडेका व्यक्तिहरू कार्यन्वयनमा ल्याउन नसकेर अपाङ्ग नै रहे । कतिपय व्यक्तिहरू अर्काले गरेका विभिन्न राम्रो कामहरूको र व्यवहारको समेत ईश्या गरेर रहन्छन् । त्यस्ता व्यक्तिहरू सबै तर्फ नै अपाङ्ग हुन् । ठूला व्यक्तिहरूसँग सुविधा, सहयोग र नियमको कार्यन्वयनको लागि अनुरोध गर्दा उनीहरू वेवास्ता गर्छन् । त्यस्ता व्यक्तिहरू कान र श्रवणशक्ति ठीक भएता पनि श्रवण र कानका अपाङ्ग छन् । कति व्यक्तिहरू आफ्नो स्वार्थ पूरा गर्नका लागि पहिले सबै कुराहरू पूरा गर्छौ भनी प्रतिवद्धता जनाए र गए तर पछि आफ्नो धर्मलाई नै त्यागेर ति कुराहरू भुलेर धर्मका अपाङ्ग भए । यसरी सबै तर्फ विचार गर्दा दैव वा ईश्वरले नै कसैलाई पनि पूर्ण अङ्ग नदिएको होकी जस्तो लाग्छ । एउटै देशका उही सन्ततीहरू अवसर नपाएको कारणले गर्दा विपदमा रहेका छन् । ती व्यक्तिहरू अवसर कै कारण अपाङ्ग भएका छन् । देशका सन्तती मध्ये एक थरी अवसरबाट बञ्चित भएको कारणले गर्दा देशको एउटा अङ्ग नै हराएर देश नै अपाङ्ग भएको छ । धर्मशास्त्रमा जुन कुरा लेखिएको छ त्यसलाई आफ्नो स्वार्थ र अन्धविश्वास तर्फ मोडिदिँदा उल्टो अर्थ हुन गई शास्त्रमा लेखिएका कुराहरू पनि अज्ञानको कारणले गर्दा अपाङ्ग हुन पुगेका छन् । यसरी विश्लेषण गर्दै जाँदा संसारमा अरूलाई अपाङ्ग देख्ने व्यक्तिहरूले आफूमा अपाङ्गता नदेखेर आफै अपाङ्ग भई रहेका छन् भन्ने मूल सन्देश कविताले व्यक्त गरेको छ ।

यस कवितामा तृतीय पुरुष दृष्तिविन्दुको प्रयोग गरिएको छ । कवितामा अपाङ्ग, साङ्ग अपाङ्ग, अङ्ग अपाङ्ग जस्ता अन्त्यानुप्रासयुक्त भाषाले कवितामा सौन्दर्यता प्रदान गरेको छ । भाषाशैली सरल रहेको पाइन्छ ।

**५.३.२३. कोइलो**

यो कविता अनुष्टुप छन्दमा रचना भएको कविता हो । यस छन्दमा एक पाउमा सोह्र अक्षर हुन्छन् भने आठौं अक्षरमा विश्राम रहेको हुन्छ । यो कविता नौ शलोकमा संरचना भएको पाइन्छ ।

कोइलो कवितामा मूर्ख दुर्जन व्यक्तिहरूको सङ्गतबाट हुने हानीलाई संकेत गरिएको छ । कविता दुर्जन र मूर्ख व्यक्तिको प्रतीकको रूपमा प्रयोग भएको पाइन्छ । जसरी एउटा कोइलो बोक्दा हात पोल्दछ त्यसरी नै दुष्ट व्यक्तिहरूको संगत गऱ्यो भने हामीलाई हानी पुऱ्याउँछ । दुष्ट व्यक्तिहरूका खराब चरित्रले गर्दा सज्जन व्यक्तिहरूलाई पनि खराव व्यवहार तर्फ प्रेरित गर्दछ । खराब व्यक्तिको सङ्गतले हाम्रो जीवनमा सबै तर्फ हानी गराउँछ । हातमा लिए त्यसले उठाउने काम गर्छ । त्यसलाई पर राखेमा पनि त्यसले दुष्टरूपी आगो बाली संसारलाई नै नष्ट गर्ने काम गर्दछ । हामी बसेको अवस्थामा हृदय नै पालिरहन्छ । हामी सुतेर कुनै कुरा सोच्न साथ कोइलो रूपी दुष्ट खराब व्यक्तिको आवाज आएर बोल्न थाल्दछ । निभेको अवस्थामा पनि यसले छुना साथ कालो बनाउँछ । तसर्थ कोइलो रूपी दुष्ट व्यक्तिहरूको सङ्गतबाट हामी सधै टाडा रहनु पर्छ । यसको संगत र मित्रताबाट हामीलाई सधै हानी नै पुऱ्याउछ । त्यसैगरी झगडा गरेमा पनि दुर्नाम नै हुन्छ । तसर्थ यस्ता कोइला रूपी दुष्ट व्यक्तिहरूसँग मित्रता नगर्नु जसले गर्दा सधै पालेको सहिरहनु पर्दछ । त्यसैगरी झगडा गरेमा दूर्नाम रूपी कालो बनाउँछ । जसले गर्दा सधै कालो भएर बस्नु पर्छ । त्यसैले दुर्जन व्यक्तिहरूसँग झगडा र मित्रता नगरिकन सधै अलग्ग रहन प्रस्तुत कविताले सन्देश दिएको छ । सज्जन वयक्तिहरूले कोइलो रूपी दुर्जनसँग मित्रता गरेमा यसले कहिल्यै पनि उन्नति हुन दिदैन । उसको खराब चरित्रका कराणले गर्दा सज्जन व्यक्तिलाई पन खराब बनाएर तल झार्दछ । खराब व्यक्तिहरूको संगतले कुनै प्रकारका सम्मानहरू पनि आउन दिदैन । नत यसको कुनै मूल्य नै छ जसको कारणले गर्दा यसले सधै पछाडि मात्र पार्ने काम गर्दछ । जसरी सर्पलाई दूध दिएर त्यससँग मित्रता रहदैन र असल कामहरू पनि गर्न सक्दैन त्यसैगरी दूर्जन व्यक्तिहरूको संगतबाट कहिल्यै पनि लाभ हुन सक्दैन । त्यसैले दूर्जन र दुष्ट व्यक्तिहरूसँगको मित्रता दूध ख्वाएको सर्पलाई घरमा पाल्नु जस्तै हो भन्ने मूल भाव कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । कवितामा पोल्दछ बोल्दछ, भनी बनी, मती गती, सव अव जस्ता अन्त्यानुप्रास युक्त शब्दहरूको प्रयोग गरिएको पाइन्छ । कविताको भाषाशैली सरल सहज रहेको पाइन्छ ।

**५.३.२४. चुनौति**

यो कविता स्वागता छन्दमा रचना भएको छ । यस छन्दमा एघार अक्षर मिलेर एक पाउ तयार भएको छ । यसमा सातौ अक्षरमा विश्राम हुन्छ । यस कवितामा चालीस पाउ तथा दश श्लोक रहेका छन् ।

यस कवितामा गाउँ घरमा रहेका दु:खी गरीबहरूका बीचमा विभिन्न किसिमका दु:ख पीडाहरू पहिले देखि नै रहेका थिए । तिनकै नाममा विभिन्न प्रकारका द्वन्द्व, लडाई, झगडा, बन्दहड्ताल र गाली बंमको त्रासले गर्दा तिनमा अझै पीडा थपिन गएको कारुणिक अवस्थालाई चित्रण गरिएको छ । द्वन्द्वको कारणले गरीब जनताहरूले दु:ख गरेर हात मुख

जोर्ने समस्या अझ थपिदिएको छ । काम गरेर दैनिक गुजारा चलाई रहेका दुःखी गरीबहरूलाई बन्द र गोली वंमको त्रासले गर्दा उनीहरूको मजदुर समेत लुटिएर भोक भोकै वस्नु पर्ने अवस्था सृजना भएको छ । द्वन्द्वको सृजनाले गर्दा शक्तिका दुईवटा धार भएका छन् । राज्य पक्षको धार एक र विद्राही पक्षको अर्को धार दुवैले गरीवहरूकै कुरालाई उठाएका छन् । तर दुवैको शक्ति भिडन्तको कारण गरीबहरू नै मारमा परिरहेको छ । तर कसैले पनि त्यसको विचार गरेका छैनन् । गरीबहरू आज रोग र भोगका सिकार भएका छन् । देशमा भएको बन्दले गर्दा दुःखी गरीबहरूको भुँडी नै बन्द भइसकेको छ । उनीहरू सबैसँग शान्तिको माग गरिरहेका छन् । लडाई झगडा र वन्दको होइन । राज्य पक्ष र विद्राही पक्ष दुवैले सम्झौता गरी उनीहरूको मागलाई सम्बोधन गरिनु पर्छ । जसको नाममा विद्रोह हुन्छ तिनैलाई चुनौति हुने द्वन्द्व र झगडा गरिनु हुदैन ।

यस कवितामा गरीब, दुःखी र असाहाय व्यक्तिहरूमाथि, लडाई, झगडा, द्वन्द्व, वन्दहड्ताल जस्ता समस्याहरूले जीवन ज्यूनका लागि चुनौति थपिएको मूलभाव कवितामा व्यक्त भएको छ । यसरी हेर्दा कविताको शीर्षक पनि सार्थक रहेको पान्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अन्त्यानुप्रास मिलेको पाइन्छ भने भाषा सरल, सरस रहेको पाइन्छ ।

**५.३.२५. मन्त्र**

यो कविता पञ्चचामर छन्दमा रचना भएको छ । यस छन्दमा सोह्र अक्षरको एक पाउ हुन्छ । आठ अक्षरमा विश्राम रहेको छ । यो पाँच श्लोकमा रचना भएको कविता हो ।

यस कवितामा राष्ट्रमा रहेका विपत्तीहरूप्रति चिन्ता प्रकट गर्दै सबैलाई एक हुन आवाहन गरिएको छ । कुनै पाटी आफ्नो स्वार्थका लागि फुटाउने, स्वार्थ सिद्ध गर्नेहरूप्रति व्यङ्ग्य गर्दै अब फूटमा होइन जुटेर राष्ट्रको भलो र उन्नति-प्रगति हुने काममा सबै पाटी र जनता एक जुट भएर अगाडि बढ्नु पर्छ । बाँच र बचाउ भन्ने भूल सन्देश दिएर प्रस्तुत कविता रचना भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कवितामा घातले बातले, कसोगरी थरिथरी, गरी सरी, पनि अनि, सबै अझै, आउला हराउला, कता, वेपत्ता शानता गानता जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूले कवितालाई सौन्दर्यपूर्ण बनाएको छ भने कवितामा प्रयोग भएको भाषा सरल सहज र बोधगाम्य रहेको पाइन्छ ।

**५.३.२६. पीर**

यो कविता तोटक छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा १२ अक्षर रहेका हुन्छन् । सातौ अङ्कमा विश्राम रहेको हुन्छ । यो पन्ध्र श्लोकमा रचना भएको निकै लामो कविताको रूपमा रहेको पाइन्छ ।

संसारमा रहेका सबै प्राकृतिक कुराहरू प्रकृतिको नियम अनुसार जस्तो रूपमा सृजना भएका थिए । अहिले पनि तिनीहरू उस्तै रूपमा रहिरहेका छन् । आफ्नो गति र प्राकृतिक नियमलाई छाडेका छैनन । तर यही संसारमा रहेका मानिसहरू भने आफ्नो कर्तव्य, नियम र धर्मलाई छाडेर मूर्ख भई प्रलयको रूपमा गएका छन् । जसलाई नियालेर हेर्दा मनुष्यले नै प्राकृतिको नियमलाई उल्लङ्गन गरी पाप तर्फ बढेकोमा प्रस्तुत कवितामा

दुःख व्यक्त गर्दै कविताको शीर्षक नै पीर राखिएको छ । त्यसैले शीर्षकको सार्थकता रहेको पाइन्छ ।

यस कवितामा संसारको उत्पत्ति कालमा नै सृष्टि भएको जल अहिलेसम्म शीतल नै रहेको छ । संसारका सबै प्राणीहरूलाई बास, गाँस र कपास दिएर बचाउने भूमि अघिकै समान रहेको छ । संसारमा रहेका फलफूल, बोट विरुवाहरू अघिकै समान रहेर प्राणीहरूको रक्षा गरिरहेका छन् । तर यस संसारमा रहेका मानिस भने पाप र हिम्सा तर्फ लागेका छन् । जसलाई कविताका श्लोकहरूले यसरी बोलेका छन्-

अघिकै सरि शीत हुँदैछ जल
जननीसम झैं अघिकै छ थल
फल बोटहरू अघिकै रूपका
जनमा किन एक भयो मुढता ॥१॥ (पीर कविताबाट पृ.५१)

अघिका सृष्टिकालमा जसरी दिनरात चलेका थिए, तिथि पक्षहरू रहेका थिए, अहिले पनि उही रूपमा छन् । सृष्टिकालमा मानिसहरू जस्तो रूपमा थिए अहिले पनि उस्तै रूपमा छन् । तर मानिसहरूको मन, भाव र दया भने उल्टो भएको छ । मानिसहरू दानव रूपी भएका छन् । उत्पत्ति कालमा जस्तै सूर्य उदाउँछन्, दिन हुन्छ, सूर्य अस्ताउँछन् रात हुन्छ । जसमा कुनै परिवर्तन भएको छैन । तर मानिसमा भने परिवर्तन भई उल्टो मार्गमा चलेका छन् । हिम्सा, भार, काट गरेर राक्षस रूपी भएका छन् । सृष्टिकालका विरुवाहरू उस्तै फूल फूलाई रहेका छन् । अघि जसरी बज्ने संगित थिए अहिले पनि त्यसरी नै बज्दैछन् । उखुले अघि जस्तै गरेर गुल्यो रस दिइरहेको छ । आफ्नो गुणमा परिवर्तन गरेको छैन तर मानिसहरूको मन भने के कारणले हो उल्टो भएको छ । सृष्टिकालका वेद शास्त्रहरू अहिले पनि रहेका छन् । जीजुवाजे नाति पनाति अघि कै रूपमा सृष्टि हुदैका अवस्था देखि नै छन् । संसारमा रहेका कृया प्रकृया अघिकै रूपमा हुदैछन् । यति हुँदा हुँदै पनि मानिसको हृदयमा कस्तो आगो बलेर दया माया समाप्त भएको हो । सृष्टिकालमा जस्तै हिउँ, चिसो नै रहेको छ । उसले आफ्नो गुणलाई परिवर्तन गरेको छैन । सूर्य पनि समयमा उदाउने अस्ताउने गरेका छन् । आफ्नो कर्तव्यलाई छाडेका छैनन् । ताप र प्रकाश दिइरहेका छन् । फूलहरू अघि कै समान वास्ना छरिरहेका छन् तर मानिसहरूमा भने परिवर्तन भई अधोगतितिर लागिरहेका छन् । अघि कै अक्षरहरू रहेका छन् । तिनै अक्षरहरू पढेर ज्ञान लिई रहेका छन् । पूराण शास्त्रहरू पढेर ज्ञान प्राप्त गर्ने तरिका पनि अघिकै छन् । सृष्टिकालमा जस्तै भूमिमा समतल, पाखा, पहाडहरू रहेका छन् । उही सन्तती हौ भनेर मानिसहरू अहंकार गरिरहेका छन् तर बुछि र वुता भने किन उल्टो भएको छ । भगवान कृष्णले धर्मको पक्षमा नै उपदेश दिए, सन्त वन्नको लागि बुद्धले मार्ग दर्शन गरे तर उनका पछि पछि आएर तिनै सन्ततीहरू आज उल्टो गतिमा गएका छन् । यिनीहरूको सुमति कसले हरण गरिदियो । जन्म अघिकै जस्तो रहेको छ । मृत्यु पनि अघिकै समान छ । सृष्टि पनि अघिकै रूपमा रहेको छ । सबै कुरा अघिकै समान भइरहेको छ भने मानिसमा चाँहि किन बृद्धि सुधार हुन सकेन । सबै सृष्टि उस्तै रहे पनि मानिसको बुद्धिमा मात्र प्रलय कसरी भयो । चन्द्रमा अघि झैं उदाई रहेका छन् । अग्नि अघि कै समान ताप र उज्यालो दिई रहेका छन् । आकास अघिकै जस्तो रहेको छ । सूर्य अघिकै रूपमा छन् । तर कसरी मानिसको मन उल्टो भयो ।

हावा अघिकै समान चलिरहेको छ । शितलता दिइरहेको छ । समुद्रहरू अघिकै रूपमा छन् तर मानिसको चरित्र भने खराब भएको छ । किन सबै उही रूपमा रहँदा पनि मानिसको चरित्रमा सुधार हुन सकेन । मानिसहरू धर्म छाडेर किन मानव मानवबीच लडाई गरिरहेका छन् किन मानव भएर नि हिंस्रह पशु समान भएका छन् । दैवको गति नै विपरति भएको हो कि मानिस मानिसबीचमा शान्ति हराएको छ । मानिसहरू उल्टो गति लिएर हिडिरहेका छन् । उनीहरूको शान्ति कस्ले हरण गरिदियो अघि भगवान रामको अवतार हुँदा धर्मको पालना गर्न उपदेश दिएका थिए । जुन कुरा अहिले उल्टो रूपमा रहेको छ तर सृष्टिकालको भूमि भने उही रूपमा रहिरहेको छ । नबुझेको कारणले गर्दा मानिसहरूमा मात्र यस्तो हो कि धेरै बुझेको कारणले गर्दा ज्ञान बढी भएको हो कि ? कलिको गति बढेको कारणले गर्दा यस्तो भएको हो कि ? नभए कसरी यस्तो भएको हो । यही पीर सधै मनमा गहिरो रूपमा रहेको छ ।

यस कवितामा संसारमा रहेका प्राकृतिक कुराहरू सबै यथावत रूपमा रहेका छन् तर मानिसमा भने हत्या हिंसा, अपराधहरू बढेका छन् । शान्ति, धर्म र मानवतालाई छाडेर कर्तव्य च्यूत भएका छन् । यही नै पीरको रूपमा कवितामा व्यक्त भएको मूल भावका रूपमा रहेको पाइन्छ ।

यस कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । यसमा जल, थल, गयो भयो, अझै सधै, फिरे हिडे, यसो कसो जस्ता अन्त्यानुप्रासयुक्त शब्दले कवितामा सौन्दर्य पूर्ण बनाएको छ । कवितामा प्रयोग भएको भाषा सरल, सहज र वोधगाम्य रहेको पाइन्छ भने कविता सन्देश मूलक रहेको छ ।

### ५.३.२७. चारकुरा

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस छन्दमा वाह्र अक्षरको एक पाउ हुन्छ । छैटौं अक्षरमा विश्राम रहेको छ । यस कविता पाँच श्लोकमा रचना भएको छ ।

यस कवितामा संसारमा धेरै पढ्ने विद्वानहरू पनि रहेका छन् । उनीहरूले विभिन्न शास्त्रहरूको अध्ययनबाट धेरै ज्ञान लिएका हुन्छन् । तर संसारमा पढ्न नपाएका वा पढ्न नै नसक्ने मानिसहरू पनि पाइन्छन् । तीनमा ज्ञानको कमी हुन सक्छ तर धेरै ज्ञान भए पनि अथवा ज्ञानको कमी भए पनि हामीले संसारमा घटिरहेका चारवटा घटनालाई हेऱ्यौ भने समग्र ज्ञानलाई संक्षेपमा समेटी आफ्नो आत्माको समेत उन्नती गर्न सक्छौ । यिनै कुरालाई प्रस्तुत कविताले प्रष्ट पार्न खोजेको छ ।

प्रस्तुत कवितामा संसारमा भएका विविध ज्ञानहरू हासिल नसके पनि हामीले चारवटा वाणीहरूलाई राम्ररी बुझ्न सक्छौ । मानिसमा भएको अहंकार र घमण्डलाई छाडेर अगाडि बढ्न सकिन्छ । चारवटा वाणीहरूलाई राम्ररी बुझ्न सकेमा नश्वर संसारमा अभिनाशि बन्न सकिन्छ । संसारमा कसैले दिएको अर्तिलाई सजिलैसँग ग्रहण गर्न सकिन्न । ओखती मिठो हुँदैन, अर्ति राम्रो हुँदैन भन्ने उखानले यस कुरालाई अझ प्रष्ट पार्दछ । तर यथार्थमा सत्य कुरा यही हो , अर्ति जे भए पनि नराम्रो हुन सक्दैन । संसारमा ठूलो विद्वान् भएता पनि मृत्यु भएपछि उसको विद्धता मृत्युसँगै समाप्त हुन्छ । यदि उसले संसारमा भएका धनी व्यक्तिहरू पनि एक दिन गएर कालको मुखमा पर्नुपर्छ । उनीहरूको धनले संसारको लागि केही काम गरेको छैन भने उसको धन र मान मृत्युसँगै समाप्त भएर

जान्छ । संसारमा यस्तो अनौठो घटना पनि घटिरहेको छ । बलियो व्यक्ति पनि मरणको समयमा एउटा दुब्लो मानिस जस्तो भएर मृत्युलाई स्वीकार गर्छ । तर अचम्मको कुरा संसारमा त्यस्ता व्यक्तिहरू पनि छन् जो पहिले नै मरिसके तर अहिले पनि तिनीहरू ज्यूदै छन् । उनीहरूले गरेका राम्रा कामहरूले गर्दा भविष्यमा पनि उनीहरू ज्यूदै रहने छन् । यी कुराहरू सधै अविनासी छन् मेटिदैनन् र मासिदैनन् पनि थोरै ज्ञान भएका मानिसले पनि यी कुराहरूलाई समेटेर अगाडि बढेमा कुनै चिन्ता लिनु पर्ने अवस्था छैन । संसारका सबै जीवहरूको एक दिन मृत्यु रहेको छ । यही कुरालाई विचार गरी सबैको भलो हुने केही काम गर्न सकेमा ऊ सँधै ज्यूँदै हुनेछ । तसर्थ अरूको भलाईको लागि काम गर्नु यस कविताको मूल भाव रहेको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको कविता हो । यस कवितामा अन्त्यानुप्रास मिलेको पाईन्छ भने भाषाशैली सरल सहज सौन्दर्यपूर्ण रहेको छ ।

**५.३.२८. भुँडी**

यो कविता पञ्चचामर छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा सोह्र अक्षर रहेका हुन्छन् । आठौं अक्षरमा विश्राम रहेको हुन्छ । यो कविता पाँच श्लोकमा रचना भएको छ ।

यस कवितामा गरीब व्यक्तिहरूमा रहेको रोग भोक र पीडामा मुलुकमा भएको वन्द र चक्का जामले अझै पीडा थपिदिएको कुरा व्यक्त गरिएको छ । जसका नामबाट सधै लडाई झगडा र द्वन्द्व भई रहेको छ । वन्द र चक्का जामले तिनैलाई अझै समस्या थप्दै लगेको छ । तिनै व्यक्तिका पीडालाई उठाएर हिड्ने व्यक्तिहरू महल र व्यञ्जनको सोखमा मस्त रहेका छन् । तर जसका लागि संघर्ष भएको थियो तिनै व्यक्तिहरू बन्द र चक्का जामको कारणले रित्तो भुँडी भएर बसेका छन् । गरीब दुःखीहरको विभिन्न दर्द सहेर अझै थपिदै गएका दर्दहरूलाई पनि सहन गर्न वाध्य छन् । स्वार्थसिद्ध गर्न हिडेका व्यक्तिहरू तिनै गरीबको नामबाट माथि पुगी कुर्सी र स्वार्थमा मस्त छन् । जसले आफ्नो स्वार्थ पूरा नहुँदा तिनीहरूको लागि गर्छौ भनेका थिए । आफू सत्तामा पुगे पछि सबै कुरा भूली दिए अघि जस्तै फेरि छकाएर शक्ति र सत्तामा पुग्नका लागि विभिन्न वहानाहरू भई रहेका छन् । एकअर्कामा दोष लगाएर आफू निर्दोष हुन खोजिरहेका छन् । उनीहरूको स्वार्थी भावनालाई बुझ्न नदिनको लागि अनेक षडयन्त्रद्वारा एक अर्कामा लडाई रहेका छन् । तर त्यो कुरालाई तिनै दुःखी गरीबहरूले बुझ्न सकेका छैनन् र सधै कष्टमा रहेका छन् । अज्ञान रूपी निद्रामा परेका दुःखी गरीब जनताहरू अब निन्द्राबाट उठ, व्यूँज र आफ्नो अधिकारको लागि आफै अगाडि बढ अर्काका मिठा र झुट्टा आश्वासना भूलेर सधै कष्टमा नरोऊ । यदि मिठा कुरामा भुलेर अरूका स्वार्थमा हिडेर आफूबीचमा फुट भयौ भने तिमीहरू सधैंभरि थिचिरहने छौ । स्वार्थी व्यक्तिहरूका भ्रममा परेर एक आपसमा लडाई गरी सुख पाउने इच्छालाई त्यागी देऊ व्याञ्जन र महलको सुविधाहरू तिमीहरूलाई स्वार्थी व्यक्तिहरूबाट प्राप्त हुने छैन । तसर्थ तिमीहरू एक आपसमा फुटेर होइन जुटेर अगाडि बढ भन्ने मूल सन्देश कवितामा व्यक्त भएको पाइन्छ ।

यसरी कवितालाई हेर्दा कविता दुःखी गरीबहरूप्रति लक्षित भएको पाइन्छ । अगुवा व्यक्तिहरूबाट भएका विभिन्न स्वार्थी कामहरूले गर्दा भोका जनताको खाली भुँडीलाई अझ

खाली गराउने कार्यमात्र भएकाले गर्दा गरीब जनताहरूको भुँडी भर्नुको साटो अझ हरण गरिएकोले गर्दा भूँडी शीर्षक कविता सार्थक रहेको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा तलै वलै, ता ता, घरीघरी थरीथरी जस्ता अन्त्यानुप्रासयुक्त शब्दले कविता सौन्दर्यमय भएको छ । भाषा सरल रहेको पाइन्छ ।

**५.३.२९. वर्णन**

यो कविता स्वागता छन्दमा रचना भएको छ । यस छन्दमा एघार अक्षर रहेका हुन्छन् । सातौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा दश श्लोकहरू रहेका छन् ।

यस कवितामा चन्द्रमाको वर्णन गरिएको छ । चन्द्रमा आकाशमा रहेर सबैलाई मनमोहक आफ्नो रूप प्रदर्शन गरिरहेको हुन्छ । जसको ज्योतिले गर्दा पृथ्वीका दिशाहरू झकमक्क भएर सजिएका हुन्छन् । आफ्ना वरिपरि रहेका ताराहरूले उसलाई पहरा दिइरहेका छन् । चन्द्रमाको प्रकाश शान्त भावको छ । जसको प्रकाशमा शितलता समेत रहेको छ । संसारमा सुख र दुःख सबैसँग रहन्छन् । प्रत्येक जीवको जन्म भई सकेपछि उसले सुख र दुःख एक साथ भोगिरहनु पर्छ । कसैलाई पनि सधै सुख भई रहने वा दुःख भईरहने गर्दैन । जुन कुरा मेरो रूपबाट सिक भनेर चन्द्रमा एक पक्षमा घट्ने र एक पक्षमा बड्ने गर्दछ । फूलका समान सुन्दरता छर्दै आकाशमा रहेर कसैलाई पनि रूपको घमण्ड नगर्न चन्द्रमाले सबैलाई ज्ञान दिएको छ । जसमा शितलता, कोमलता र मधुरता रहेको छ । तर कुनै प्रकारको घमण्डता छैन । सबैको मनलाई चन्द्रमाको रूपले सजिलै खिच्न सक्छ । वरिपरि रहेका ताराहरूले सधै चन्द्रमाको स्वागत गरिरहेको छ । जो आकाशको फूल समान छ । जसलाई ताराहरूले झिमझिम गरी नृत्य गरे समान भान हुन्छ सबैलाई उनीहरूले बोलाई रहेका हुन्छन् । चन्द्रमालाई बीचमा राखेर सबैले एकताको प्रतीक माने समान छ । उनीहरूको रूपलाई हेरेर पृथ्वीको लता वृक्ष र फूलहरू स्वागत गर्दै आफू लज्जित भएका छन् । चन्द्रमाको ज्योतिले अध्यारोलाई चुनौति दिदै उज्यालो गराउँछ । ईश्वर कै समान रूप लिएर रहेको छ । ईश्वर नै चन्द्रमा भएर पृथ्वीका सम्पूर्ण जीवहरूको चालचलनलाई हेर्नका लागि आकाशमा आएर रहने गरेका हुन् कि ईश्वरकै प्रतिनिधि दूत भएर आई यो संसारलाई नियाल्ने गरेका हुन् कि पृथ्वीका जीव जन्तुहरूको पाप धर्मको लेखा जोखा गर्ने ईश्वरका दूत हुन । शुक्लपक्षको रातलाई चन्द्रमाले दिन समान वनाउँछ । जसको कारणले गर्दा अर्काको सम्पत्ति चार्ने चोरहरू चन्द्रामालाई शत्रुको भावले हेर्ने गर्दछन् । अपवित्र व्यक्तिहरूले अरू व्यक्तिहरूलाई पनि अपवित्र नै सम्झन्छन् । त्यसैले गर्दा चोरले सर्वगुण सम्पन्न चन्द्रमालाई पनि रिस गर्ने गर्दछन् । जसरी सर्पलाई दूध दिए पनि उसले बिष नै पठाउछ । त्यसरी नै खराब व्यक्तिलाई कसैले भलो हुने काम गरे पनि दोष नै देख्छ । मूर्ख व्यक्तिको लागि श्रीखण्ड पनि बिड समान हुन्छ । त्यस्तै दोषी व्यक्तिको लागि निर्दोष व्यक्ति पनि दोषी समान हुन्छ ।

यसरी कवितामा चन्द्रमाको पवित्रताप्रति पनि दोष देख्ने मूर्ख व्यक्तिहरूलाई सबै तिर दोष नै दोष देख्छन् । जसले चन्द्रमालाई पनि दोषी देखेका छन् । त्यस्ता दोषी व्यक्तिहरूको संगत गर्दै गएमा निर्दोष व्यक्तिहरू पनि चन्द्रमा जस्तै दोषी हुन पुग्छ भन्दै खरावहरूको संगत नै नगर्ने मूल सन्देश कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अन्त्यानुप्रास मिलेको छ । जसले कविता सौन्दर्यमय भएको छ । भषा सरल रहेको पाइन्छ ।

**५.३.३०. उदेक**

यो कविता स्वागता छन्दमा रचना भएको कविता हो । यस छन्दमा प्रत्येक पाउमा एघार अक्षर रहन्छन् । सातौ अक्षरमा विश्राम हुन्छ । यस कविताको संरचनात्मक पक्ष लामो रहेको छ । यसमा २५ श्लोकहरू रहेका छन् ।

यस कवितामा प्रकृतिमा भएका विभिन्न वस्तुहरूको वर्णन गरे जस्तै हामीलाई दैनिक रूपमा ताप र प्रकाश दिने सूर्यको विभिन्न दृष्टिकोणबाट वर्णन गरिएको पाइन्छ ।

प्रस्तुत कवितामा पृथ्वीमा रहेका कर्म गर्ने प्राणीहरूलाई कर्मको निम्ति सवेरै आएर जागा गराउने सूर्यले आफ्नो नित्य कर्मका रूपमा सबै प्राणीहरू जागा गराएर रक्षा गरिरहेका छन् । सूर्यको किरणसँगै पृथ्वीमा रहेका पंक्षीहरू पनि विहानै उठेर सूर्यको स्वागत गर्दै मिठो गान गाउने गर्दछन् । सृष्टिका देवता ब्रम्हालाई मानिन्छ । सूर्य पनि सृष्टिको देवता जस्तै बनेर विहानै उदाउँछन् । सूर्यबाट पृथ्वीमा रहेका राम्रा नराम्रा सबै चिजहरूलाई समान रूपमा प्रकाश र ताप दिएर सबैको रक्षा गर्दछन् । जसबाट कसै माथि पनि भेदभाव रहदैन । सूर्यको उदय भइसके पछि हामी सबै जना व्यूँझनु पर्छ, उठ्नु पर्छ, रात्रीको अन्धकारलाई सूर्यको किरणले रङ्गी विरङ्गी बनाएर रमाइलो दृश्य हुन्छ । सूर्यको ज्योति आएपछि अन्धकार स्वतह नास हुन्छ । मध्य दिन भएपछि कालदेव शिवको समान सूर्यको पनि ताप बढ्छ । जसले गर्दा सूर्यले प्रलयका देवता रुद्रको रूप धारण गरेको हो कि भन्ने भान हुन्छ । मध्य दिन बितिसकेपछि सृष्टिको पालन गर्ने देवता विष्णुको जस्तो रूप धारण गरी सान्त रूप धारण गर्दै विस्तारै हराएर निशिले उक्त ठाउँ लिन्छ । सूर्य भने आफ्नो ज्योति छर्दै कहाँ जान्छ, रातभर हराउँछ । संसारमा रहेका सबै वस्तुहरूमा समान रूपले दृष्टि लगाउछ र कुनै पनि भेदभाव गर्दैन । सूर्य सबैको रक्षक बनेको छ तर उसको रक्षक कोही देखिदैन । नियम अनुसार उदाउने अस्ताउने गर्छ । सधै ज्योति र ताप दिएता पनि कहिल्यै सिद्धिएको छैन । आफ्नो अनुशासनमा रहेर नियमित रूपमा आफ्नो कर्तव्य पालन गर्दै उदाउने र अस्ताउने गर्दछ । जसले सुख दुःखलाई समान रूपमा मान भन्ने ज्ञान दिएको छ । कसै उपर रिस राग लिएको छैन सबैलाई सम भावले आफ्नो ताप र प्रकाश दिइरहेको छ । ईश्वरले जसरी संसारका सबै प्राणीहरूलाई भेदभाव गर्दैन त्यसैगरी सूर्यले पनि कसैलाई भेदभाव गरेको छैन । यदि रिस राखेर सूर्य नउदाउने हो भने संसारको अवस्था कस्तो हुन्छ । त्यसलाई रोक्ने र दण्ड दिने हामीसँग कुनै उपाय नै छैन । तर उसले आफ्नो नियमलाई कहिल्यै छाडेको छैन । यदि सूर्यले सेखी गरेर ताप बढाउदै जाने हो भने संसार खरानी हुन्छ । त्यसलाई रोक्ने पनि कुनै उपाय छैन । सूर्यमा ताप र प्रकाश रहेको छ । यो सधै एकनासले रहिरहन्छ । संसारमा पाइने मोतीको मूलरूप सूर्य नै हुन सक्छ । विहान बालक समान उदाउँछ दिनमा मस्त जवान भएर आफ्नो ताप र ज्योतिलाई बढाउँछ, साँझमा बृद्ध हुँदै गएर रातभर हराउँछ । तीन देवताको रूप सूर्यमा नै देख्न पाइन्छ । प्रत्यक्ष रूपमा देखिने सूर्य समानको ईश्वर यो पृथ्वीमा कुनै पनि छैन । संसारमा रहेका सबै जीवहरूको आत्मा एउटै रहन्छ । त्यसै गरी सूर्य पन संसारमा एउटा छ । त्यसैले सूर्यलाई ईश्वर मान्न सकिन्छ । सुख, दुःख र मृत्यु प्रत्येक प्राणीसँगै रहन्छ । सूर्य उदाउने र अस्ताउने भएर जुन

कुरालाई प्रष्ट पारेको छ । प्राणीको शरिरमा रहेको ताप पनि सूर्यबाट नै आउँछ । आँखामा रहेको देष्टि पनि उसको शक्ति हो । सूर्यमा एउटा मात्र रङ्ग छ कि धेरै रङ्गहरू छन्, स्वर्गमा रहेको फूल सूर्य नै हो कि यसका काम र रूपलाई हेर्दा यो उदेक या अनोठो रहेको छ । इन्द्रधनुमा विभिन्न रङ्गहरू देखिन्छन् जुन रङ्ग सूर्यको किरणबाट नै बनेका छन् । यदि सूर्यमा रङ्ग हुने हो भने कसरी यति धेरै रङ्ग भए । चित्र गुप्तले सबैको पाप र धर्मलाई हेर्छ । सूर्य नै चित्रगुप्त भएर संसारका सबै जीवलाई हेरिरहेको हो कि जस्तो लाग्छ । सूर्यमा विहान दिउँसो र बेलुका छुट्टा छुट्टै रूपहरू देखिन्छन् । यदि जड भएको भए उही रूपमा रहनु पर्ने कसरी यसको रूपमा परिवर्तन हुन्छ । संसारलाई भ्रमण गर्दै हिड्ने संसारको यात्रा भएको कारणले गर्दा सधै संसारमा आउने र जाने गरेको संसारको एउटा साथी मात्र हो कि यो कसैको अधिकार भित्र छ । संसारमा भएका पाप र धर्मलाई हेर्न आएको धर्मराज हो कि सबै जीवहरूको जन्म र मृत्युको कारण ईश्वर भनेको यही हो । संसारमा सबै प्राणीहरू वन्धन अथवा चक्रभित्र रहेका छन् भन्ने कुराको ज्ञान सूर्यले संसारमा घुमेर दिई रहेको हुन सक्छ । यसका धेरै नामहरू रहेका छन् तर सूर्य भने एउटै छ । पृथ्वीमा रहेको एक मात्र देवता सूर्य हो । सूर्यको दर्शन गर्न छाडेर अन्य तिर्थ गर्न जानु वेकार छ । जसरी बत्तीका नजिकै अन्धकार रहन्छ । त्यसै गरी सूर्यको दर्शन गर्न छोडेर विभिन्न प्रकारका दुःख र कष्ट सहँदै विभिन्न प्रकारका धामहरूको दर्शन गर्न जानु अज्ञानता हो । ईश्वर भनेको भावको वसमा रहन्छ । भाव भएन भने कुनै मन्दिरमा जाँदा यसलाई भेटिने होइन । श्रद्धा र भक्तिका साथ हात जोडेर सूर्यको प्रार्थना गरेमा भक्ति र मुक्ति दुवै दिने सूर्यलाई अब हामी कसरी उदेक नमान्ने भन्ने मूल भाव कवितामा व्यक्त भएको पाइन्छ ।

सूर्य नै संसारका सबै भन्दा ठूला देवता हुन् यिनमा कुनै कुराको कमी छैन । ईश्वर खोज्न अन्यत्र कतै जानु पर्ने छैन । यिनकै भक्ति दर्शन गरे सबै पूरा हुन्छ भन्ने सन्देश कवितामा पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । यसमा उढाई नविराई, रवीले छवीले, एक उदेक, विचार निसार जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले कविता सौन्दर्यमय भएको पाइन्छ । कवितामा प्रयोग भएको भाषा सहज, सरल रहेको पाइन्छ ।

**५.३.३१. हिउँद**

यो कविता स्वागता छन्दमा रचना भएको छ । यस कवितामा एघार श्लोकहरू रहेका छन् ।

यस कवितामा गर्मी समय सिदिएपछि विस्तारै जाडोले आफ्नो प्रभाव बढाउँछ । यस कवितामा यस्तै समयको वर्णन गरिएको छ । हिउँदको समय जाडो बढेको कारणले भूमिबाट गर्मी हराउन थाल्छ । सबैतिर चिसोले आफ्नो प्रभाव फैलाउन थाल्छ, हिउँदको समयमा आकाशबाट पानी पर्ने क्रम एकदमै कम भएर जान्छ । जसको कारणले गर्दा खोला नालाहरूमा भएको धमिलो पन हराएर सफा बन्न थाल्छ । रातभर परेको शित घाँसमा विहान सूर्यको किरण पाएपछि मोती जस्तै टलकिदै विस्तारै हराएर जान्छ । जाडो समयमा सधै यस्तो प्रक्रिया चलिरहन्छ । जाडोको समय शुरु हुना साथ हाम्रा चाड पर्वहरू पनि सँगसँगै आउँछन् । हाम्रो खेतीपातीको काम पनि सकिदै गएको हुन्छ । मानिसहरूको मनलाई

चाडपर्वहरूले खिचेर आफ्नो प्रभाव जमाउँदछन् । आफन्त र मान्यजनहरूको सम्झना आउन थाल्छ । किसानहरूले आफूले गरेको परिश्रमको फल अन्नबालीहरू आफ्नो घरमा थन्काइ सक्छन् । भोक र दुःखको पिर समाप्त हुन्छ । आफ्नो परिश्रमको फल खाएर रमाइरहेका हुन्छन् । शितको प्रभाव बढेको कारणले गर्दा हावा चिसो भएर काण समान भएको हुन्छ । वसन्त ऋतुमा खुशी भएर आफ्नो गाना गाउँदै निस्केका पंक्षीहरू विस्तारै हराउँदै जान थाल्छन् । विहानै सुनिने चरीका गानाहरू जाडा कै कारणले रोकिएका छन् । सूर्य आउने र छिट्टै हराउने कारणले रात लामो भएको छ । विहान हिउँ तुसारोका कारणले चारै तर्फ सेतो दृश्य देखिएको वृद्ध मानिसको केस फुलेको जस्तो देखिन्छ । अघि वसन्त ऋतुबाट खुशी हुदै निस्केका जन्तु किराहरू जाडोको कारणले डराएर सबै लुक्न पुगेका छन् । वादल पनि पानीलाई लिएर भागेको छ । सँगसँगै मेघ र विजुली पन हराएका छन् । मानिसहरू अन्नबाली थन्काएर सम्पन्न जस्त भएका छन् । सबै तिर सूर्यको ताप घटेको छ । खेतबारीमा गर्ने श्रम पनि कम भएका छन् । जताततै चिसो बढेको छ । पंक्षीका प्वाँख झै हिउँ उड्दै झरेको छ । जसको कारणले गर्दा पृथ्वीमा रहेको तापलाई समेत चुनौती दिइरहेको छ । यसरी कविताले हिउँदको सुन्दर रूपमा वर्णन गर्दै मानिसमा आएको आनन्दको सञ्चार र शीतलता पूर्ण अवस्थाको मर्म स्पर्शी वर्णन गर्नु कविताको मूल भाव रहेको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कवितामा अनुप्रास मिलेको पाईन्छ । कवितामा प्रयोग भएको भाषा सहज सरल र वोधगाम्य रहेको पाइन्छ ।

### ५.३.३२. निःसार

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षरहरू हुन्छन् । छैटौ अक्षरमा विश्राम हुन्छ । यस कवितामा दश श्लोकहरू रहेका छन् ।

यस कवितामा हाम्रा पुर्खाहरूले वीरता साथ लडेर शत्रुलाई जिती इतिहासमा नाम कमाएका थिए । जसको कारणले गर्दा अहिलेसम्म हामी वीर नेपाली भनेर आफ्नो शीर ठाडो पार्न पाइरहेका छौ । तर तिनै वीर पुर्खाहरूका सन्ततिका रूपमा रहेका हामी नाति पनातीहरू एक आपसमा लडाई गरेर फुटको कारणले नसा हुन लागि रहेका छौ । यहाँ शत्रुसँग होइन आफ्नै दाजुभाइसँग लडाई गरेर नाश हुनु निःसार मात्र हो । यसको कुनै सार छैन । त्यसैले कविताको शीर्षक सार्थक रहेको छ ।

हाम्रा पुर्खाहरूले शत्रुलाई बसमा पारेर बीर भन्ने नाम कमाए तर आज हामी उनैका नाति पनातिहरू एक आपसमा लडाई गरेर यदुकुल जस्तो समाप्त हुन लागि रहेका छौ । यहाँ अहिले कुनै शत्रु आएर लडेको छैन । हामी नेपाली दाजुभाइ नै एक आपसमा लडेका छौ । जसको कारणले कुनै वीरता हुदैन । बरु हाम्रो दुर्नाम फैलने छ । अहिले यहाँ सबैले देखेका जीतहरू सपना मात्र हुन । किन भने यहाँ आफन्तको लडाई छ । यो लडाईको कारणले पछि गएर एक दिन हामी सबैको आँसु झर्नेछ त्यसबेला हाम्रो कोही पनि साहारा हुने छैन । तसर्थ हामीले अहिले लिइरहेका सबै हतियारहरू बिसाउनु पर्छ । लडाई र ईर्ष्या गरेर आफ्ना दाजु भाइहरूलाई मार्नु हुँदैन किनभने अन्त्यमा गएर हामीले मिल्नु नै पर्ने छ । ठूलो नोक्सानी भएपछि मिल्नु भन्दा अहिले नै हामीले भविष्यलाई बुझेर मिल्नुपर्छ । बाँच र

बचाउ भन्ने हामी नेपालीको पवित्र भावनालाई अहिले नै सम्झनु पर्छ । यस तर्फ सोच नराखेमा हामी नेपालीलाई नै ठूलो धोका हुनेछ । अहिले हामी दाजु भाईबीचमा नै बिना कारणले झगडा भइरहेको छ । दिदी बहिनीहरू पनि हाम्रो नेपाल देश कै लागि भिडिरहेका छन् यो लडाईले गर्दा शत्रुहरू रमाएका छन् । जसले गर्दा हामीले अघि कमाएको गौरव र निशानीहरू पनि गुम्ने डर भएको छ । हामी एक आपसमा अबुझ भएका कराणले गर्दा दाजु भाईहरू, शत्रु बनिरहेका छौ । एक आपसमा हिम्सा गरी रहेका छौ । यहाँ आज जतातत्तै शान्तिको मात्र माग भई रहेको छ । अवुझको कारणले गर्दा अशान्ति मच्चिएको छ । हामी सबै मिलेर शान्तिको दीप जगाउनु पर्छ । अर्कालाई दुःख पीर दिएर कुनै प्रकारको सुख र आनन्द आउदैन । जतातत्तै शान्तिको भाग माग हुँदाहुँदै पनि कसैको काँधमा चडेर अर्काको स्वार्थको निम्ति हामी एक आपसमा लडाई गरी रहेका छौ । कसैद्वारा अत्यचार भयो भन्ने वहानमा गाउँ घरका सोझा साझा माथि आक्रमण र पीडा भइरहको छ । यो हुनु राम्रो होइन । यस्तो पिशाची कार्य हो । यो बुद्धको देशमा किन बुद्धका उपदेशलाई बिर्सन्छौ । जहाँको लक्ष्य हो त्यहाँ कुनै प्रकोका प्रभाव परेको छैन । सोझा, सिधा, गरीब जनता माथि आक्रमण, पीडा र हिम्सा फैलिएको छ । यो निःसार शिवाय केही होइन ।

यसरी यस कवितामा दुःखी गरीबको नाममा हुने लडाई, झगडाले ठूला ठालुमा असर नपरी तिनै दुःखी गरीबहरूमा अझ पीडा थपिदिएको मारलाई यस कविताले निःसारको लडाई नगर्नका लागि सचेत गराउनु नै यस कविताको मूलभाव रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । कवितामा अन्त्यानुप्रासको सफलरूपमा प्रयो भएको पाइन्छ । यसमा मौका धोका, आई भाई, भाइ भिडाइ, जाँहा याहाँ, सार निसार जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग भएको छ । भाषा सरल रहेको छ ।

### ५.३.३३. रमिता

यो कविता तोटक छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षर रहेका हुन्छन् । छैटौं अक्षरमा विश्राम रहेको छ । यस कविता पन्ध्र श्लोकमा संरचित छ ।

यस कवितामा एउटा भूमि भएर पनि धेरै प्रकारका शक्तिहरू र चीजहरू रहेकामा आश्चार्य प्रकट गरिएको छ । एउटै भूमिमा विभिन्न प्रकारका ठाउँहरू, बोटविरुवाहरू, औषधीहरू, विषहरू, स्वादहरू दिनसक्ने क्षमता देख्दा सबै तर्फ रमिता भएको छ । त्यसैले कविताको शीर्षक 'रमिता' पनि सार्थक रहेको छ ।

यो एउटै पृथ्वी भएर पनि यसमा भएका कुराहरू वुझ्नलाई अत्यन्त कठिन छ । कहीँ अग्लो हिमाल लेक रहेको कहीँ समतल भएर आश्चर्य रूपमा रहेको छ । कहीँ होचा, अग्ला पहाडले सजिएको छ । कहीँ नरम र कहीँ कडा भएर रहेको छ कहि मनै छुने जंगलहरू छन् जहाँको दृश्य हेरेर हामी आनन्दित हुन सक्छौ । कहीँ हिउँले भरिएर अत्यन्तै चिसो ठाउँ रहेको छ । कतै धेरै ताप भएर मरुभूमि वनेको छ यही भूमिमा रहेका कुनै वृक्षले अमिलो फल बाँडिरहेका छन् । संसारका सबै जीवहरू यही भूमि माथि रहेका छन् र सबैलाई भूमिले नै धारण गरी रहेको छ,यसको बल अतुलनीय छ । यही भूमिमा रहेका ऊखुमा गुलियो रस भरिन्छ । एउटै भूमिमा विभिन्न स्वाद दिने फलफूलहरू रहेका छन् । नुलिलो स्वाद भएका नुन र समुद्रहरू पनि यही भूमिमा रहेका छन् । सबैको मयललाई धोएर सफा पार्ने पानी पनि यही भूमिमा रहेको छ । मानिसको मनलाई खिच्न सक्ने सुन्दर ठाउँहरू पनि यही

भूमिमा रहेका छन् । हेर्दामा नै वैराग्य हुने नराम्रा ठाउँ पनि यही रहेका छन् । सबैतिर वालुवा नै वालुवाले भरिएका ठाउँहरू पनि एउटै भूमिमा रहेका छन् । संसारमा रहेका सबै जीवहरूको जननीको रूपमा यही भूमिमा नै रहेको छ । विषको जननी पनि यही नै हो । विषका औषधीको जननी पनि उही हो । अब यसलाई कसरी चिन्ने । सबै किसिमका खनिज पदार्थ यही भूमिमा रहेका छन् । मणि जस्ता बहुमुल्य चीजहरू पन यही भूमिमा छन् । विभिन्न प्रकारका किट्पतंग, जीवजन्तुहरू यही भूमिमा रहेका छन् । सबै माथि भूमिको समान दृष्टि रहेको छ । कसैमा भेदभाव छैन । संसारमा रहेका सबै चीजहरू भूमिमा नै छन् । सबैबाट परेको पिर मार्का भूमिले नै सहेको छ । हामीले विचार गरेर हेर्दा ईश्वरको विश्व रूप यही भूमिमा रहेको छ । यो भूमिमा रहेका सबै कुरालाई हेर्दा चारै तर्फ रमितै रमिता मात्र छ । जस्तो कर्म गऱ्यो त्यस्तै फल दिन तयार छ । गुलियो फल रोप्नेको गुलियो खान पाएका छन् । अमिलो फल रोप्नेले अमिलो खान पाएका छन् । कर्म गरे अनुसारको फल दिनेलाई ईश्वर कसरी नभन्ने । प्राणीहरूको यही भूमिका जन्म हुन्छ । पालनपोषण हुन्छ, त्यसपछि मृत्यु भएर भूमिमा नै मिल्न पुग्छन् । हाम्रा शास्त्रहरूमा वर्णन भएका सृष्टि,स्थिति र प्रलयको तिनै रूप भूमिमा नै रहेको छ । विभिन्न प्रकारका रङ्गी विरङ्गी चीजहरू पनि भूमिमा नै रहेका छन् । यहाँ भएका विभिन्न कुराहरूलाई हेर्दा एउटा मानिसले अन्दाज नै गर्न नसक्ने सबै तर्फ रमितै रमिता देखिन्छन् । तसर्थ भूमिलाई ईश्वरको रूप मानी यसको पुजा गर्नु होम्रो लागि अनुपयुक्त कुरा होइन भन्ने भाव मूलक सन्देश यस कवितामा व्यक्त भएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अनुप्रास मिलेको छ । भाषा सरल रहेको छ ।

**५.३.३४. खै के जिन्दगी**

यो कविता पञ्चचामर छन्दमा रचना भएको छ । यस कवितामा प्रत्येक पाउमा सोह्र अक्षरहरू रहेका छन् । आठौं अक्षरमा विश्राम रहेका छन् ।

यस कवितामा दृष्टिविहिन अपाङ्गहरूको मनोदशालाई चित्रण गर्न खोजिएको छ । दृष्टिविहिन भएको कारणले उनीहरूमा रहेको समस्या माथि हाम्रो समाजमा रहेको रुढिवादी र अन्धविश्वासको कारणले उनीहरूका समस्यामा अझै समस्या थपिने र जिन्दगी नै भार हुने कुरालाई कवितामा व्यक्त गरिएको छ । यस कवितामा मानिस धनले गरीब हुँदैन तर उसमा रहेको कुनै पनि अङ्गको अपूर्णताले गर्दा ऊ गरीव हुन्छ भन्ने कुरा प्रष्ट पारिएको छ । यही नै यस कविताको भाव पक्ष हो ।

यसरी कवितामा एउटा अपाङ्ग व्यक्ति आफ्नो अङ्गको कमीको कारणले आफूलाई गरीव सम्झन्छ र आफ्नो जिन्दगीलौ नै भार ठान्न पुग्छ । आफ्नो दृष्टि नभएको कारणले ऊ सधै अन्धकार भित्र रहन वाध्य हुन्छ । त्यसमाथि दृष्टि भएर पनि ज्ञानको दृष्टि नभएका दृष्टिविहिनहरूबाट रुढीवादी र अन्धविश्वासका विभिन्न व्यवहार र वातले गर्दा अझ धेरै कष्ट हुन पुग्छ । विभिन्न प्रकारका अन्धविश्वास र रुढीवादी परम्पराका कारणले अज्ञानी व्यक्तिहरूबाट गरिने व्यवहारले गर्दा अपाङ्ग व्यक्तिहरूमा विभिन्न प्रकारका तापहरू बढाउने र उनीहरूको प्रगतिलाई तगारो हाल्ने काम गरी रहेका हुन्छन् । जसको कारणले गर्दा यस संसारमा जीउनु उनीहरूका लागि बोझ हुन्छ । उनीहरूको जीवन दुईवटा नाउमा खुट्टा राखे

समान हुन्छ । जीउँदा पनि समस्या मृत्युका लागि पनि समस्या यस्तो अवस्थामा रुढिवादी चिन्तनलाई छाडेर उनीहरूलाई आत्माविश्वास र सहयोग गर्ने कि अझै अन्धविश्वास र रुढिवादीमा रहेर अरू समस्या थपिदिने । नियतिका कारण अघि नै आफ्नो देख्ने शक्तिमा समस्या भई रुढिवादीका कराणले सोही घाउलाई दुःखाउने काम भएको छ । जसले गर्दा गरीव माथि अझ गरीव बनाइरहेको छ । मित्र भएर आत्मा विश्वास र अवसरको सृजना गरी सहयोग नगरेमा मृत्यु समान भएर जिउन वाध्य हुनुपर्नेछ । बाँच्नको लागि सबैले सघर्ष गर्नुपर्दछ र अपाङ्ग व्यक्तिहरूले पनि बाँच्नको लागि आशा र संघर्ष गर्दछन् तर अरू व्यक्तिबाट हुने नैराश्यपूर्ण व्यवहार र वाणीहरूले गर्दा उनीहरू पछि परिरहेको हुन्छन् । तर यो कुरालाई मानिसहरूले विचार गरेका हुँदैनन् । आफ्नो अङ्गको कमीका कारणले उनीहरूले आफूलाई संसारमा एक्लो सम्झिरहेको हुन्छन् । अरू व्यक्तिहरूबाट घृणा र अपमान भएमा उनीहरू अझ एक्लिन सक्छन् तसर्थ उनीहरूप्रति सद्भाव राखी सहयोग गर्नुपर्छ । उनीहरूका पनि राम्रा राम्रा सोच विचार हुन्छन् । तिनको समाज र राष्ट्रले कदर गर्नुपर्छ । लुइब्रेल जसले ब्रेल लिपिको आविष्कार गरे उनी दृष्टिविहिन थिए । त्यस्तै हेलेन केलर जो दृष्टिविहिन मात्र होइन वहिरा समेत भएर पनि आफ्नो वहुअपाङ्गतालाई चुनौति दिदै समाजसेवी भन्ने नाम चलाइन । यस्ता व्यक्तिहरूको जीवनीबाट आफ्नो अपाङ्गप्रतीको दृष्टिकोणमा परिवर्तन गर्नुपर्दछ । अपाङ्गता भएको व्यक्तिहरूको सकारात्मक सोच र राम्रा कामहरूलाई अरूले साथ नदिने हो भने खुदोबाट उखु बनाउन सकिदैन ।

अपाङ्ग व्यक्तिहरूमा रहेका मनोभावलाई अन्य व्यक्तिहरूले नबुझिदिँदा उनीहरूमा नरमाइलो हुनुका साथै विद्राही भावनाको सृजना हुन्छ । जसको कारणले गर्दा उनीहरूको प्रगति रोकिन पुग्छ । उनीहरू आफ्नो कर्म र नियतिलाई दोष दिन पग्दछन् जसले गर्दा उनीहरू आफु मात्र बोझ नभएर परिवार र समाजका बोझ हुन पुग्छन् । उनीहरूले अरू व्यक्तिलाई मात्र नभएर ईश्वरलाई समेत दोष दिन पुग्छन् । संसारमा भएका राम्रा नराम्रा सम्पूर्ण कुराहरू ईश्वरकै सृष्टि हुन् । साङ्ग व्यक्तिहरू पनि विभिन्न कारणले गर्दा कुनै वेला अपाङ्ग हुन पुग्दछन् । तसर्थ अपाङ्गता हुनु ईश्वरको दोष वा दण्ड होइन । अपाङ्ग व्यक्तिहरूले आफूमा भएका पिडा र समस्यालाई सहजै व्यक्त गर्न चाँहदैनन् र सक्दैनन् । उनीहरूका नजिकका व्यक्तिहरूलाई समस्याहरू वताउँदा पीडा होला भन्ने उनीहरूको मनोभाव रहन्छ भने अन्य व्यक्तिहरूलाई सुनाउँदा वा सुन्दा उनीहरूबाट घृणा वा दिल्लखी हुने डर रहन्छ । तसर्थ उनीहरूको मनोभाव र समस्यालाई बुझ्न सहज वातावरण र मित्रताको आवश्यकता पर्दछ । उनीहरूमा सहयोग र मित्रताको आशा रहन्छ । सहयोग र मित्रता रहेमा उनीहरको मनोभावनामा परिवर्तन भई अगाडि बढ्नमा सहयोग पुग्दछ । उनीहरूका समस्या नबुझिएमा उनीहरू मृत्युको पर्खाइमा रहनु पर्ने स्थिति सृजना हुन्छ । कसैबाट सहयोग पाएनन् भने उनीहरू दैवको गतिलाई सम्झेर दुःखी जीवन बिताउन वाध्य हुन्छन् । तसर्थ उनीहरूका समस्यालाई बुझी रुढिवादी र अन्धविश्वासको अन्त्य गर्दै सहयोग र सद्भावका साथ आत्माविश्वासको शिक्षा दिदै अगाडि बढ्नको लागि सहयोग गरिदिन यस कविताले सबैलाई सचेत गराएको छ । यही नै यस कविताको भाव मुलक रूपमा रहेको सन्देश पनि हो ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । यस कवितामा अन्त्यानुप्रास मिलेको देखिन्छ । भाषा सहज सरल रहेको  पाइन्छ ।

**५.३.३५. नवसन्देश**

यो कविता स्वागता छन्दमा रचना भएको छ । यस कविताको संरचना पाँच श्लोकमा पूर्ण भएको पाइन्छ । यस कवितामा द्वन्द्वकालमा जतातत्तै लडाइ र झगडा भएकोले चारै तर्फ अशान्ति भइरहेको अवस्थामा नयाँ वर्ष आउँदा नयाँ वर्षसँगै शान्ति पनि आओस भन्ने कमना गर्दै यस कविताको शीर्षक नवसन्देश राखिएको छ । त्यसैले कविताको शीर्षक पनि सार्थक रहेको छ ।

यस कवितामा चैत्र महिनाको उजाडता सकिएर वैशाख शुरु भएको र नववर्ष लागेकोमा देशमा शान्ति सुव्यवस्था कायम हुने आशा व्यक्त गरिएको छ । विरुवाहरूमा नयाँ पालुवाहरू पलाउन थालेका छन् । पंक्षीहरू मिठा गाना सुनाउन थालिसकेका  छन् । अब नयाँ वर्षसँगै देशमा शान्ति आउने सबै मानिसहरूमा आशा बढेको छ । नयाँ वर्षसँगै सबैतिर युद्ध झगडा रोकी शान्ति बढ्दै जाने छ । दाजु भाईहरू पनि एक आपसमा मित्रता गरी खुशी रहने छन् । नव वर्षसँगै सबैमा मित्रता र एकता बढ्ने छ । सबैको ईश्वरसँग पनि यही पुकार रहेको छ । शान्ति प्राप्त भएर देशको मुहार फेरिने छ । सबै जना एक हुने छन् र देशको उन्नती हुनेछ । सबै जनाले शान्तिको कामना गर्दै हात जोडेर ईश्वरको प्रार्थना गरिरहेका छन् । सबैको एकमात्र चाहाना शान्ति रहेको छ । ईश्वरबाट सद्वुद्धि प्राप्त भई सबै शान्तिका मार्ग लाग्ने  छन् । नववर्षसँगै सबै जनाले यही कामना गरिरहेका छन् । नव वर्षले सबैमा शान्ति आउने आशा दिइरहेका छ । देश भक्ति गर्दै सबै जना मिलेर देशको उन्नतिमा लागौं । हामी सबैलार्य ईश्वरले यही चाहना पूरा गरी दिउन र देशको भविष्य उज्वल होस् भन्ने कामना गर्दै यस कविताले शान्तिको पक्षमा सबैलाई लाग्न अनुरोध गर्दै आफ्नो मूल सन्देश दिएको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । आए गए, आयो छायो, पुकार मुहार जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिसकेको छ । भाषाशैली सरल, सहज रहेको छ ।

**५.३.३६. बाण**

यो कविता दुता छन्दमा रचना गरिएको छ । यसमा एक पाउमा दश अक्षरहरू रहेका हुन्छन् । यसमा पाचैं अक्षरमा विश्राम रहेको हुन्छ । यस कविता पाँच श्लोकमा रचना भएको छोटो कविता हो ।

यस कवितामा मानिस राम्रो भएता पनि उसले बोल्ने बाणीको कारणले गर्दा ऊ संसारमा अप्रिय हुन पुग्छ । कतिपय स्थानमा मानिसले बोलेका कुराहरू अर्काको मनमा गएर बाणको रूपमा रहिरन्छ । जसको का।णले गर्दा ठूलाठूला झगडाहरू हुने र मारकाट र हिम्सा समेत हुने गर्दछ । तसर्थ मानिसले आफ्नो बोलि र बचनलाई सुधारी अर्कालाई बाण हान्ने काम नगर्नु भन्ने सन्देश यस कविताले दिएको छ ।

यस कवितामा मानिसले बोलेको साधारण बोली पनि कतिपय अवस्थामा वाण हुन पुग्छ भने दुष्ट मानिसले सधै बाग बाण गरिरहन्छन् । जसको फलस्वरूप ती बाग बाणहरू अर्काको हृदयमा सधैं व्यस्त रहेका हुन्छन् र त्यस्ता व्यक्तिहरूले चारै तर्फ सधै शत्रु नै बढाई

रहेका हुन्छन् । दुष्ट बोली बचन मृत्यु भन्दा पनि जटिल हुन्छ । मृत्युको कष्ट क्षण भरमात्र रहन्छ तर दुष्ट व्यक्तिले बोलेका वचनहरू तीरको रूपमा हृदयमा गाडिएर जन्म भर रहन्छन् । दुष्ट व्यक्तिका वाणीहरू मनमा विजेपछि तिनीहरूले सधै पोलिरहन्छन् । त्यसको कुनै विचार नगरी मूर्ख व्यक्तिहरूले सधै दुष्ट वाणी नै गरिरहन्छन् । जुन मन्दविषको रूपमा जीवन भर रहिरहन्छ । घाउ लागेमा जुन ठाउँमा छ सोही ठाउँमा मात्र दुख्दछ तर वाणरूपी दुष्ट वाणी मानिसको हृदयमा बिजेपछि त्यसले सबै शरीरलाई पीडा दिन्छ । दुष्ट वाणीले बोल्ने र सन्ने दुबैलाई हानी पुऱ्याउँदछ । यसमा कुनै मिठास हुँदैन जसको कारणले ठूलाठूला अप्रिय घटना पनि घट्न सक्छन् । तसर्थ आफ्नो जीवनलाई मणि समान बनाउन चाहनेले कहिले पनि दुष्ट वाणी गर्नु हुँदैन भन्ने भाव कवितामा व्यक्त भएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसमा अन्त्यानुप्रास मिलेको पाइन्छ । भाषा सरल रहेको छ ।

**५.३.३७. चोट**

यो कविता भुजङ्गप्रयात छन्दमा रचना गरिएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षर रहेको हुन्छन् । छैटौ अक्षरमा विश्राम रहन्छ । यस कवितामा बाह्र श्लोकहरू रहेका छन् ।

यस कवितामा अपाङ्ग व्यक्तिहरूमा सबैको सहयोगको आवश्यकता पर्दछ, अरूबाट घृणा र वेवास्ता गरिएमा उनीहरूको दयनीय स्थिति हुन्छ । तसर्थ सबैले उनीहरूप्रति सकारात्मक दृष्टि राखी सहयोग गर्नुपर्छ भन्ने कविताको मूल भाव रहेको छ ।

यस कविताका श्लोकहरूमा विभिन्न कारणले गर्दा शरीरको कुनै एक अङ्ग नभएको कारणले उनीहरूमा कमीको महसुश हुन्छ । त्यसमाथि अरू व्यक्तिहरूबाट दुष्ट बोलीबचन र अप्रिय कार्य भएमा त्यसले उनीहरूको प्रगति र उन्नतिमा बाधा पुऱ्याउँछ । उनीहरूको अपाङ्गताले मनोवललाई कमजोर बनाएको हुन्छ । अरूबाट सहयोग पाएमा उनीहरूको मनोवल बढ्न गई अन्य व्यक्ति सरह जीवनयपान गर्न सक्छन् । अपाङ्गहरूमा रहेका पीडा र दुःखलाई अप्रिय वाणी र कार्यले घाउ थप्ने काम कसैले पनि नगर्नु बरु उनीहरूलाई विभिन्न किसिमका सकारात्मक अवसररु दिएर उनीहरूको घाउमा मलम लगाई निको पार्ने प्रयास गर्नुपर्छ । उनीहरूलाई अपाङ्गताको आधारमा बुझेर काम लगाउन सके उनीहरू स्वावलम्बन भई आफ्नो र अरूका लागि समेत काम गर्न सक्छन् । तर उनीहरूको वेवास्ता गरेमा मृत्यु तुल्य भएर बाँच्न बाध्य हुन्छन् । अपाङ्गताहरूप्रति रहेको अन्धविश्वास र रुढिवादी विचारले उनीहरूलाई सधैं पनि पारिरहेको छ । अपाङ्गताका लागि बनिएका नीति नियमले पनि आशा ामत्र देखएका छन् । जसको कारणले गर्दा उनीहरूको जीन्दगी मरुभूमिको बालुवा समान भएको छ । उनीहरूका आशालाई निराशा बनाई दिएमा जसरी कोपिला टिप्दा फल फल्न पाउदैन त्यसैगरी उनीहरको प्रगति रोकिन्छ । रुढिबादी र अन्धविश्वासले गर्दा अपाङ्गताहरूमा फूल्न लागेको फूलहरको कोपिला टिपिदैछन् । अपाङ्गताहरूलाई मागी खाने भिखारीको रूपमा जुन सोच बनाइएको छ त्यसलाई सबैले परिवर्तन गर्नुपर्छ । उनीहरूलाई औसरको भिख दिएमा उनीहरू स्वावलम्बी भई खुशी साथ ज्युँन सक्छन् । यसै विषयमा मात्र धेरै बोलिसकियो तर कसैले सुनेको छैन । अब सुन्नको लागि कविताले सचेत गराउदै आफ्नो भाव व्यक्त गरेको छ । यही नै कविताको मूलभाव हो ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अनुप्रास मिलाइएको छ । भाषा सहज सरल रहेको छ ।

**५.३.३८. दोष**

यो कविता स्वागता र पञ्चचामर छन्दमा रचना भएको कविता हो । यस कवितामा स्वागता छन्दका सात श्लोक र पञ्चचामर छन्दका पाँच श्लोक गरी जम्मा बाह्र श्लोकमा संरचित कविता हो ।

यस कवितामा आफ्नो जन्मभूमिप्रति माया र प्रेम दर्शाइएको छ । हाम्रा पूर्खाहरूले परतन्त्र हुँदा हुने पीडालाई बुझेर आफ्नो राष्ट्रको लागि तन, मन र धन सबै अर्पण गरेका छन् जनु कुरालाई हामीले भुल्नु हुदैन । आफूसँग भएको कुराको खासै मूल्य हुदैन तर त्यही कुरा अर्काको हातमा गएपछि अथवा खोसिए पछि त्यसको मूल्य थाहा हुन्छ । जुन कुरालाई परतन्त्र विष बनेर रहन्छ भन्ने कुरा कविताले सचेत गराएको छ । यही मातृभूमिमा प्रकृतिले सबै कुराहरू तयार गरी दिएको छ जसलाई बुझ्न नसकेर हामी गरीब सम्झीरहेका छौ । सबै किसिमका वन जङ्गलहरू, फलफूलहरू, ओखतीहरू हाम्रो मातृभूमिमा नै पाइन्छ सबैको तिर्खा मेटाउने जल पनि यही मातृभूमिमा रहेको छ । विभिन्न प्रकारका फूलहरू फूलेर सौन्दर्यता दिइरहेका छन् साथै यही भूमिमा अग्ला, होचा, समतल, लेक बेसीहरू सबै रहेका छन् । हामीलाई जुन ठाउँ मन परेपछि यही भूमिमा नै रहेका छन् भने हामी कसरी गरीब हुन सक्छौ । चिसो, तातो, ढिक्कको सबै किसिमको वातावरण हाम्रै भुमिमा रहेको छ जुन सुकै किसिमको कर्म गर्नका लागि पनि हाम्रो भूमि उपयुक्त रहेको । यी सबै कुरा हुँदा हुदै पनि नजानेर अथवा भूलको कारणले गर्दा वा मनमा डर भएको कारणले तिमीले आफूलाई गरीब सम्झीरहेका छौ । तिम्रा सबै अङ्गहरू तयार छन् र आफ्ना पाखुरी पनि बलिया छन् । सबै कुराहरू भूमिमा प्राप्त छन् तर तिमीभित्र रहेको एउटै अल्छीपन नै दोषको रूपमा रहेको यसले नै सबैतर्फ उदेक गराएको छ ।

यसै कवितामा सातौ श्लोक पछि छन्द परिवर्तन गरी पञ्चचामर छन्दमा बाँकी पाँच श्लोकहरूमा तिमी भित्रको अल्छी र अज्ञानताको कारणले गर्दा विभिन्न किसिमका दुःख र अभावहरू आइरहेका छन् । सेतो रङ्गको हिमालले शान्ति र हाम्रो सर्वोच्चताको प्रतिनिधित्व गरिरहेको छ । हरियाली वनले सबैतर्फ खुशी छरिरहेको छ । विहानको सूर्यको किरणले सबै तर्फ सुन जस्तो छर्लङ्ग छरिरहेको छ । सदावहार वृक्षहरूले सधै रमणीय बनाइरहेका छन् । विभिन्न प्रकारका पंक्षीहरूले सबैलाई खुशी गराइरहेका छन् । हाम्रो भूमिमा प्यास मेटाउनका लागि प्रसस्तै नदिहरू रहेका छन् । ठूला-ठूला टारहरूले आफ्नो छाती फराक बनाउनका लागि सन्देश दिइरहेका छन् । ठूला-ठूला ताल पोखरीहरूले जमेर दया गरिरहेका छन् । श्रम गरेमा यहाँ नपाइने कुरा केही छैन ईश्वरले यहाँ सबै कुरा पूर्ण गराई दिएका छन् । यहाँ श्रमको मात्र अभाव रहेको छ । विदेशमा गएर गर्ने श्रम आफ्नै देशमा गर्न सके चाडै देशको उन्नति हुन्छ । अज्ञानता र अल्छी दोषको रूपमा रहेर पछि पार्ने काम गरिएको छ भन्ने मूल भाव कवितामा व्यक्त भएको पाइन्छ ।

**५.३.२९. अधिकार**

यो कविता स्वागता छन्दमा रचना भएको छ । यस छन्दमा एघार अक्षर रहेका हुन्छन् । सातौ अक्षरमा विश्राम रहेको हुन्छ । यो कविताको संरचन अन्य कविताका

तुलनामा निकै लामो रहेको छ । यसमा जम्मा पैतीस श्लोकमा संरचना भएको लामो कविताको रूपमा रहेको छ ।

यस कवितामा पशुपंक्षीको अधिकारको लागि वकालत गरेको अभिधा मूलक भाव कवितामा रहेको देखिन्छ भने अर्का तर्फ व्यङ्ग्यात्मक रूपमा टाठा बाठा र नेताहरूले सबै साधारण जनतालाई पशुको रूपमा राखेर आफ्नो स्वार्थ पूरा गरेको भाव कविताम व्यक्त भएको पाइन्छ ।

यस कवितामा पशुहरूले बोल्न र सङ्गठित हुन नसकेको कारणले गर्दा आफ्ना सबै अधिकारहरू गुमाएका छन् । तिनीहरूबाट मानिसले सबै किसिमका स्वार्थहरू पूरा गर्छन । विभिन्न प्रकारका कष्टहरू पनि दिने गर्दछन् । तिनीहरूको भोक, प्यास, दुःख, दर्द कुनै कुराहरूको पनि पहिचान हुँदैन । उनीहरूको लागि कुनै किसिमका अदालतहरू पन छैनन् उनीहरूलाई न्याय दिने कुनै किसिमका न्याय कमी, अधिकारवादीहरूको व्यवस्था भएको छैन । जसको कारणले गर्दा पशुपंक्षीहरू माथि विभिन्न व्यक्तिहरूले अन्याय र अत्यचार गरिरहेका छन् । मानिसहरू आफ्नो अधिकार र सुविधाका लागि विभिन्न प्रकारका आन्दोलनहरूद्वारा आफ्नो अधिकार खोजी रहेका छन् तर विचरा पशुहरूको वोल्ने सामर्थ्य छैन र सङ्गठित हुन सक्दैनन् । जसको कारणले गर्दा पशुपंक्षीहरू सधै थिचो मिचो र अत्यचार सहन वाध्य छन् । यदि मानिसमा मानवता भएमा उनीहरूको अधिकारप्रति सचेत रहनु पर्छ । पशुहरूको अधिकारको लागि छुट्टै अदालतको व्यवस्था गरिनु पर्छ । उनीहरूलाई विनाकारण दुःख दिनु हुदैन । यदि मासु खाइन्छ भने पनि उनीहरूलाई कष्ट नदिई विभिन्न प्रकारका प्रहारहरूलाई रोकेर एकै पटकमा उनीहरूको हत्या गरेर मासु खाने व्यवस्था गरिनु पर्छ । व्यर्थैमा दिइने कष्टलाई अन्त्य गरिनु पर्छ । बृद्ध पशुपंक्षीमाथि भै रहेको अनावश्यक पिडालाई अन्त्य गरिनु पर्छ । बोल्न नसक्ने र आफ्नो अधिकार खोज्न नसक्नेहरूलाई पनि संरक्षण गरिनुपर्छ । आफ्नो स्वार्थको लागि मात्र काम गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सबैलाई अधिकार दिनको लागि सोझा सिधा  पशुपंक्षीको अधिकारलाई समेत संरक्षण गरी सबैलाई अधिकार दिइनु पर्छ भन्ने मूल सन्देश कवितामा व्यक्त भएको छ । त्यसैले कविताको शीर्षक पनि अधिकार राखेर शीर्षकलाई सार्थक तुल्याइएको देखिन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित रहेको छ । यसमा अन्त्यानुप्रासयुक्त सरल सहज भाषाशैलीको उपयुक्त प्रयोग भएको पाइन्छ ।

## ५.४. श्रद्धा कविता सङ्ग्रहमा (२०६४) संग्रहित कविताहरुको अध्ययन र विश्लेषण

४८ वटा कविताको सङ्गालोको रूपमा आएको श्रद्धा कविता सङ्ग्रह भित्रका कविताहरूको क्रमश अध्ययन र विश्लेषण गर्दै यहाँ प्रकाश पारिएको छ ।

### ५.४.१. प्रभुस्तुति

यो कविता तोटक छन्दमा रचना गरिएको छ । यो कवितामा वीस पाउ तथा पाँच श्लोकमा संरचित कविता हो ।

यस कविताको पहिलो श्लोकमा ईश्वर एउटै भएतापनि कामका दृष्टिले फरक फरक रूपमा रहेको कुरा व्यक्त गरिएको छ । सृष्टि गर्दा ब्रम्हा रूप हुने, पालन गर्नका लागि एउटै ईश्वरले विष्णुको रूप लिने र प्रलयको अवस्थामा उहि ईश्वर शिव हुने कुरालाई व्यक्त गरिएको छ । यसैगरी दोस्रो श्लोक पछि कवितामा मानिसले जस्तो कर्म गर्छन उही

अनुसारको फल दिनका लागि ईश्वरले सधै सहयोग गरिरहेको हुनु जसको लागि कर्मको फल ईश्वरप्रति समर्पण गर्नुपर्छ । हातमा शंकचक्र गधा र पद्म लिएका भगवान विष्णुले सबै कुरा समर्पण गरिदिए सधै रक्षा गर्दछन् । प्रभुको कृपा पाउनका लागि आफ्ना सबै कुराहरू विश्वासका साथ ईश्वरप्रति नै समर्पण गर्नुपर्छ । त्यस्तो अवस्थामा भक्तको रक्षा गर्न ईश्वर सधै तयार रहन्छ । संसारकी जननीको रूपमा रहेकी भगवती माता विभिन्न रूप लिएर संसारको रक्षा एवं दुष्टहरूको नास गरिरहनु हुन्छ । आफ्ना सबै दुःख कष्टहरू नास गरी दिनका साथै रक्षा समेत गरी दिन कवितामा समर्पण भाव व्यक्त गरिएको छ साथै आफ्ना सम्पूर्ण कुराहरू नै ईश्वरप्रति नै समर्पण गरिएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । प्रस्तुत कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरू भई रही, पो यो, पनि अनि, सबै अझै प्रयोग भएको छ । सरल, सहज र वोधगाम्य भाषाशैलीको प्रयोग गरिएको पाइन्छ ।

### ५.४.२. दुःखको बीज

यो कविता पञ्चचामार छन्दमा रचना भएको छ । यो कवितामा बीस पाउ तथा पाँचवटा श्लोकहरूमा संरचित छ ।

प्रस्तुत कवितामा विभिन्न प्रकारका नशाहरू पहिले सिकेर बानीको रूपमा आउने र पछि गएर तिनै नशाहरू विषको रूपमा बड्दै जाने कुरालाई कवितामा व्यक्त गरेको छ । यही नै यस कविताको मूल भाव रहेको छ ।

यस कवितामा नशाका विभिन्न बानीहरू देखासिखी, सङ्गत र साथीभाइको करकापले गर्दा सुरुमा विस्तारै आउने र बानी भएपछि त्यसलाई छुटाउन नसकिने र नशाको लागि जुनसुकै कुरा त्याग गर्न पनि तयार हुने र त्यसको प्राप्ति नभएमा अशान्त हुनको साथै हृदय समेत जल्ने कुरा पहिलो श्लोकमा व्यक्त गरिएको छ । यसैगरी दोस्रो श्लोकदेखि कवितामा साथीभाइको सेखी र संगतको कारणले गर्दा व्यक्तिहरू सुरुमा नशामा फस्दछन् । पहिले मित्रको रूपमा आउने नशा पछि गएर कुलतमा परिणत भई धन, जीउ र समाजको लागि घातक हुन पुग्दछन् बरु व्यक्तिहरू भोक तीर्खा त्याग्न तयार हुन्छन् तर नशालाई छोड्न सक्दैनन् । जसको लागि कुकर्म गर्न पनि तयार हुन्छन् । नशाको लागि व्यक्तिहरूले आफ्नो प्राण त्याग्न समेत तयार हुन्छन् । आफ्नो धन सम्पत्तिको पनि कुनै प्रवाह गर्दैनन् । लडाई झगडा चोरी हत्या जस्ता कुकार्य गर्न पनि तयार हुन्छन् । हामीलाई सबै तर्फबाट हानीमात्र पुऱ्याउने नशा हामीले सधै त्याग्न सुक्नु पर्छ । यसबाट आफूलाई मात्र नभएर परिवार र समाजलाई ने हानी पुऱ्याउन सक्छ । त्यस कारण हामीले सबै प्रकारका नशालु वस्तुहरूलाई त्याग्नु पर्छ भन्ने मूल सन्देश कवितामा व्यक्त भएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यस कवितामा पस्दछ बस्तछ, जोडले मोहले, सन्तति जति, दुःखी चुकी जस्ता अन्त्यानुप्रास युक्त शब्दहरूको सुन्दर प्रयोग भएको पाइन्छ । भाषा सरल सहज र बोधगाम्य रहेको पाइन्छ ।

### ५.४.३. स्वप्नपो रहेछ

यो कविता भुजङ्गप्रयात छन्दमा रचना भएको कविता हो । कविता पाँच श्लोकमा संरचना भएको छ ।

प्रस्तुत कविताको प्रथम श्लोकमा हाम्रो नेतृत्व वर्गबाट सीधा, सोझा जनताहरूलाई मिठा मिठा भाषणहरू दिएर आफ्नो स्वार्थ पूरा गर्ने र जनताप्रति चासो नदिने नेताहरूका कारणले गर्दा जनताहरू पटक पटक ठगिएको कुरालाई प्रष्ट पारिएको छ । दोस्रो श्लोकमा जनताका अगाडि आएर विभिन्न प्रतिबद्धताहरू जनाउने नेतृत्व वर्गले पछि गएर सबै कुरा भूली दिएको कारणले गर्दा सबै साधारण जनताहरू निदाएको बेलामा देखेका स्वप्ना जस्तै आफ्ना इच्छाहरू पूरा नभएकोले स्वप्ना भित्र नै रहेको कुरालाई प्रष्ट पारेको छ । जनताहरू कुम्भकर्ण सुते झैं घोर निन्द्रामा पहिले देखि नै सुती रहेका थिए । निन्द्राबाट व्यूउँझाउदै कसैद्वारा उठाउने काम भयो तर उठिसके पनि उनीहरूका दिनहरू जस्ताको त्यस्तै रहे परिवर्तन हुन सकेनन् । यसको मूलकारण उनीहरूमा चेतनाको कमी नै रहेको पाइन्छ । अघि हामी पहिलेकै ठाउँमा रहि रहेका छौ । परिवर्तन भएको छैन विभिन्न वहानामा उठाउने, हिडाउने र फेरि सुताउने कामहरू भइरहेका छन् । तर पनि हामीलाई कुनै प्रवाह रहेको छैन । हामी त्यस तर्फ सचेत भएका छैनौ र सधैं स्वप्नमा नै रहेका छौ । हामीले देखेका स्वप्नाहरू ढुङ्गो पकाएर खानु जस्तै भएको छ ।

प्रस्तुत कवितामा जनताहरूलाई विभिन्न वहानामा छकाएर आफ्नो स्वार्थ पूरा गरी जनतालाई चटक्कै छाड्ने नेताहरूका पछि नलागि सत्य कुरालाई बुझेर आफ्नो निर्णयमा अगाडि बढ्नका लागि सबै सर्वसाधारण जनताप्रति सचेत गराउँदै स्वप्नामा नरहनका लागि सबैलाई अनुरोध गरिएको सन्देशमूलक भाव कवितामा व्यक्त भएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । भाषा सरल र बोधगाम्य रहेको पाइन्छ ।

## ५.४.४. यस्तै छ

यो कविता तोटक छन्दमा रचना गरिएको छ । यस कविता छत्तीस पाउ तथा नौ श्लोकमा रचना गरिएको छ ।

प्रस्तुत कविताको प्रथम श्लोकमा संसारका सबै व्यक्तिहरू कुनै न कुनै रूपमा अपाङ्ग रहेका छन् । कुनै बुझेर अपाङ्ग छन्, कुनै नबुझेर अपाङ्ग छन् भने कुनै अङ्ग पूरा नभएर अपाङ्ग छन् र आफ्ना अङ्गका कामका कारणले दिन रात दुःखमा रहनको लागि बाध्य भएका छन् । यसै गरी संसारमा रहेका कतिपय व्यक्तिहरू बाहिरी रूपमा हेर्दा सबै अङ्गले साङ्ग छन् तर उनीहरूको मन भने वास्तविक रूपमा अपाङ्ग रहेको छ । जुन शारीरिक अपाङ्गगता भन्दा धेरै जटिल र रमित लाग्दो हुन्छ । शारीरिक रूपमा अपाङ्गगता रहेका व्यक्तिलाई खिसी र घृणा गर्दै हिड्ने त्यस्ता व्यक्तिहरूले आफू पूर्ण अपाङ्ग भएको बुझेका हुँदैनन् । संसारमा रहेका दुःखी व्यक्तिहरूको दुःखलाई नसुन्ने त्यस्ता व्यक्तिहरूको श्रवण भएको कुनै काम छैन । श्रवणशक्ति नभएका अपाङ्गहरू भन्दा तिनीहरू अझै अपाङ्ग हुन् । आफ्नो दृष्टि भएर पनि कसैको दुःख दर्दलाई नदेख्ने व्यक्तिहरू वास्तविक रूपमा दृष्टि नभएका व्यक्तिहरू हुन् । आफ्नो स्वार्थका निम्ति अरुलाई घृणा गर्दै हिड्ने व्यक्तिहरू अर्को थरिका अपाङ्ग हुन् । धर्मशास्त्रहरूलाई उल्टो अर्थ लगाएर हत्या, हिंसा र अशान्ति मच्चाउने अनर्थवादीहरू अर्को थरीका अपाङ्ग हुन् । मानिसहरू बाहिरी रूपमा हेर्दा साङ्ग देखिए पनि उनीहरूको वलबुद्धि र मस्तिष्क अपाङ्ग नै रहेका छन् । संसारमा रहेका व्यक्तिहरू कुनै कुरा सुन्न नसक्ने भएर अपाङ्ग भएका छन् । कति झुठा आश्वासन दिएर अपाङ्ग छन् त कुनै

उपचारको अभावमा अपाङ्ग छन् भने कतिपय व्यक्तिहरू अर्कालाई शोषण गरी अपाङ्ग भएका छन् । यसरी हेर्दा यो संसारमा माथिल्लो तहमा रहेका व्यक्तिहरू पनि अपाङ्ग छन् । गाउँ घरमा रहेका व्यक्तिहरू पनि अपाङ्ग छन् । अर्काको हितमा लाग्ने व्यक्तिहरू धन, मान र स्थान नपाएर अपाङ्ग छन् । त्यसैले संसार सबै अपाङ्ग बनेको कुरा कवितामा संसारका सबै व्यक्ति अपाङ्ग रहेको भाव सन्दर्भ कवितामा व्यक्त गर्दै शीर्षकलाई समेत 'यस्तै छ' को सार्थक रूप तुल्याइएको देखिन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । भाषाशैली सरल सहज र बोधगाम्य रहेको र अन्त्यानुप्रास मिलाएको पाइन्छ ।

### ५.४.५. अगुल्टो

यो कविता अनुष्टुप छन्दमा रचना भएको छ । यस कवितामा सोह्र पाउ तथा चार श्लोकहरू रहेका छन् ।

यस कवितामा अगुल्टो शीर्षक प्रतीकको रूपमा प्रयोग गरिएको छ । जुनसुकै अवस्थामा पनि सोझा सीधा जनताहरूलाई नै दुःख कष्टहरू पर्ने गर्छन् । जसरी एउटा अगुल्टो ओभिएर बसे पनि आफ्नो स्वार्थ लुट्न ताप्न आउनेहरू अगेनुतिर ठेल्ने गर्दछन् । त्यसैगरी विभिन्न आन्दोलन र परिवर्तनका नाममा स्वार्थ लुट्न आउनेहरूले सोझा सिधा जनतालाई उचाल्छन् र विभिन्न दुःखहरू दिदै मृत्युको मुखमा समेत पुऱ्याउँछन् । जब आफ्नो स्वार्थ पूरा हुन्छ उनीहरूले ती जनतालाई छाडिदिन्छन् । जसरी एउटा अगुल्टोको अगेनुमा पर्ने डढ्ने र त्यतै ठेलिने प्रक्रिया हुन्छ त्यसैगरी सोझा सिधा जनताहरू पनि सिकार हुने गर्छन भन्ने भाव अगुल्टो शीर्षक राखी यस कवितामा व्यक्त गरिएको छ ।

यसरी कवितामा एउटा अगुल्टो जुनसुकै अवस्थामा पनि अगेनुमा पस्नको लागि बाध्य भएको हन्छ । उसले ओभिएर पनि सुख पाउँदैन । विभिन्न अवस्थामा खाना पकाउनका लागि, जाडोबाट बचाउनका लागि, उज्यालो दिनका लागि र विभिन्न डरहरू रहेको समयमा पनि उसले आफू सिद्धिएर अरुको स्थार्थ सधैं पूरा गरिरहनु पर्दछ । विभिन्न किसिमका भूतप्रेत पिसाचहरूको डर हुँदा अगुल्टोलाई नै प्रयोग गरी त्यसबाट बच्न खोजिन्छ । त्यसैगरी ध्वाँका संगतीहरूले अगुल्टोलाई नै टिप्ने, झोस्ने र आफ्नो स्वार्थ पूरा गर्ने गर्दछन् । तर यसमा अगुल्टोको कुनै स्वार्थ छैन । कुनै किसिमको डर नरहेको अवस्थामा निभेर रहेको अगुल्टोलाई कसैले वास्ता गर्दैन । यसले छोएमा कालो गराउँछ भनि सबै तर्कने गर्दछन् । यदि जाडो भएमा फेरी अगुल्टोलाई नै बालेर ताप्ने गर्दछन् । उसले अरुको स्वार्थ पूरा गर्न मात्र हुनेछ भने निस्वार्थ भाव अगुल्टोले दिएको छ । सधैं स्वार्थीहरूको बिचमा रहेर पनि निस्वार्थी भाव दिने प्रतीकात्मक सन्देश कविताले प्रदान गरेको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । कवितामा को भो, पनि अनि, उतै अझै, भए रहे, तिर पिर जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग भएको पाइन्छ । कविताको भाषाशैली सरल सहज र वोधगाम्य रहेको छ ।

### ५.४.६. पैसा

यो कविता चार वटा छन्दमा स्रग्धरा, तोटक, भुजङ्गप्रयात र स्वागतामा रचना भएको कविता हो । यसमा चालिस पाउ तथा दश श्लोकहरूमा संरचना भएको छ ।

यस कवितामा मानिसले आफ्ना सबै महत्वपूर्ण कार्यहरूलाई बिर्सेर पैसाको निम्ति जुनसुकै अपराधिक कार्य गर्न पनि तत्पर भएको कुरालाई व्यङ्ग्य गर्न खोजेको छ । मानिसले पैसाका लागि मानिसलाई बेच्न पनि तयार हुन्छन् । पैसाको लागि चोरी डकैती हत्या जस्ता कुकार्यहरू गर्न पनि कुनै कसुर बाँकी राख्दैनन् पैसा आर्जन गर्नका लागि विभिन्न किसिमका कुकार्य गर्नेहरूले मृत्युको समयमा के लिएर जाने कुनै सोच राखेका हुँदैनन् । उनीहरू सधै जुनसुकै किसिमका भ्रष्टाचार, हत्याहिंसा गरेर पनि पैसा कमाउन सधै लागि रहन्छन् । वास्तविक रूपमा हेर्ने हो भने पैसाबाट नत भोक टार्न सकिन्छ नत त्यसबाट कुनै किसिमको रोग नै टर्न सक्छ, नत त्यसलाई मृत्युका समयमा आफ्नो आवश्यकता टार्ने सहयोगीका रूपमा लिएर जान नै सकिन्छ । तर यति हुँदा हुँदै पनि मानिसले पैसाका निम्ति आफ्नो ज्यान दिने, अर्काको हत्याहिंसा गर्ने र विभिन्न किसिमका भ्रष्टाचार गर्ने गरिरहेका छन् । पैसालाई एउटा साधनको रूपमा मात्र नबुझ्केका त्यस्ता मूर्खहरूले यस कवितामा कविलाई समेत मूर्ख बनाएका छन् । कवितामा पैसाका निम्ति आफ्नो जिउ ज्यान दिने र अर्काको हत्या हिंसा र भ्रष्टाचार गर्नेहरूले पैसालाई एउटा साधनको रूपमा मात्र लिएर अन्तिम अवस्थामा पैसाले प्राण बचाउन नसक्ने कुरा तर्फ सोच राख्दै आफ्नो धनप्रतीको दृष्टिकोणलाई सेवाको भावमा बदल्नका लागि प्रस्तुत कविताले सन्देश दिएको छ ।

यस कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । यस कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ । भाषा सरल सहज र वोधगाम्य रहेको पाइन्छ ।

### ५.४.७. गाउँले

यो कविता शार्दुलविक्रिडित छन्दमा रचना भएको छ । यस कवितामा बीस पाउ तथा पाँच श्लोकहरू रहेका छन् ।

यस कवितामा समय विभिन्न अवस्थामा विभिन्न किसिमले फेरिदै गइरहेको छ । तर गाउँको देहातमा रहेका गाउँले पहिले कै अवस्थामा रहिरहेका छन् । उनीहरूका दु:ख दर्द र पीडाहरू फेरिन सकेका छैनन् । युग भने फेरिएको छ । समय समयमा विभिन्न किसिमका परिवर्तनका नाराहरू आउँछन् । परिवर्तन गराउने विभिन्न किसिमका सपनाहरू बाँडिन्छन् तर वर्षाकालका खोलामा आएको बाढी जस्तै हराएर जान्छन् । गाउँलेहरूको जीवन स्तर फेरिने कुराको सोच गर्नु सधै व्यर्थ नै भइरहेको छ । परिवर्तनको सपनाले गर्दा गाउँलेहरू आफ्नो गहिरो निन्द्राबाट व्यूँझन लागेका थिए तर फेरि पहिलेकै समान बाढी अथवा हुरी आएर उनीहरूलाई पहिलेकै समान आफ्ना बाबु बाजेकै सरह कुटो कोदालो फरुवा लिएर खेतबारीमा काम गरिरहेका छन् । कुनै किसिमका नौलो परिवर्तन भएको छैन तर कुरामा भने विभिन्न किमीका शताब्दीहरूको नाम दिई रहेको छ । शताब्दीमा परिवर्तन भए झैं उनीहरूको कार्यशैलीमा परिवर्तन हुनु पऱ्यो । कुटो कोदालो र फरुवाको ठाउँमा विभिन्न किसिमका मेसिन र आधुनिक औजारहरूको प्रयोग हुनु पर्थ्यो । विभिन्न किसिमका उद्योगहरू खोलेर औद्योगिक क्रान्ति हुनु पर्थ्यो तर यहाँ भएका क्रान्ति र परिवर्तनहरू विपरित किसिमबाट भई रहेका छन् । औद्योगिक क्रान्तिका ठाउँमा हिंसा मार र अर्काको गाँस, बाँस हरण गर्ने विपरित किसिमका क्रान्तिले गर्दा गाउँलेहरू पहिलेकै स्थानमा छन् र कुनै किसिमको परिवर्तन हुन सकेको छैन भन्ने मूल भाव यस कवितामा रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यस कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरू (कति, गति, थिए, दिए, सबै कतै शिर, पिर) को प्रयोग सहज रूपमा भएको पाइन्छ । भाषिक सरलताको कारण कविता बोधगम्य बनेको छ ।

### ५.४.८. सम्झना

यो कविता उपेन्द्रबज्रा छन्दमा रचना भएको छ । यस छन्दमा एघार अक्षरहरू हुन्छन् । पाँचौ अक्षरहरू विश्राम हुन्छ । यो कविता सोह्र पाउ तथा चार श्लोकमा संरचना भएको छ ।

यस कवितामा आफ्नो मातृभूमिलाई नराम्रो छ भनी विर्सनेहरूलाई नविर्सनका लागि सचेत गराइएको छ । प्रस्तुत कवितामा आफ्नो मातृभूमिका पाखा, पखेरा, गाउँघर, झाडी सबै ठाउँहरू उत्तिकै रमाइला र राम्रा छन् र सबै ठाउँलाई हामीले माया गर्नु पर्छ । अर्काको राम्रो कुरामा भन्दा आफ्नो मातृभूमिका नराम्रा ठाउँहरू पनि हामीले राम्रो मान्नु पर्छ । यदि यसो नभएमा हाम्रो मातृभूमिप्रति श्रद्धा रहदैन । तसर्थ हामीले कहिल्यै पनि मातृभूमिलाई बिर्सनु हुदैन ।

हामीले आफ्नो मातृभूमिलाई कहिल्यै पनि भुल्नु हुदैन । आफुसँगै रहेका कुराको मूल्य थाहा हुदैन । जो परतन्त्र भएका छन् । उनीहरूले मात्र आफ्नो मातृभूमिको महत्व बुझेका हुन्छन् साथै आफ्नो मातृभूमिको श्रद्धा र स्तुति गर्नु पर्छ । आफ्नो मातृभूमि समान अन्य कुनैको सुख सुविधा महत्वपूर्ण हुन सक्दैन । जुन कुरालाई बिर्सेमा पछि गएर ठूलो धोका हुन्छ । हामीले आफ्नो गाउँघरको उन्नति गर्नुपर्दछ । आफ्नो मातृभूमिमा नै पसिना बगाउनु पर्छ । आफ्नो मातृभूमिको कुनै मूल्य हुदैन । मातृभूमि बहुमुल्य कुरा हो तसर्थ कुनै अवस्थामा पनि आफ्नो मातृभूमिको श्रद्धा र प्रेमलाई विर्सनु हुदैन । कवितामा आफ्नो मातृभूमिको सधै सम्झना श्रद्धा र उन्नति गर्नका लागि सबैलाई सचेत गराउँदै आफ्नो मातृभूमिलाई नै स्वर्ग तुल्य बनाउन सबैलाई सन्देश दिदै मातृभूमिको अगाध माया र श्रद्धा गर्न सबैलाई अनुरोध गरेको मूल भाव कवितामा व्यक्त भएको छ ।

प्रस्तुत कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा छाडी झाडी, हाम्रो राम्रो, नछोड नतोड, तुल्य मूल्य, गुट जुट जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयागले भाषाशैली सुन्दर देखिन्छ । भाषा सरल सहज र बोधगम्य रहेको छ ।

### ५.४.९. स्वप्न

यो कविता सवागता छन्दमा रचना भएको छ । यस कवितामा बीस पाउ तथा पाँच श्लोकहरूमा संरचित रहेको छ ।

यस कवितामा आफ्नो स्वार्थ पूरा गर्नका लागि आफ्ना विभिन्न गुणहरूको बखान गर्दै आउने स्वार्थी व्यक्तिहरूको चरित्रलाई प्रष्ट पार्न खोजिएको छ । आफ्नो स्वार्थ पूरा गर्नका लागि अरुका विभिन्न दोषहरू देखाउने र आफ्नो स्वार्थ पूरा भए पछि सबै कुराहरू विर्सने दोहोरो चरित्रका व्यक्तिहरूले सधै सोझा सिधा व्यक्तिहरूलाई छकाएर आफ्नो स्वार्थ पूरा गर्दछन् । जसरी एउटा फूलेको फूलमा भमराहरू आउँछन् तर फूल सुख्खा भएपछि भमराहरूले त्यो फूललाई छाडिदिन्छन् त्यसैगरी स्वार्थ पूरा भएपछि सबैलाई छाडिदिन्छन् । जो व्यक्ति सुरुमा मसिनो बोली गर्दै आउँछ त्यस व्यक्तिबाट पछि गएर धोका पुग्दछ । स्वार्थी व्यक्तिहरूबाट अर्काका नराम्रा कुराहरूको बयान गरी आफ्नो गुणको वखान गरेर

पछि त्यस्ता व्यक्तिहरू फसाउँछन् । मिठा मिठा स्वप्न बाड्नेहरूले पछि गएर धोका दिन्छन् । किनकी सपना त सपना नै हो । सपनाको कुनै कुराले विपनामा काम दिन सक्दैन तसर्थ कुनै पनि कुराको पहिले अनुभव गरेर मात्र पछि विश्वास गर्नुपर्छ । सर्पलाई दुध दिएर कहिल्यै पनि त्यो आफ्नो हुन सक्दैन । दूधको बदलामा उसले सधैं बीष मात्र दिन्छ । सपनामा खाएको खीरले कहिल्यै पनि विपनामा भोक मेटाउन सक्दैन । तसर्थ सपना बाड्नेहरूप्रति सचेत रहदै आफूले बुझेका कुरामा मात्र विश्वास र आफ्नो निर्णय गर्नेको लागि सबै साधारण व्यक्तिहरूप्रति सचेत गराएको मूल भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अन्त्यानुप्रास मिलेको पाइन्छ । कविता सरल र बोधगाम्य रहेको छ ।

### ५.४.१०. पुस्तक

यो कविता शार्दूलविक्रीडित छन्दमा रचना भएको छ । यस कवितामा बाह्र पाउ तथा तीन मात्र श्लोक रहेको छोटो कविताको रूपमा संरचित छ ।

यस कवितामा पुस्तकको महत्व बारे सचेत गराउन खोजिएको छ । पुस्तकले नै हामीलाई राम्रा राम्रा अर्तीहरू विभिन्न किसिमका ज्ञान दिने गर्दछ । जसमा पुस्तकको कुनै स्वार्थ रहदैन तर पनि यसले हाम्रो सधैं आदर गरिरहन्छ । जुन कुराको महत्वलाई बुझर हामीले पुस्तकलाई सधैं श्रद्धा र माया गर्नुपर्छ । पुस्तकले आफ्नो हानी सहेर पनि अरुलाई ज्ञानी बनाउँछ । जुन कुरालाई सचेत मानिसले भुल्नु हुदैन । पुस्तकले सधैं अरुको हितमा काम गर्छ । तर आफूले कुनै स्वार्थ र मान खोज्दैन । त्यसबाट मानिसले पनि अर्काको भलो हुने काम गर्नका लागि शिक्षा लिनुपर्छ । पुस्तकमा भएको ज्ञान मानिसले लिएर त्यो ज्ञान जति नै बाँडे पनि सिद्धिदैन । बरु अझै बुद्धि हुँदै   जान्छ । तसर्थ हामीले पुस्तकलाई राम्रो मित्र बुझेर सधैं ज्ञानको भण्डार बढाउदै लानुपर्छ । संसारमा रहेका शक्ति, भक्ति र मुक्ति सबै कुराको ज्ञान पुस्तकबाट नै प्राप्त हुन्छ । तसर्थ हामीले पुस्तकलाई आफ्नो असल मित्र सम्झी पुस्तकमा भएको ज्ञानलाई सधैं आफ्नो दिमागको भण्डारमा भर्नुपर्छ भन्ने मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टि विन्दुमा रचना भएको छ । कवितामा भाषा सरल सहज र बोधगम्य रहेको छ ।

### ५.४.११. महिमा

प्रस्तुत कविता उपेन्द्रवज्रा छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा एघार अक्षरहरू हुन्छन् । छैटौ अक्षरमा विश्राम हुन्छ । यो कविता सोह्र पाउ तथा चार श्लोकमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा हामीहरू एक आपसमा फुटेमा आफै कमजोर हुने जसको फाइदा हामीहरूलाई नभएर हाम्रो उन्नति देख्न नचाहनेहरूलाई हुने गर्दछ । तसर्थ हामी चार जात छत्तीस वर्णमा रहेका नेपाली दाजुभाइहरू एउटै जाति नेपाली भएर मिलेर बस्नुपर्छ तबमात्र हाम्रो उन्नति हुन्छ ।

हामी नेपालीहरूको वीरताको चिनारी पहिले नै हाम्रा पुर्खाहरूले दिइसकेका   छन् । जुन कुरालाई हामीले भुल्नु हुँदैन । वीर नेपाली र गोरखालीहरू भन्ने पहिचान विश्वमा

फैलिएको छ । जसलाई संरक्षण मात्र गर्न सकेमा हामीले अरु चिनारी दिइ रहनु पर्दैन । जसलाई विर्सेर मूर्ख बन्नु हामीमा रहेको मात मात्र हुनेछ । शान्तिप्रिय नेपालीहरू हुन भन्ने नाम राख्नका लागि हामी नेपालीहरू एक भएर शान्तिको सन्देश फैलाउनु पर्छ । हामी धेरै जाति भएता पनि नेपाली भन्ने हाम्रो एउटै जात हो । हामी सबैका भाषा संस्कृतिहरू हाम्रा चिनारी हुन् । जसमा हाम्रो राष्ट्रियता छ । जसले हामीलाई विश्वमा चिनाएको छ । तसर्थ यी सबै भाषा संस्कृतिहरू उत्तिकै प्यारा छन् । हामी नेपालीहरू नेपाल देशका एउटा ठूलो फूलबारीका फूलहरू हौं । एकै किसिमको फूलबाट जसरी फूलबारी राम्रो हुन सक्दैन त्यसैगरी एउटै जाति भाषा संस्कृतिबाट मात्र हाम्रो देश सुन्दर बन्न सक्दैन । तसर्थ सबै जाति भाषा संस्कृति र रहनसहनलाई संरक्षण र माया गर्दै अगाडि बढ्नु पर्छ भन्ने मूलभाव कवितामा व्यक्त भएको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कवितामा अन्त्यानुप्रासयूक्त शब्दहरूको प्रयोग गरिएको छ । भाषाशैली सरल सहज र बोधगम्य रहेको पाइन्छ ।

## ५.४.१२. दावी

प्रस्तुत कविता उपेन्द्रबज्रा छन्दमा रचना भएको छ । यस छन्दमा एघार अक्षरहरू रहेका छन् । छैटौं अक्षरमा विश्राम रहेको छ । यस कवितामा वीस पाउ तथा पाँचवटा श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा आफ्नो स्वार्थ लुटेर झुक्याउँदै हिँड्ने व्यक्ति र नेतृत्व वर्गका ठूला ठालु व्यीक्तहरूलाई व्यङ्ग्य गर्न खोजिएको छ । आफ्नो स्वार्थको लागि पहिले झुकेर जुन सुकै वाचा र प्रतिवद्धताहरू गर्न तयार हुने तर आफ्नो स्वार्थ पूरा भए पछि तिनै व्यक्तिहरूलाई लात मार्न समेत तयार हुने व्यक्तिहरूले सदैव सिधा व्यक्तिहरूलाई फसाई रहेका छन् । पहिले नम्र भएर आउने तर पछि आफ्नो अधिकार खोसी सकेपछि तिनै व्यक्तिहरूलाई पछाडि राखेर भुल्ने व्यक्तिहरूको कारणले गर्दा निमुखा सोझाहरू सधैं पछाडि परिरहेका छन् । यस्तो कार्य गर्नु हाम्रा नेतृत्व वर्गका धेरैजसो व्यक्तिहरूको मूल चरित्र र परम्परा जस्तै भैसकेको छ । जसको कारणले गर्दा देश र जनता सधैं पछि पर्दै विश्व सामु झुक्न बाध्य भई रहेका छन् ।

हाम्रा नेताहरूको धर्म नै आफ्ना प्रतिबद्धताहरूलाई बिर्सेर आफ्नो स्वार्थ पूरा गरी कुर्सी र सत्ताको लागि लडाइ गर्दै महलमा बस्ने तर्फ केन्द्रित भएको पाइन्छ । यस कुरामा परिवर्तन नभएसम्म देश र जनताको प्रगति र उन्नति हुन सक्दैन । जनताहरूलाई छकाएर एक आपसमा फुटाई उनीहरू बीचमा नै लडाई गराएर आफ्नो स्वार्थ पूरा गर्ने नेतृत्व वर्गको जाललाई जबसम्म जनताहरू बुझ्न सक्दैनन् । देश र जनताको स्थिति तबसम्म फेरिन सक्दैन । जनतालाई छकाएर उनीहरूबाट अधिकारको साँचो आफ्नो हातमा लिने त्यसपछि जनतालाई छाडेर आफ्नै स्वार्थका निम्ति सधैं सोच बनाई रहने र आफ्नो राजनीतिक नैतिकतालाई समेत त्यागेर बारम्बार पार्टी फेरिरहने घरी एक र घरी अनेक हुने नेतृत्व वर्गको स्वार्थ र घृणायुक्त बानीले गर्दा हाम्रो देशको राजनीतिक नेताहरूको बानीमा उदेक लाग्दो स्थिति देखिएको कुरालाई प्रस्तुत कविताको मूल भावको रूपमा लिन सकिन्छ ।

### ५.४.१३. सन्दकपुरको यात्रा

प्रस्तुत कवितामा तीनवटा छन्दहरूको प्रयोग गरिएको छ । पहिलाका क्रमश पाँच श्लोकहरू शार्दूलबिक्रीडित छन्दमा संरचित छन् । दोस्रो छन्दका रूपमा तोटक छन्दलाई प्रयोग गरिएको छ । यस छन्दमा बीचका दुईवटा मात्र श्लोकहरू संरचित छन् भने अन्तिम छन्द स्वागता रहेको छ । यस छन्दमा ३ वटा श्लोक संरचित छन् ।

प्रस्तुत कविता यात्रा वर्णनात्मक कविता हो । प्रकृतिले दिएका विभिन्न सुन्दर ठाउँको वर्णन गर्ने क्रममा यस कवितामा इलामको उत्तरमा रहेको सुन्दर र पर्यटकीय क्षेत्र सन्दकपुरको विभिन्न प्राकृतिक सुन्दर वस्तुहरूको वर्णन गर्दै यहाँबाट देखिने विहानीको सूर्यको उदय हेर्ने कुरालाई कवितामा विभिन्न दृष्टिकोणबाट वर्णन गर्दै पर्यटकहरूलाई यहाँको दृश्य हेर्न आउनका लागि अनुरोध र अभिप्रेरित गर्न खोजिएको छ ।

प्रस्तुत कविताले सन्दकपुरको वर्णन यसरी गरेको पाइन्छ । सन्दकपुर भन्ने अग्लो चुचुरो रहेको छ । जहाँबाट सबैभन्दा पहिला सूर्य उदाएको देख्न सकिन्छ । जसको दर्शन गर्नका लागि टाढा टाढाबाट आउने मानिसहरू आफ्नो थकाई र यहाँको चिसोलाई भुलेर रातभर जागा हुने गर्दछन् । यहाँका वरिपरि पाइने चौरी गाईले यहाँ आउने पर्यटक र अतिथिहरूलाई भिरपहरामा डुलेर सुन्दर दृश्य देखाउँदै स्वागत गरी रहेको भान हुन्छ । यहाँका जंगलमा फुल्ने विभिन्न प्रकारका गुराँसहरूको सौन्दर्यले सबैलाई आकर्षण गरिरहेका छन् । विभिन्न प्रकारका पंक्षी र तिनीहरूको मिठो आवाजले गर्दा सबैको मनलाई त्यस तर्फ आकर्षण गरिरहेको पाइन्छ । यहाँबाट देखिने टाढा टाढाका दृश्यहरू र हिम श्रृङ्खलाहरूले भिन्नै किसिमको आनन्द दिने गरेको पाइन्छ । मसिना मसिना पोथ्रे बिरुवाहरू र कोणधारी जंगलहरूले छुट्टै किसिमको आनन्द प्रदान गर्दछ । अग्लो ठाउँ भएकोले पानीका श्रोतहरू ज्यादै कम भएको  पाइन्छ । एउटा मात्र सानो जरुवा हुनाले मानिसहरू पानी भर्नका लागि तँछाड मछाड गर्दछन् । तर सित बलियो रूपमा रहने भएको हुँदा मानिसहरूलाई लाग्ने तिर्खा भने त्यसैबाट पूरा हुन्छ । यस ठाउँको वर्णन एक ठाउँमा बसेर गर्न ज्यादै कठिन छ । जुन ठाउँमा रहेका प्राकृतिक कुराहरूलाई आफैं गएर हेरे पछि मात्र त्यहाँको स्वर्गीय आनन्द प्राप्त हुन्छ । कुनै विषका बोट रहेका छन् भने त्यही ठाउँमा औषधीका बोटहरू पनि प्रसस्त पाइन्छन् । यस ठाउँमा चल्ने चिसो वतासले गर्दा यात्रीहरूको मुटु कमाउने गर्दछ । तर सबै कुरालाई बिर्से यहाँको प्राकृतिक दृश्य र विहानी उदाउने सूर्यलाई हेर्न मानिसहरू खुशी साथ जाने गर्दछन् । आफ्ना सम्पूर्ण थकाई र पिरहरूलाई भुलेर यात्रीहरू रातको बीचमा उदाउने सूर्य हेर्न आफू होसी भएर सुत्ने गर्दछन् । रातको बीचमा नै आफ्ना विभिन्न दृश्यहरूलाई दर्शक सामु प्रकट गर्दै सूर्य उदाउँदा भूमि र आकाश हलिएको भान हुन्छ । आफ्नो शान्तवना प्रकट गर्दै उदाउने सूर्यले छिन छिनमा आफ्नो रङ्ग फेरेको दृश्य अत्यन्तै चकित गराउने देखिन्छ । यसरी सबैभन्दा पहिला सूर्यको दर्शन गर्न पाइने हाम्रो देश नेपालको इलाम जिल्लाको उत्तरमा रहेको सन्दकपुरको यात्रामा आउनका लागि सबै यात्री र पर्यटकहरूलाई आह्वान गर्दै यहाँका प्राकृतिक कुराहरूको वर्णन गरिएको भावमूलक अभिव्यक्तिहरू प्रस्तुत कवितामा रहेका छन् ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । रही गई, डुली, भुली, गरी छरी, बनी अनि, लुट्ने, उदाई आई जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले भाषाशैली सरल सहज र सुन्दर रहेको पाइन्छ ।

### ५.४.१४. गोरेटो

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना भएको छ । यो छन्दमा उन्नाइस अक्षर रहेका छन् । यमसा छैटौ र बाह्रौ अक्षरमा विश्राम रहेको हुन्छ । यस कवितामा बीस पाउ तथा पाँच श्लोकहरूमा संरचित छ ।

यस कवितामा कुनै पनि ठाउँको शिक्षा त्यस ठाउँको वातावरणसँग मिल्ने किसिमको हुनु पर्दछ । जुन शिक्षा प्राप्त गरिसकेपछि त्यहाँको विकास र उन्नतिमा सहयोग पुऱ्याउने खालको हुनु पर्दछ । भन्ने कुरामा जोड दिएको छ । शिक्षाले नै विकासको गोरेटो तयार गर्नु पर्दछ । यसो हुन नसकेमा शैक्षिक बेरोजगार बड्ने र मानिसहरू बेकम्वा हुने खतरा हुन्छ । शिक्षा जहिलेपनि ज्ञानबर्द्धक र मानिसलाई उन्नति पथमा अगाडि बड्न सहयोग पुऱ्याउने अर्थ मूलक हुनु पर्दछ । आफूले आर्जन गरेको शिक्षा अर्थमा बेअर्थ भएमा ढाकर लिएर हिड्ने व्यक्तिसँग ढाकर नभए समान हुन्छ । शिक्षाले ज्ञान र सीपमा जोड दिनु पर्दछ । सीप र सहमती बिनाको शिक्षा उन्नति पथका लागि बाधक हुन पुग्दछ । विभिन्न ठाउँमा क्रान्तिहरूलाई कोरा सुगा झैं रटाएर त्यसको सम्भाव्यतालाई आफ्नो अनुकुल परिवर्तन गराउन नसकेमा त्यो शिक्षा भार मात्र हुन पुग्दछ । विभिन्न ठाउँका औद्योगिक क्रान्तिहरूलाई घोकाउने तर आफ्नो परिवेशमा त्यस अनुकूल परिवर्तन नगराउनाले समाज र देशलाई सधैं पछि पार्दछ जुन कुराको सिकारको रूपमा हाम्रो देश अछुतो हुन सकेको छन । विश्वका औद्योगिक क्रान्तिहरूलाई विद्यालयमा घोकाउने गरेको पाइन्छ । तर हाम्रो देशको परिवेश भने कहिल्यै बद्लिन सकेको छैन । आफ्ना बाजे बाबु जुन तरिकाबाट काम गर्दथे, जुन साधनहरू प्रयोग गर्थे तिनै साधनहरूको प्रयोग भइरहेको छ । शिक्षा प्राप्त गरे अनुसार परिवर्तन हुन सकिराखेको छैन । यहाँको शिक्षा जुन किसिमको अर्थ पूर्ण हुनु पर्थ्यो त्यस किसिमले अगाडि बढेको पाइदैन । जसको परिणामले यहाँका जनता र देश सधै पछि परिरहेको छ । तराईमा बस्ने मानिसहरू चौरी गाईपालनका सम्बन्धमा घोक्ने गर्दछन् । जुन ठाउँमा चौरी गाई रहन र बाच्न नै सक्दैन । अर्को तर्फ हेर्दा हिमाली क्षेत्रमा बस्नेहरू हात्ती पालनको सपना देखिरहेका छन् । जुन ठाउँमा हात्ती नै जान सक्दैन । विद्यालय स्तरमा मेशिन र औद्योगिक क्रान्तिका कुराहरू धोकेर आउने विद्यार्थीले आफ्नो घर गाउँमा युगौं अगाडिको परिवेशमा हुन बाध्य हुनुपर्छ । जसको कारणले गर्दा शिक्षा र परिवेशका बीचमा ताल मेल नमिलेको अवस्था देखिन्छ । आफ्नो खेतबारीमा भएको बिरुवा बाली किन पहेलो भयो भनेर शिक्षा प्राप्त गर्ने व्यक्तिले त्यसमा अनुसन्धान गर्न सक्दैन । त्यहाँ प्रयोग हुने मल बीउका बारेमा पनि उसलाई ज्ञान हुदैन ।

त्यसैगरी आफ्नो घरमा भएका पशुपंक्षीमा लाग्ने रोगहरूका बारेमा पनि उसलाई ज्ञान हुदैन । उसले घोक्रो सुकाएर प्राप्त गरेका ज्ञानले उसको परिवेशमा सहयोग पुऱ्याउन सक्दैन । त्यसैगरी आफ्नो परिवेश अनुकूलको शिक्षा नहुँदा विद्यार्थीहरूमा आफ्नो मूल्य र मान्यता नैतिकता र चरित्रता पनि घट्दै गएको पाइन्छ । यस तर्फ समय मै सोच नपुऱ्याएमा हाम्रो शिक्षाको भविष्य अन्धकार नै हुने देखिन्छ । तसर्थ यहाँका शिक्षाविद्हरूले

समय मै यस तर्फ सोच विचार पुऱ्याई आफ्नो समाज र देशको परिवेश अनुकूल शिक्षालाई परिमार्जन गर्नुपर्छ भन्ने मूल सन्देश कविताले दिएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको रूपमा प्रयोग गरिएको छ । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको पाइन्छ । शब्द प्रयोगले भाषामा सौन्दर्यता पाइनुका साथै सरल र सहज पाइन्छ ।

### ५.४.१५. मित्र

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना भएको छ । यस छन्दमा सोह्र अक्षरहरू रहेका छन् । आठौं अक्षरमा विश्राम रहेको छ । कवितामा बीस पाउ तथा पाँच श्लोकहरूमा संरचित छ ।

प्रस्तुत कवितामा प्रकृतिमा प्राप्त रहेका वस्तुहरूको संरक्षरण गर्ने जिम्मा सचेत प्राणी मानिसमा हुनुपर्ने हो । तर आफ्नो स्वार्थका लागि सबै तर्फ विनास गर्ने सचेत प्राणी मानिस नै रहेको छ । उसले प्रकृतिमा रहेका आफ्ना मित्रहरूलाई चिन्न सकेको छैन जसको कारणले गर्दा वातावरण विग्रदै गई रहेको छ । तसर्थ आफ्ना मित्रहरूलाई चिन्नका लागि प्रकृतिले दिएका रुख, लता र बोटविरुवाहरूलाई मित्रका रूपमा प्रस्तुत कवितामा चिनाइएको छ । हामीले हाम्रा मित्रलाई सधै संरक्षण गर्नुपर्दछ । प्रकृतिले निःशुल्क रूपमा दिएका फूल, वृक्ष, लताहरू हाम्रा मित्रहरू हुन् । जसले हामीलाई विभिन्न क्षेत्रमा सधैं सहयोग पुऱ्याइरहेका छन् । बोट विरुवाहरूबाट पाइने अन्न, फलफूल, सागसब्जीहरू खाएर नै मानिस बाँचेको छ । यस धर्तीमा रहेका अन्य जीवजन्तुहरू पनि यसबाट नै जीवित रहेका छन् । विरुवाले दिने अक्सिजनबाट नै प्राणीले आफ्नो श्वास लिएका छन् । आफूले वस्ने ठाउँ लगाउने लुगा विरुवाबाट नै प्राप्त भएको छ । विभिन्न प्रकारका औषधीहरू र मिठो मिठो वास्ना छरेर रहने फूलहरू विरुवाबाट नै प्राप्त भएका छन् । विभिन्न प्रकारका रङ्गी विरङ्गी पंक्षीहरू विरुवामा नै आश्रय लिन्छन् । मानिसले पालेका पशुहरू र जंगलमा रहेका विभिन्न प्रकारका जनावरहरू बोट विरुवाबाट नै संरक्षित छन् । तर जुन कुरालाई भुलेर मानिसले वन जंगलको विनास गरी रहेको छ । यो सरासर भूल हो । यस भूलबाट माथि उठेर मानिसले वृक्ष, फूल र लताहरूको संरक्षण गर्दै आफ्नो मित्रलाई बचाउनका लागि सचेत गराएको मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको पाइन्छ । कवितामा प्रयोग भएको भाषा सरल सहज र बोधगाम्य रहेको पाइन्छ ।

### ५.४.१६. धेरै नाम धेरै काम

प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा चौध अक्षरहरू रहेका छन् । सातौं अक्षरमा विश्राम रहन्छ । यो कवितामा बीस पाउ तथा आठ श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा संसारका व्यक्तिहरूले आफूलाई सधै हानी पुऱ्याउने मदिराको सेवन गर्ने गर्छन् । जसको कारणले आफ्नो स्वास्थ्य र मान प्रतिष्ठा गिराउने गर्दछ । त्यो भन्दा बढी उसको परिवार र छरछिमेक हुदै समाजलाई नै हानी पुऱ्याउने गरेको हुन्छ । जुन कुराको सेवन गर्ने व्यक्तिहरूलाई नै थाहा हुँदैन । जुन कुरालाई प्रष्ट पार्नका लागि प्रस्तुत

कवितामा धेरै नाम धेरै काम शीर्षक कविताले आफै प्रतिनिधित्व गर्दै आफ्नो काम र नामको बारेमा बताएको पाइन्छ । उसका नाम र काम धेरै भएता पनि ती सबै नाम र काम हाम्रो जनजीवनमा हानी पुऱ्याउने देखिन्छन् । मदिराको सेवन गर्ने व्यक्ति आफू जति सुकै कमजोर भएता पनि मदिरा सेवन गर्नासाथ आफू बीर सम्झेर हाँक दिन थाल्छ र अनेक किसिमका खराब कामहरू गर्न तत्पर हुन्छ । तसर्थ मदिरालाई तेज पानी भन्न सुवाउने देखिन्छ । मदिरा पिएका गवार व्यक्तिहरूले पनि विभिन्न किसिमका भाषाहरू बोल्न थाल्दछन् । तसर्थ यसलाई भाषा पानी नाम दिए पनि फरक पर्दैन । मदिराको मात चढिसकेपछि कतिपय व्यक्तिहरूले आफ्नो निजी भाषालाई छाडेर आफ्नै किसिमले अंग्रेजी बोल्न थाल्दछन् । त्यस्तो शक्तिदिने काम पनि मदिराले नै गर्दछ । तसर्थ यसलाई अंग्रेजी पानी पनि भनिन्छ । पिउने व्यक्तिहरूको घरमा सधैं खर्च हुने गर्दछ । आफ्ना सबै समस्याहरूलाई छाडेर मदिरामा नै आफ्ना सबै धनहरू खर्च गर्ने गर्दछन् । धन थन्क्याउन सहयोग गर्ने मदिरालाई बैंक पानी भनी नाम दिन पनि कुनै गाह्रो छैन । मदिराको सेवन गर्ने व्यक्तिहरू एक आपसमा झगडा गर्न पनि पर्दैनन् । उनीहरूका बीचमा मेल हुन पनि बेर लाग्दैन । तसर्थ यसलाई सन्धी पानी भनेर नाम दिए पनि हुन्छ । यसरी हेर्दा मदिराबाट विभिन्न किसिमका कामहरू हुने र विभिन्न किसिमका नाम पनि दिन सकिने हुँदा यसबाट धेरै नाम र धेरै काम पनि देखिन्छन् । तर यी सबै नाम र कामहरू हाम्रो लागि उपयोगी नभई हानी कारक देखिन्छन् । तसर्थ मदिरा सेवनबाट हामीलाई कुनै किसिमका लाभ नहुने कुरा धेरै नाम धेरै काम शीर्षक राखेर सिद्ध गर्दै यसको सेवन नगर्न सचेत गराइएको मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले सुन्दरता थपेको देखिन्छ भने भाषा सरल र सहज पाइन्छ ।

### ५.४.१७. पीडा

प्रस्तुत कविता स्वागता छन्दमा रचना भएको कविता हो । यस छन्दमा बाह्र अक्षरहरू रहेका हुन्छन् । योक विता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

यस कवितामा मानिसहरू आफूलाई पछि पर्न जाने दुःख र कष्टको ख्याल नगरी त्यसबाट सान प्राप्त हुने मूल कारणले गर्दा र साथीसंगतिका कारणले गर्दा कुनै न कुनै कुलतमा फस्दछन् । जब त्यसले जरो गाडी सक्छ अनि मात्र त्यसबाट आउने समस्याका बारेमा थाहा हुन्छ । तर त्यसबाट उम्कन पाइँदैन । पहिले मित्र समान भएर नशाका कुलतमा व्यक्तिहरू फस्दछन् जब त्यो मित्र गएर आफ्नो प्रभुत्व जमाउँछन्  त्यसपछि मात्र त्यसबाट आउने समस्या र पीडाको याद हुन्छ । नशााको कुलतमा फसिसकेपछि त्यसले चोरै तर्फ खर्च बडाइदिन्छ । विभिन्न प्रकारका रोगहरूका कारणले गर्दा शरीर पनि कमजोर हुदै जान्छ । जसको कारणले गर्दा आफूलाई मात्र नभएर आफ्नो परिवारलाई समेत त्यसले पीडा दिन्छ । चुरोट बिडी र सूर्ती एक अर्कासित सम्बन्धित छन् र सबैको जननी सूर्ती हो । यसको सेवनबाट हामीलाई कुनै किसिमको फाइदा हुँदैन । तसर्थ यसको सेवन नगर्नु उपयुक्त हुन्छ । त्यसैगरी गाँजा, भाङ्गको सेवन र कुलतले पनि कुनै प्रकारको फाइदा

गर्दैन । तसर्थ त्यसबाट टाढा रहनु राम्रो हुन्छ । सबै व्यक्तिहरूलाई गाँजा भाङ्ग र सूर्तीको सेवन नगर्न र त्यस्ता चिजहरूबाट टाढा रहेमा हाम्रो जीवनमा आउने विभिन्न प्रकारका रोगका भलबाढीहरूलाई रोक्न सकिने छ ।

प्रस्तुत कवितामा सूर्ती र सूर्ती जन्य चीजहरूको साथै हामीलाई नशा दिने गाँजा भाङ्ग जस्तावस्तुहरूको सेवनले कुनै प्रकारको फाइदा नगर्ने र त्यस्ता वस्तुहरूको सेवनबाट विभिन्न प्रकारका रोगहरू लाग्ने हुँदा ती वस्तुबाट टाढा रहन र तिनको सेवन नगर्न मूल सन्देश कवितामा व्यक्त भएको पाइन्छ । यही नै कविताको मूल भाव पनि रहेको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा अन्त्यानुप्रास मिलेको पाइन्छ । भाषा सरल र सहज रहेको छ ।

**५.४.१८. इच्छा**

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको कविता हो । यस छन्दमा बाह्र अक्षरहरू रहेका हुन्छन् । यो कविता वीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा हाम्रो समाज कस्तो हुनु पर्छ र हाम्रो समाजका व्यक्तिहरू कस्तो बनिनु पर्छ भन्ने बिषयमा यस्तो भए हुन्थ्यो भन्ने समाजप्रतीको आफ्नो इच्छा प्रकट गरिएको छ । समाजका प्रत्येक व्यक्तिहरू जल झैं स्वच्छ र निर्मल बन्नु जसरी पानीले आफू फोहोर भएर पनि अरुको फोहोरलाई पखालेर राम्रो बनाई दिन्छ । त्यसै गरी मानिसले पनि आफ्नो स्वार्थ भन्दा माथि उठेर अरुको हितमा काम गरिदियोस् । पृथ्वी आफू सबै किसिमका दुःखहरू सहेर सबैको पालन पोषण गरी रहेको छ । त्यसैगरी मानिस पनि अरुको हितमा लागून जसरी अकाशले संसारलाई ढाकी दिएको छ । त्यसैगरी मानिस पनि आफ्नो कृतिद्वारा संसारमा फैल्योस् । चन्द्रमाले शितल कान्ति दिएर रातमा उज्यालो बनाउँछ । त्यसैगरी मानिसले पनि सबैलाई शान्ति छर्न सकोस । संसारमा रहेका मिठा मिठा फल फूलहरू आफू झुकेर अरुका इच्छालाई पूर्ण गरिदिन्छन् । तिनीहरूलाई लुछ्ने चुड्नेहरू प्रति पनि कुनै प्रकारको रिस गर्दैनन् । त्यसैगरी मानिस पनि सधैं अरुको हितमा लागि रहोस् र शान्त स्वभाव लिइ अगाडि बढोस् । मानिस कहिल्यै पनि आफ्नो राष्ट्रको स्वाधीनताप्रति नझुकोस । सधैं उच्च विचार लिएर चन्द्रमा भन्दा पनि माथि पुग्ने विचार लिन सकोस् । अरुको उपकार गर्ने संसारमा रहेका सत्ग्रन्थहरूको अध्ययन गरी आफ्नो ज्ञानलाई बढाइरहोस । संसारमा रहेको पारसमणि आफ्नो स्वधर्म नै हो । जसलाई दया पनि भनिन्छ । जुन कुरा आफूसँग रहे पछि कुनै प्रकारको डर हुँदैन । संसारमा अल्छी र अर्काको प्रगतिमा ईर्ष्या गर्ने भावना समानका शत्रुहरू अरु कोही हुँदैनन् । यी दुई वटा कुरालाई छाडेमा संसार स्वर्ग समान बन्छ । तसर्थ अल्छी र अर्काको प्रगतिमा ईर्ष्या गर्ने दुष्ट भावना त्याग गर्दै सबै जना अगाडि बढौं भन्ने मूलभाव प्रस्तुत इच्छा कवितामा प्रकट भएको छ ।

यस कवितामा तृतीय पुरुष दृटिविन्दुको प्रयोग गरिएको छ । कवितामा भै त्यै, दिनू लिनू, अरु बरु, चली बली, दया भया, जगमा भवमा जस्ता अन्त्यानुप्रास युक्त शब्दहरूको प्रयोग गरिएको छ । जसले कवितामा सौन्दर्यता थप गर्ने काम गरेको छ । कविताको भाषा सरल, सहज र बोधगाम्य रहेको पाइन्छ ।

## ५.४.१९. वर्षा

प्रस्तुत कविता स्वागता छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा एघार अक्षरहरू रहेका हुन्छन् । वर्षा कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचना भएको कविता हो ।

प्रस्तुत कवितामा हाम्रा विभिन्न ऋतुहरू मध्ये वर्षा ऋतुको महत्वमाथि प्रकाश पार्न खोजिएको छ । जब वर्षा ऋतु शुरु हुन्छ त्यसपछि किसानहरू आफ्नो बालीनाली लगाउनका लागि तत्पर हुन्छन् । उनीहरू विहान सबेरै उठ्ने र आफ्नो खेतबारीतर्फ ध्यान लगाउने गर्दछन् । वर्षा ऋतुमा भएको वर्षामा उनीहरू खुशी हुने र रमाउने गर्दछन् किसानहरू वर्षाकालमा अन्य सबै कुराहरूलाई छाडेर खेतीबाली लगाउने र दिन भर आफ्नो खेतीबारीमा नै श्रम गरी वर्षाको स्वागत गर्दछन् । जब आकासबाट निरन्तर रूपमा पानी झरी वर्षा ऋतु सुरु हुन्छ । चिसोबाट डराएर लुकेका किट पतंगहरू सबै देखा पर्न थाल्छन् । उजाड भएको भूमि चारै तर्फ हरियो देखिन   थाल्दछ । किसानहरू फूर्तिसाथ उठेर मिठा मिठा गीतहरू गाउँदै आफ्नो खेतबारी तर्फ जाने गर्दछन् । सबै खोलानालाहरू पनि वर्षाको कारणले गर्दा धमिलो भएर बग्न थाल्छन् । किसानहरू दिनभरि खेतबारीमा काम गर्ने हुँदा हिलोद्वारा रङ्गिएका हुन्छन् । जुन समयमा सुकिलो र ढिलो गर्ने व्यक्तिहरूको कम महत्व देखिन्छ ।

यसरी प्रस्तुत कवितामा हाम्रो जस्तो कृषिप्रधान देशमा वर्षा ऋतुको खुबै महत्व हुने र वर्षा ऋतुमा यहाँका किसानहरू खुशी र जाँगरिला हुने भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कवितामा जगाई उठाई वर्षा हर्ष, किसान निसान, सारा धारा नदीमा ढिलामा जस्ता अन्त्यनुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ । कविताको भाषा सरल र सहज रहेको पाइन्छ ।

## ५.४.२०. पशु नै बनाउ प्रभु

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षरहरू रहेका हुन्छन् । यो कविता सोह्र पाउ तथा चार श्लोकमा संरचना भएको कविता हो ।

प्रस्तुत कवितामा मानिस भएर पनि विभिन्न किसिमका अन्याय अत्याचार भ्रष्टाचार र कुकार्य जस्ता अनैतिक कार्यहरू गरेर अर्काको आत्मालाई पीडा पुऱ्याउने मानिसहरूको कुकार्य हेरेर मानिस हुनु भन्दा बरु पशु भएर बाँच्न भगवानसँग आग्रह गरिएको छ । अर्को दृष्टिकोणबाट हेर्दा मानिसले आफ्नो स्वार्थ पूरा गर्नका लागि निरिह पशुपंक्षीमाथि गरेको अन्याय र अत्याचार माथि त्यस्तो नगर्नका लागि सचेत गराइएको व्याङ्ग्यत्मक संकेत पनि यस कवितामा देखिन्छ । त्यसैगरी टाठाबाठाहरूले सोझा सिधा मानिसहरूप्रति झुक्याएर आफ्नो स्वार्थ पूरा गरी पशुसमान बनाएको संकेत पनि यस कविताले गरेको छ । पशुले आफ्नो निमित्त काम गरेतापनि अर्काको आत्मालाई जलाउने काम गर्दैनन् बरु उसमाथि मानिसले विभिन्न किसिमबाट भोक, प्यास, बिराम कुनै कुराको बिचार नगरी पशुमाथि विभिन्न किसिमका शोषण गरिरहेको हुन्छ । कडा घाममा जोत्नु, भारी बोकाउनु, गलामा डोरी लगाएर बाँध्नु र उसको भोक, प्यास र बिरामको ख्याल नगर्नु जस्ता शोषणहरू पशुहरूले खपिरहेका छन् । उनीहरूको बच्चाले खाने दूध सबै दोहेर बेच्ने गर्नाले पशुका

बच्चाहरूको अधिकार समेत खोसिएको पाइन्छ । मासु खानका निमित्त अर्कालाई सुम्पिदिने र त्यस व्यक्तिबाट पाउने अनेक किसिमका दण्डहरू पशुले खप्नु परेको छ । अर्का तर्फ हेर्दा मानिसलाई नै पशु समान बनाएर, गरिने बन्द, चक्काजाम र हड्तालले मानिसमा पुऱ्याएको पीडा पशुले पाएको पीडा भन्दा कम छैन । तसर्थ यस्ता पीडाहरूलाई सहन गर्दै हेरेर बाँच्नुभन्दा बरु पशु नै हुनका लागि ईश्वरसँग अनुरोध गरिएको मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । अन्त्यानुप्रास युक्त शब्दहरूको सुन्दर प्रयोग भएको पाइन्छ । जसले गर्दा शैली सुन्दर भएको पाइन्छ भने भाषा सरल र सहज रहेको पाइन्छ ।

### ५.४.२१. विष

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना भएको कविता हो । यो कविता वीस पाउ तथा पाँच श्लोकमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा धर्मका नाममा हुने लडाई झगडा र तेरो मेरो प्रति सचेत गराउँदै सबै धर्मले भनेको सार कुरालाई संक्षेपमा बताउन खोजेको पाइन्छ । संसारमा चलेका कुनै पनि धर्मले अर्कालाई पीडा दिनु भनेका छैनन । परोपकार धर्म हो भन्ने सबै धर्मका धर्म शास्त्रमा पाइन्छ । सबै धर्मशास्त्रहरूले अर्कालाई दुःख कष्ट दिनु पाप हो भनेका छन् । दया नै मूल धर्म हो भनेर सबै धर्मका शास्त्रहरूका पाइन्छ भने धर्मका लागि लडाई गर्ने किन ? धर्ममा स्वार्थ भरिएको कारणले गर्दा अर्थमा अनर्थ भएर काटमार हत्या हिंसा र तेरोमेरो भन्ने धर्म बढ्दै गएको पाइन्छ । जुन कुनै पनि धर्मको मर्म होइन । मानिसहरू एउटा धर्म त्यागेर धन र स्वार्थका निम्ति अर्को धर्ममा जाने गर्छन् । यो संसारमा भएका सामानहरूको साटासाट गर्नु जस्तो मात्र हो । आफ्नो धर्मलाई बुझ्न नसकेर अर्को धर्ममा जानु सरासर गलत हो । यसबाट धर्म हुन सक्दैन कुनै पनि शास्त्रमा उच्च र निचा जातको बारेमा लेखिएको पाइदैन । सबै धर्मले एउटै ईश्वर छ भनेर बताउँछ । दया, सत्य र सबै जीवलाई एउटै ईश्वरको सन्तान भनेर शास्त्रहरूले भनेका छन् भने कसरी धेरै धर्महरू भए सबै आत्मामा एउटै ईश्वरको बास रहेको हुन्छ । सबै धर्मको उक्त मर्मलाई भुलाएर धर्मका ठेक्केदारहरूले धर्मलाई स्वार्थ तर्फ लगेर संसारमा धर्मका नाममा लडाई र झगडा गराएका छन् । यस कुरालाई बुझ्न नसकेर मानिसले लुगा फेरे समान धर्म फेर्दै जाने प्रवृत्तिले गर्दा विष समान भई रहेको छ । आफ्नो स्वधर्मलाई बुझ्न सबैलाई सचेत गराएको मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाईन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रासयुक्त शब्दहरूको सुन्दर प्रयोगले कविता सुनमा सुगन्ध जस्तो भएको छ । भाषा सरल र बोधगाम्य रहेको पाइन्छ ।

### ५.४.२२. नवक्यान्सर

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यस कवितामा प्रयोग भएको छन्द एक पाउमा बाह्र अक्षरहरू रहेका छन् । छैटौ अक्षरमा विश्राम हुन्छ यो कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा आफ्नो स्वदेशी पहिचान र आफ्नो पोशाकलाई घृणा गरी विदेशी रहन सहनमा लाग्ने व्यक्तिहरूको चरित्रप्रति नवक्यान्सर नाम दिएर व्यङ्ग्य गर्न खोजिएको छ । जसरी पलासको फूल राम्रो भए पनि त्यसमा सुगन्ध नभएको कारणले गर्दा संसारमा त्यसको मान र इज्जत छैन । त्यसैगरी आफ्नो रहन सहन र आफ्नो स्वदेशी पोशाकलाई घृणा गरेर हिड्ने व्यक्तिहरूको इज्जत रहन सक्दैन । विदेशी रहन सहनमा लागेर आफ्नो स्वदेशी पहिचानलाई बिर्सनेहरू हुरी चलेका समयको रुखको पात समान हुन्छ र त्यसको कुनै बाटो हुँदैन । विदेशीहरूको फेसनको नक्कल गरेर मानिसहरू पशु समान नग्न बनिसकेका छन् । आफ्नो पहिचानलाई गुमाएर आफू हराई रहेका छन् । यसो गर्नु राम्रो होइन आफूले गर्न नसक्ने र आफ्नो वर्गत र वुताले नभ्याउने कामहरू गरेर मानिस आफैं नास भई रहेका छन् । जसले गर्दा विभिन्न किसिमका संकटहरू बेहोर्न पर्ने स्थिति छ, दिनानु दिन फेसनहरू विकसित भई रहेका छन् । जसको कारणले गर्दा एकातर्फ आर्थिक भार थपिएको छ भने अर्का तर्फ आफ्नो पहिचना हराउँदै गईरहेको छ । यो भन्दा अझ डरलाग्दो स्थितिलाई हेर्दा मानिसहरू पछि गएर पशु समान नग्न हुने देखिन्छ । जसरी क्यान्सर रोगलाई निको पार्न सकिंदैन त्यसैगरी फेसन नवक्यान्सरको रूपमा समाजमा प्रस्तुत भैसकेको छ । तसर्थ समाजका प्रत्येक व्यक्तिहरू समय मै सचेत हुनुपर्छ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । कवितामा यो भयो, सबै अझै, उता सदा, सबै उतै, ता कुता, त्यसले यसले जस्ता अन्त्यानुप्रासहरूको प्रयोग भएको छ । भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.४.२३. किसान

प्रस्तुत कविता स्वागता छन्दमा रचना भएको हो यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा एउटा किसानको सिधा र सरलपनको सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ । एउटा किसानले कुनै पनि स्वार्थ नराखी आफ्नो श्रमद्वारा पसिना वगाएर आफ्नो बगाएर आफ्नो खेती बारीमा काम गर्छ । जसको फलस्वरूप विभिन्न प्रकारका अन्नबाली उब्जाएर मानिस तथा अन्य पशुप्राणीहरूको जीवन बचाइरहेको हुन्छ । उसले अन्य कुनै सोच नराखिकन आफ्नो बारी तथा खेतमा अन्नबालीहरू उब्जाउन मेहनत गरिरहन्छ । बालक, जवान, बृद्ध सबैको एउटै उद्देश्य हुन्छ हलो कोदालो र कुटे जस्ता सामानहरूसँग खेल्दै रमाउने किसान र उसको श्रमले संसारलाई बचाई रहन्छ । उसको सरल स्वभाव र परिश्रम गर्ने बानीले उसलाई निरोगी र खुशी बनाई राखेको हुन्छ । किसानको सरल स्वभावप्रति प्रस्तुत कवितामा सुन्दर रूपमा वर्णन गर्दै किसानको श्रमलाई सबैले सम्मान गर्नुपर्छ भन्ने मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

प्रस्तुत कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रसा मिलेको देखिन्छ । भाषा सरल र बोधगम्य रहेको पाइन्छ ।

### ५.४.२४. फूल

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यस कवितामा बीस पाउ तथा पाँच श्लोकमा संरचना भएको छ ।

प्रस्तुत कविता फूलका सुन्दरता र फूलका गुणहरूको वर्णन गर्दै त्यसबाट मानिसले शिक्षा लिएर फूल जस्तै बन्नु पर्छ भन्ने कुराको ज्ञान मानिसलाई दिन खोजिएको छ । फूल सुन्दर रूपमा फूलेर संसारलाई सुन्दरता दिन्छ । मिठो सुवास छरेर सबैलाई खुशी गराउँछ । उसलाई चुड्दा लुछ्दा पनि कुनै किसिमको दुःख पीर मान्दैन । त्यसैगरी मानिसले राम्रा काम गरेर संसारमा आफ्नो सुवास फैलाउनु पर्छ । आफूलाई दुःख कष्ट दिनेहरूप्रति पनि कुनै प्रकारको रिस राग नराखी क्षमा गर्न सक्नु पर्दछ । जुन कुराको शिक्षा प्रकृतिमा रहेको फूलबाट हामीले लिनु पर्दछ । यसमा भूल गरेमा मानिस कहिल्यै बड्न सक्दैन । उसको नैतिकतामा आँच आउँछ, मानिसले फूलबाट शिक्षा लिन सकेन भने ऊ मूर्ख बन्दछ । मूर्खको संसारमा कुनै मूल्य हुँदैन । जसरी फूलले संसारका सबै मानिसहरूको मनलाई आकर्षण गर्न सक्दछ त्यसैगरी मानिसले पनि फूलले जस्तै सबैलाई आफ्ना राम्रा कामद्वारा आकर्षण गर्न सक्नु पर्दछ । फूल हाम्रो एउटा प्राकृतिक गुरु हो जसलाई हामीले सम्मान गर्न सक्नु पर्दछ र त्यसबाट शिक्षा लिनुपर्दछ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको छ ।

यस कविता तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रास मिलेको पाइन्छ, भाषा सरल सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.४.२५. क्रान्ति

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस कविता सोह्र पाउ चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा क्रान्तिका नाममा हुने गरेका लडाई, झगडा र अशान्तिलाई परिवर्तन गरी नयाँ किसिमबाट क्रान्ति गर्नका लागि अनुरोध गरिएको छ । दुःख कष्टमा रहि रहेका व्यक्तिहरूका घरमा गएर उनीहरूका दुःख, पीडा, बुझ्न र त्यसमा साथ दिनका लागि सचेत गराइएको छ । खेतबारीमा आफ्नो श्रम लगाएर पसिना बगाई रहेका किसानहरूका साथमा गएर कृषि क्रान्तिका सम्बन्धमा जानकारी दिनुपर्ने र नयाँ प्रविधिको विकासमा जोड दिनु पर्ने तर क्रान्तिका नाममा लडाई, झगडा र अशान्तिद्वारा उनीहरूलाई डर, धाक दिनु नहुने सम्बन्धमा सबैलाई सचेत गराइएको छ । क्रान्तिका नाममा अशान्ति मचाउनु भन्दा विभिन्न कारणले अपाङ्ग हुन पुगेका व्यक्तिहरू र दृष्टि नभएका कारणले सधैं अन्धकारमा बाच्न बाध्य भएका व्यक्तिहरूसँग गई उनीहरूका पीडा दर्दमा साथ दिन अनुरोध गरिएको छ । क्रान्तिका नाममा सडकमा पीडा भोगी रहेका व्यक्तिहरूलाई र शिक्षा पाउनबाट बञ्चित भएका व्यक्तिहरूलाई दुःख नदिन र तिनीहरूको दुःख कष्ट कम गर्नका लागि अनुरोध गरिएको छ । त्यसालाई मात्र क्रान्ति भन्न मिल्ने संकेत गरिएको छ । प्रस्तुत कवितामा क्रान्तिका नाममा लडाई, झगडा र अशान्ति मचाएर दुःख पाई रहेका व्यक्तिहरूलाई अझै दुःख दिने काम गर्नु हुँदैन । उनीहरूको पीडा र दर्दलाई कम पार्ने र हटाउने तर्फ क्रान्ति बद्लिनु पर्छ भन्ने मूलभाव कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रासयुक्त शब्दहरू धरैमा करैमा, शरी यारी, मै गै, केही सोही प्रयोग गरिएको छ । भाषा सरल र बोधगम्य रहेको छ ।

### ५.४.२६. यमलोक

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यस छन्दमा १२ वटा अक्षरहरू रहेका हुन्छन् । यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना गरिएको छ ।

प्रस्तुत कविता दृश्य परक रहेको छ । एउटा व्यक्ति कुनै कारणले अपराध र धर्मको निर्णय गर्नका लागि बनाइएको स्थानमा पुग्दा त्यहाँको दृश्य र त्यहाँ रहेका व्यक्तिहरूद्वारा देखाइएको विभिन्न व्यवहारद्वारा प्रभावित भएको कुरालाई प्रस्तुत कवितामा यमलोकको संज्ञा दिदै वर्णन गरिएको छ । देशमा रहेको नियम कानून बमोजिम पाप र धर्मलाई छुट्याउन अथवा व्यक्तिको आपराधिक कार्यलाई पत्ता लगाउन त्यहाँका व्यक्तिद्वारा विभिन्न प्रकारको व्यवहार प्रस्तुत भएको छ । जसमा कसैले हप्काउने कसैले फकाउने, कोही आफ्नो जस्तो हुने, कोही विरानो बन्ने जस्ता कार्यहरूद्वारा अपराध पत्ता लगाउने कोशिस गरिन्छ । जुन कार्य हाम्रो धर्मशास्त्रमा भएको यमलोकको वर्णन जस्तै छ । कुनै ठाउँमा पशुको बलि दिएर भूमि रगताम्मे भएको देखिन्छ । जुन ठाउँमा नरकको वर्णन भएको यमलोक भन्दा फरक छैन । तर जे भए पनि निरपराध र निर्दोष व्यक्तिलाई त्यस ठाउँमा जाँदा कुनै प्रकारको डर हुँदैन । त्यहाँ भएका अपराधको छानविन गर्ने व्यक्तिले यदि निर्दोषलाई अपराधी बुझेमा ऊ अपराधको दण्ड भोग्न निर्दोष भए पनि बाध्य हुन्छ । तर धर्मशास्त्रमा लेखिएको यमलोकमा भने यसो हुन सक्दैन । तसर्थ अपराधको छानविन गर्ने व्यक्तिले सत्य तथ्य कुरा बुझेर मात्र दण्ड गरिनु पर्छ । निर्दोष व्यक्तिलाई दण्ड दिनु हुँदैन भन्ने मूल भाव प्रस्तुत यमलोक कवितामा व्यक्त भएको पाइन्छ । जसरी यमलोकमा सत्य कुरा नबुझि दण्डको भागि बनाईदैन । त्यसैगरी न्यायमूर्तिहरूले पनि दोषी व्यक्तिलाई मात्र दण्ड गरुन ।

यो कविता तृतीयपुरुष दृष्टिविन्दुमा रहेर रचना गरिएको छ । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ । भाषा सरल, सहज रहेको पाइन्छ ।

### ५.४.२७. मपाइँ

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यो कवितामा बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा अर्कालाई उपदेश दिन सजिलो हुन्छ । तर त्यही कुरा आफ्नो व्यवहारमा परिवर्तन गर्न गाह्रो पर्दछ । सबैले आफूलाई राम्रो नै देखाउँछन् । आफ्ना सबै व्यवहारहरू राम्रा नै मान्दछन् । तर त्यसको असर अरु व्यक्तिमा कति परिरहेको छ त्यसको विचार गर्दैनन् । अर्काका दोषहरू देखाउन र त्यसको वखान गर्न सजिलो हुन्छ तर त्यही कुरा आफूमा कति रहेको छ छुट्याउन गाह्रो हुन्छ । आजका मानवहरूलाई कसैले तपाई भनिरहनु पर्दैन उनीहरू आफै मपाइँ भएर हिड्छन् जसको कारणले गर्दा उनीहरूको उन्नती रोकिन्छ र अन्यत्र शत्रु बढी रहेका हुन्छन् । मानिसले आफ्नो दोष अरुलाई पनि हेर्न र त्यसमा परिवर्तन गर्न सक्नु पर्दछ । अर्कालाई दोषी ठहराएर आफै मपाइँ बन्नु हुँदैन भन्ने मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले सुन्दर बनेको पाइन्छ भने भाषा सरल, सहज र बोधगाम्य रहेको पाइन्छ ।

## ५.४.२८. घात

प्रस्तुत कविता छन्दमा रचना भएको छ । यो कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा स्वार्थी व्यक्तिहरूमा स्वार्थका कारणले व्यक्तिमा पर्ने अनेक किसिमका घात र कुकार्यहरूको चित्रण गरिएको छ । पहिले मिठामिठा कुराहरू गरेर पछि धोका दिने व्यक्तिहरूलाई प्रस्तुत कविताले सचेत गराउन खोजेको छ । आफ्नो स्वार्थका लागि मिठा मिठा स्वप्नाहरू बाँड्ने र त्यो पूरा भए पछि ख्यालै नगर्ने व्यक्तिहरूका कारणले गर्दा संसारमा धेरै मानिसहरू पिडित भइरहेका छन् । यस्ता धोकेबाजहरू समाज र राष्ट्रमा रहेसम्म त्यस्तो राष्ट्रको उन्नति हुन सक्दैन र त्यहाँका सच्चा व्यक्तिहरू सधै पछि पर्दछन् र पछि पारिन्छन् । व्यक्तिमा जस्तो स्वभाव छ उसले अर्को व्यक्तिलाई पनि उस्तै रूप देख्दछ । सत्यको पक्षमा हिड्ने व्यक्तिहरूले स्वार्थी व्यक्तिलाई पनि सत्यवादी नै देख्छन् । जसको कारणले गर्दा उनीहरू ठूलो धोकामा पर्दछन् । हाम्रो देशको राजनीतिक स्थितिलाई हेर्दा बारम्बार यस्तै घटना घटि रहेका छन् । जसको कारणले यो देशका जनताहरू पीडा र दर्दमा रहन बाध्य छन् र पछि परिरहेका छन् । यस्तै स्वार्थी व्यक्तिहरूका कारणले गर्दा हाम्रो देश परनिर्भर भई संसार सामु झुक्नु बाध्य भएको छ । तसर्थ स्वार्थी व्यक्तिहरूको स्वार्थप्रति आफ्नो स्वविवेक प्रयोग गर्दै अगाडि बढ्न आह्वान गरेको मूलभाव कवितामा व्यक्त भएको पाइन्छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कवितामा वात घात, छैन चैन , जान खान बिचार निसार जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको पाइन्छ । भाषा सरल, सहज र बोधगम्य रहेको छ ।

## ५.४.२९. स्वार्थ

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना भएको छ । यो कविता सोह्र पाउ तथा चार श्लोकमा संरचित छ ।

प्रस्तुत कवितामा सबै ठाउँमा स्वार्थले घेरा हालेको अवस्थामा हाम्रा धर्मशास्त्रहरूमा पनि स्वार्थको प्रवेश भई सकेको छ । शास्त्रमा भएका सत्य कुराहरू स्वार्थका कारणले अर्थका अनर्थ हुन थालेका छन् । जसको कारणले गर्दा हाम्रा धर्मशास्त्र माथि व्यक्तिहरूले औला उठाउन थालेको पाइन्छ । स्वार्थका कारणले गर्दा सत्य र धर्म पनि डराएर भाग्न थालि सकेका छन् । जुन ठाउँमा स्वार्थले नै स्थान लिई सकेको छ । सत्य र धर्म डराएको कारणले गर्दा मानिसमा रहेका शिलस्वभाव र नैतिकताहरू पनि हराउन थालेका छन् । विभिन्न किसिमका आफ्ना रवाफ र धाक धम्कीका कारणले गर्दा हाम्रो परम्परादेखि चलि आएका रीतिरिवाज र सँस्कृतिहरू बिग्रदै गएका छन् । जसको कारणले गर्दा पछि गएर हामी आफै हराउनु पर्नेछ । मानिसमा भएको अल्प ज्ञान र आफू मात्र जान्ने हुँ भन्ने भावनाको कारणले गर्दा हाम्रो समाजमा यस्तो अवस्था बढ्दैछ । संसारमा जति पनि धर्म रहेका छन्, तिनीहरू सबैले एउटै ईश्वरलाई मानेका छन् र मानिसमा रहेको स्वार्थ र मूर्खताले गर्दा त्यसमा अनेकता आएको छ । जस्को कारणले गर्दा मानिसहरूले लुगा कपडा फेरे जसरी धर्म फेर्ने विकृति बड्दै गएको छ । यो कुनै शास्त्रको मत होइन र कुनै धर्मले यसो भनेको

पनि छैन । अल्पज्ञान हुने स्वार्थी र मूर्ख व्यक्तिहरूले धर्मको नाममा झगडा गराई राखेका छन् । जस तर्फ सबै सचेत हुनुपर्छ भन्ने मूलभाव कवितामा रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यस कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ । भाषा सरल सहज र बोधगाम्य रहेको छ ।

### ५.४.३०. श्रद्धा

प्रस्तुत कविता उपजाति छन्दमा रचना भएको यस छन्दमा एघार अक्षरहरू रहेका छन् । यस कवितामा बाह्र पाउ तथा तीनमात्र श्लोकहरूद्वारा संरचना भएको  छ ।

प्रस्तुत कवितामा एउटा राष्ट्रवादी व्यक्तिले आफ्नो जन्मभूमिलाई कसरी माया गर्छ भन्ने कुरा सुन्दर रूपमा प्रकट गरेको पाइन्छ । आफ्नो जन्मभूमिमा रहेका सबै कुराहरू उत्तिकै प्रिय हुन्छन् । आफ्नो जन्मभूमिको माटो अत्यन्तै प्रिय हुन्छ । एउटा देशको सपुतले आफ्नो स्वदेशलाई सधै आफ्नो शिरमा राख्ने गर्दछ । कविताको दोस्रो श्लोकमा नेपाल आमालाई भुल्न नसकिने र आफ्नो मुटुमा सजाउने र नेपालको झण्डालाई सधै माथि उठाई प्रसन्न रहने कुरा व्यक्त भएको पाइन्छ । कविताको तेस्रो श्लोकमा जसरी आफ्नो जननीलाई भूल्न सकिन्न । जसबाट सधै आफू ऋणी रहेको र त्यो ऋण तिर्न कहिल्यै नसक्ने भएको हुँदा आफ्नो जन्मभूमिप्रति श्रद्धा रहि रहने मूलभाव कवितामा व्यक्त भएको छ ।

यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा मलाई सजाई, एक अनेक, पवित्र म भित्र वन्छु भन्छु, बुझ्रेर धेर जस्ता अनुप्रासयुक्त शब्दहरूको प्रयोग गरी कवितालाई एकदमै सुन्दर रूप दिएको छ । कवितामा भाषा सरल सहज र बोधगम्य रहेको छ ।

### ५.४.३१. विचार

प्रस्तुत कविता तोटक छन्दमा रचना गरिएको छ । यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा व्यक्तिहरूबाट स्वार्थका निमित्त भूलमा पारेर छक्याएको कुरालाई प्रष्ट पार्न खोजिएको छ । अनेक किसिमका सपनाहरू बाँडेर पछि घात पुऱ्याउने व्यक्तिहरूको कारणले गर्दा हाम्रो समाज सधै पछि परिरहेको छ । सपना बाँडेर हिड्ने स्वार्थीहरूको सपनामा रहेर कहिले पनि समाज र देशको उन्नति हुन सक्दैनन् । तर हाम्रो समाजका सोझा सिधा जनताहरूले उक्त कुरालाई बुझ्न अझै पनि सकेका छैनन् । यहाँ जसको निमित्त भनेर लडाई झगडाहरू हुने गर्दछन् सोही वर्ग नै थिचिन्छन्, किचिन्छन र मिचिन्छन् । पटक पटक उही कुरा हुँदा पनि हाम्रो समाजले उक्त विषयमा कुनै कुरा सोच्न सक्दैन जसको फाइदा समय समयमा स्वार्थी व्यक्तिहरूले उठाइ रहेका छन् । यस कुरामा जबसम्म चेतना हुँदैन पिढामा रहेका पिडितहरू तबसम्म उही अवस्थामा रहने छन् । यहाँ भएका परिवर्तनहरू टाठा बाठाका निमित्त नै फावसिद्ध देखिन्छ जसको निम्ति क्रान्ति गरिन्छ ती व्यक्तिहरू अझै पनि निन्द्रामा नै छन् । यसरी निदाई रहेका व्यक्तिहरूलाई उठ्न, व्यूँझन र आफ्नै नाममा भएको संघर्षबाट आफै पीडित नहुनका लागि सचेत गराउने मूल भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा गरे सरे, रहने बहने, रती ती, रह्यौ भयौ, सजिलो कटिलो, बढ जढ जस्ता अनुप्रासयुक्त शब्दहरूको प्रयोग पाइन्छ । भाषा सरल सहज र बोधगाम्यता रहेको पाइन्छ ।

### ५.४.३२. फूल

प्रस्तुत फूल कविता यसै कविता सङ्ग्रह श्रद्धा भित्र चौविसौ क्रममा व्याख्या भै सकेको हुँदा यहाँ ३२ नम्बरमा कविता दोहोरो पर्न गएकोले व्याख्या विश्लेषण गरिएको छैन ।

### ५.४.३३. उपदेश

प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचना गरिएको छ । यस छन्दमा एक पाउमा १४ अक्षरहरू रहेका छन् । यो कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा समाज कस्तो हुनुपर्छ भन्ने विषयमा समाजमा रहेका व्यक्तिहरूलाई आफ्नो चरित्र सुधार गर्नका लागि उपदेश शीर्षक राखी ज्ञान गराउन खोजिएको छ । त्यसैले शीर्षक पनि सार्थक रहेको पाइन्छ । समाजमा रहेका प्रत्येक व्यक्तिहरूको मुहार सधै हँसिलो रहोस्, उनीहरूको बोलीचाली राम्रो होस् सबैले ज्ञान गुणका शास्त्रहरू पढून्, सिकून् र जानून् । सबैमा देशभक्ति रहोस् सबै जनताहरूले अरुको भलाईको काम गरुन् । आफ्नो जीवनलाई साधा रूपमा बिताउन र विचार भने सधै उच्च राखून् । ईश्वर र आफ्नो स्वधर्मप्रति सधै श्रद्धा रहिरहोस् समाजका सबै व्यक्तिहरू नैतिक र चरित्रवान बनुन् । आफ्नो समाजको सधै उन्नति गरून सबैमा राष्ट्रियता र जन्मभूमिको प्रेम रहोस् । नेपाल देशको सबैले सम्मान गरुन् । अर्काको अहित हुने काम कसैबाट नहोस् आफ्ना बालबालिकाहरूलाई पनि सबैले यस्तै शिक्षा दिऊन् । आफू आफ्नो समाज र आफ्नो राष्ट्रको उन्नतिमा सबैको ध्यान जाओस् र आफ्नो मातृभूमि स्वर्ग समान बनोस् भन्ने मूलभाव प्रस्तुत उपदेश कवितामा उपदेशको रूपमा व्यक्त गरिएको छ ।

प्रस्तुत कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रासयुक्त भाषाको प्रयोगले कवितामा सौन्दर्यता थपेको छ भने भाषाको सरल, सहज र बोधगम्य समेत रहेको पाइन्छ ।

### ५.४.३४. खै खै

प्रस्तुत खै खै कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता बाह्र पाउ तथा तीन श्लोकहरूमा संरचना भएको छोटो कविता हो ।

प्रस्तुत कवितामा हाम्रा अभिभावक र समाजका सदस्यहरूले गर्ने लापारवाही र साना बच्चाहरूको मनोविज्ञान नबुझ्नाले, देखासिखिका कारणले गर्दा हाम्रो समाजका व्यक्तिहरू धुम्रपान, मध्यपान र लागूपदार्थ जस्ता कुलतमा फस्ने कुरालाई यस कविताले सचेत गराउँदै त्यसो नगर्न आह्वान गरेको छ । आफ्ना परिवारका अभिभावकहरूले मसिना बच्चाको अगाडि धुम्रपान, मध्यपान र लागूपदार्थको सेवन गर्दा बच्चाहरूको दिमागमा त्यस्तो बानीको प्रवेश हुने र पछि गएर त्यसले नशाको रूप लिने हुँदा हाम्रो समाजका सदस्यहरू त्यसको शिकार बनिरहेका छन् । जुन कुराले रोग, खर्च र समस्याहरू ल्याउँछ । त्यस कुराबाट आफ्ना बच्चाहरूलाई टाढा राख्न सकेमा समाजको सुधारमा ठूलो योगदान

मिल्न सक्छ । नशाको रोगमा फसिसकेका बृद्धहरू त्यसबाट छुट्न चाहेर पनि छुट्न सक्दैनन् । बालक र युवाहरू हाम्रै लापरबाही र कुसंगतका कारणले गर्दा परिवार समाज र राष्ट्रलाई नै हानी पुगि रहेको छ भन्ने तर्फ कवितामा सन्देश व्यक्त गर्दै यसो नगर्न सचेत गराएको मूल भाव व्यक्त गरिएको छ ।

प्रस्तुत कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कवितामा अन्त्यानुप्रासयुक्त देखी शेखी, पारी भारी, डर्ने गर्ने, जस्ता शब्दहरू प्रयोग गरिएको छ । भाषा सरल र बोधगम्य रहेको छ ।

### ५.४.३५. विदा

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यो कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा मानिसहरू यस संसारमा जन्म लिएपछि सँगै मृत्युलाई पनि लिएर आएका हुन्छन् । मृत्युको पञ्जाबाट संसारका कुनै जीवहरू पनि उम्कन सक्दैनन् । संसारमा मानिस जन्मदा एक्लै जन्म लिन्छ तर उसको साथमा उसका परिवारका सबै सदस्यहरू रहन्छन् । जब मृत्युको मुखमा पुग्छ, उसलाई कसैले पनि साथ दिन सक्दैनन् । यो अवस्था संसारका सबैलाई आउँछ । यस्तो अवस्थामा उसले आफूले गरेका पाप र पुण्यलाई मात्र सम्झन सक्छ त्यस्तै अवस्थाको कल्पना गर्दै संसारबाट आफू विदा हुन लागेको अवस्थाको चित्रण प्रस्तुत कवितामा भएको छ । अन्त्यका अवस्थामा व्यक्तिले त्यहाँ रहेका सबैसँग विदा मागी एक्लै जान बाध्यता रहन्छ । त्यही अवस्थाको कल्पना गरी यस कविताको शीर्षक विदा राखिएको छ । एक जना यस संसारबाट विदा हुँदै गरेको व्यक्तिले आफू बोल्न सके नसके पनि आफूले गरेका कर्महरूलाई उसले हृदयमा सम्झन्छ र आफू दूर जानका लागि विदा माग्दछ । उसले आफूले गरेका गल्ति कमजोरीप्रति क्षमा माग्दै यस संसारबाट विदा लिन्छ । तसर्थ हामीले अपराध र पाप कर्महरू गर्नु हुँदैन । जसले अन्त्यको समयमा चोट पुऱ्याउँछ अरुको भलाईको लागि काम गरेको व्यक्तिलाई अन्त्यको समयमा शितलता प्राप्त हुन्छ र सबैसँग विदा माग्न सजिलो हुन्छ भन्ने मूलभाव कविताले व्यक्त गरेको छ ।

यस कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा कवि आफू मृत्युको क्षणमा आफूलाई विदा लिने अवस्थाको क्षणका भावमय अभिव्यक्ति प्रस्तुत गर्न पुगेका देखिन्छन् । कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग पाइन्छ । भाषा सरल सहज र बोधगम्य रहेको छ ।

### ५.४.३६. ज्यूँदो लाश

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना गरिएको छ । यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा संसारमा आफूलाई अशक्त र केही गर्न नसक्ने सम्झने व्यक्तिहरूको मनोविश्लेषणात्मक वर्णन भएको पाइन्छ । विभिन्न कारणले गर्दा परिवार, समाज र राष्ट्रबाट पछि परेका वा पारिएका व्यक्तिहरू आफूलाई कमजोर र निर्वल सम्झन्छन् । जसको कारणले गर्दा उनीहरू मरेको लास समान हुन पुग्छन् । शारीरिक वा मानसिक रूपले कमजोर रहेका व्यक्तिहरूले आफूलाई यस्तै सम्झेर रहेका हुन्छन् । उनीहरू

मृत्यु भई सकेको जड लास समान हुन् यस्तो अवस्थामा उनीहरू भित्र रहेको मनोबललाई जागरण गराउनु आवश्यक रहन्छ । यसो नभएमा उनीहरू जीउँदो लास समान भएर बाच्न बाध्य हुन्छन् । उनीहरूका अगाडि मार्गलाई रोक्न कमजोरको पर्दा लागेको हुन्छ जुन पर्दालाई उधार्न समाजका सचेत व्यक्ति, मनोवैज्ञानिकहरूले डाक्टरको काम गर्न सक्छन् । यदि यस्ता डाक्टरहरू मिल्न सकेनन भने उनीहरूको जीवन निराशामा बित्न बाध्य हुन्छ । तसर्थ त्यस्ता व्यक्तिहरूको मनोबल उठाउन सबैको कर्तव्य हुन्छ भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको पाइन्छ ।

यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । कविता अन्त्यानुप्रासयुक्त शब्दहरूको सुन्दर रूपमा प्रयोग भएको पाइन्छ । भाषा सरल, सहज र बोधगम्य रहेको छ ।

### ५.४.३७. चिनारी

प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचना भएको छ । यस छन्दमा १४ अक्षरहरू रहेका हुन्छन्, आठौं अक्षरमा विश्राम रहेको छ । यो कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचना भएको कविता हो ।

प्रस्तुत कवितामा व्यक्तिहरूले आफू भित्र रहेको क्षमता र शक्तिलाई नजानेर अथवा त्यसको लागि उपयुक्त वातावरण नपाएर पछि परिरहेका हुन्छन् । जसरी एउटा हात्ती आफ्नो बल र शक्तिलाई नजानेर मानिसको दास बन्न पुग्दछ । त्यसैगरी मानिस पनि आफ्नो शक्ति नजानेर अर्को मानिसको दास हुन पुग्दछ । आफू भित्र रहेको क्षमताको पहिचान गर्न सकेमा आफू कहिल्यै पछि पर्नु पर्दैन  र अरुको दास हुनु  पर्दैन । जुन कुराका लागि उपयुक्त वातावरण र सचेत गराउने व्यक्तिको आवाश्यकता पर्दछ । स्वार्थ लुट्न हिडेका व्यक्तिले अर्काको शक्ति र क्षमतालाई देखाउन चाहँदैन र आफ्नो स्वार्थ सिद्ध गर्दछन् र अरु बीच द्वन्द्व गराउँछन् । आफू भित्र रहेको क्षमता र शक्तिको पहिचान नहुनाले व्यक्ति सधैं पछि रहन्छ र उसबाट उन्नतिको आशा गर्न सकिन्न । यस्तो क्षमतालाई उजागर गराएर उनीहरूलाई सचेत गराउने हो भने कसैले पनि उनीहरूमाथि शोषण गर्न सक्दैन । तसर्थ व्यक्तिमा रहेको क्षमता र शक्तिको पहिचान गरी स्वावलम्बी बन्नका लागि प्रस्तुत कविताले सबैलाई सचेत गराएको छ । यही नै प्रस्तुत कविताको मूल भाव समेत रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दु भएको कविता हो । कवितामा धेर रहेर, फँसेको खसेको, विचारी चिनारी, नझुक नचूक जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग भएको छ । भाषा सरल र बोधगम्य रहेको छ ।

### ५.४.३८. हरायो

प्रस्तुत कविता स्वागता छन्दमा रचना गरिएको छ । यस छन्दमा एक पाउमा एघार अक्षरहरू रहेका हुन्छन् । सातौं अक्षरमा विश्राम रहन्छ यो कविता सोह्र पाउ तथा चार श्लोकहरूमा संरचित रहेको पाइन्छ ।

प्रस्तुत कवितामा मानिसहरूमा अशान्ति खोजिएको छ । र अनैतिकता बढेकोमा सचेत गराउन खोजिएको छ । मानिसमा भएको नम्रता सहनशिलता, नैतिकता र सत्व गुणहरू हराएको कारणले गर्दा प्रत्येक मानिसहरू अशान्त हुन पुगेका छन् । मानिसमा हुनु पर्ने शान्त भावहरू हराएर विभत्सता बढेको छ । जसको कारणले गर्दा सन्तको शक्ति हराएको छ । शास्त्रमा लेखिएको सत् गुणहरू अर्थहीन भएर हराएको छ । ब्राम्हणमा भएका

शक्तिहरू त्यसैगरी हराएका छन् । यसैगरी हराउँदै जाँदा आफूलाई सचेत र उच्च सम्झने परिणत भै सकेको छ । कसैले कसैलाई सम्मान गर्न छाडेको  छ । सबै आफैं मपाइँ बन्न थालेका छन् । फलस्वरूप संसारबाट सबै कुरा हराउँदै गएकोमा प्रस्तुत कवितामा चिन्ता व्यक्त गरिएको छ । यसरी नै सबै हराउँदै जाने हो भने एक दिन गएर हाम्रा रीतिरिवाज र संस्कृतिहरू सबै हराउने छन् र हामी पनि हराउने छौं । तसर्थ यस तर्फ सबै सचेत हुनुपर्छ भन्ने प्रस्तुत कविताको मूल भाव रहेको छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा व्यक्त भएको पाइन्छ । अन्त्यानुप्रास मिलेको पाइन्छ भने भाषाशैली सरल सहज र बोधगम्य रहेको छ ।

### ५.४.३९. नेपाल

प्रस्तुत कविता शार्दुलविक्रिडीत छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा १९ अक्षरहरू रहेका छन् । छैटौं र बाह्रौं अक्षरमा विश्राम रहन्छ । यो कविता तीन श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा नेपाल, देशलाई एउटा सुन्दर फूलबारीको कल्पना गर्दै यहाँ भएका सबै जातजाति, रहनसहन, भेषभूषा र सँस्कृतिलाई विभिन्न रङ्गका फूलको रूपमा कल्पना गरिएको छ । यस कवितामा नेपालमा रहेका चार जात छत्तिस वर्णका सबै जात जातीहरू यस देशका लागि उत्तिकै महत्वपूर्ण छन् । सबैका मात्रृभूमिप्रति उत्तिकै दायित्व छ । सबैका लागि यो देश उत्तिकै श्रद्धापूर्ण रहेको छ । तसर्थ यो देशमा कुनै एक जाति विशेषको महत्व रहँदैन यो देश सबैक्ो साझा चौतारी हो । देशको विकास गर्ने काममा पनि सबैको उत्तिकै महत्व रहन्छ । सबैको शीरको रूपमा हाम्रो सर्वोच्च शिखर हिमाल रहेको छ । तसर्थ सबैलाई उच्च बिचार लिनका लागि हामीलाई हाम्रो हिमालले सन्देश दिइ रहेको छ । हामी सबै मिलेर यस देशको विकासमा एकबद्ध भई अगाडि बढ्नु पर्छ भन्ने मूल सन्देश कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको रूपमा प्रस्तुत भएको छ । यसमा अनुप्रास मिलेको देखिन्छ भने भाषा सरल र बोधगम्य रहेको छ ।

### ५.४.४०. कवितै कविता

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा बाह्र अक्षरहरू हुन्छन् । छैटौं अक्षरमा विश्राम रहन्छ । यो कविता छत्तीस पाउ तथा नौ श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा एउटा सर्जकले संसारमा सबै तर्फ सृर्जनै सृजना देख्दछ । तसर्थ उसले सबै सृजनाहरूलाई समेट्न नसके पनि सृजना जहाँ पनि छन् भनेर बताइ रहेको हुन्छ । यस कवितामा पनि सबै ठाउँमा सृजना देखिएको छ । तर आफ्ना विभिन्न व्यवहारिक कठिनाइको कारणले गर्दा उक्त सृजनाहरूलाई लेख्न नसकेकोमा दुःख व्यक्त गर्दै कविताको शीर्षक कवितै कविता राखिएको छ । यसरी हेर्दा शीर्षक सार्थक रहेको पाइन्छ ।

यस कवितामा कविताहरू छरपस्ट भएर रहेको कुरा व्यक्त गरिएको छ । साथै तिनीहरूलाई लेख्न नसकेकोमा दुःख व्यक्त गरिएको छ । हाम्रो देशको उत्तरमा सर्वोच्च शिखर सगरमाथा रहेको छ । यस देशमा खोलानाला, ताल, पोखरी, वनजंगल, खोचबेसी विभिन्न ठाउँहरू रहेका छन् । हिमाल, पहाड र तराईको मात्र कविता लेख्ने हो भने पनि

कति कविता बनिने छन् । यहाँ सन्त व्यक्तिको कविता छ । मूर्ख व्यक्तिहरूका कविता छ , अमीर, गरीब दुःखीहरूका कविता छन् । साङ्ग व्यक्तिहरूबाट कविता बनिन्छ । अपाङ्ग व्यक्तिहरूबाट पनि उत्तिकै कविता बनिन्छन् । यहाँ तरवारका कविता छन्, बन्दुकका कविताहरू छन् यी सबै कविताका पात्रहरू हुन् । ठगाइ र शोषण गर्नेहरूका कविता छन् । सज्जन व्यक्तिका कविता पनि छन्, चुरोट, विडिका कविता पाइन्छन् । त्यसैगरी मदिराका पनि कविता छन् यसरी हेर्दा यो संसारमा कविताका पात्रै पात्र छन् । तर लेख्ने फुर्सत भने पाइँदैन । कविताहरू छरपष्ट भएर गई रहेका छन् यहाँ दिनको कविता छ, रातको पनि कविता छ । यो संसार सबै कवितै कविता छ भन्ने मूल भाव प्रस्तुत कवितामा रहेको पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसमा अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.४.४१. गरीब

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको छ । यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा गरीब किसानहरूको दुःख पीडा माथि चित्रण गरिएको छ । कवितामा गरीब किसानहरूले सधैं विभिन्न प्रकारका दुःख कष्टहरू सहनुपर्ने, घामपानी, हुरी बतास, ठण्डी सबैलाई चुनौती दिदैं आफूले श्रम गर्नुपर्ने र सबैलाई त्यसको फलद्वारा संरक्षण गर्नुपर्ने कुरा व्यक्त भएको छ । एउटा किसानले विभिन्न प्रकारका कष्ट, विराम र दर्दहरूलाई सहेर श्रम गर्दछ । उसको श्रमद्वारा संसारका प्राणीहरू पालिएका हुन्छन् । तर त्यही किसानका लागि संसारमा मानिसहरू बोलेको पाइँदैन । उनीहरूका लागि नियम कानूनहरू बनेका छैनन् कुनै प्रकारको सुख, सुविधाहरू गरीव किसानका लागि बनेका छैनन् । यो दुःखको कुरा हो जसले श्रम गरेको छ उसैको सम्मान छैन । जो सम्मान गर्छु भन्दै आउँछ ऊ पनि माथि पुगेपछि बिर्सने गर्दछ तसर्थ गरीब किसानहरूका लागि पनि सोच विचार राखी उनीहरूलाई सम्मान गर्न सचेत गराइएको मूल भाव प्रस्तुत कविताले व्यक्त गरेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । यस कवितामा अनुप्रासयुक्त शब्दहरूको सुन्दर प्रयोग, भाषा सरल र बोधगाम्य रहेको छ ।

### ५.४.४२. महिमा

प्रस्तुत कविता स्वागता छन्दमा रचना गरिएको छ । यो कविता १२ पाउ तथा तीन श्लोकहरूमा संरचना भएको छोटो कविताको रूपमा रहेको छ ।

प्रस्तुत कवितामा मानिस रूपबाट हैन उसमा रहेको गुणबाट ऊ सम्मानित हुन्छ । जसले रूपलाई मात्र महत्व दिन्छ त्यसको नास भएर जान्छ जसरी बलेको बत्तीलाई राम्रो देखेर पुतली त्यसमा आउँदा मर्न पुग्दछ त्यसैगरी रूपलाई मात्र ठूलो मान्ने व्यक्ति चाँडै नास हुन्छ । कवितामा मानवमा रहेका गुण पक्षको महत्वमाथि प्रकाश पार्दै वास्ना नभएको पलासको फूल हेर्नलाई राम्रो हुन्छ । तर त्यसलाई विद्वान्हरूले फूलमा हुनुपर्ने गुण नभएको कारणले मान्यता दिएका छैनन् । त्यसैगरी किटबाट बनेका सुन्दर वस्तु भन्दा कुरूप भएतापनि उसको गुणका कारणले गर्दा सुनलाई नै महत्व दिइन्छ । संसारमा रूपमा र गुण

दुवै एकै ठाउँ पाउनु दुर्लभ कुरा  हो । त्यस्तो भइदिए खुबै राम्रो हुन्छ तर गुण नभएको व्यक्ति हुनु भन्दा बरु रूप नभएपनि गुण महत्वपूर्ण हुन्छ भन्ने प्रस्तुत कविताको मूल भाव रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको कविता हो । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले कविता सौन्दर्यमय रहेको छ । भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

**५.४.४३. अजेय**

प्रस्तुत कविता उपजाति छन्दमा रचना भएको छ । यो कविता सोह्र पाउ तथा चार श्लोकमा संरचित पाइन्छ ।

प्रस्तुत कवितामा पैसाको निम्ति जुनसुकै कार्य गर्न पनि पछि नपर्ने व्यक्तिहरूप्रति तिखो व्यङ्ग्य गरिएको छ । पैसाका निम्ति अनेक किसिमका कुकार्य गर्ने व्यक्तिहरूलाई मृत्यु पनि साथैमा रहेको छ । जुन समयमा उसले आर्जन मात्र गर्न खोज्ने स्वार्थी व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दै उनीहरूको गुणगान गाउनेहरूलाई त्यसो नगर्न सल्लाह दिएको छ । जसको गोजी भरी पैसा रहन्छ त्यस्ता व्यक्तिहरूको संसारी व्यक्तिहरूले उसको व्यवहारिक पक्षलाई ख्यालै नगरी गुणगान गाउने गर्दछन् । तर उसले गरेका कुकार्यप्रति ध्यान दिदैनन् । पैसाको लागि मानिसले मानिसलाई अनैतिक र भ्रष्टाचारहरू गर्नुका साथै मानिसले मानिसलाई नै बेच्ने, विभिन्न प्रकारका हत्या, हिंसा गर्ने कार्यहरू गर्दछन् । पैसा पुगेको खण्डमा असत्य कार्य पनि सत्य हुन पुग्छ पैसाका निम्ति अनेक जाल पनि रचिन्छ । तर पैसाले मानिसलाई न त भोक टार्न नै सक्दछ, न त अन्त्यको समयमा लान नै सकिन्छ । तसर्थ पैसाको निम्ति अन्याय, अत्यचार, हत्या, हिंसा जस्ता कुकार्य नगरौं भन्ने प्रस्तुत कविताको मूल भाव रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । यस कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरूको सुन्दर प्रयोग गरिएको छ । भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

**५.४.४४. गधाका गधा**

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा मानिसलाई गधा सरह सम्झेर आफ्नो स्वार्थ पूरा गर्ने व्यक्तिहरूप्रति तिखो व्यङ्ग्य गरिएको छ साथै पटक पटक आफूलाई गधा कै श्रेणीमा राख्ने व्यक्तिहरूबाट शोषित भएका व्यक्तिहरूमा चेतना नआएकोमा दुःख समेत प्रकट गरिएको छ । जसरी एउटा भेडो खाडलमा पसेमा अरु भेडाहरू पनि खाडलमा नै पस्छन् । त्यसबाट तर्कन खोज्दैनन् साथै युवाहरू एक आपसमा लडाई गर्दा गर्दै मृत्युको मुखमा पुग्न समेत बाध्य हुन्छन् । त्यसैगरी स्वार्थी व्यक्तिहरूको स्वार्थका निम्ति एक आपसमा लडाइ गर्दा गर्दै सोझा सिधा व्यक्तिहरू नास भई रहेका छन् । जुन युवाको दशा भन्दा फरक छैन । आफ्नो स्वार्थका लागि एक आपसमा विभाजन गराई लडाएर आफू फाइदा लिने स्वार्थीहरू पहिले गाईको रूपमा आउने र आफ्नो स्वार्थ पूरा भएपछि गधाकै रूप दिने परम्परा पहिले देखि हालसम्म चलिरहेकै छ । पशुमा गधा दोषी होइन तर उसको नाम खोसेर अरुलाई दोषी

बनाउने स्वार्थी व्यक्तिहरू दोषी हुन् जसले आफ्नो स्वार्थ पूरा गरेर अरुलाई गधा बनाएका छन् । तिनीहरू गाईको रूपमा आए पनि गधाका गधा नै रहेका छन् । यसरी स्वार्थ लुट्नेहरूप्रति सचेत गराउँदै गधाका गधाहरूबाट शोसित नहुन सबैलाई अनुरोध गरिएको मूलभाव प्रस्तुत कवितामा पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । अन्त्यानुप्रास मिलेको देखिन्छ भने भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.४.४५. उपदेश

प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचना गरिएको छ । यो छन्दमा एक पाउमा चौध अक्षर रहेका छन् । यो कविता १६ पाउ तथा चार श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा आफ्ना साना बाल बच्चाहरूलाई नैतिकवान र चरित्रवान बनाउन सानैदेखि सिकाउनु पर्छ भन्ने सन्देश दिन खोजिएको छ । अभिभावक र गुरु वर्गले आफू भन्दा सानालाई सानै उमेरदेखि उनीहरूको व्यवहारमा नैतिकता र चरित्रको पाठ सिकाउनु पर्छ भन्दै प्रस्तुत कविताले सन्देश दिएको छ । मसिना बालबच्चाहरूलाई सत्मार्गमा लगाउन उनीहरूको बोली बचनमा सुधार ल्याउनु पर्दछ । भगवानप्रति आस्थावान बनाउनु पर्दछ, आफू भन्दा ठूलालाई आदर सत्कार गर्ने र सानालाई माया गर्ने बानीको विकास गराउनु पर्दछ र सधैं केही न केही पढ्ने र लेख्ने बानीको विकास गराउनु पर्दछ । खानु अगाडि सधैं हात धुने बानीको विकास गराउनु पर्दछ । आफ्नो मातृभूमि स्वाधीनताको लागि कहिल्यै नझुक्ने र परेमा प्राण समेत समर्पण गर्ने सुयोग्य नागरिक बनाउने शिक्षा प्रदान गर्नुपर्छ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यस कवितामा केही सोही, साथ हात, हेर टेर, लेउ देउ, नझुक नचुक जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग पाइन्छ । भाषा सरल र बोधगम्य छ ।

### ५.४.४६. माईपोखरी

प्रस्तुत कविता दुता छन्दमा रचना गरिएको छ । यस छन्दमा एक पाउमा दश अक्षरहरू हुन्छन् पाँचौ आक्षरमा विश्राम रहन्छ । यो कविता नौ श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा इलाम जिल्लाको उत्तरमा रहेको माईपोखरीको सुन्दर वर्णन भएको पाइन्छ । नौ कुना रहेको यस पोखरीले नवदुर्गा भगवतीको रूपको प्रतिनिधित्व गरेको छ । यहाँका विभिन्न प्राकृतिक वस्तुहरूलाई सुन्दर रूपमा वर्णन गरिएको प्रस्तुत कविता प्राकृतिक वर्णको रूपमा आएको पाइन्छ । यसले इलाम जिल्लामा आउने पर्यटकलाई माईपोखरीको भ्रमण गर्नका लागि सुन्दर रूपमा वर्णन गर्दै आउने अनुरोध गरेको छ ।

प्रस्तुत कवितामा प्रकृतिमा रहेका विभिन्न विशेषताहरूको वर्णन गर्ने क्रममा अग्लो डाँडा माथि रहेको माईपोखरीको वर्णन गरिएको छ । जसमा नौ वटा कुनाहरू छन् । यसलाई नव दुर्गाको प्रतीकको रूपमा मानिएको छ । यहाँ विभिन्न भक्तहरू आउने गर्दछन् । बालक, जवान, बृद्ध र सबै जात जातिहरू यहाँ आएर दर्शन गर्दछन् । यहाँ कुनै किसिमको काटमार र पशुवली हुँदैन । भक्तहरू भवानीका रूपमा मानेर विभिन्न प्रकारका वरहरू माग्ने गर्दछन् । यहाँको प्राकृतिक दृश्यलाई हेर्दा रुख, विरुवाहरू सबै पोखरी तर्फ नै झुकेको जस्तो

भान हुन्छ । सूर्यको किरण जलमा पर्दा इन्द्रेनी रङ्ग देखिने र यसले पोखरीलाई अझै सुन्दरता थपेको पाइन्छ । रङगी विरङ्गी माछाले पोखरीलाई सुन्दर बनाएका छन् । कोणधारी सल्लाहरूको वन विभिन्न प्रकारका गुराँसहरू सुन्दरताको अर्को पक्षमा रहेका छन् । यहाँको जंगलमा पाइने विभिन्न प्रकारका ओखतीहरू प्रकतिबाट प्राप्त सुन्दरताको अर्को पक्ष रहेको छ । अग्लो ठाउँमा रहेको पोखरी हुँदा टाढा टाढाको दृश्य हेर्न मानिसहरू रमाउने गर्दछन् । विश्वमा नै दुर्लभ मानिने पानी कुकुर यस ठाउँमा हेर्न पाइन्छ । यी सबै कुराहरूले गर्दा माईपोखरीको दर्शन गर्न, धार्मिक, सांस्कृतिक र प्राकृतिक कुराले उपयुक्त भएकोले सबैलाई यस ठाउँको दर्शन गर्न अनुरोध गरिएको मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गर्दै लेखिएको छ । यस कवितामा रंगका, दंगका, वाटिका जातिका, धाउने लाउने भनी अनी जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ भने भाषा सरल, सरस र बोधगम्य समेत रहेको  पाइन्छ ।

### ५.४.४७. रक्षक

प्रस्तुत कविता इन्दिरा छन्दमा रचना भएको छ यस छन्दमा एक पाउमा ११ अक्षरहरू रहन्छन् । छैटौं अक्षरमा विश्राम हुन्छ । यो कवितामा वीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा कुनैपनि सर्जकलाई उसको सिर्जना तयार गर्नका लागि रोक लगाउनु हुँदैन । त्यसै गरी समाजमा रहेका विसंगतिहरूलाई देखाउने व्यक्तिहरूलाई कुनै प्रकारको बन्देज लगाउनु हुँदैन । एउटा कलमले संसारमा भएका राम्रा नराम्रा पहिलो भएका र पछि हुने कुरालाई विभिन्न दृष्टिकोणबाट व्यक्त गरिरहेको हुन्छ । जसलाई रोक लगाएमा इतिहासको नास हुन्छ र भविष्य अन्धकार हुन्छ । तसर्थ कलम र सिर्जना माथि कुनै किसिमको बन्देज लगाइनु हुँदैन भन्दै सचेत गराइएको छ । प्रस्तुत कवितामा शीर्षक पनि रक्षक सार्थक रहेको पाइन्छ ।

एउटा कलम शान्तिको प्रतीक हो । अति क्रान्तिको प्रतीक पनि हो । यसले असल कुरा पनि लेख्न सक्छ र कुनै अवस्थामा गलत कुराहरू पनि लेख्न सक्छ । तर जुन कुरा लेखे पनि त्यसले पछि गएर इतिहासको रूप लिन्छ । एक समयमा गलत भएको कुरा अर्को समयमा राम्रो हुन्छ सक्छ । कलम भनेको अलग किसिमको शक्ति हो, तरबार र वन्दुक जस्तो शक्ति होइन यसले अमर काम गर्न सक्छ । मिठा र रसिला सिर्जनाहरू लेख्न सक्छ । वर्तमानमा भएका कुरा र भविष्यमा हुने कुरालाई बताउन सक्छ अन्याय र अत्यचारलाई औंल्याउने र सुधार गर्नका लागि सचेत गर्न सक्छ । विभिन्न प्रकारका समाचारहरू दिन सक्छ तसर्थ कलमको लागि सबै उद्धार हुनुपर्छ यसमा हानी पुऱ्याउनु हुँदैन भन्ने मूल सन्देश कवितामा प्रस्तुत भएको पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यस कवितामा अन्त्यानुप्रास मिलाइएको छ भने भाषा सरल सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.४.४८. शत्रु

प्रस्तुत कवितामा शिखरिणी छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा सत्र अक्षरहरू रहेका हुन्छन् । यो कविता चौबीस पाउ तथा छ श्लोकमा संरचित छ ।

प्रस्तुत कवितामा मानिसले विभिन्न प्रकारका शत्रुहरू देखेका हुन्छन् तर यस कवितामा एउटै मात्र शत्रु मानिएको छ । जुन शत्रुले आक्रमण गरेपछि संसारका कुनै जीव पनि जीवित रहन सक्दैनन् । त्यो शत्रु मृत्यु हो, यदि मृत्यु नहुने हो भने संसारमा अरु कुनै शत्रु रहने थिएनन् तसर्थ कविताको शीर्षक शत्रु राखेर प्रस्तुत कवितामा शीर्षकलाई सार्थक बनाइएको छ ।

यो कवितामा संसारमा प्राणीको शत्रु मृत्युलाई मात्र मानिएको छ । जुन शत्रुबाट नडराएर मानिसहरू अरु नै शत्रुदेखि डराइरहेका छन् । मृत्यु त्यस्तो शत्रु हो जसमा कुनै दया रहँदैन न त त्यसलाई कसैले टार्न नै सक्दछ न त दण्ड नै गर्न सक्छ, त्यो शत्रु कसैबाट खुशी हुन्छ, न त त्यसले कसैलाई सम्मान गर्न सक्दछ । सबैलाई उसले आफ्नो गाँस बनाउँदछ । जसमा समयको मात्र अन्तराल हुन्छ । उसले बलियालाई पनि निलेको छ, दुब्लोलाई पनि निलेको छ, धनी, गरीब विद्वान् सबै उसका गाँस बनिरहेका छन् । उ यति निर्दयी छ जननीबाट बच्चालाई चुडी दिन्छ र बच्चाबाट जननीलाई चुडी दिन्छ । जसलाई बहस गर्न सक्ने कोही छैनन् । उसले संसारका सबै जीवलाई आफ्नो बसमा पारेको छ । संसारका सबै जीव निलेता पनि उ सधैं भोको रहेको छ, उसका सबै सन्तानहरू सधैं भोकै छन् । यदि त्यसो नभएको भए संसारका सबै जीवहरू उसको बसमा किन पर्थे । तसर्थ संसारको मूल शत्रु मृत्यु नै हो भन्ने प्रस्ततु कविताको मूलभाव रहेको छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । यस कवितामा रहन झन, उसले मुखले, संगमा मुखमा, रिसले विषले, खुशी लटी जस्ता अन्त्यानुप्रसायुक्त शब्दहरूले कवितामा सौन्दर्यता थपेको छ भने भाषा सरल, सहज र बोधगम्य रहेको छ ।

## ५.५. तर्क कविता सङ्ग्रह (२०७२) मा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण

३८ वटा कविताको सङ्गालोको रूपमा आएको तर्क कविता सङ्ग्रह भित्रका कविताहरूको क्रमश अध्ययन र विश्लेषण गर्दै यहाँ प्रकाश पारिएको छ ।

### ५.५.१. प्रभुस्तुति

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा संसारमा भएका सबै कुराहरूमा ईश्वरको कृपा रहन्छ । चाहे ती राम्रा हुन चाहे नराम्रा हुन् ईश्वरले उसले गरेको सञ्चित कर्म अनुसारको फल भोगाइरहेको हुन्छ । तसर्थ प्रभुस्तुति शीर्षक राखेर परि आउने सुख दुःख सबैलाई स्वीकार गरेको र सोही अनुसार ईश्वरको प्रर्थाना गरिएको पाइन्छ ।

ईश्वरको कृपा भएमा जस्तो सुकै कुरा पनि संसारमा प्राप्त हुन्छ । प्रभुको कृपा हुनका लागि गरिने सम्पूर्ण कार्यहरू ईश्वरप्रति नै समर्पण गरिनुपर्छ । ईश्वरले दिने सबै प्रकारका कर्महरू हाम्रो भलाईका लागि नै हुन्छन् । चाहे ती दुःख हुन् या सुख मानिसले सुखै सुख भएको अवस्थामा ईश्वरलाई बिर्सन्छ र संसारप्रति आकर्षित हुन्छ । त्यस्तो अवस्थाबाट आफूप्रति संमुख गराउने ईश्वरले मानिसलाई दुःख दिने गर्दछ तर समर्पण रहेमा पछि गएर ती सबै दुःखहरू छुटाएर सुखमा पुऱ्याउँछ । जुन कुरालाई हाम्रा ऐतिहासिक शास्त्रहरूले प्रष्ट पार्दछन् । महाभारत कालमा पाण्डवलाई भएका विभिन्न दुःखहरू र अन्त्यामा भएको सत्यको बिजयले यस कुरालाई प्रष्ट पार्दछ । गजेन्द्रका पीडा छुट्नु, द्रौपतीको लाज ढाकी

दुष्ट कौरवहरूको नास हुनु र थोरै भए पनि अन्त्यमा पाण्डव पक्षको बिजय हुनु यसका उदाहरणहरू हुन् । यी सबै कुराहरूलाई स्मरण गर्दै प्रभुबाट प्राप्त हुने दुःख सुख सबैलाई समान रूपमा सम्मान गर्दै ईश्वरप्रति नै समर्पण गरिएको  मूल भाव यस कवितामा पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दको प्रयोग गरिएको पाइन्छ । अन्त्यानुप्रासयुक्त शब्दहरूको सुन्दर प्रयोग छ भने भाषा सरल र बोधगम्य रहेको छ ।

### ५.५.२. प्रार्थना

प्रस्तुत कविता शिखरिणी छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा ईश्वरको सर्वव्यापकता बारे उल्लेख भएको पाइन्छ ।  संसारका प्रत्येक कण कणमा ईश्वरको वास पाइन्छ । तर यसो हुँदा हुँदै पनि मानिसले ईश्वरलाई बुझ्न सकिरहेका छैनन् । जसको कारणले ईश्वरको सृष्टिमा नै रहेको प्रकृतिरूपी माया हो जसलाई मानिसले आफै हटाउन सक्दैन जुन माया हट्नका लागि ईश्वर कै कृपा चाहिन्छ । संसारमा भएर पनि ईश्वर मायाको पर्दाको कारणले गर्दा देख्न सकिदैन । संसारका सबै जीवको आत्मामा ईश्वरको बास रहेको हुन्छ । जुन कुरालाई मानिसले बुझ्न सकिरहेको छैनन् । जसको कारणले गर्दा जीवात्माहरूको हत्या गरेर ईश्वरलाई खुशी पार्न खोजी रहेका छन् । जसको सन्तान हो त्यसैको हत्या गरेर उसलाई खुशी पार्न सकिदैन । संसारमा रहेका कुनै चिज पनि ईश्वरको सृष्टि भन्दा बाहिर छैनन् । तसर्थ ईश्वरलाई खुशी पार्नका लागि संसारका कुनै चीज चडाउनु पर्दैन र उसका सन्तानहरूको हत्या गर्नु पनि पर्दैन । उसलाई खुशी पार्न त आफ्नो मन ईश्वरप्रति लगाई श्रद्धा भाव राखेमा ईश्वरसँग पुग्न सकिन्छ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रहेर रचना गरेको पाइन्छ । यस कवितामा चलने गरने, वनी पनि, परे गरे, गरी हरी जस्ता अन्त्यानुप्रसायुक्त शबदहरूको प्रयोग गरिएको छ । भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.५.३. कहानी

प्रस्तुत कविता शालिनी छन्दमा रचना भएको छ । यस छन्दमा ११ अक्षरहरू रहेका छन्, छैटौ अक्षरमा विश्राम रहन्छ यो कविता पाँच श्लोकमा संरचना भएको छ ।

प्रस्तुत कवितामा हामी एक आपसमा फूटेर झगडा गर्नु हुँदैन । हामीले हाम्रा पुर्खाहरूले आर्जेको गौरव र वीरताको कहानीलाई सम्झेर अगाडि बढ्नुपर्छ । यो देश कुनै एक जाति विशेषको मात्र सम्पत्ति होइन । हामी सबै सबैको मातृभूमि हो, हामी सबैले यसलाई सम्मान र माया गर्नुपर्छ । यसो गर्न सकिएन भने हाम्रा पुर्खाहरूको आँसु र श्राप हामीलाई लाग्ने छ । पृथ्वीनारायण शाहले आफूले विभिन्न कष्ट सहेर यो देशलाई एकीकरण गर्न शुरु गरे जसको फल स्वरूप हामीले आज नेपाल र नेपाली भनेर संसारमा शीर ठाडो पारेर बाच्न सकिराखेका छौं । पृथ्वीनारायण शाह पछि यस मातृभूमिका सपूतहरूले यस देशको लागि आफ्नो रगत पसिना बगाएका छन् । जुन कुरालाई विर्सेर हामी एक आपसमा झगडा गर्दै जाने हो भने भविष्यमा एक दिन नेपाल र नेपाली भन्न पाउने छैनौ । हाम्रा

सन्ततीहरूले हामीलाई धिक्कार्ने छन् । तसर्थ हामी एक भएर हाम्रा वीरताका कहानीहरूलाई जोगाउँदै हाम्रो देशको उन्नती गर्नुपर्छ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग भएको छ । भाषा सरल र बोधगम्य रहेको पाइन्छ ।

### ५.५.४. पाप

प्रस्तुत कविंता स्रग्विणी छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा १२ अक्षरहरू रहेका छन् । छैटौ अक्षरमा विश्राम रहन्छ, यो कविता पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा जीवलाई दुःख दिनु संसारमा सबैभन्दा ठूलो पाप र हिंसा हो भन्ने कुरा व्यक्त भएको पाइन्छ । प्रत्येक जीवको आत्मामा ईश्वरको बास रहेको हुन्छ । आफूलाई नराम्रो लाग्ने कुरा अर्कोलाई पनि नराम्रो नै हुन्छ । तसर्थ कुनै पनि जीवको आत्मामा चोट पुऱ्याउने किसिमका पाप कर्महरू गरेर हिंसा गर्नु हुँदैन । संसारमा चलेका सबै धर्महरूको सार पनि यही नै हो । जीवको वली दिएर ईश्वरलाई खुशी पार्ने अबुझ र स्वार्थीहरूको स्वार्थ सिद्धि मात्र हो । अहिंसा परमो धर्म भनेर शास्त्रको सार पाइन्छ । मानिसले अरुलाई दुःख दिएको फल आफूले दुःख नै भोग्नु पर्दछ । संसारका प्रत्येक जीव मृत्युबाट बच्न सक्दैन । मृत्युलाई जित्न संसारमा अरुको भलाई हुने काम गर्नुपर्छ । त्यस्ता व्यक्तिहरूको संसारमा कृति रहन्छ जसको कृति संसारमा रहन्छ । तिनै व्यक्तिहरू मात्र संसारमा अमर रहन्छन् । संसारमा मर्नु भनेको जन्मनु हो अनि जन्मनु भनेको मर्नु हो । अजेय हुनका लागि संसारमा कृति रहनु पर्दछ । जुन कुराको शिक्षा भगवान राम, कृष्ण र बुद्ध जस्ता महान व्यक्तिहरूको कृतिबाट हामीले बुझ्नु पर्दछ । मानिस खुशी साथ रहेमा उसको जिन्दगी खुल्ला रूपमा रहन्छ । उसमा सधै दुःख रहेमा जिन्दगी अन्धकार बन्दछ । सुख र दुःख एक अकाृका पुरकका रूपमा रहन्छन् । दुवैलाई सहजता साथ स्वीकार्नु पर्दछ । संसारमा जीवलाई दुःख दिएमा आफूमा अन्त्यको समयमा दुःख नै हुन्छ । विषको विरुवा रोपेर कहिल्यै पनि अमृत फल्दैन । अर्ति र ओखती सधै नराम्रो हुन्छ । तर त्यसले राम्रो काम गर्दछ । सज्जनको संगत गर्नु समान संसारमा कुनै पनि श्रेष्ठ काम छैन तसर्थ पाप कर्मबाट टाढा रहदै सज्जनको संगत गर्नुपर्छ भन्ने मूलभाव यस कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । अन्त्यानुप्रास मिलेको पाइन्छ भने भाषा सरल सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.५.५. हाम्रो देश

प्रस्तुत कविता मन्दक्रान्त छन्दमा रचना भएको छ । यो कविता पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा हाम्रो देश नेपालमा रहेका विभिन्न प्रकृतिक वस्तु र तिनको सौन्दर्यता माथि सुन्दर रूपमा वर्णन गरिएको छ । यी सबै कुराहरूको ठीक ठीक मात्रामा प्रयोग गर्न सकेमा हाम्रो देश स्वर्ग समान हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । हाम्रो देशमा सर्वोच्च शिखर सगरमाथा लगायत विभिन्न प्रकारका अग्ला होचा डाँडाहरू रहेका छन् । जसले हाम्रो शिरलाई सधै उच्च रूपमा राखेका छन् यहाँ भएका खोलानाला, वनजंगल, फूल, लहराहरूले देशलाई सधैं सुन्दर बनाएका छन् । सेतो शान्तिको रङ्ग छर्दै उच्च रूपमा

हाम्रो हिमाल रहेको छ भने कोणधारी सदावहार जंगलले अर्को सौन्दर्यता दिएको छ । हिमाली क्षेत्रको आफ्नै विशेषता रहेको छ । पहाडी क्षेत्रमा पाइने वन जंगल र खानीहरूले देशलाई सधैं सम्पन्न बनाउन खोजी रहेका  छन् । सधैं सम्म भएर रहेको तराई क्षेत्रले विभिन्न प्रकारका अन्नहरू उब्जाएरु सबैलाई बाँडी रहेको छ । ठिक्क रूपमा तातो र चिसो चाहनेहरूका लागि पहाडले स्वागत  गर्दछ । धेरै गर्मी मन पराउनेहरूलाई हाम्रो देशको तराईले अटाएको छ । यसरी सबै चिज ठीक ठीक मात्रामा मिलेको देशलाई स्वर्ग नभनेर हामीले अरु कुन स्वर्ग खोज्ने । यसरी सबैचिज मिलेको हाम्रो देश स्वर्ग नै हो । जसलाई बुझ्न नसक्नु हामी भित्रको अज्ञानता हो भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

### ५.५.६. वल

प्रस्तुत कविता स्वागता छन्दमा रचना भएको छ । यो कविता वीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा एकता नै हाम्रो वल हो, जहाँ फूट हुन्छ त्यहाँ कमजोर भई नासको सम्भावना प्रशस्तै रहन्छ । शत्रुताले कहिल्यै पनि कसैको भलो गर्दैन, जुन कुरालाई महाभारतको कौरव र पाण्डवबीच भएको युद्धले प्रष्ट पारेको छ । एकताको पक्षमा रहेका पाण्डवहरू थोरै भएपनि उनीहरूको अन्त्यमा विजय भयो तर शत्रुतालाई अंगालेर हिँड्ने कौरव पक्षको धेरै भएर पनि नास भयो । जुन कुराबाट शिक्षा लिन नसकेका नेपाली दाजुभाईहरू एक आपसमा फूट भएको कारणले गर्दा विभिन्न प्रकारका दूरदशा भोगी रहेका छन् । एक आपसको लडाईको कारणले छिमेकी देश र नेपालको भलो नचाहने व्यक्तिहरूले शीर उठाउन थालेका  छन् । फूटको कमजोरीका कारणले गर्दा शत्रुहरूले हामीमाथि विभिन्न प्रकारका दवावहरू सिर्जना गर्दै रहेका छन् । एकताको विरोध गर्ने त्यत्रो कौरव पक्षको त नाश भयो भने हामी थोरै नेपालीहरू यसै गरी फूट हुँदै गएमा अन्त्यमा ठूलो पछुतो हुनेछ । तसर्थ हामी एक भएर आफ्नो बल बुद्धिलाई सपारौं भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कवितामा शेखी छेकी, फूट गुट, विचार सपार आदि जस्ता अन्त्यानुप्रासको प्रयोग छ भने भाषा सरल बोधगम्य रहेको छ ।

### ५.५.७. जड नै बनाउ प्रभू

प्रस्तुत कविता तोटक छन्दमा रचना गरिएको छ । यस छन्दमा एक पाउमा १२ अक्षरहरू हुन्छन् । यो कविता ३६ पाउ तथा नौ श्लोकहरूमा संरचना भएको पाइन्छ ।
प्रस्तुत कवितामा संसारमा भएका भ्रष्टाचार, अनैतिक कार्य र अनेक किसिमका पाप कार्यहरू देखेर साथै जड भए पछि मात्र सम्मान गरिने हाम्रो परम्परालाई तिखो रूपमा व्यङ्ग्य गर्दै आफूलाई पनि जड बन्न इच्छा भएको कुरा प्रभूसँग व्यक्त गर्दै जड बनाइ दिन माग गरिएको छ । यही नै शीर्षकको सार्थकता पनि रहेको छ ।

यसरी कवितामा जड बनिदा सबै तर्फ राम्रो हुने र जडलाई कुनै प्रकारका कष्ट पिरहरू नहुने कुरा कविताको पहिलो श्लोकमा व्यक्त भएको छ । कविताको दोस्रो श्लोकलाई हेर्दा जड भए पछि कुनै प्रकारको शोक नहुने, कष्ट, पिरहरू पनि नआउने, कुनै प्रकारका सेखी, घमण्डहरू पनि नहुने, जड भई सकेपछि कुनै प्रकारका सेखी घमण्डहरू पनि नहुने

पाप कर्म पनि गर्नु नपर्ने तसर्थ जड बन्न उपयुक्त हुने कुरा व्यक्त गरिएको छ । मानिसहरू चेतन भएर पनि आफ्नो स्वार्थ सिद्धिका लागि अनेक किसिमका बन्द, चक्काजाम, हड्ताल गर्ने अर्काको हत्या हिंसा गर्ने, भ्रष्टाचारद्वारा धन आर्जन गर्ने विभिन्न प्रकारका कुकार्य गर्दछन् । यी सबै कायहरू संसारमा सबै जड नै जड भए हुने थिएनन् । अर्कालाई ढाँट्ने, छल्ने, चोरी चाकरी गर्ने र विभिन्न प्रकारका दुःख कष्ट दिने काम पनि सबै जड भएमा हुने थिएनन् । सबै जड नै जड हुने हो भने काहीं पनि तेरो मेरो हुने थिएन् । आफ्नो दल नेता कोही रहने थिएनन्  । संसार स्वर्ग समान बनिने थियो । संसारलाई बिगार्ने काम चेतन प्राणीहरूबाट नै भएको छ । उनीहरूले जडको रूपमा रहेका विभिन्न प्राकृतिक वस्तुहरूलाई बिगारेका छन् । साथै अरु जीवहरूलाई पनि कष्ट पीडाहरू दिएका छन् । विभिन्न प्रकारका भ्रष्टाचारहरू गरेका छन् । अनेक किसिमका धाक धम्कीहरू दिएर उपद्रो मच्चाएका छन् । यदि जड भएको भए यस्ता कुकृत्यहरू देख्नु पर्ने थिएन । साथै विभिन्न प्रकारका दुःख कष्टहरू भोग्नु पर्ने थिएन । यदि जड भई दिएको भए आफू बनिने चिन्ता हुने थिएन । अर्कालाई बिगोर्ने विभिन्न प्रकारका चुक्लीहरू गर्नुपर्ने थिएन । सानो ठूलोको चिन्ता हुने थिएन । विभिन्न प्रकारका घुसखोरहिरू चाहिने थिएन । साथै जडको मृत्यु हुने थिएन । यी सबै कुराहरूलाई मध्यनजर गर्दै उच्च सोविचार राख्ने व्यक्तिहरू जड समान बनेका छन् । जड भरतको कथालाई हेर्दा उनी यस्तै पात्र हुन् । यहाँ मानिसले जिवित रहेका व्यक्तिलाई सम्मान गर्दैनन् । कसैले पनि त्यस्ता व्यक्तिहरूको कृति र दर्शनको मूल्याङ्कन गर्दैनन् । जब उसको मृत्यु भएर जड मुर्दा हुन्छ अनि मात्र उसलाई सम्मान गर्दछन् । यी सबै कार्यहरूलाई हेरेर जड बन्न तयार भएको कुरा कवि स्वयम्ले प्रभुसँग जड बन्न तयार भएको मूल भाव कवितामा प्रस्तुत भएको पाइन्छ ।

यो कविता प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको कविता हो । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले कवितालाई सुन्दर बनाएको छ भने भाषा सरल र बोधगम्य छ ।

### ५.५.८. हिमाल

प्रस्तुत कविता इन्दिरा छन्दमा रचना भएको छ । यस छन्दमा एक पाउमा ११ अक्षरहरू हुन्छन् । छैटौं अक्षरमा विश्राम रहन्छ । यो कविता ४० पाउ तथा दश श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा हिमालयमा रहेका विभिन्न प्राकृतिक सौन्दर्यताको सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ । यस कवितामा हाम्रो देशको उत्तरमा रहेको हिमालले हाम्रो छविलाई उच्च बनाएको र यहाँको प्राकृतिक दृश्यले सबैलाई चकित बनाउने कुरा व्यक्त गरिएको छ । हिमालमा सूर्य उदाउँदा यो स्वच्छ र सुन्दर देखिन्छ । विश्वमै उच्च रहेको हिमालले हाम्रो देशको मान र प्रतिष्ठा बढाएको छ । यहाँ रहेको सेतो हिउँले शान्तिको सन्देश दिइ रहेको छ । विश्वमै उच्च रहेर नेपालीहरूको शिर उच्च बनाएको छ । सगरमाथाको देश नेपाल भनेर विश्व सामु परिचय दिएको छ । विश्वका सबै मानिसहरूलाई हाम्रो देशको हिमालले आकर्षण गरेको छ । यहाँ जमेको हिउँको कारणले गर्दा खोला नालाहरू बगेका छन् । जसको कारणले संसारका प्राणीहरूको तिर्खा मेटाइरहेको छ । यहाँ रहेका शितलता र वहने चिसो हावाले सबैलाई शान्तिको सन्देश दिइ रहेको छ । यहाँबाट बग्ने नदिनालाले सधैं

हरियो रहने जंगललाई जलप्रदान गरिरहेको छ । यसरी हाम्रो देशमा रहेको हिमालले नेपाल र नेपालीको छविलाई सधैं उच्च बनाएको छ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । यस कवितामा अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.५.९. नच्यातिएको पर्दा

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता ४० पाउ तथा १० श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा हाम्रो संस्कार र रीतिरिवाजमा पहिले देखि नै विभिन्न परिस्थिति र व्यक्तिगत स्वार्थका कारणले गर्दा विभिन्न किसिमका रुढीवादीहरू चल्दै आएका छन् । जसलाई हटाउनु र सुधार गर्नु आवश्यक छ तर एकैचोटि यी रुढिवादी परम्पराहरूलाई हटाउनु सम्भव छैन । यिनीहरूले पर्दाको रूपमा काम गर्दै विभिन्न प्रकारका विकृतिहरू सिर्जना गरिरहेका छन् तसर्थ यिनीहरूलाई विस्तारै हटाउदै सुधार गर्नु पर्दछ । जुन कुरालाई दर्शाउन प्रस्तुत कवितामा नच्यातिएको पर्दाको शीर्षक दिएर शीर्षकलाई सार्थक गरिएको छ ।

विभिन्न प्रकारका रुढीवादी परम्परा र संस्कारले गर्दा हाम्रो समाजपछि परि रहेको छ । जसको कारणले समाजले विभिन्न प्रकारका समस्याहरू बेहोर्नु परेको छ । यस्ता रुढीवादी परम्परा र संस्कारलाई हामीले क्रमश सुधार गर्दै लानु पर्दछ । कुनै पनि चमत्कारद्वारा एकै चोटी यस्ता कुसंस्कारहरूलाई हटाउन सकिन्न साथै विभिन्न प्रकारका डरहरू देखाएर पनि यसलाई परिवर्तन गर्न सकिन्न । नमस्कार गरेकै भरमा पनि यस्ता कुसंस्कारहरू परिवर्तन हुन सक्दैनन् । यस्ता रुढीवादी परम्परामा परिवर्तन ल्याउनका लागि विस्तारै सबैमा चेतना जगाउदै लानुपर्छ । धेरै पूरानो रूपमा आएका यस्ता कुसंस्कारहरू बलियो वृक्ष समान जरा गाडेर रहेका हुन्छन् । धामीझाँक्रीमा मात्र विश्वास गर्नु, रोगलाई अघिल्लो जन्मको पाप सम्झनु, महिलालाई बोक्सीको आरोप लगाउनु, प्राकृतिक नियमका रूपमा रहेको महिलाहरूमा हुने महिनावारीलाई घरमा रहनै नहुने सम्झेर छाउपडी प्रथामा लगिनु, यी अन्धविश्वास र रुढीवादी परम्परा हुन् । त्यसैगरी विभिन्न चाडपर्वहरूमा मदिराजन्य पदार्थको सेवन गरिनु जस्ता कुसंस्कारहरू परिवर्तन गर्न आवश्यक छ । त्यसैगरी विभिन्न प्रकारका जातजातिमा रहेको विभेद र छुवाछुतलाई अन्त्य गर्न आवश्यक छ तर यस्ता पूराना रुढीवादी संस्कारहरूलाई एकैचोटि परिवर्तन गर्न खोजिएमा त्यसले समाजमा विद्रोही भावनाको जन्म भई विभिन्न प्रकारका उपद्रोहरू मच्चिन सक्छन् । तसर्थ सबै मिलेर समाजमा क्रमश चेतना बढाउदै समाजलाई सुधार गर्दै लानु पर्छ भन्ने प्रस्तुत कविताको मूलभाव रहेको  पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रास मिलेको पाइन्छ भने भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ ।

### ५.५.१०. अचम्म

प्रस्तुत कविता शिखरिणी छन्दमा रचना गरिएको छ । यो कविता बीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको छ ।

प्रस्तुत कवितामा संसारलाई आफू एक रहेर पनि जित्न सक्ने तर उसलाई कसैले जित्न नसकिने अचम्मको रूपमा रहेको मृत्युको क्रुरता माथि प्रष्ट पार्न अचम्म शीर्षक राखी मृत्युको बारेमा विभिन्न प्रकारले वर्णन गरिएकोले कविताको शीर्षक सार्थक रहेको पाइन्छ ।

मृत्युले संसारका कुनै जीवहरूमाथि पनि दया गर्दैन कसैले बच्चालाई चुडेर लगिरहेको छ भने कतै पिता मातालाई चुडेर लगि रहेको छ । उसले कसै माथि पनि दया गरको पाइदैन । उसले जसलाई चाहेको यस संसारबाट उसलाई चुडेर लान्छ । संसारमा रहेका ठूला ठूला विद्वान्, डाक्टर, राजा, महाराजहरू पनि उसको मुखबाट उम्कन सकेका छैनन् । दुब्ला, बलिया, धनी, गरीब, सज्जन, मूर्ख कसैलाई पनि उसले उम्कन दिदैन साथै उसको गतिलाई कसैले रोक्न सकेको छैन यो एउटा अचम्मको कुरा भएको छ । जसलाई बुझ्रेर सचेत प्राणी मानिसले कुकर्म र अपराधहरू गर्नु हुँदैन । ढिलो छिटो एक दिन गएर हामी सबैले मृत्युको मुखमा पर्नुपर्छ तसर्थ सत्कर्ममा लागौं भन्ने मूल भाव कवितामा व्यक्त भएको पाइन्छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कवितामा नभै रहदै, पचे रचे, जो भो, लिन दिन, जसरी कसरी जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ भने भाषा सरल, सहज र बोधगाम्य रहेको छ ।

### ५.५.११. कालो दिनको सम्झना

प्रस्तुत कविता शिखरिणी छन्दमा रचना भएको छ । यस कवितामा सोह्र पाउ तथा चार श्लोकहरूद्वारा कविताको संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा विभिन्न परिस्थितिको कारणले गर्दा अर्थको अनर्थ भई मानिसहरू परिबन्धमा परेर नभएका कुराहरूलाई पनि सत्य बनाएर विभिन्न प्रकारका कठिनाईहरू पनि भोग्नु पर्ने परिस्थितिको सिर्जना समाजमा हुन सक्छ । यस्तै अवस्थाको वर्णन यस कवितामा गरिएको छ र कालो दिनको सम्झना शीर्षक दिएको छ । त्यसैले शीर्षक पनि सार्थक देखिन्छ ।

विभिन्न परिबन्धहरूले गर्दा मानिस समाजमा चोर साधु हुन पुग्दछ भने साधु चोर पनि हुन सक्छ । जसको कारणले गर्दा समाजबाट प्राप्त हुने दण्डहरूका साथै कानूनी दण्ड समेत सोझा सिधा व्यक्तिहरूले भोग्न बाध्य हुन्छन् । त्यस्तो परिस्थिति नचाहेर पनि कुनै बेला जन्मन सक्छ । जसमा दण्डित हुनुपर्ने व्यक्ति उम्कने र निर्दोष व्यक्तिहरू दण्डको भागी हुने हुन सक्छ । यस्तो परिस्थितिको सिर्जना नहोस भन्ने प्रस्तुत कविताको भाव रहेको छ । यस कवितामा विभिन्न परिस्थितिका कारणले गर्दा सोझा सिधा व्यक्तिहरू दण्डित हुन पुगेका छन् । जुन अवस्थामा कुनै प्रकारको मानवता रहेको छैन । जहाँ अत्यावश्यक रूपमा रहेको खानेकुरा र पानीको समेत कुनै व्यवस्था रहेको पाइँदैन, हुँदै नभएका विभिन्न प्रकारका दोषहरू सिर्जना भएको पाइन्छ । चारै तर्फबाट बाग वाणहरू प्रयोग भएको कारणले एकदमै नराम्रो परिस्थिति देखिन्छ । अध्यारो कोठामा पशुलाई भन्दा नराम्रो व्यवहार गरि विभिन्न प्रकारका आपत्तिहरूको सिर्जना भएको देखिन्छ । तसर्थ हाम्रो समाजमा सत्य

कुरालाई मात्र बुझेर कुनै प्रकारको कदम चालिनु पर्दछ भन्ने मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ । यसो नभएमा कालो दिनको रूपमा उक्त घटना स्मरणमा सधैं रहि रहने कुरा प्रष्ट पारिएको छ ।

यो कविता तृतीय पुरक्ष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा गो बनियो, कुरा छुरा, सबै अझै, मिलने विलने, भयो गयो जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग भएको छ भने भाषा सरल, सहज र बोधगाम्य रहेको छ ।

### ५.५.१२. जन्मभूमि

प्रस्तुत कविता दुता छन्दमा रचना भएको छ । यो कविता वीस पाउ तथा पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा संसारमा जननी र जन्मभूमिलाई स्वर्ग भन्दा माथि मान्नु पर्दछ । अर्थात् संसारमा स्वर्ग भन्दामाथि कुनै चिज रहेको छ भने त्यो जननी र जन्म भूमि नै हो । यही कुरालाई मध्य नजर गर्दै यस कवितामा स्वर्ग भन्दा ठूलो जन्म भूमि नै हो । यहाँ कुनै कुराको कमी छ भने त्यो कमी हुनाको कारण हामीमा रहेको अज्ञानता र कर्ममा लाग्न नसक्नु हो । यदि हामीमा ज्ञान र अल्छिपना छैन भने जन्मभूमिमा सबै कुराहरू प्रकृतिले दिएको छ । अग्लो ठाउँ सगरमाथा देखि लिएर सम्म ठाउँ समेत हाम्रो जन्मभूमिमा रहेका छन् । विभिन्न रङ्गमा सजिएर मिठो बास्ना छर्ने फूलहरू रहेका छन् । विभिन्न प्रकारका अन्न र फल फूलहरू यही जन्मभूमिमा रहेका छन् । सबैलाई शितलता दिएर तिर्खा मेटाउने नदी, ताल, पोखरीहरू रहेका छन् । विभिन्न प्रकारका रोगहरूलाई निर्मुल गराउने औषधीहरू यही जन्मभूमिमा पाइन्छन् । यसरी शेर्दा हामीमा अज्ञानता र अल्छपिनको अन्त्य हुने हो भने स्वर्ग भन्दा माथि हाम्रो जन्मभूमि रहेको छ भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृर्षिविन्दुमा रचना भएको पाइन्छ । यस कवितामा त्यो कुरो, हीम छ मेट्दछ, भनी अनी, तराईका सदा, भरी थरी, भै, मै, जलै थलै, गरी सरी, जस्ता अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ । जसले कवितामा शैली सौन्दर्य भर्ने काम गरेको छ भने भाषा सरल र बोधगम्य छ ।

### ५.५.१३. मान्छे

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना गरिएको छ । यो चार श्लोकहरूमा संरचित कविता हो ।

प्रस्तुत कवितामा संसारमा सबै मानिसहरू उही र उस्तै रूपमा जन्मन्छन् तर उनीहरू विभिन्न प्रकारका भौतिक सुख सुविधाहरूले फरक वनाई रहेको हुन्छ । विभिन्न प्रकारका असमानताहरू देखिने गर्दछन् । उही रूपमा रहेको एउटै मान्छे भित्र यसरी विभिन्न प्रकारका असमानताहरू हुनु दुःखको कुरा हो भन्ने यस कवितामा वर्णन गरिएको छ ।

यस संसारमा रहेका मानिसहरू आफ्नो खाने समस्या कै कारणले पेट खाली भएर रहेका छन् । अर्को तर्फ चौरासी व्यञ्जन खानेहरू पनि यही संसारमा रहेका छन् । कति वास नभएर गल्लीमा सुतेर दुःखका साथ जीवन विताएका छन् कति महलमा ऐस आरामका साथ रहने मानिसहरू पनि यही संसारमा रहेका छन् । कति पेटभर्न र आङ्ग ढाक्न नसकेको कारण नाङ्गै, भोकै रहन वाध्य छन् । विभिन्न प्रकारका वहुमुल्य वस्त्र धारण गरेर हिड्नेहरू पनि यही संसारमा छन् । रोग लागेर कष्ट पीडा खप्न बाध्य भएका गरीब पनि यही छन् ।

सधै डाक्टरको चाकरी भित्र रहेर बस्नेहरू पनि यही छन् । एकै मानिसको स्वरूप देखिएता पनि मानिसका विच असमानताको खाडलले दुई वर्गमा बिभाजन भएको पाइन्छ । जुन कुरा संसारकै चुनौतीको रूपमा रहेको छ । यस्तो हुनु यो संसारको लागि नराम्रो कुरा हो भन्ने मूल भाव कवितामा व्यक्त भएको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अनुप्रास मिलेको छ भने भाषा सरल रहेको छ ।

### ५.५.१४. मुला नै मुला

प्रस्तुत कविता शिखरीणी छन्दमा रचना भएको छ । यो कविता पाचँ श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कविता आफैं मपाइँ बनेर अरुलाई हेप्ने र मुलाको संज्ञा दिने खराव बानी प्रति व्यङ्ग्य गरिएको छ ।

आजका मानिसहरू आफैंलाई ठूलो सम्झेर आफूले मान्नु पर्ने मानिसलाई पनि मूला भन्न थालेका छन् । आफुले मान्नु पर्ने कुरालाई पनि मूला कै संज्ञा दिइ छाडिदिएका छन् । जसका कारणले आफूले जन्नुपर्ने बिषयहरूलाई मूला कै संज्ञा दिएर छाड्दै जाने बानी र व्यवहारले गर्दा हाम्रा शिक्षित व्यक्तिहरू पनि अर्धशिक्षित हुन गई मूलाकै रूपमा परिणत भई सकेका छन् । अरुलाई मूला भन्ने व्यक्ति आफै मूला भै सकेका छन । जसले गर्दा सबै तर्फ मूला नै मूला भइसकेको छ । हुन त सब्जीको लागि गरीने खेती मूला यसमा दोषी छैन । उसको नाम लिएर अरुलाई मूला वनाउँदै हिड्ने अवुझ मूलाहरू नै दोषी छन् । यसरी दोषी हुनु हाम्रो समाजका लागि दुर्भाग्य  हो । मूला शब्द कहाँ र कसरी प्रयोग गर्नु पर्छ भन्ने कुरा सिक्नका लागि सबैलाई सचेत गराएको मूलभाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ । यो कवितामा तृतीयपुरुष दृष्टीविन्दुको प्रयोग भएको छ । अनुप्रास मिलेको देखिन्छ भने भाषा सरल र वोधगाम्य छ ।

### ५.५.१५. छाती

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा विश्वसामु आफ्नो वीरता प्रस्तुत गरेर नेपालीहरूको छाती विशाल वनाउने पुर्खाहरूका सन्ततीहरू एक आपसमा लडाइ गरेर आफ्नो विशाल छातीलाई खुम्च्याई रहेका छन । तसर्थ कविताको शीर्षक छाती राखेर यस कुरा प्रति दुःख प्रकट गरिएको पाइन्छ । यसरी हेर्दा कविताको शीर्षक सार्थक छ । यस कवितामा आफ्नो देशमा अशान्ति भएको सुन्दा आफ्नो छाती दुःखी रहेको छ । दुर दराजमा रहेका रोगी गरीब निमुखा सिधा व्यक्तिहरू सधै पेलिएका   छन् । त्यसैले छाती दुखेको छ । जात, भात, नारी र अपाङ्ग विच रहेका भेदभावले छाती दुखेको छ । विश्व सामु वीर भनेर नाम कमाएका छातीहरू आज घट्दै र साँगुरिदैं गएका छन् । शत्रुको शिर झुकाउन सक्ने वीर छातीहरूका सन्ततीका छाती घट्दै गएकोमा दुःख प्रकट गर्दै आफ्नो छाती वढाउन सबैलाई अनुरोध गरिएको मूलभाव कवितामा व्यक्त भएको छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । अन्त्यानुप्रास मिलेको छ भने भाषासरल र वोधगाम्य छ ।

### ५.५.१६. स्वार्थ

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कविता आजको संसार सबै स्वार्थ नै स्वार्थबाट चल्न थालेको छ । सत्य साँचो हराउदै गएको छ । जसको कारणले गर्दा निमुखा सिधा र सज्जनहरू पछि पारिएका छन । जुन स्वार्थका कारणले संसारमा विभिन्न प्रकारका विकृतिहरू बढेकोमा दुःख प्रकट गर्दै कविताको शीर्षक स्वार्थ दिएर शीर्षकलाई सार्थक गरिएको छ ।

आजको संसार स्वार्थै स्वार्थमा चल्न थालेको छ । सत्य साँचो हराएको छ । आफ्नो अगाडी पछाडी मुन्द्रावाल, झ्याम्ले, गुण्डा जस्का साथमा छन् । उसको कुरा मान्य हुन्छ । निमुखाहरूको कुरा सुन्ने कोही छैन । त्यसैले निमुखा पछाडी छन् । कागजमा बनेका कागजी घोडाद्वारा सबै काम हुन थालेका छन् । समस्या के हो ? कहाँ थियो ? भन्ने तर्फ कसैको ध्यान छैन । जसले गर्दा हुनु पर्ने विकासहरू सिमित रूपमा हुन थालेका छन् । फलस्वरूप समाज पछि पर्दै गएको छ । देहातमा रहेका व्यक्तिहरूको दुःख पीडालाई कसैले सुन्दैन । बनिने नियम कानुन पनि गरीवको निम्ती बनिदैनन् । सुविधा भोगीहरूका लागि भैरहेका छन् भन्दै यस तर्फ नलाग्न सचेत गराइएको भाव कवितामा व्यक्त भएको छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । अन्त्यानुप्रास मिलेको देखिन्छ भने भाषा सरल रहेको छ ।

### ५.५.१७. तर्क

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता नौ श्लोकहरूमा सरंचना भएको पाइन्छ । यो कवितामा आफैसँग विभिन्न तर्कहरू गरी अध्यात्मवादप्रति विश्वास प्रकट गरिएको छ भने अर्को तर्फ हेर्दा मानिसहरूमा रहेको अन्याय, अत्यचार, भ्रष्टचार र अनैतिक कार्य प्रति नजानिदो रूपमा व्यङ्ग्य गरिएको पाइन्छ । मानिस एक्लै जन्मन्छ, र जन्मदा उसँग केही रहेको हुँदैन र मृत्युका समयमा पनि मानिस एक्लै मरेर जान्छ र संसारमा रहेका कुनै कुरालाई पनि उसले लिएर जान सक्दैन । यति हुँदाहुदै पनि मानिसहरू विभिन्न प्रकारका अन्याय अत्याचार र कुकर्महरू गर्ने गर्दछन् । तेरो मेरो भन्दै लडाई र झगडा गर्ने गर्दछन । जुन समयमा उनीहरूले मृत्युलाई समेत विर्सिरहेका हुन्छन् । यस्तो किन गरेका हुन भनि प्रस्तुत कवितामा विभिन्न प्रकारका व्यङ्ग्यात्मक तर्कहरू आफुले आफैसँग गर्दै समाजका सबै व्यक्तिहरूलाई सचेत गराएको मूल भाव कवितामा व्यक्त गरिएको छ । यो कविता प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको कविता हो । यसमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गरिएको छ भने भाषा सरल र वोधगम्य रहेको पाइन्छ ।

### ५.५.१८. इलाम

प्रस्तुत कविता शार्दुलविक्रीडित छन्दमा रचना भएको छ । यो कविता दश श्लोकहरूमा सरंचाना भएको पाइन्छ । प्रस्तुत कवितामा नेपालको पूर्वमा रहेको सुन्दर जिल्ला मानिने इलामका विभिन्न प्राकृतिक सौर्न्दयताले पूर्ण भएका स्थलहरूको सुन्दर रूपमा वर्णन गर्दै यस्तो पर्यटकीय जिल्लामा भ्रमणका लागि आउन अतिथिहरूमा अनुरोध गरिएको कुरा कवितामा वर्णन गरिएको पाइन्छ ।

इलाम जिल्लाको पूर्वमा रहेको श्रीअन्तु जुन ठाँउबाट सूर्योदय हेर्न सकिने ठाउँका रूपमा रहेको छ । पूर्वकै पाथीभरा मन्दिर त्यहाँ पाखामा रहेका सुनाखरी कोणधारी सल्लाहरूको वर्णन गरिएको छ । विभिन्न प्रकारका जात जाती र तिनको संस्कृतिको वर्णन छ । यसैगरी इलामको उत्तरमा रहेको माइपोखरीको वर्णन,नौ कुनाको वर्णन, गुराँस रेडपाण्डा, रङ्गी विरङ्गी माछाको वर्णन, विभिन्न ओखतीहरूको वर्णन, धार्मिक, सास्कृतिक र प्राकृतिक महत्वको वर्णन गर्दै माइपोखरीको दर्शन र अवलोकन गर्न आउन अनुरोध गरिएको छ । त्यस्तै सन्दकपुरबाट देखिने सूर्योदयको वर्णन गर्दै सौन्दर्यले भरिएको इलाम सबै अतिथिका लागि हेर्न योग्य ठाउँ रहेको हुँदा यस ठाउँमा सबै अतिथिहरू आएर अवलोकन गरौं भन्ने मूलभाव कवितामा व्यक्त भएको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल र वोधगम्य रहेको छ ।

### ५.५.१९. बेचिदैछ

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूद्वारा संरचना भएको पाइन्छ । यो कवितामा जुन कुरा नबेचिनु पर्ने हो तिनै कुराहरू बेचिएकोमा दुःख प्रकट गर्दै त्यस्तो नगर्नका लागि सचेत गराउँदै बेचिँदैछ शीर्षक राखेर शीर्षक सार्थक गराइएको छ ।

यस कवितामा गरीबीका कारण देह बेचिएको छ । देशका ठगहरूद्वारा राष्ट्रियता बेचिएको छ । जनता छक्काएर अधिकार बेचिएको छ । विदेशी इशारामा चल्ने भतुवाहरूबाट सिमाना बेचिएको छ । देशका सम्पत्तिका रूपमा रहेका नदी नाला वन जङ्गल र राष्ट्रका निशानीहरू स्वार्थका लागि बेचिएका छन् । कुकर्मीहरूबाट  देशका दिदी बहीनीहरू बेचिएका छन् । बाठाहरूले गरीबहरूको पसिना बेचेका छन् । यसरी हेर्दा जुन नबेचिनु पर्ने कुराहरू राष्ट्रबाट तिनै कुराहरू बेचिएकोमा दुःख व्यक्त गर्दै यसो गर्नेबाट सतर्क रहन सचेत गराइएको मूलभाव कवितामा व्यक्त गरिएको छ ।

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । अन्त्यानुप्रास मिलेको पाइन्छ भने भाषा सरल र वोधगम्य छ ।

### ५.५.२०. के भो

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस कविता चार श्लोकहरूमा संरचना भएको पाइन्छ । यो कवितामा कुनै पनि प्रकारको परिवर्तन गराउँदै हिड्ने स्वार्थी र ठग व्यक्ति प्रति व्यङ्ग्य गर्न खोजिएको छ । परिवर्तनका नाममा छक्काएर मात्र परिवर्तन गर्ने व्यक्तिहरूको कारणबाट परिवर्तन के भो भनि प्रश्न गर्दै कवितामा शीर्षकलाई सार्थक गराइएको छ ।

यहाँ भएका परिवर्तन पानी दिएर दुध भन्ने, वगैचाँहरू नाङ्गो पारेर हरियो भन्ने राजमार्गलाई लोकमार्ग भन्ने अवस्था देखिन्छ । गरीब गरीबै छन्, परिवर्तनका रूपमा हल्ला मात्र गरिएको छ । यहाँ झण्डा फेरिदैछ, नाम फेरिदै छ तर अवस्था भने उस्तै छ । पहिलेको भन्दा भ्रष्टचारहरू बढेका छन् साथै भूँडी भर्ने काम थपिएको छ । यहाँ परिवर्तन के भो ? सीधा सादाहरूलाई भुलाउनेप्रति प्रश्न गर्दै ठालुले गरेको स्वार्थ पूर्तिप्रति सचेत रहन अनुरोध

गरिएको मूलभाव कवितामा रहेको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल र वोधगम्य रहेको पाइन्छ ।

### ५.५.२१. हास्छु

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यस कविता चार श्लोकहरूद्वारा संरचित रहेको पाइन्छ । प्रस्तुत कवितामा मानिस राम्रो काम देखेर पनि हाँस्ने गर्दछ भने नराम्रो कामबाट पनि हाँसो उड्दो रहेछ । जुन कुरालाई प्रस्तुत कवितामा हाँस्छु शीर्षक राखेर समाजमा भएका विकृति विसंगति,अन्याय अत्यचारप्रति तिखो व्यङ्ग्य गर्दै कविताको शीर्षक सार्थक पारिएको छ ।

बगैंचाका फूल देखेर हाँसिएको छ । वृक्षहरूको जवानी हरियालीपन, पक्षींहरू र तिनका गानालाई हेरेर हाँसिएको छ । मानिस भित्र भएको अशान्ति र स्वार्थ ज्ञानी र उच्चतालाई देखेर हाँसिएको छ । मानिसको कप्टीचाला देखेर हाँसिएको छ । मानिसको पशु, पंक्षीको सरह ज्ञान नभएको देखेर हाँसिएको छ । यसरी मानिस पशु पंक्षी भन्दा पनि तल नभर्न सचेत गराइएको मूलभाव प्रस्तुत कवितामा रहेको छ । यो कविता तृतीय पुरुया दृष्टिविन्दुमा संरचना भएको छ ।

### ५.५.२२. रित्तियो

प्रस्तुत कविता भुजङगप्रयात छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा संरचना भएको छ । प्रस्तुत कविता सोझा व्यक्तिहरूलाई छकाएर उनीहरूकै नामबाट आफ्नो स्वार्थ पूरा गरी हिड्नेहरू प्रति सचेत हुनका लागि रित्तियो शीर्षक राखेर सार्थक गराइएको छ ।

यस कवितामा व्यक्तिलाई छकाएर विभिन्न वहानामा आफ्नो स्वार्थ पूरा गर्ने नेतृत्व वर्गलाई व्यङ्ग्य गरिएको छ । सोझा सिधाको अधिकार लिएर मोजमा रहने नेताहरू जनताका सुविधाहरू रित्याएका छन् । राष्ट्रको विकास र उन्नति रित्तिदै गएको अवस्था छ । यस्तो अवस्थालाई देख्न नसक्नु र तिनैका पछि लाग्नु मूर्खता हो भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको कविता हो अन्त्यानुप्रास मिलेको पाइन्छ भने भाषा सरल र वोधगम्य रहेको छ ।

### ५.५.२३. यात्री

प्रस्तुत कविता भुजाङगप्रयात छन्दमा रचना भएको छ । यस कविता पाँचवटा श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा देहातमा रहेका व्याक्तिहरूको सरल स्वभाव र निस्वार्थपनलाई व्यक्त गर्न खोजिएको छ । आफू यात्री भएर त्यस ठाँउमा पुग्दा त्यहाँको परिस्थिति र गोठालाहरूको चालचलनले आफूलाई स्वर्गको भान भएको कुरा व्यक्त गर्दै यात्री शीर्षक राखेर कवितामा शीर्षकलाई सार्थक गराइएको छ । आफु यात्री भई लेकको गोठमा पुग्दा त्यहाँ शेर्पा जातिको वस्ती, हावापानी, चौरी गाईहरू, चिमालो, गुराँस, हरियो सल्लाको वन, अनेक बोटबिरुवा, चरीका मिठा गाना, ओखतीहरू होचा अग्ला डाँडा, वुकीफूल, डम्फूको मिठो आवाज, हिउँ आदि दृश्यहरूले आफूलाई आर्कषण गरेको भाव प्रस्तुत कवितामा व्यक्त गरिएको पाइन्छ ।

यो कविता प्रथम पुरुष दृष्टिबिन्दुमा रचना भएको पाइन्छ । अन्त्यानुप्रांस मिलेको छ भने भाषा सरल र वोधगम्य रहेको छ ।

### ५.५.२४. विताए

प्रस्तुत कविता भुजाङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा निमुखा सिधा व्यक्तिहरू ठग र टाठावाठाबाट ठगी रहेको र त्यसको जानकारी उनीहरूलाई अझै नभएकोमा चिन्ता प्रकट गर्दै त्यस्ता व्यक्तिहरूलाई अझै कति वेर ठगीरहने हो र ती व्यक्तिहरू प्रति कहिले चेतना आउने हो भन्ने विषयमा चिन्ता प्रकट गर्दै सचेत गराउन कविताको शीर्षक बिताए भन्ने राखेर शीर्षकलाई सार्थक गराइएको छ ।

यस कवितामा निमुखा व्यक्तिहरूलाई ठग्ने, अधिकारको शोषण गर्ने ठगहरूले विभिन्न समयमा आफ्नो रूप परिवर्तन गर्दै उही अनुहारमा आएर ठग्ने गरी रहेको छन् । एक आपसमा लडाउने, भिडाउने आफ्नो स्वार्थ पूरा गर्न र आफ्नो पेट भर्ने एउटा कुरालाई अर्को रूपमा छकाउने काम गरेका छन् । निमुखा सिधाहरूको दिमागमा कहिले परिवर्तन आएर त्यस्ता ठग व्यक्तिहरूको ठगाइबाट उम्कन सक्लान र मुक्ति पाउलान भन्दै त्यस्ता व्यक्तिलाई सचेत गराउन खोजिएको मूलभाव कवितामा व्यक्त भएको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ ।

### ५.५.२५.मान्छे

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता आठ श्लोकहरूमा संरचना भएको पाइन्छ ।

प्रस्तुत कवितामा एउटै संज्ञा मान्छे भएर पनि मान्छेमा देखिने विभिन्न गुण र स्वरूपको फरकताबारे प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ भने अर्को तर्फ मानिसबाट मानिसमा हुने शोषण, अन्याय, अत्यचार र अनैतिक कार्यहरू प्रति व्यङ्ग्य समेत गरिएको छ । एउटै मान्छेका अनेक स्वरूप देखेर दुःख समेत प्रकट गर्दै मान्छे शीर्षक दिएर शीर्षकलाई सार्थक गरिएको छ ।

संसारमा मानिसले मानिसको मोल राख्ने, मान्छेले मान्छेलाई खसी झै रेट्ने, शोषण गर्ने सुरा सुन्दरीमा लाग्ने, पाप गरेर धर्म ठान्ने, यस संसारमा प्रसस्त छन् । वीमा गरेको पशु समान कुन्डल र मुन्द्रा लगाउने, भालु झै कपाल पाल्ने, भदौको राँगो समान थान थाप्ने, अभिभावकलाई धोका दिने, चुरोट,विडी र भाँङ तान्दै हिड्ने व्यक्तिहरू पनि यस संसारमा मान्छे हुन । वरु पशुले आफ्नो कर्तव्यलाई भुल्न सक्दैन त मान्छेले आफ्नो कर्तव्यलाई भुलेर पशुभन्दा तल झरेको छ । उसमा मानवता हुनु पर्ने हो तर मानिसमा मानवता हराएको प्रति सचेत गराइएको मूलभाव कवितामा व्यक्त भएको छ । यो कविता तृतिय पुरुष दृष्टिविन्दुमा रचना भएको छ ।

### ५.५.२६.उजाड

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना भएको छ । यो कविता पाँच वटा श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा यस देशका युवाहरू विदेश तर्फ पलायन भई देशमा हुनु पर्ने जुन विकास थियो त्यो नभएकोमा चिन्ता प्रकट गर्दै उजाड शीर्षक दिई सार्थक गराइएको छ । युवा सबै विदेशिएकाले बस्ती उजाड भएको छ । भूमि

वाभ्फौँ भएको छ । उद्योग धन्दाको अभाव छ । अरुको देशमा युवायुवतीले पसिना बगाएका छन् ,वृद्ध वालक र रोगीहरू मात्र रहेका छन् । नेतृत्व गर्ने स्वार्थमा व्यस्त छन् । श्रम, सीप र साधनको अभावमा हाम्रो उन्नति हुँदैन, के गरे यहाँको जनताले सुख पाउँछन र देशको उन्नति हुन्छ भन्ने कुरा तर्फ सबै नेपाली र नेतृत्व वर्गलाई आग्रह गरिएको मूलभाव कवितामा व्यक्त भएको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ ।

### ५.५.२७. नमस्कार

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता पाँच श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा हाम्रो नेतृत्व वर्गबाट पटकपटक पाउने गरेको धोकालाई व्यङ्ग्य गर्दै उनीहरूले गरेका सम्पूर्ण कार्य प्रति सकरात्मक दृष्टिकोणको भावना देखाउँदै सबैले नमस्कार गर्न अनुरोध गरिएको र सबै अनीति, भ्रष्टचार, कुकर्म, र बलत्कार जस्ता घटनाहरू घटाएर विश्व सामु आफ्नो परिचय दिने नेताहरूलाई स्वागत साथ नमस्कार गर्ने बाहेक अरु कुनै विकल्प नभएकोमा सबैलाई नमस्कार गर्दिनका लागि सबै समक्ष अनुरोध गरिएको छ । नमस्कारद्वारा व्यङ्ग्य गर्दै नेताहरूलाई सत्मार्गमा ल्याउने उपाय खोज्दै त्यस्तो कार्य नगर्न र यसै गर्दै हिँडेमा एक दिन जनताबाट तिरस्कार हुने तर्फ संकेत गरिएको मूलभाव प्रस्तुत कवितामा रहेको पाइन्छ ।

प्रस्तुत कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । कवितामा अनुप्रास मिलेको छ भने भाषा सरल र सहज छ ।

### ५.५.२८. मुर्खता

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना भएको छ । यो कविता पाँच बटा श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा हाम्रो मातृभूमिमा ईश्वरद्वारा ठीक ठीक मात्रामा सबै कुराहरू मिलाएर राखिदिएको छ । जुन कुरालाई वुभ्फ्न नसकेर हामी नेपालीहरू मूर्ख भै पछि परिरहेका छौं । हिमाल, पहाड र तराई भिन्न भिन्नै स्वरूपमा रहेर हामीलाई चाहिने सम्पूर्ण आवश्यकताहरू पूरा गरी दिएतापनि अज्ञानताका कारणले हामी यस देशमा अभाव देखेर विदेश तर्फ लागि रहेका छौं । यो हाम्रो मूर्खता हो । तसर्थ अल्छी र अनर्थलाई छोडेर यस देश भित्र रहेका प्राकृतिक श्रोत र साधनहरूको ठीक ठीक मात्रामा उपयोग गर्न सकेमा यस देशलाई स्वर्ग वनाउन सकिन्छ भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको छ । साथै अज्ञानताका कारणले हामी मूर्ख बन्नु हुँदैन भन्ने मूल सन्देश पनि कवितामा पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा संरचित रहेको पाइन्छ । अन्त्यानुप्रास मिलाइएको छ भने भाषा सरल र सहज  र वोधगम्य नै रहेको छ ।

### ५.५.२९. परीक्षा

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता चार श्लोकहरूमा सरंचना भएको पाइन्छ । प्रस्तुत कवितामा संसारमा जीवहरूलाई हुने दुःख, सुख, धनी, गरीब, रोगी र निरोगिता जस्ता सम्पूर्ण कुराहरू आउने गर्दछन् । यी सबै कुराहरू जीव माथि ईश्वरबाट भएको परीक्षाहरू हुन् यिनीहरूलाई सहजता साथ स्वीकार गर्नु पर्दछ । जब ईश्वरप्रति हाम्रो आस्था घट्दै जान्छ । त्यस अवस्थामा ईश्वरले हामीप्रति विभिन्न प्रकारका परीक्षाहरू पूर्ण हुन्छ । त्यति बेला उसले ईश्वरलाई बिर्सन्छ । त्यो अवस्थाबाट उसलाई नछुटाए ऊ संसार मै भुलेर ईश्वरप्रतिको सम्भ्फना विर्सन्छ । त्यस

अवस्थामा उसँग भएका सुख सुविधा र धनलाई खोसेर ईश्वरले परीक्षा लिन्छन् । संसारमा भएका सुख, दुःख, सम्पत्ति मृत्यु भई सकेपछि काम लाग्दैनन् । त्यसपछि एउटै ईश्वर मात्र साथी बन्न पुग्दछ । तसर्थ ईश्वर प्रति भक्ति गर्दै परोपकारमा लाग भन्ने मूलभाव कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना भएको पाइन्छ । अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल रहेको छ ।

### ५.५.३०. स्पप्ना नै भयो

प्रस्तुत कविता शिखरिणी छन्दमा रचना भएको छ । यो कविता पाँच श्लोकहरूमा संरचना भएको देखिन्छ ।

प्रस्तुत कवितामा विभिन्न प्रकारका सुख सुविधाको सपना देखेका सोझा सिधा जनताहरू पछिल्लो अवस्थामा भोग्नु परेका कष्टहरू र अशान्तिका कारणहरूले गर्दा आफू सपनामा नै रहेको अनुमान गर्न थालेका छन् । आफ्नो सुख सुविधाको दिन आएको र अब सबै प्रकारका दुःख कष्टहरू जाने कुरा सुनेका उनीहरूले पछिल्लो अवस्थामा के आएको थियो र त्यो कता गयो भन्ने कुरा पत्तै पाउन सकेनन । उनीहरू पहिले कै अवस्थामा रही रहेर अझ कष्ट समेत थपिए । जुन कुरालाई दर्शाउन कविताको शीर्षक स्वप्न नै भयो राखेर सपनाबाट मुक्ति पाउन सबैमा सचेतताको आवश्यकता रहेको मूल भाव कवितामा रहेको छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ५.५.३१. कहाँ रहन्छ देश यो

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना गरिएको छ । यो कविता सात श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा आफ्नो स्वार्थका कारणले आफ्नो मातृभूमी र देशका गौरवहरूलाई छोड्दै जाने र आफ्नो संस्कृति र इतिहासलाई बिर्सने हो भने यो देश पछि गएर रहन सक्दैन । देश नरहे पछि हामी नेपाली भएर रहन सक्दैनौ जुन कुरालाई पुष्टि गर्दै कहाँ रहन्छ देश यो शीर्षक राखिएको छ । तसर्थ हाम्रो देशलाई बचाई राख्ने हो भने हामी एक भई हाम्रो स्वार्थलाई छाडेर देशका गौरवहरूलाई सधै शिरोपर गर्नुपर्छ भन्ने मूल भाव प्रस्तुत कवितामा पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । यसमा अन्त्यानुप्रास युक्त शब्दहरूको प्रयोग भएको छ भने भाषा सरल र वोधगम्य रहेको छ ।

### ५.५.३२. खै के भयो त

प्रस्तुत कविता भुजाङ्गप्रयात छन्दमा रचना गरिएको छ । यो कविता नौ श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा अर्काको स्वार्थका निम्ति एक आपसमा लडाई गरेर गाउँघर छरछिमेकमा दुष्मनी वढाउने तर्फ संकेत गर्दै अर्काको भनाइमा लागेर एक आपसमा वैमनुष्यता गर्नु हुँदैन हामी गाउँघरमा पहिले कै जस्तो मिलेर बस्नु पर्दछ । अर्काले उसका स्वार्थका निम्ति नचाहिदा कुरा भरेर हामीलाई फूट गराएको छ र उसले फाइदा लिईरहेको छ । यसबाट हामीलाई फाइदा छैन । बरु उल्टो नोक्सानी भैरहेको छ । तसर्थ हामी मिलेर बसौं भन्ने कुरामा सचेत गराउँदै हामी आपसको झगडाबाट के फाइदा भएको छ भन्ने कुरालाई संकेत गर्दै खै के भयो त शीर्षक राखेर सार्थक पारिएको छ । झगडाको कारणले गर्दा हाम्रो अवन्नती मात्र हुने कुरालाई हाम्रो

इतिहासबाट पाठ सिकेर हामी कुनै पनि स्वार्थी व्यक्तिहरूको पछि नलागि सबै नेपाली दाजुभाई एक हुनुपर्छ भन्ने मूल सन्देश कवितामा व्यक्त भएको पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना भएको छ । भाषा सरल र वोधगम्य रहेको पाइन्छ ।

### ५.५.३३. देश बनाउँ

प्रस्तुत कविता उपजाति छन्दमा रचना भएको छ । यो कविता आठ श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा हाम्रो देश नेपाल स्वतन्त्र जनताले आफ्नो देशलाई अगाडि बढाउन र देशको उन्नति, विकास गर्न आफैंले जिम्मा लिनु पर्ने हुन्छ । सबै किसिमका स्वार्थहरूलाई त्यागेर देशको उन्नति र विकासका लागि हामी एक जुट भएर हाम्रो देश वनाउँ जसका लागि परम्परागत सीप र सोचलाई बदलेर नयाँ नयाँ पौरखका साथ हामीले यस देशलाई वनाउनु पर्दछ । हामी सबै एक जुटका साथ अगाडि वडेमा यो देशलाई विकसित र आत्मनिर्भर वनाउन कुनै असंभव छैन भन्ने मूलभाव  कवितामा व्यक्त भएको छ ।

यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । यस कवितामा अन्त्यानुप्रासयुक्त शब्दहरूको सुन्दर प्रयोग छ भने भाषा सरल र वोधगम्य रहेको छ ।

### ५.५.३४. कुचाला

प्रस्तुत कविता भुजाङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता आठ श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा गरीब र धनीका विचमा रहेको असमानताको खाडललाई प्रष्ट पार्दै संसारमा धनी, गरीब, दुब्ला, बलिया सबैलाई मृत्युले छुट नदिने कुरालाई प्रष्ट पार्दै धनको धाक लगाएर यो कुचालामात्र हो भन्दै आफ्नो धनको घमण्डमा दुःखी, गरीबहरूलाई घृणा नगरौं भन्ने मूलभाव प्रस्तुत कविता रहेको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ । अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल  सहज र वोधगाम्य रहेको पाइन्छ ।

### ५.५.३५. कति पर्खने

प्रस्तुत कविता भुजाङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता नौ श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा गरीवहरूले आफ्नो सधै रहिरहेको दुःख र दशालाई फेरिने वहानामा धेरै किसिमका संघर्षहरूमा समावेश भई रहेका छन् । विभिन्न प्रकारका दुःख कष्टहरू भोगीरहेका छन् । धेरैले आफ्नो ज्यान समेत गुमाएका छन् । तर उनीहरूमा रहेको सिधापन र अज्ञानता नै रहेको छ । उनीहरूमा रहेको सिधापनको फाइदा उठाएर टाठावाठाहरूले आफ्नो स्वार्थ पूरा गरी रहेका छन् । परिवर्तन भएर सुख सुविधा आउने दिन पर्खदा पर्खदै धेरै वर्षहरू बितिसकेका छन् । तर पनि उनीहरूले के कारणले गर्दा हामीमा परिवर्तन हुन सकेन वुझिरहेका छैनन् । सुख सुविधा आउने र आफ्नो दिन फर्कने कुरामा उनीहरू सधै पर्खिरहेका छन् । तर आफ्नो कमजोरीका कारण आफू पछि परेको कुरामा उनीहरू ज्ञात छैनन् । तसर्थ आफ्नो लागि आफैं सचेत हुनु पर्छ र पर्खिएकै भरमा उनीहरूको अवस्था फेरिन सक्दैन भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचना भएको पाइन्छ ।

### ५.५.३६. छाडा

प्रस्तुत कविता भुजाङ्गप्रयात छन्दमा रचना भएको छ । यो कविता पाँच वटा श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा एउटा दुर्जन व्यक्तिको समीपमा रहेर बाँच्नु पर्दा त्यस्ता व्यक्तिहरूबाट विभिन्न क्षेत्रमा पुऱ्याइने दुःख कष्ट र वद्नामीलाई भोग्न पर्ने र त्यसको नराम्रो असरबारे प्रष्ट पार्दै छाडा शीर्षक राखेर कवितालाई शीर्षक सार्थक गराइएको छ । दुर्जन व्यक्तिलाई एउटा आगोको कोइलासँग तुलना गर्न सकिन्छ । आगोको कोइलाले आगो रहेको अवस्थामा छोइयो भने पोल्ने गर्दछ निभेको अवस्थामा त्यसले कालो गराउँछ । तसर्थ दुर्जन व्यक्ति पनि कोइलो समान हुन्छ । त्यसले शत्रुता गरे पनि हानी नै गराउँछ र मित्र भएपनि हानी नै गराउँछ । त्यसकारण दुर्जन व्यक्तिहरूबाट सधैं टाढा रहनु पर्छ भन्ने मूलभाव प्रस्तुत कवितामा रहेको पाइन्छ । यो कविता तृतीयपुरुष दृष्टिबिन्दुमा रचना भएको पाइन्छ । अनुप्रास मिलेको छ भने भाषा सरल रहेको छ ।

### ५.५.३७. माफ

प्रस्तुत कविता तोटक छन्दमा रचना भएको पाइन्छ । यो कविता चार श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा एक जना मित्रप्रति भएको भूलबाट माफ माग्ने कुरामा प्रस्तुत कविता सिर्जित भएको छ । मित्रप्रति भएको भुललाई क्षमा माग्दै प्रस्तुत कविताको शीर्षक माफ राखिएको छ । त्यसैले शीर्षक सार्थक छ ।

मानिसमा भूल हुन्छ जुन मूल अज्ञानताको कारणले हुनसक्छ । भुल हुनु स्वभाविक हो यस कवितामा मित्रप्रति ननिको बात हुन पुगेको अवस्था सृजना भएको छ । जुन कुरा प्रष्ट भए पछि मित्रता अझप्रष्ट हुन गरेको छ । मित्रबाट भएको गल्ति परिस्थितिका कारणले गर्दा सृजना भएको पाइन्छ । जुन कुरा पछि गएर गल्ती सावित नभई मित्रतामा अझ गाडापन आएको छ । तसर्थ एउटा मित्रबाट हुने गल्तीलाई अर्को मित्रले गल्तीको रूपमा नलिएर दुवै तर्फको आत्म अझ प्रष्ट भएको मूल भाव कवितामा व्यक्त भएको पाइन्छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको पाइन्छ ।

### ५.५.३८.पीडाको सम्झना

प्रस्तुत कविता पञ्चचामर छन्दमा रचना भएको छ । यो कविता आठ श्लोकहरूमा संरचना भएको पाइन्छ । प्रस्तुत कवितामा प्रकृतिबाट विभिन्न प्रकारका दुर्घटनाका कारणले हुने समय समयका विपत्तिहरूलाई यस संसारका सबै जीवहरूले सामना गर्नु पर्छ । यस कवितामा यस्तै किसिमको प्राकृतिक प्रकोपको पीडालाई वर्णन गरिएको छ । यस्ता कविताहरू प्रकृतिबाट हुने घट्नाहरूलाई सामना गर्न सचेत गराउनका सथै भविष्यमा गएर इतिहासको रूपमा रहन पुग्दछन् । जुन कुरालाई पीडाको सम्झना दिएर कविताको शीर्षकलाई सार्थक पारिएको छ । प्रस्तुत कवितामा २०७२ वैशाख १२ गते गएको भूकम्पबाट भएका विनास र दुःखहरूको वर्णन गरिएको छ । भूकम्पले सबै क्षेत्रमा क्षति गरेको छ । सबै जीव ऐतिहासीक र साँस्कतिक सम्पत्तिहरू नष्ट भएका छन् । जसबाट जोगीनका लागि हामी आफैं सचेत हुनु पर्छ । फेरी यस्ता विपत्तिबाट हामीले भविष्यका लागि योजना बनाएर अगाडि वढ्न सक्ने तर्फ सोच बनाउनु  पर्दछ । जसबाट नै हामीले यस्ता प्राकृतिक प्रकोपहरूलाई चुनौती दिन सक्छौं भन्ने मूलभाव प्रस्तुत कवितामा पाइन्छ ।

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । अन्त्यानुप्रास मिलेको छ भने भाषा सरल रहेको  पाइन्छ ।

**५.६.** लक्ष्मी प्रसाद पाठकका समर्पण कविता सङ्ग्रह (२०६२) श्रद्धाकविता सङ्ग्रह (२०६४) र तर्क कविता सङ्ग्रह(२०७२) मा प्रयोग भएका विषयवस्तु, भावविधान, लयविधान, बिम्ब प्रतीक, दृष्टिबिन्दु र भाषाशैली

## ५.६.१. विषयवस्तु

कविले रचना तयार गर्न छानेको भावभूमिलाई विषयवस्तु भनिन्छ । वस्तुत : कविले जीवनजगत मानवीय भावना, प्रकृति, धर्म, संस्कृति, आफ्नै अनुभवलाई विषयवस्तु बनाएर काव्य सृष्टि गर्दछ । यहाँ उक्त विषयवस्तु सबैलाई समेट्दै नेपालमा भएको विगत दश वर्षे जनयुद्धलाई पनि कुनै न कुनै रूपमा तिनबाटै कविता सङ्ग्रहमा विषयवस्तु वनाएका छन् ।

## ५.६.२. भावविधान

भाव कविताको महत्वपुर्ण तत्व हो भाव विनाको कविता आत्म विनाको शरीर समान हुन्छ । वास्तवमा कविताको मुख्य वा सार तत्व नै भाव हो । उनका सम्पूर्ण कविताहरूले द्वन्द्वले जनतामा ल्याएको सन्त्रासको वातावरण जीवन भोगाई दुःख पीडा, सत्मार्गमा लाग्नेलाई भाव बनाएका छन् ।

## ५.६.३. लयविधान

कविताको महत्वपूर्ण तत्व  लयविधान हो । लयले कवितामा मिठास ल्याउँछ र पाठकको मन छुन्छ । लक्ष्मीप्रसाद पठकका प्राय सबै कविताहरू लय हालेर वाचन गर्न सकिने किसिमका छन् । उनका कविताहरू जम्मा १६ वटा छन्दहरू (पञ्चचामर, भुजङ्गप्रयात, उपजाति, शिखरिणी, दुता, शार्दुलविक्रीडित, इन्दिरा, तोटक, स्वागता, मन्दाक्रान्ता,स्रग्विणी, शालिनी, अनुष्टुप, स्रग्धरा, उपेन्द्रवज्रा र वसन्ततिलका) मा रचित कविता भएकाले पनि उनका प्राय सबै कवितामा लयविधानलाई अंगालेको  पाइन्छ ।

## ५.६.४. बिम्ब प्रतीक

जीवन जगत, समाज, प्रकृति, इतिहास, पूराण आदि व्यापक क्षेत्रबाट टिपिएका विभिन्न सामाग्री नै बिम्ब हुन् । कवितालाई अझ सुन्दर शसक्त बनाउनका लागि बिम्बात्मक शब्दहरूको प्रयोग गरिएको छ । बिम्बले सोझो अर्थ नबताएर लाक्षणिक अर्थ वुझाँउछ । यसमा पनि सोझा जनताहरूको आवाज बुलन्द गर्न लाक्षणिक रूपमा व्यङ्ग्य प्रहार गरिएका थुप्रै कविताहरू रहेका छन् ।

## ५.६.५. दृष्टिबिन्दु

कविले आफ्ना रचनालाई कुन तरिकाले पाठक सामु पुऱ्याएको छ । त्यसलाई दृष्टिविन्दु भनिन्छ । अर्को शब्दमा कविताको वर्णनकर्ता को हो र त्यसमा कसको वर्णन गरिएको छ भन्ने कुरालाई दृष्टिविन्दु भनिन्छ । उनका तीनवटा कविता सङ्ग्रहरूमा रहेका १२५ कविताहरूमध्ये ५,७ वटा कविता प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ ।

## ५.६.६. भाषा शैली

कविताको महत्वपुर्ण तत्व भाषाशैली हो । कवितालाई सरल, सुवोध, कोमल पदावलीको प्रयोग गर्नु पर्दछ । लक्ष्मीप्रसाद पाठकको अध्ययन सामान्य रहेको कारण पनि

उनका कविता सरल सुवोध्य किसिमका छन् । सर्वसाधारण पाठकले पनि वुझ्ने कविता भएको कारण उनका कविताहरू उत्कृष्ट नै रहेका देखिन्छन् । उनका कविताहरूमा तत्सम, तद्भव, अनुकरणात्मक, आगन्तुक जस्ता शब्दहरूको प्रयोग  पाइन्छ ।

# छैटौं परिच्छेद
# उपसंहार एवम् निष्कर्ष

## ६.१. उठान

साहित्यकार लक्ष्मीप्रसाद पाठक नेपाली साहित्यको आधुनिक कालमा देखा परेका जाज्वल्यमान नक्षत्र हुन् । नेपाली साहित्यका मुख्य विधाहरू मध्ये प्रमुख कविता क्षेत्रमा उनको लेखन अति विशिष्टिकृत बनेको छ । संख्यात्मक रूपमा तीनवटा मात्र कृतिहरू प्रकाशन भए पनि गुणात्मक रूपमा उनका कृतिहरू विशिष्ट रहेका छन् । कछुवाको चालमा लेखनलाई अगाडि वढाउने लक्ष्मीप्रसाद पाठकले २०५४ बाट लेखन प्रारम्भ गरे पनि उनको पुस्तकाकार कृतिहरू त्यसको आठ वर्ष पछि मात्र आएका छन् । हालसम्म तीनवटा कृतिहरू प्रकाशन भए । उनको लेखनी यही गतिमा अगाडि बढ्ने हो भने साहित्यका अन्य विधामा पनि नयाँ नयाँ इँटाहरू थपिने अवस्था देखिन्छ ।

### ६.१.१. कविता कृतिका आधारमा

कवि लक्ष्मीप्रसाद पाठक नेपाली साहित्यको आधुनिककालीन समसामयिक धारामा रहेर कलम चलाउने व्यक्ति हुन् । वि.स.२०५४ सालबाट कविता लेख्नमा लागेका पाठकले नेपाली साहित्यको कविता क्षेत्रको समसामयिक कविहरूबाट वढी प्रभावित भएको देखिन्छ । उनले आफ्नै समाजमा घटेका घट्ना, देखेका अनुभव गरेका र विभिन्न शास्त्रीय कुरालाई आधार मानी आफ्ना कविताको विषयवस्तु बनाएका छन् । तीन वटा कविता संङ्ग्रहहरू प्रकाशित गरेका कवि पाठकले २०५२ सालपछि देशमा भएको हत्या, हिंसा, आतंक, उत्पीडन, शोषण, दमन, प्राकृतिक वर्णन, समाजका मानिसहरूमा रहेको चिन्तन जस्ता विषयलाई आधार बनाएर कविताको रचना गरेका छन् । उनका कविताहरू धेरै छोटा देखि लामो रूपमा सरल र सामान्य पाठकले वभ्mने र वाचन गर्न सक्ने खालका छन् । कविता सङ्ग्रहरूमा पहिलो कविता संङ्ग्रह समपर्ण ८९ पृष्ठमा संरचित छ । जसमा ३८ वटा कविताहरू संङ्ग्रहित छन् । दोस्रो श्रद्धा कविता संङ्ग्रह ५६ पृष्ठ तथा ४८ कविता रहेका छन् भने तेस्रो संङ्ग्रहका रूपमा तर्क कविता संङ्ग्रह रहेको छ जसमा ४९ पृष्ठ तथा ३८ कविता संकलित छन् । यति धेरै रचनाहरू संकलित रूपमा राख्नु, अनि ती रचनाहरू कुनै यर्थाथवादी, कुनै प्रगतिवादी, अनि कुनै वर्तमान समय सापेक्ष आधुनिकताले ल्याएको विकृति समाजमा भएको विसंगतिहरूलाई व्यङ्ग्य प्रहार गरेर सुधारको अपेक्षा गरिएको छ ।

समग्रमा भन्नु पर्दा कवि लक्ष्मीप्रसाद पाठकका प्रकाशित पुस्तककार कविता कृतिहरू समर्पण, श्रद्धा र तर्क कविता सङ्ग्रहले कविलाई आगामी दिनहरूमा नेपाली साहित्यमा भावगाम्भीर्य र परिस्कृत सिर्जनाहरूको रचना गर्न मार्ग प्रशस्त गर्ने छ । उनका यी तीनवटा कृतिहरूमा भावपरक, वस्तुपरक र प्राकृतिक विषयवस्तुगत विशेषता रहेका छन् ।

## ६.२. निष्कर्ष

लक्ष्मीप्रसाद पाठक आफू नेत्रहीन भएर अरु यस्तै अपाङ्गता भएका स्रष्टाहरूलाई हौसला प्रदान गरेका छन् । आफू पेशाले शिक्षक रहेर पनि अरु यही पेशामा रहेका साङ्ग शिक्षक मित्रहरूलाई कविता विधामा कलम चलाएर नयाँ नयाँ स्वाद चखाउन सफल भएका

छन् । ग्रामीण बस्तीमा जन्म लिएर पनि उनको प्रतिभा विभिन्न रचनामा यत्र तत्र छरिएर रहेका छन् । उनका यिनै कृतिले उनलाई परिचय दिएको छ । यसमा नै गर्व गर्न सकिन्छ । देशमा भएको हत्या, हिंसा, आतङक जस्ता विषयवस्तु बनाई कविता रचना गरे भने समाजमा रहेका अन्याय शोषण दमन ठूला वडाले अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टि जस्ता विषय वस्तुहरूमा पनि कवितामा सृजना गर्न पछि परेका देखिदैनन् । यसरी हेर्दा कवि लक्ष्मीप्रसाद पाठक नेपाली कविता क्षेत्रमा देवकोटाको झैं प्रकृतिको सुन्दर वर्णन, माधव घिमिरेको जस्तो मिठासपूर्ण भाषाको प्रयोग, लेखनाथको जस्तो छन्द प्रयोग, वालकृष्ण समको जस्तो परिष्कार उनका कवितामा प्रयोग भएको पाइन्छ । कवि पाठकमा हाँस्यरहित व्यङग्यको प्रयोग, कवितालाई धारा प्रवाह रुपमा भन्न सक्ने क्षमता, प्रगतिवादी कविका रुपमा महत्वपूर्ण योगदान दिन सफल रहनु भएको छ ।

## ६.३. शोध गर्न सकिने सम्भावित शीर्षकहरु

यस शोधकार्यमा कवि लक्ष्मीप्रसाद पाठकका पुस्तकाकार रूपमा प्रकाशित कृति वाहेक प्रकाशनको तयारीमा रहँदै गरेको खिचडी कविता सङ्ग्रहलाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले शोधपत्र तयार पार्न सक्ने संभावना रहेको छ । त्यस्तै यहाँ चर्चा गरिएका प्रकाशित कृतिहरू पनि अन्य साहित्यिक सिद्धान्तका आधारमा गहन अध्ययन गरी शोधकार्य गर्न सक्ने संभावना पनि रहेकै देखिन्छ । यस कार्यका लागि सम्भावित शीर्षकहरू निम्न वमोजिम रहेका छन् ।

१. छन्द विधानका दृष्टिले कवि लक्ष्मीप्रसाद पाठकका कविता संङग्रहको अध्ययन र विश्लेषण

२. समर्पण कविता संङ्ग्रहमा संकलित कविताहरूको अध्ययन र विश्लेषण ।

३. तर्क कविता संङ्ग्रहमा संकलित कविताहरूको कृतिपरक अध्ययन ।

४. श्रद्धा कविता सङ्ग्रहको कृतिपरक अध्ययन ।

५. कवि लक्ष्मीप्रसाद पाठकका कविता सङ्ग्रहमा रहेका मूलभावको अध्ययन र विश्लेषण ।

# सन्दर्भग्रन्थ सूची


१. पाठक, लक्ष्मीप्रसाद, *सर्मपण,* कविता सङग्रह (२०६२)
पाठक,लक्ष्मीप्रसाद, *श्रद्धा,* कविता सङग्रह (२०६४)
पाठक, लक्ष्मीप्रसाद, *तर्क,* कविता सङग्रह(२०७२)

२. ढुङगेल, प्रा. भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५८), *नेपाली कविता र काव्य*।

३. थापा, हिमांशु (२०४९), *साहित्य परिचय,* चौ.स.,काठमाण्डौः साझा प्रकाशन ।

४. पोखेल, वालकृष्ण(सम्पा) (२०४०), *नेपाली बृहत शव्दकोष,* काठमाण्डौः ने.रा.प्र.।

५. प्रधान, भिक्टर (२०४४), *नेपाली जीवनी र आत्माकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,* काठमाण्डौः ने.प्र.प्र. ।

६. भट्टराई, रामचन्द्र, श्रेष्ठ, वालकृष्ण, पोखेल गुरूप्रसाद (२०६६), *आधुनिक नेपाली नाटक र फूटकर कविता सिद्धान्त र विवेचना,* कीर्तिपुर,काठमाण्डौ : दीक्षान्त प्रकाशन ।

७. रिजाल, कृष्ण, *जीवनी व्यक्तित्व र कृतित्व* अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रिभुवन विश्व विद्यालय ।

८. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद (२०५५), *शोधविधि,* दोस्रो संस्करण, काठमाण्डौ : साझा प्रकाशन ।


९. श्रेष्ठ, दयाराम संभव, शर्मा, मोहनराज (२०४९), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* चौ.सं.काठमाण्डौः साझा प्रकाशन ।

१०. त्रिपाठी, वासुदेव, भण्डारी, पारसमणी (२०५८),*नेपाली कविता काव्य*।

११. त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज, सुवेदी, केशव (२०५८), *नेपाली कविता भाग ४,* साझा प्रकाशन, छापाखाना पुलचोक, ललितपुर ।

# परिशिष्टहरु

## परिशिष्ट 'क'



## परिशिष्ट 'ख'

### समर्पण कविता सङ्ग्रहमा रहेका कविताहरु

पञ्चदेव वन्दना, समर्पण, पागल, प्रश्न, खरानीका अक्षर, दियालो, भूल, चमत्कार, खप्पर, म, रहस्य, माइपोखरी जाँदा, चुरोटको अर्ती, भिखारी, नहराउ, जुँगा, चिनारी, अब ब्यूँझ, दया, प्रहा, भिक्षा, अपाङ्ग, कोइलो, चुनौति, मन्त्र, पीर, चारकुरा, भुँडी, वर्णन, उदेक, हिउँद, निःसार, रमिता खै के, जिन्दगी, नव सन्देश, वाण, चोट, दोष, अधिकार

### श्रद्धा कविता सङ्ग्रहमा रहेका कविताहरु

प्रभुस्तुति, दुःखको बीज, स्पप्नपोरहेछ, यस्तै छ, अगुल्टो, पैसा, गाउँले, सम्झना, स्वप्न, पुस्तक, महिमा, दावी, सन्दकपुरको यात्रा, गोरेटो, मित्र, धेरैनाम धेरैकाम, पीडा, यच्छा, वर्षा, पशु नै वनाउ प्रभु, विष, नवक्यान्सर, किसान, फूल, क्रान्ति, यमलोक, मपाइँ, घात, स्वार्थ, श्रद्धा, विचार, फूल, उपदेश, खै खै, विदा, ज्यूँदो लास, चिनारी, हरायो, नेपाल, कवतै कविता, गरीब, महिमा, अजेय, गधाका गधा, उपदेश, माइपोखरी, रक्षक, शत्रु

### तर्क कविता सङ्ग्रहमा रहेका कविताहरु

प्रभुस्तुती, प्रार्थना, कहानी, पाप, हाम्रो देश, बल, जड नै बनाउ प्रभु, हिमाल, नच्यातिएको पर्दा, अचम्म, कालो दिनको सम्झना, जन्मभूमि, मान्छे, मुला नै मुला, छाती, स्वार्थ, तर्क, इलाम, वैचिँदैछ, के भो, हाँस्छु, रित्तियो, यात्री, बिताए, मान्छे, उजाड, नमस्कार, मूर्खता, परीक्षा, स्वप्ना नै भयो, कहाँ रहन्छ देश यो, खै के भयो त, देश बनाउँ, कुचाला, कती पर्खने, छाडा, माफ, पिडाको सम्झना